# प्रशस्तताको जीवन



Abundant Living

CS 263 01

Nepali

# प्रशस्तताको जीवन

## ख्रीष्टियान चरित्रको विषयमा एक अध्ययन

स्वयम्-अध्ययन पाठ्यपुस्तक

लेखक - एन्टोनियो गिल्वर्टो डा सिल्वा

---

अनुवादक - बाल कृष्णं शर्मा

आई सी आई युनिभर्सिटी

प्रकाशक

आई सी आई युनिभर्सिटी
पो. ब. नं. ४२४५
काठमाण्डौ, नेपाल

प्रतिः १०००

© १९९७ सर्वाधिकार सुरक्षित
आई सी आई युनिभर्सिटी

Published by
ICI University
P.O. Box 4245
Kathmandu
Nepal

© ICI University
First Edition 1990
Reprint 1997
Abundant Living

# विषय सूची

| | |
|---|---|
| | पृष्ठ |
| पाठ्यक्रमको परिचय | ५ |
| **भाग एकः** परमेश्वरसँगको सम्बन्धमा आत्माको फल | १४ |
| **पाठ** | |
| १. ख्रीष्टियान चरित्रः आत्माको फल | १६ |
| २. प्रेमः छान्ने फल | ५० |
| ३. आनन्दः अनुग्रहको फल | ८६ |
| ४. शान्तिः भरोसाको फल | ११६ |
| **भाग दुईः** अरूहरूसँगको सम्बन्धमा आत्माको फल | १४८ |
| ५. धीरज (सहनशीलता) निरन्तर प्रयत्नको फल | १५० |
| ६. दया र भलाइः जुम्ल्याह फल | १८२ |
| **भाग तीनः** आफैसँगको सम्बन्धमा आत्माको फल | २१६ |
| ७. विश्वासयोग्यताः विश्वासको फल | २१८ |
| ८. नम्रताः समर्पणपनको फल | २५४ |
| ९. आत्म-संयमः अनुशासनको फल | २८० |
| १०. फलफलाउनेः यसको विरूद्धमा कुनै नियमनै छैन | ३०८ |
| कृतिसूचीः | ३२७ |
| शब्दकोश | ३२८ |
| स्वयम् - जाँचका उत्तरहरू | ३४२ |

## आई. सी. आई. ख्रीष्टियान सेवा कार्यक्रम

आई. सी. आई. ख्रीष्टियान सेवा कार्यक्रमका १८ वटा पाठ्यपुस्तकहरूमध्ये यो एउटा पाठ्यपुस्तक हो। बाँयापट्टि दिइएको चिन्हले यो पुस्तकलाई कहिले पढिनुपर्छ भन्ने कुराको बोध गराउँछ। यी पाठ्यपुस्तकहरूलाई ६, ६ वटा पुस्तक गरी तीन खण्डमा विभाजन गरिएको छ। सत्यताको कुनेढुङ्गो भनिने यो पुस्तक भाग १ को तेस्रो पाठ्यपुस्तक हो। पाठ्यपुस्तकहरूलाई उचित क्रममा अध्ययन गर्नाले तपाईंले यसबाट धेरै फायदा उठाउन सक्नुहुन्छ।

ख्रीष्टियान सेवा कार्यक्रमका अध्ययन विषयहरूलाई ख्रीष्टियान सेवकहरूले विशेष रूपमा प्रयोग गर्न सकून् भन्ने उद्देश्य राखी स्वयम्-अध्ययन प्रणालीको विकास गरी तयार पारिएको छ। यी पाठ्यक्रमहरूले एक विद्यार्थीलाई व्यावहारिक ख्रीष्टियान सेवामा खाँचोपर्ने बाइबल ज्ञान र कुशलता प्रदान गर्नेछन्। तपाईंले यो पाठ प्रमाणपत्र पाउनलाई वा व्यक्तिगत उन्नतिको लागि अध्ययन गर्नसक्नुहुन्छ।

कृपया, पाठ्यपुस्तकको परिचयलाई बडो होशियारीसाथ पढ्नुहोस्। पाठ्यपुस्तकका उद्देश्यहरूको प्राप्तिको निम्ति तपाईंले यी सबै निर्देशनहरूलाई पालन गर्नु महत्वपूर्ण छ र त्यसपछि विद्यार्थी प्रतिवेदनहरूको निम्ति तयारी हुनुहोस्।

यस पाठ्यपुस्तक सम्बन्धी सबै चिठ्ठी पत्रहरू आई. सी. आई.को ठेगानामा पठाउनुहोलाः

# पाठ्यक्रमको परिचय

**पवित्र आत्मा र प्रशस्तताको जीवन**

एक प्रख्यात बेलायती ख्रीष्टियान वैज्ञानिकका नजीकका एक मित्र थिए। उनले ख्रीष्टियान विश्वासमा शंका गरी मानव स्वभावको सम्बन्धमा आफ्नै विचार व्यक्त गरेका थिए। सबै मानिसहरूमा बिस्तारै सिद्ध हुने शक्ति र स्वयम् विकासशीलताका गुणहरू छन् भन्ने विश्वास उनमा थियो। तर ती वैज्ञानिकले यस विचारको घोर विरोध गरे र भने, कि युगौंदेखि असंख्य मानिसहरूले आफूलाई सिद्ध तुल्याउने कोशिश गरे, तर तिनीहरू सबै असफल भएका छन्।

आफ्नो भनाइलाई अझै स्पष्ट तुल्याउन, ती वैज्ञानिकले आफ्नो सुन्दर फूल बगैंचाको एक खण्डलाई गोडमेल नगरीकनै त्यसै छोड्ने निश्चय गरे। बगैंचाको अरू खण्डहरूलाई भने दिनदिनै बडो मेहनतसाथ हेरचाह गरियो। गोडमेल नगरिएका फूलहरूलाई छिट्टैनै घाँसले छोप्यो र पानी र मल नदिइएको कारणले बोटहरू ओइलाउँदै गए। ती वैज्ञानिकका साथीले बगैंचाको त्यस भागलाई देखेपछि "बगैंचाको यस खण्डलाई किन हेरचाह नगरिएको?" भनी उनीसँग सोधे।

'मैले यसको वास्ता नगरेको हुदैं होइन। जीवित वस्तुहरू स्वयम् विकास हुन्छन् भन्ने तपाईंको सिद्धान्तलाई मात्र व्यवहारमा लगाएको हुँ।''

फूलको सुन्दर बगैंचा त्यसै सुन्दर हुनसक्दैन भनी वैज्ञानिकले दिएको उदाहरणले मानिसको सुन्दर चरित्र पनि घटनात्मक रूपमा

आउनसक्तैन भनी बताउँछ। पवित्र आत्माले विश्वासीहरूको जीवनमा आफ्नो फल उत्पन्न गर्नुहुँदा ख्रीष्टियान स्वभावको विकास हुन्छ। गलाती ५:२२-२३ मा वर्णन गरिएको आत्माको फल हाम्रो जीवनमा पवित्र आत्माको भित्रिय उपस्थितिको नतिजा हो। गलाती ५:२२ मा प्रयोग गरिएको फलको एक वचन रूपले त्यस फलको नौ गुणहरूमा प्रभु येशू ख्रीष्टको चरित्रलाई एकता र मिलापमा पुनःउत्पन्न गरिएको कुराको सम्बोधन गर्छ।

एक ख्रीष्टियानले आफ्नो आत्मिक नयाँ जन्ममा आफैलाई ख्रीष्टसँग परिचित पार्छ। ख्रीष्ट हाम्रो पापको निम्ति मर्नुभएको र महिमित र विजयतासाथ फेरि बौरिउठ्नुभएको हुनाले, हामी पनि पुराना स्वभावका दुष्ट कुराहरूको लेखि उहाँसँगै क्रूसमा मरेर गाडिएका पनि छौं। पवित्र र परमेश्वरको अगाडि डराउने हाम्रो नयाँ जीवनले हाम्रो उद्धारकर्ताको चरित्र र स्वभाव प्रकट गराउँछ।

गलाती ५ अध्यायमा हामी पुरानो, दुष्ट स्वभावको स्पष्ट चित्रण "शरीरका कामहरू" (गलाती ५:१६-२१) र ख्रीष्टमा भएको नयाँ जीवनको बारेमा "आत्माको फल" (गलाती ५:२२-२३) देख्नसक्छौं। परमेश्वरले आफ्ना सन्तानहरूको निम्ति यस्तो फलदायक र प्रशस्तताको जीवन दिने इच्छा गर्नुभएको छ।

यस अध्ययनको पाठ्यक्रमलाई तीन खण्डहरूमा विभाजन गरिएको छ। खण्ड एकमा प्रेम, आनन्द र शान्तिका तीन स्वभाव (चरित्र) हरूको अध्ययन गरिने छ, जुन चाहिँ परमेश्वरसँगको हाम्रो सम्बन्धको सीधै नतिजा वा हाम्रो माथिको जीवन हो। खण्ड दुईले धीरज, दया, भलाइका विषयहरू लिएर छलफल गरेको छ, जुनचाहिँ अरूहरूसँगको हाम्रो सम्बन्धबाट विकास हुन्छ। यो हाम्रो बाहिरीय जीवन हो। खण्ड तीनले ख्रीष्टियानहरूले फलाउने विश्वासयोग्यता, नम्रता र आत्म-संयमका फलहरूको बारेमा बताएको छ, जसले उसको भित्रिय जीवनको प्रदर्शित गर्छ। जब एक ख्रीष्टियानले आफूभित्र बासगर्नुहुने पवित्र आत्माको अगुवाइमा

आफैलाई समर्पण गर्छ भने ख्रीष्टियान स्वभावका यी सबै गुणहरू उसमा उत्पन्न गरिन्छन्।

यस पाठ्यक्रममा आत्माको फल भन्ने शब्द समूहले गलाती ५:२२-२३ मा सूची बनाइएका ख्रीष्टियान चरित्रका नौ गुणहरूको सम्बोधन गर्छ। यद्यपि, परिचयको निम्ति कहिलेकहीं हामीले आत्मिक फलका यी नौ रूपहरूमध्ये "आनन्दको फल" वा "आत्म-संयमको फल" भनी एउटालाई सम्बोधन गर्छौं। यसलाई याद गर्नुहोस्, कि हरेक चरित्र आत्माको फलको एक स्वरूप मात्र हो।

## पाठ्यक्रमको वर्णन

*प्रशस्तताको जीवनः ख्रीष्टियान चरित्रको विषयमा एक अध्ययन* भन्ने पुस्तक गलाती ५ अध्याय र सम्बन्धित बाइबलका पदहरूबाट तयार पारिएको एक व्यावहारिक अध्ययनको पाठ्यक्रम हो। यसले ख्रीष्टियान गुणहरूको विकासमा र ख्रीष्टियान सम्बन्ध र सेवाको कार्यमा जोड दिन्छ। बाइबल आधारित परिभाषा र उदाहरणहरूले आत्मिक फलका नौ रूपहरूलाई जोड दिन्छन् र व्यक्तिगत ख्रीष्टियान जीवनका यी चरित्रहरूसँग सम्बन्ध राख्ने व्यावहारिक पक्षलाई पनि ध्यान दिएका छन्। यस पाठ्यक्रमले विद्यार्थीलाई ख्रीष्टियान फल फलाउने सिद्धान्त र प्रभावशाली ख्रीष्टियान सेवा र आत्मामा प्रशस्तताको जीवनको निम्ति ख्रीष्टको जस्तो चरित्रको निरन्तर विकास हुन आवश्यक छ भनी बुझ्न सहायता पुऱ्याउँछ। विद्यार्थीले आफ्नो जीवनमा ख्रीष्टियान चरित्रका गुणहरूको विकास गर्न र आफ्नो प्रतिदिनको अनुभवमा यी गुणहरूलाई प्रयोग गर्ने हौसला प्राप्त गर्छ।

## पाठ्यक्रमका उद्देश्यहरू

यस पाठको अध्ययनपछि तपाईंलेः

१. आत्माको फलको नौ विशेषताहरूको सूची बनाएर बाइबलमा प्रयोग भएको आधारमा हरेकको परिभाषा दिनसक्नुपर्नेछ।

२. फल फलाउने, ख्रीष्टको जस्तो स्वरूप, ख्रीष्टियान चरित्रको निरन्तर विकास, र ख्रीष्टियान स्वतन्त्रताको बाइबल आधारित धारणालाई व्याख्या गर्नसक्नुपर्नेछ।

३. दैनिक सम्बन्ध र अनुभवहरूमा ख्रीष्टको जस्तो चरित्र प्रदर्शित गर्नु भनेको अर्थ के हो सो व्याख्या गर्नसक्नुपर्नेछ।

४. पवित्र आत्मालाई तपाईंको जीवनको अधीन गर्न दिनुहुँदा ख्रीष्टियान फल फलाउने सिद्धान्तलाई दिनप्रतिदिन व्यवहारमा प्रयोग गर्नसक्नुपर्नेछ।

## पाठ्यपुस्तक

तपाईंले प्रशस्तताको जीवन भन्ने पाठ्यपुस्तक प्रयोग गर्नुहुनेछ। यस पाठ्यक्रमको निम्ति *"ख्रीष्टियान चरित्रको विषयमा एक अध्ययन"* भन्ने पुस्तकलाई पाठ्यपुस्तक र अध्ययन-सहायकको रूपमा प्रयोग गर्नुहुनेछ।

## अध्ययन-समय

प्रत्येक पाठ अध्ययन गर्नलाई कति समय दिइनुपर्छ भन्ने कुरा पाठ्यक्रमको शुरू गर्नुभन्दा पहिले विषय वस्तुमा भएको तपाईंको ज्ञान र अध्ययन कुशलताको शक्तिमा भरपर्छ।

**पाठ संगठन र अध्ययन नमूना**

प्रत्येक पाठमा यी भागहरू छन्: १) पाठको शीर्षक, २) शुरूको वाक्य, ३) पाठको रूपरेखा ४) पाठका उद्देश्यहरू, ५) सिक्ने क्रियाकलाप, ६) मुख्य शब्दहरू, ७) अध्ययन प्रश्नहरूसहित पाठको विकास, ८) स्वयम् जाँच (पाठ विकासको अन्तमा), ९) अध्ययन प्रश्नहरूका उत्तरहरू।

पाठको रूपरेखा र उद्देश्यले तपाईंलाई विषयको परिचय, मुख्य कुराहरूमा ध्यान, र तपाईंले के कुरा सिक्नुपर्छ सो बताउँछन्।

अध्ययन सहायक पुस्तिकामा भएको खाली ठाउँमा नै तपाईंले प्रायःजसो प्रश्नहरूको उत्तर लेख्न सक्नुहुन्छ। लामो खालका उत्तरहरू अभ्यास पुस्तिकामा लेख्नुपर्छ। आफ्नो अभ्यास पुस्तिकामा लामो उत्तरहरू लेख्दा, पाठको शीर्षक र अङ्क लेख्न नभुल्नुहोस्। किनकि यसले तपाईंलाई पछि विद्यार्थी एकाइ प्रतिवेदन भर्नको निम्ति सहायता गर्छ।

सोधिएको प्रश्नमा तपाईंको आफ्नो उत्तर नदिईकन पुस्तकका उत्तरहरू नहेर्नुहोस्। यदि तपाईं आफैले उत्तर दिनुभयो भने अध्ययन गरेको कुरा राम्रोसँग सम्झन सक्नुहुन्छ। तपाईंले अध्ययन प्रश्नहरूको उत्तर दिइसकेपछि, आफ्नो उत्तर ठीक छ, कि छैन भनी पाठको अन्तमा दिइएका उत्तरहरूसँग जाँच्न सक्नुहुन्छ। पाठको अन्त्यमा दिइएका उत्तरहरूलाई हेरेर तपाईंले बेठीक गर्नुभएका उत्तरहरूलाई ठीक गर्न सक्नुहुन्छ। उत्तरहरू क्रमिक रूपमा लेखिएका छैनन्, र तपाईंले उत्तर हेर्दा अर्को दोस्रो प्रश्नको उत्तर देख्नुहुन्न।

यी अध्ययन प्रश्नहरू धेरै महत्वपूर्ण छन्। यी प्रश्नहरूले तपाईंलाई पाठका मुख्य विचारहरू सम्झन र सिकेका कुराहरूलाई व्यवहारमा प्रयोग गर्न सहायता पुऱ्याउँछन्।

**प्रश्नहरूको उत्तर कसरी दिनुपर्छ**

यस अध्ययन सहायक पुस्तिकामा विभिन्न प्रकारका अध्ययन प्रश्नहरू र स्वयम्-जाँच प्रश्नहरू छन्। तल विभिन्न प्रकारका प्रश्नहरूको उदाहरण, र ती प्रश्नहरूको उत्तर कसरी दिनुपर्छ भनी बताइएको छ। भिन्नै प्रकारका प्रश्नहरू बीचतिर देखिए भने, तिनीहरूलाई कसरी उत्तर दिनुपर्छ भनी विशेष निर्देशन दिइनेछ।

**छोटो-उत्तर प्रश्नले** तपाईंलाई कुनै वाक्य पूरा गर्न वा छोटो उत्तर लेख्नलगाउँछ। तपाईंको उत्तरको लागि अलिकति खाली ठाउँ पनि छोडिएको हुन्छ।

*उदाहरण*

१. कसद्वारा गलातीहरूको मण्डलीलाई पत्र लेखिएको थियो?
..................प्रेरित पावल..................

माथि देखाइए जस्तै, आफ्नो अभ्यास-पुस्तिकाको खाली ठाउँमा उत्तर लेख्नुहोस्।

**ठीक उत्तर चुन्नुपर्ने प्रश्नले** तपाईंलाई दिइएका विभिन्न उत्तरहरूबाट ठीक उत्तर चुन्न लगाउँछ।

*उदाहरण*

२. बाइबलमा कतिवटा पुस्तकहरू छन्?
**क.** १०० पुस्तकहरू
**ख.** ६६ पुस्तकहरू
**ग.** २७ पुस्तकहरू

ठीक उत्तर चाहिँ ६६ वटा पुस्तकहरू हो। यहाँ तल देखाइएको जस्तै तपाईंको अध्ययन सहायक पुस्तिकामा **ख**) को वरिपरि घेरा लगाउनुहोस्ः

२. बाइबलमा कतिवटा पुस्तकहरू छन्?
- **क.** १०० पुस्तकहरू
- **(ख.)** ६६ पुस्तकहरू
- **ग.** २७ पुस्तकहरू

(कुनै कुनै ठीक उत्तर चुन्ने प्रश्नमा एकभन्दा बढी उत्तरहरू ठीक हुनसक्छन्। यदि यस्तो छ भने ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।)

**ठीक-बेठीक प्रश्नले** तपाईंलाई दिइएका वाक्यहरूबाट कुन कुन ठीक हुन् सो छान्न लगाउँछ।

*उदाहरण*

३. तल दिइएका कुन कुन बयानहरू ठीक छन्?
- **क.** बाइबलमा जम्मा १२० वटा पुस्तकहरू छन्।
- **(ख.)** बाइबल आजका विश्वासीहरूका निम्ति परमेश्वरको सन्देश हो।
- **ग.** बाइबलका लेखकहरू सबैले हिब्रू भाषामा लेखे।
- **(घ.)** बाइबल लेख्ने व्यक्तिहरूलाई पवित्र आत्माले प्रेरणा दिनुभएको थियो।

माथि दिइएका बयानहरूमध्ये **ख.** र **घ.** ठीक छन्। माथि देख्नुभए जस्तै तपाईंले छान्नुभएका यी दुई अक्षरहरूमा घेरा लगाउनुहोस्।

**जोडा मिलाउने प्रश्नले** तपाईंलाई दिइएका मिल्दोजुल्दो कुराहरूबाट ठीक कुरा मिलाउन लगाउँछ। जस्तै नामहरूसँग वर्णन, अथवा बाइबलका पुस्तकहरूसँग तिनीहरूका लेखकहरूको जोडा मिलाउनसकिन्छ।

*उदाहरण*

**३**. प्रत्येक बयानको अगाडि अगुवाले गरेको कामको वर्णनमा उसको संख्या लेख्नुहोस्।

| | | |
|---|---|---|
| _१_ | **क**. सिनै पर्वतमा व्यवस्था पाएका | १ ) मोशा |
| _२_ | **ख**. इस्राएलीहरूलाई यर्दन नदी पार गराएका | २ ) यहोशू |
| _२_ | **ग**. यरीहो शहरको वरिपरि घुमेका | |
| _१_ | **घ**. फिरऊन राजाको दरबारमा बसेका | |

**क**. र **घ**. मा दिइएको बयान मोशाको जीवनीसँग र **ख**. र **ग**. मा भएको बयान यहोशूसँग मिल्छ। माथि देखाएजस्तै तपाईंले **१** संख्या **क**. र **घ**. को पछाडि र **२** संख्या **ख**. र **ग**. को पछाडि लेख्न सक्नुहुन्छ।

**यस पाठ्यपुस्तक अध्ययन गर्ने तरीका**

यदि यो पाठ्यपुस्तक तपाईं आफै अध्ययन गर्नुहुन्छ भने यसमा सोधिएका प्रश्नहरूका जवाफ हुलाकद्वारानै पठाउनसक्नुहुन्छ। आई. सी. आई.-ले यस पाठ्यपुस्तकलाई स्वयम्-शिक्षण प्रणालीमा विकास गरेको भएतापनि यसलाई कुनै समूह वा कक्षामा पनि अध्ययन गर्नसकिन्छ। कुनै समूह वा कक्षामा अध्ययन गरिएको खण्डमा त्यहाँका निर्देशकको निर्देशनलाई पनि पालन गर्नुहोस्।

# पाठ्यक्रमको परिचय

तपाईंले यस पाठ्यपुस्तकलाई घरेलु बाइबल अध्ययन समूह वा मण्डलीको कक्षामा वा बाइबल स्कूलमा प्रयोग गर्नचाहनुहुन्छ होला। यी उद्देश्यहरूका लागि यसमा भएका विषयवस्तु र अध्ययन प्रणाली उत्तम ठहरिएको छ।

## विद्यार्थी प्रतिवेदन एकाइ

यस पाठ्यपुस्तकको साथसाथै तपाईंले विद्यार्थी प्रतिवेदन एकाइ पनि प्राप्त गर्नुभएको होला। यस पाठ्यपुस्तक र विद्यार्थी प्रतिवेदनमा उल्लेख गरिएका निर्देशनअनुसार यसमा सोधिएका प्रश्नहरूका जवाफ दिनुहोस्। तपाईंको अध्ययन सम्बन्धित सुझावहरू प्राप्त गर्नको निम्ति र तपाईंले दिनुभएका उत्तरहरूका जाँचको लागि त्यस उत्तर पृष्ठलाई आफ्नो निर्देशककहाँ पठाउन नभुल्नुहोस्।

## प्रमाण-पत्र

यस पाठ्यपुस्तकको अध्ययनको समाप्ति र तपाईंले लेख्नुपर्ने अन्तिम जाँचको उत्तम नतिजाको आधारमा तपाईंलाई प्रमाण-पत्र प्रदान गरिनेछ।

## तपाईंको आई. सी. आई. निर्देशक

तपाईंलाई सहायता पुऱ्याउनको निम्ति तपाईंका निर्देशक सधैंभरि इच्छुक हुनुहुन्छ। यदि पाठ वा विद्यार्थी प्रतिवेदन सम्बन्धी तपाईंमा केही प्रश्नहरू छन् भने, तपाईंले उहाँसँग प्रश्न सोध्नसक्नुहुन्छ। यदि धेरै व्यक्तिहरूले मिलेर यस पाठलाई अध्ययन गर्ने विचार गर्नुभएको छ भने, समूह अध्ययनको बन्दोवस्त मिलाउनको लागि उहाँसँग विन्ती गर्नुहोस्।

भाग १

# परमेश्वरसँगको सम्बन्धमा आत्माको फल



## पाठ १

# ख्रीष्टियान चरित्रः आत्माको फल

चेलाहरूसँगको अन्तिम वार्तालापहरूमध्ये आफ्नो एउटा वार्तालापमा येशू ख्रीष्टले फलफलाउने महत्वपूर्णताको बारेमा बताउनु भएको छ। उहाँले तिनीहरूलाई भन्नुभयोः

> "साँचो दाखको बोट म हुँ, अनि मेरा पिता किसान हुनुहुन्छ। दाखको बोट मै हुँ, तिमीहरू चाहिँ हाँगाहरू हौ। जो ममा रहन्छ, र म त्यसमा, त्यसैले धेरै फल फलाउँछ" (यूहन्ना १५:१,५)।

पवित्र आत्मा र विश्वासीको बीचमा प्रकट भएको आवश्यक सम्बन्धको बारेमा सिकाउन येशू ख्रीष्टले दाखको बोटको उदाहरण प्रयोग गर्नुभएको छ, यसरीनै उसमा ख्रीष्टको स्वरूप उत्पन्न हुनसक्छ। हामीले आफूभित्र पवित्र आत्मालाई काम गर्न दियौं भने उहाँलेनै हामीमा आत्मिक फल उत्पन्न गर्नुहुन्छ। आत्माको फल भनेको हामीमा ख्रीष्टको चरित्र उत्पन्न गर्नु हो, यसरीनै हामी उहाँ कस्तो हुनुहुन्छ भनी संसारलाई देखाउन सक्छौं।

दाखको बोटका हाँगाहरू बाँच्नको निम्ति बोट (फेद) मा भरपर्दछन् र बोटलाई फल फलाउनको निम्ति हाँगाको खाँचो पर्छ। येशू ख्रीष्टले आफ्ना चेलाहरूलाई भन्नुभयो, कि आफ्ना पिता कस्तो हुनुहुन्छ भनी मानिसहरूलाई देखाउन उहाँ यस संसारमा आउनु भएको हो। आफू स्वर्गगएपछि चेलाहरूसँग हुन र तिनीहरूलाई सहायता गर्नको निम्ति पवित्र आत्मा पठाउँछु भनी उहाँले प्रतिज्ञा



गर्नुभएको थियो। आत्मालन तिनीहरूलाई येशू ख्रीष्ट प्रकट गराउनुहुनेछ। जसरी संसारलाई पिता प्रकट गराउन येशू ख्रीष्टले मानव शरीर लिनुभयो त्यसरीनै ख्रीष्टलाई संसारमा प्रकट गराउन अनन्त आत्मा विश्वासीहरूभित्र बासगर्नुहुन्छ। प्रेरित पावलले कोरिन्थका विश्वासीहरूलाई यसरी लेख्छन्ः "तिमीहरूको शरीर तिमीहरूमा भएका पवित्र आत्माको मन्दिर हो, जो परमेश्वरबाट तिमीहरूले पाएका छौ भन्ने के तिमीहरूलाई थाहा छैन? अनि तिमीहरू आफै ता आफ्ना होइनौ, किनभने तिमीहरू दाम तिरेर किनिएका हौ, यसकारण आफ्नो शरीरमा परमेश्वरको महिमा गर" (१ कोरिन्थी ६:१९-२०)।

आत्माको फलको बारेमा बाइबलले के भन्छ, ख्रीष्टियान चरित्र के हो, पवित्र आत्माको शक्तिद्वारा यसलाई तपाईंको जीवनमा कसरी उत्पन्न गर्न सकिन्छ, जसद्वारा तपाईं परमेश्वरलाई इज्जत दिनसक्नुहुन्छ, जस्ता विषयहरू यस पाठमा अध्ययन गर्नुहुनेछ।

**पाठको रूपरेखा**

फल परिचित गरियो

फल चित्रण गरियो

फल माग गरियो

फल महसूस गरियो

**पाठका उद्देश्यहरू**

यस पाठको अध्ययनपछि तपाईंलेः

- फल फलाउने सिद्धान्तको व्यावहारिक र आत्मिक उदाहरण दिनसक्नुपर्नेछ।
- आत्माको फलको सूची बनाइ ख्रीष्टको स्वभावसँग भएको यसको सम्बन्धलाई व्याख्या गर्नसक्नुपर्नेछ।
- फल फलाउनको निम्ति अवस्थाहरू र फल नफलाएकोबाट प्राप्त हुने नतिजाहरूको वर्णन गर्नसक्नुपर्नेछ।
- आत्मिक फल फलाउने महत्वपूर्णता र तपाईंको जीवनमा आत्माको फलको इच्छालाई चिन्नसक्नुपर्नेछ।

**सिक्ने क्रियाकलाप**

१. तपाईंले यस पाठ शुरू गर्नुभन्दा पहिले पाठ्यक्रम परिचयलाई ध्यानसँग पढ्नुहोस् र पाठ्यक्रम उद्देश्यहरूलाई पनि अध्ययन गर्नुहोस्।

२. यस पाठको शुरूको खण्ड, पाठको रूपरेखा, र पाठका उद्देश्यहरूलाई समेत गरी शुरूका पृष्ठहरूलाई होशियारीसाथ पढ्नुहोस्। पाठको ठाउँठाउँमा दिइएका उद्देश्यहरूलाई पनि पढ्नुहोस्। तपाईंले पाठको अध्ययन गरिसक्नुभएपछि तपाईं के गर्नलाई योग्य हुनुहुन्छ, सो यी उद्देश्यहरूले तपाईंलाई बताउँछन्। अध्ययन प्रश्नहरू र स्वयम्-जाँच तिनीहरूमै आधारित छन्।

३. प्रत्येक पाठको शुरूमा सूची बनाइएका मुख्य शब्दहरूको अर्थ थाहापाउनु तपाईंको निम्ति अत्तिनै आवश्यक छ। पाठको अध्ययन शुरू गर्नुभन्दा पहिले अर्थ थाहानपाउनु भएको शब्दलाई अध्ययन-सहायकको अन्तमा दिइएको शब्दकोशमा हेरी त्यस शब्दको अर्थ सिक्नुहोस्। पाठको अध्ययनमा खाँचो परेको जुनसुकै बेलामा पनि शब्दकोशको प्रयोग गर्नुहोस्।

४. यस पाठको निम्ति पृष्ठभूमिको रूपमा, यूहन्ना १५ र गलाती ५ अध्यायलाई पढ्नुहोस्। पाठको विकासलाई अध्ययन गर्नुहोस्। उल्लेख गरिएका सबै पदहरू पत्ता लगाउनुहोस् र तिनीहरूलाई पढ्नुहोस्। अध्ययन प्रश्नहरूका उत्तर दिनुहोस् र पाठको अन्तमा दिइएका उत्तरहरूसँग तपाईंले दिनुभएका उत्तरहरू ठीक छन्, कि छैनन् जाँच्नुहोस्। लामो उत्तरहरूको निम्ति छुट्टै अभ्यास-पुस्तिका प्रयोग गर्नुहोस्।

५. तपाईंले पाठलाई पूरा गरिसक्नुभएपछि स्वयम्-जाँचको प्रश्नहरूका उत्तर दिनुहोस्। यस अध्ययन-सहायकको अन्तमा दिइएका उत्तरहरूसँग तपाईं आफूले दिनुभएका उत्तरहरूको जाँच गर्नुहोस्।

**मुख्य शब्दहरू**

| | | |
|---|---|---|
| प्रशस्त | पारस्परिक भर | पुनःउत्पान |
| चरित्रहरू | प्रदर्शन | पवित्रिकरण |
| विरोध (अमेल) | सुरक्षा | शुद्ध पार्नु |
| रूप | सिद्धान्त | स्थिरता |
| चेलापन | विकासमूलक | वनस्पति |
| शक्ति प्रदान | छाँट्नु | दाखबारी |

**पाठको विकास**

## फल परिचित गरियो

**ख्रीष्टको जस्तो चरित्र**

उद्देश्य १. *फलफलाउनेको सिद्धान्तको एक उदाहरण छान्नुहोस्।*

फलफलाउनेको सिद्धान्त उत्पत्तिको पुस्तकको एक अध्यायमा प्रकट भएको छः "परमेश्वरले भन्नुभयो, 'भूमिले वनस्पति, बीउ हुने बोटहरू र आफ्ना आफ्नै किसिमका बीउ हुने फल-वृक्षहरू पृथ्वीमा उमारोस्' " (उत्पत्ति १:११)। हरेक वनस्पति र बोटले

यसको आफ्नै प्रकारको फल उत्पन्न गर्नुपर्थ्यो भन्ने बयानलाई ध्यान दिनुहोस्।

आत्मिक फल फलाउने सत्यताले पनि यही सिद्धान्त अपनाउँछ। ख्रीष्टको दूत बप्तिस्मा दिने यूहन्नाले पनि आफ्ना चेलाहरूबाट यो कुराको माग गरेका थिएः "यसकारण पश्चाताप लायकको फल फलाओ" (मत्ती ३:८)। यूहन्ना १५:१-१६ मा येशू ख्रीष्टले स्पष्ट पार्दै यो सिद्धान्तलाई जोड दिनुभयो, कि उहाँका चेलाहरूले आत्मिक जीवनको विकास र यसलाई कायम गर्नको लागि परमेश्वरको निम्ति प्रशस्त फल फलाउनै पर्छ।

येशू ख्रीष्टले कस्तो प्रकारको फलको बारेमा बताउनुभएको थियो? यसको उत्तर गलाती ५:२२ मा दिइएको छः तर आत्माको फल चाहिँ - प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाइ विश्वस्तता नम्रता र आत्म-संयम हुन्।

अरू शब्दहरूमा भन्ने हो भने आत्माको फल ख्रीष्टको जस्तो चरित्र होः यो यस्तो चरित्र हो जसले ख्रीष्ट कस्तो हुनुहुन्छ भनी प्रकट गराउँछ। यो विश्वासीमा परमेश्वरको पवित्र स्वभावको बाहिरीय वर्णन हो। वास्तवमा यो एक ख्रीष्टियानमा ख्रीष्टको जीवनको विकास गर्ने प्रक्रिया हो।

**१.** तल दिइएकाहरूमध्ये कुनचाहिँ फल फलाउने सिद्धान्तको उदाहरण हो?

**क.** खजुरको बोटले पातहरू उत्पन्न गर्छ।
**ख.** आत्माले भरिएको व्यक्तिले रिस उत्पन्न गर्छ।
**ग.** सुन्तलाको बोटले सुन्तलाका दानाहरू उत्पन्न गर्छ।

### नयाँ स्वभाव

उद्देश्य २. *शरीरका कामहरूसँग आत्माका कामहरूको तुलना गरी एक सूची बनाउनुहोस्।*

# ख्रीष्टियान चरित्रः आत्माको फल

गलाती ५:१६-२६ ले पापपूर्ण स्वभाव र दैविक स्वभावको बीचमा आत्मिक संघर्ष छ भनी बताउँछ। संघर्ष चाहिँ यो होः "किनभने शरीरले आत्माको विरूद्धमा लालसा गर्दछ, र आत्माले शरीरको विरूद्धमा। किनकि तिमीहरूले इच्छा गरेका कुराहरू गर्न नपाओस् भनेर यिनीहरू एकको विरूद्ध अर्को हुन्छन्" (५:१७)। विरूद्ध शब्दको अर्थ "चरित्रमा विपरीत" भन्ने पनि बुझिन्छ।

जब एक विश्वासी आत्माको अधीनमा हिंड्‌दैन भने, उसले पापपूर्ण स्वभावका इच्छाहरूलाई पनि विरोध गर्न सक्तैन। तर जब आत्माले अधीन गर्नुहुन्छ, ऊ एक मलिलो जमीन जस्तो हो, जहाँ आत्माले आफ्नो फल फलाउनुहुन्छ। आत्माको शक्तिमा उ शारीरिक अभिलाषाहरूबाट विजयी भएर प्रशस्तता र फलदायकको जीवन जिउन सक्छ।

यस आत्मिक युद्धमा विजय गर्न सक्ने रहस्य चाहिँ आत्मामा भएको हिँडाई हो। "अनि ख्रीष्ट येशूका जतिले ता शरीरलाई माया र लालसाहरूसँगै क्रूसमा टाँगेका छन्। हामी आत्माले जिउँछौं भने आत्माकै अनुसार हिँडौ" (गलाती ५:२४-२५)। हामी यसलाई कसरी गर्नसक्छौं त? उहाँको आवाज सुनेर, उहाँको अगुवाइ अनुसार हिँडेर, उहाँका आज्ञाहरू पालन गरेर, र उहाँमा विश्वास र भरोसा गरेर हामी यी कुराहरू गर्नसक्छौं।

आत्मामा कसरी हिँड्न सकिन्छः

१. उहाँलाई सुन्नुहोस्।
२. उहाँलाई पछ्याउनुहोस्।
३. उहाँको आज्ञा पालनगर्नुहोस्।
४. उहाँमा भरोसा राख्नुहोस्।

पापपूर्ण स्वभावको काम र आत्माको फलको बीचमा कस्तो गहिरो संघर्ष छ भनी देखाउन, गलातीको पत्रका लेखकले यही अध्यायमानै उल्लेख गरेका छन् (गलाती ५)। जबसम्म पवित्र आत्माले विश्वासीलाई अधीन गरी उसमा रहेर शक्ति प्रदान गर्नुहुन्छ, उहाँले स्वाभाविक रूपले त्यस विश्वासीमा आफ्नो फल प्रदर्शित गर्नुहुनेछ (रोमी ८:५-१० पढ्नुहोस्)। यसै अनुरूप अविश्वासीको पापपूर्ण स्वभावले उसमा यसको काम उत्पन्न गर्छ। के तपाईंले यहाँ फल फलाउने सिद्धान्तलाई देख्नुभयो त? प्रत्येकले आफ्ना आफ्नै किसिमका फलहरू उत्पन्न गर्छ। यूहन्ना १४:१६ मा येशू ख्रीष्टले आफ्ना चेलाहरूलाई दिनुभएको वचन हामी पढ्छौं: "अनि म पितासँग विन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को शान्तिदाता दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सधैंभरि हुनुहुनेछ - अर्थात् सत्यका आत्मा।" यस पाठमा प्रयोग गरिएको 'अर्को' शब्द ग्रीक शब्दबाट लिइएको छ जसको अर्थ "एकै किसिमको अर्को भन्ने हुन्छ।" पवित्र आत्मा येशू ख्रीष्ट जस्तै एकै किसिमको हुनुहुन्छ। विश्वासीमा ख्रीष्टको जस्तो चरित्र उत्पन्न गर्नु पवित्र आत्माको स्वभावनै हो। तर पापपूर्ण शरीरको स्वभाव दुष्टता उत्पन्न गर्नुनै हो।

**२**. तपाईंको आफ्नो अभ्यास-पुस्तिकामा तल देखाइएको जस्तै दुई शीर्षकहरू बनाउनुहोस्, र गलाती ५:१६-२३ लाई आधार बनाई एक खण्डमा शरीरका कामहरू र अर्को खण्डमा आत्माको फल लेख्नुहोस्।

| **पुरानो स्वभाव**<br>(शरीरका कामहरू) | **नयाँ स्वभाव**<br>(आत्माको फल) |
|---|---|
| | |

**३.** गलाती ५ अध्यायमा शरीरका पन्ध्रवटा कामहरूलाई उल्लेख गरिएको छ। यस्तै प्रकारको सूची रोमी १:२६-३१; ३:१२-१८, मर्कूस ७:२२-२३ र एफिसी ४:१७-३२ मा पनि पाउन सकिन्छ। यी खण्डहरूमा उल्लेख गरिएका शरीरका अरू कामहरू छन् भने तपाईंले बनाउनु भएको सूचीमा संलग्न गर्नुहोस्।

"जस जसले यस्ता कामहरू गर्छन् तिनीहरू परमेश्वरको राज्यका हकवाला हुनेछैनन्" भनी परमेश्वरको वचनले पूर्ण रूपमा बताउन सक्छ (गलाती ५:२१)। शरीरका यी कामहरू पापका विशेषताहरू (चरित्रहरू) हुन्। "तर जो म इच्छा गर्दिनँ, त्यही गर्छु भने, त्यो गर्ने अब म होइनँ, तर मभित्र बास गर्ने पाप हो" (रोमी ७:२०)।

**४.** १ कोरिन्थी १३:४-७ र २ पत्रुस १:५-७ पढ्नुहोस्। यी खण्डहरूले पवित्र आत्माद्वारा विश्वासीमा उत्पन्न हुने नयाँ स्वभावका धेरै गुणहरूलाई प्रदान गरेका छन्। तपाईंले बनाउनु भएको आत्माको फलको सूचीमा यी पदहरूमा उल्लेखित गुणहरू समावेश गरिएका छैनन् भने तिनीहरूलाई पनि त्यस सूचीमा समावेश गर्नुहोस्।

परमेश्वरको वचनले स्पष्ट रूपमा बताउँछ, कि आफूमा ख्रीष्टको चरित्र उत्पन्न गर्न तपाईंले पवित्र आत्मालाई स्थान दिनुपर्छ। २ पत्रुस १ अध्यायमा प्रेरित पत्रुसले एक व्यक्तिको चौतर्फी रूपमा आत्मिक जीवनको विकास हुनुपर्छ भनी बताएका छन्। यस विकासबाट परिपक्वता र धीरजता प्राप्त हुन्छ, जसले एक व्यक्तिलाई पुरानो पापपूर्ण चरित्रमाथि विजय भएर जिउन सहायता गर्छ। र १० पदमा उनले भनेका छन्, "किनकि यी कुरा गरेमा तिमीहरू कहिल्यै ठेस खानेछैनौ, किनभने यसरी हाम्रा र मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्यभित्र तिमीहरूलाई प्रशस्तगरी प्रवेश मिल्नेछ" (२ पत्रुस १:१०-११)।

**५**. फल फलाउने सिद्धान्तमा आधारित गरी तल दिइएको खाली ठाउँ भर्नुहोस्।

**क.** पुरानो स्वभावको अभिलाषाहरूबाट अगुवाइ भएको एक व्यक्तिले ...............................................चरित्रलाई उत्पन्न गर्छ।

**ख**. आत्माको अधीनमा हिँडेको व्यक्तिको चरित्र असल हुन्छ जुन चाहिँ ...................................को ................................ हो, किनभने उसलाई पवित्र आत्माले ............................................ ........................ गर्नुभएको हुन्छ।

**ग.** आत्माको फल भनेको ख्रीष्टको जस्तो ................................ ................................................ को विकास गर्नु हो।

फल एक जीवित कुरा हो। यदि तपाईंले आफ्नो जीवनलाई पवित्र आत्माको अगुवाइमा (अधीनमा) चलाउनु भएको छ भने, उहाँले निरन्तर र प्रशस्तसँग तपाईंमा आत्माको फल उत्पन्न गर्नुहुनेछ। ख्रीष्टियानको हैसियतले तपाईंको जीवनलाई प्रशंसा दिने चरित्रको दीर्घकालीन सुन्दरता र निष्कपटता, ख्रीष्टको जस्तो स्वरूप, भित्रिय र बाहिरीय सबै जीवन, पवित्र आत्माको कार्य हो - "तिमीहरूमा ख्रीष्टको रूप नबनुञ्जेल" (गलाती ४:१९)।

• • •

## फल चित्रण गरियो

### दाखको बोट र यसका हाँगाहरू

उद्देश्य ३. *येशू ख्रीष्टले दाखको बोट र यसका हाँगाहरूको बारेमा के सिकाउनुभयो त्यस सम्बन्धीका ठीक बयानहरूको परिचय दिने।*

येशू ख्रीष्टले आफ्नो र विश्वासीहरूको बीचमा कस्तो किसिमको सम्बन्ध प्रकट भएको छ सो चित्रण गर्न यूहन्ना १५:१-१७ मा उल्लेखित दाखको बोट र यसका हाँगाहरूको उपमा प्रयोग गर्नुभएको छ। यो उदाहरण प्रयोग गर्नुको उद्देश्य विश्वासीहरू पनि फलदायक हुनुपर्छ भनी देखाउनलाई हो। दाखको बोटमा सबैभन्दा महत्वपूर्ण कुरा के हुन्छ भनी महसूस गर्न एक व्यक्ति बगैंचाको निपुण कामदार हुन आवश्यक छैन। दाखको बोटले फलाउने फलको गुणनै त्यसको महत्वपूर्ण भाग हो। यसलाई येशू ख्रीष्टले दाखको बोटको हाँगाहरूको बारेमा बताएर स्पष्ट पारिदिनु भएको छः

१. त्यहाँ फल नफल्ने हाँगाहरू पनि हुन्छन् - तिनीहरूलाई काटिन्छ! (यूहन्ना १५:२)। हाँगाको उद्देश्यनै फल फलाउनु हो। यदि हाँगाले फल फलाएन भने, किसानको लागि यो कुनै मूल्यको पनि हुँदैन, यसैले उसले यसलाई काटिदिन्छ। यस्तो किसिमको न्यायको एक दुःख लाग्दो उदाहरण इस्राएल राज्यको इतिहासमा पाइन्छ। इस्राएललाई परमेश्वरको प्रेम, कृपा, भलाइ र महिमालाई अन्यजातिहरूको बीचमा प्रकट गराउन उहाँको आफ्नै दाखबारी (प्रजा) को रूपमा निर्माण गरिएको थियो। तर यसो गर्नको लागि इस्राएल असफल भएको हुनाले परमेश्वरको दण्ड यस राज्यमाथि

पऱ्यो। यहाँ परमेश्वरले आफ्नो दाखबारीको रूपमा इस्राएलको असफलताको बारेमा बताउनुभएको छः

> मेरो दाखबारीको निम्ति मैले नगरेको चाहिँ के रहेको होला, जो अरू बढ्ता मैले गर्नुपर्ने थियो? दाख पो फल्छ कि भनेर आशा गरेको ता के कारण हो, त्यसले जङ्गली दाख फलायो? अब म मेरो दाखबारीलाई के गर्नेछु, सो तिमीहरूलाई जनाउनेछु, म त्यसको बार उखेलिदिनेछु, र त्यो भष्म हुनेछ। म त्यसको पर्खाल भत्काइदिनेछु र त्यो कुल्ची-मिल्ची गरिनेछ। (यशैया ५ः४-५; रोमी ११ः२१ पनि हेर्नुहोस्)।

**६**. फल फलाउने सिद्धान्तअनुसार आशा गरिएको फल फलाउनुको सट्टा इस्राएल राज्यले कस्तो प्रकारको फल फलायो भनी बाइबल धर्मशास्त्रले बताउँछ?

**क**. आशा गरिएको भन्दा विपरीत स्वभाव (चरित्र) को फल।
**ख**. कुनै फल पनि फलाएन।
**ग**. विशेष गरी असल फल।

**७**. यसको फलस्वरूप इस्राएल राज्यलाई के भयो?

**क**. परमेश्वरद्वारा सुरक्षित।
**ख**. परमेश्वरद्वारा सुरक्षित हुन छाडियो।
**ग**. अरू राज्यहरूलाई परमेश्वरमा डोऱ्याउन योग्य भयो।

२. दाखको बोटमा नरहने हाँगाहरू पनि त्यहाँ हुन्छन् - तिनीहरूलाई आगोमा फालिन्छ र तिनीहरू बल्छन्। "हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्तैन" (यूहन्ना १५ः४)। यी हाँगाहरू दाखको बोटको एक अङ्ग नभएका हुनाले तिनीहरूले फल फलाउन असम्भवनै छ।

भाँचिएको हाँगा तुरून्तै खैरो भएको र सुक्न थालेको कुरा के तपाईंले याद गर्नुभएको छ? यो भाँचिएको कारणले बोटको जीवनसँग यसको सम्बन्ध टुट्न गएको हुन्छ। भाँचिएपछि त्यस हाँगामा जीवन प्रदान गर्ने स्रोत बहन (बग्न) छोड्छ र यसको अभावले हाँगा छिट्टैनै सुक्छ। तब त्यस हाँगालाई जम्मा गरिन्छ र आगोमा जलाइन्छ।

मुक्तिदातामाथिको विश्वासमा आफूलाई समर्पण गरेर एक नयाँ सृष्टि बन्ने वास्तविक अनुभवनै उद्धार हो। येशू ख्रीष्टको जीवन प्रदान गर्ने स्रोतहरूसँग हाम्रो सम्बन्धको यो माध्यम हो। यो येशू ख्रीष्टसँग व्यक्तिगत समर्पण र उहाँसँग निरन्तर भइरहने सम्बन्ध हो। उहाँ दाखको बोट हुनुहुन्छ र हामीहरू चाहिँ हाँगाहरू हौं (यूहन्ना १५:५)। ख्रीष्टमा हुनु भनेको केवल धर्ममा सम्भागी हुनु वा धार्मिक विधिहरू पूरा गर्नु वा धार्मिक सिद्धान्तहरू सिक्नु होइन। यो ता तपाईंको जीवनलाई उहाँमा समर्पण गर्नु र पवित्र आत्माको शक्तिद्वारा आफ्नो जीवनलाई उहाँको स्वरूपमा परिवर्तन गर्ने इच्छा गर्नु हो।

३. त्यहाँ फल फलाउने हाँगाहरू पनि हुन्छन् - तिनीहरूलाई सफासँग छिँवल्नुपर्छ। "फल फल्ने हरेक हाँगालाई झन् बढ्ता फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ" (यूहन्ना १५:२)। किसानले बोटको जीवन प्रदान गर्ने स्रोत कामै नलाग्ने पात र हाँगाहरूमा भन्दा फलमानै बहेको चाहन्छ। त्यसकारण, उत्तम र धेरै फल फलाउनको निम्ति हाँगालाई छिँवल्ने प्रक्रिया अत्तिनै महत्वपूर्ण छ।



फल छैन
यसलाई काट्नुहोस्



बोटमा जोडिएको
छैन यसलाई
जलाउनुहोस्



प्रशस्त फल
सफासँग छिँवल्नुहोस्

हामीले प्रशस्त फल फलाऔं भन्ने हाम्रो निम्ति परमेश्वरको योजना छ। उहाँले आफ्नो पवित्र आत्मा हामीलाई धर्मी ठहऱ्याउन, हामीमा बास गर्न, र प्रभु येशू ख्रीष्टको नाउँमा हामीलाई पवित्र (शुद्ध) पार्न पठाउनु हुन्छ (१ कोरिन्थी ६ः ११ हेर्नुहोस्)। पवित्र (शुद्ध) पारिनु भनेको अर्थ पापबाट अलग भएर परमेश्वरको निम्ति छुट्याइनु हो, अर्थात् ख्रीष्टको स्वरूपमा परिवर्तन हुनु हो (रोमी ८:२६)। "फल फल्ने हरेक हाँगालाई उहाँले सफासँग छिँवल्नुहुन्छ" भन्ने बयानले २ थिस्सलोनिकी २:१३ मा उल्लेख गरिए जस्तै पवित्रिकरणको सम्बोधन गर्छ, "परमेश्वरले तिमीहरूलाई शुरूदेखिनै आत्माको पवित्रता र सत्यको विश्वासमा मुक्तिको लागि चुन्नुभयो।"

छिँवल्ने प्रक्रिया किन आवश्यक छ? जब एक व्यक्तिले मुक्तिदाताकोरूपमा येशूमाथि विश्वास गरिसकेर आत्मामा नयाँ जन्म पाएको छ भने यसको अर्थ ऊ तुरून्तै सिद्ध (पूर्ण) भयो भन्ने होइन। एक ख्रीष्टियानले ख्रीष्टको जस्तो स्वभावमा परिवर्तन हुने प्रक्रिया शुरू गर्छ। पवित्र आत्माले परमेश्वरको वचनद्वारा ख्रीष्टको जस्तो नभएको व्यवहार र स्वभावलाई छिँवल्न शुरू गर्नुभएपछि, यसले विश्वासीको जीवनमा ठाउँ लिन्छ। ख्रीष्टियानले बिस्तारै आफ्नो आत्मिक जीवनमा फल फलाउने चिन्हलाई प्रकट गराउनुपर्छ, जसरी हाँगाले पनि परिपक्व अवस्थामा पुग्न अघाडिदेखिनै विस्तारै फल फल्ने चिन्ह देखाउँछ। आत्मिक छैँवल्पनाले ख्रीष्टको स्वभावको उत्तम प्रमाणलाई विकास गर्छ, र यसरीनै एक व्यक्तिलाई आत्मिक परिपक्वतामा ल्याउँछ।

**८.** तल उल्लेखित बयानहरूले दाखको बोट र हाँगाहरूको एक उदाहरणमा ख्रीष्ट येशूद्वारा सिकाइएका सिद्धान्तहरूको व्यक्तिगत अनुरोध (माग) गर्छन्। यी सिद्धान्तहरूलाई ठीकसँग प्रयोग गर्ने ठीक बयानहरूको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** यदि मैले पवित्र आत्मालाई ममा आत्मिक फल उत्पन्न गर्ने अनुमति दिएँ भने, यसको अर्थ हुन्छ, कि मेरा स्वभावहरू ख्रीष्टकोजस्तै हुनेछन्।

**ख.** येशू ख्रीष्टले सिकाउनुभयो, कि दाखको बोटको निम्ति असल र खराब दुवै किसिमको फल फलाउनु सामान्य कुरा हो; अर्कै प्रकारमा भन्ने हो भने मेरा केही स्वभावहरू ख्रीष्टको जस्तो हुनेछन् र अरूहरू चाहिँ शरीरका कामहरूनै हुनेछन्।

**ग.** यदि म धेरै असल फल फलाउने हाँगा हुन चाहन्छु भने, पवित्र आत्माद्वारा म छिँवलिन वा शुद्ध (पवित्र) पारिन आवश्यक छ।

**घ.** म मेरो आफ्नै प्रयासद्वारा ख्रीष्टलाई मनपर्ने किसिमको फल उत्पन्न गर्न वा फलाउन सक्छु।

**ङ.** यदि मैले आत्मिक फल फलाउन सकिन् भने, म बोटसँग जोडिएको छैन भन्ने संकेत यसले गर्नसक्छ।

**च.** मैले फलाउने आत्मिक फलको गुण र संख्या मैले पवित्र आत्मालाई मेरो आफ्नो जीवनको अधीन गर्न दिएको क्षेत्रमा भरपर्छ।

**छ.** पवित्र हुनु भनेको अर्थ ख्रीष्टको चरित्र ममा (आफूमा) देखिनु हो।

## फल फलाउनको निम्ति आवश्यक अवस्थाहरू

उद्देश्य ४. *प्रत्येक अवस्थाको उदाहरणसँग फल फलाउनको निम्ति आवश्यक अवस्थाहरूको जोडा मिलाउनुहोस्।*

हामीले यूहन्ना १५ अध्यायमा दिइएको शिक्षालाई हेर्दा प्रशस्त आत्मिक फल फलाउनको निम्ति चाहिँने तीन अवस्थालाई हामी देख्नसक्छौं: १) पिताद्वारा छिँवलिनु, २) ख्रीष्टमा रहनु, र ३) ख्रीष्ट हामीमा रहनु।

१. *पिताद्वारा छिँवलिनः* हामीले माथिनै हेरिसकेजस्तै यदि हामी आत्माको फल फलाउन चाहन्छौं भने छिँवल्ने काम अति आवश्यक हुन्छ। हामीले उद्धार पाउनुभन्दा पहिल्यै देखिनै पवित्र आत्माले हाम्रा पाप हामीलाई देखाइरहनुभएको हुन्छ। उहाँले

हामीलाई पापको दोषी ठहऱ्याउनुहुन्छ, यसबाट फर्कने इच्छा हामीमा जगाउनुहुन्छ, र उद्धारतर्फ डोऱ्याउने ईश्वरीय सन्ताप र पश्चात्ताप हामीमा उत्पन्न गराउनुहुन्छ (यसको उदाहरणस्वरूप प्रेरित २ः३७ हेर्नुहोस्)। हामीले उद्धार पाइसकेपछि ख्रीष्टलाई मन नपर्ने हाम्रो जीवनका विभिन्न कुराहरू आत्माले हामीलाई निरन्तर रूपमा देखाइरहनुहुन्छ र हामीलाई दिनप्रतिदिन शुद्ध र पवित्र पार्दै लानुहुन्छ (१ थिस्सलोनिकी ५ः२३; हिब्रू १२ः१०-१४)। एक ख्रीष्टियानको जीवनमा परिस्थिति र प्रभावहरूद्वारा पिताले छिँवल्ने अनुशासन, पूरा गर्नुहुन्छ, जसद्वारा विकासशील परिपक्वता र प्रभुमाथिको भरोसा ल्याइन्छ, जुन कार्य परमेश्वर पिताले पूरा गर्नुहुन्छ। हिब्रू १२ः५-६ ले प्रकट गर्छ, कि प्रभुको अनुशासनले हामी उहाँका हौं भनी देखाउँछः

> हे मेरो पुत्र, प्रभुको अनुशासनलाई हल्का नसम्झ, नता उहाँबाटको हप्कीमा हरेस खाऊ, किनभने जसलाई परमेश्वर प्रेम गर्नुहुन्छ, त्यसैलाई अनुशासन गर्नुहुन्छ, र आफूले ग्रहण गर्नुभएको हरेक छोरालाई कोर्रा लगाउनु हुन्छ।

**६**. रोमी ५ः३-४ पढ्नुहोस्। कष्टको अनुशासनका तीन सकारात्मक नतिजाहरू के के हुन्?

..........................................................................

सफासँग छिँवल्न आवश्यक छ भनी याकूब १ः२-४ मा उल्लेख गरिएको छः

> हे मेरा भाइ हो, तिमीहरू अनेक किसिमका परीक्षाहरूमा पर्दा पूरा आनन्द सम्झ। यो जानेर, कि तिमीहरूको विश्वासको जाँचले धीरज उत्पन्न गराउँछ। तर धीरजलाई त्यसको पूरा काम गर्न देओ। अनि तिमीहरूमा कुनै कुराको अभाव नभएर सिद्ध र पूर्ण होओ।

**१०.** १ पत्रुस १ः६-८ पढ्नुहोस्। हामीले नाना किसिमका परीक्षाहरूको तकलिफमा परेर दुःख उठाएको उद्देश्य के हो भनी यहाँ बताइएको छ?

..........................................................................................

२. *ख्रीष्टमा रहनुः* येशू ख्रीष्टले आफू र आफ्ना चेलाहरूको बीचमा भएको सम्बन्ध वर्णन गर्न 'रहनु' भन्ने शब्द प्रयोग गर्नु भएको छ। उहाँले भन्नुभयोः "तिमीहरू ममा रहो र म तिमीहरूमा रहने छु" (यूहन्ना १५ः४)।

"ममा रहो" भन्ने पहिलो शब्द समूहले ख्रीष्टमा भएको हाम्रो स्थानको सम्बोधन गर्छ। २ कोरिन्थी ५ः१७ मा भनिएको छ, "यसरी कोही ख्रीष्टमा छ भने, (कलमी बाँधिएको छ भने) त्यो नयाँ सृष्टि हुन्छ।" कलमी बाँध्नु शब्दको अर्थ जोडिनु, वा अङ्ग बन्नु हो। यसरी ख्रीष्टमा रहनु भन्ने शब्द समूहले एफिसी २ः६ मा वर्णन गरेजस्तै उहाँसँग हाम्रो एकता र सङ्गतिको बारेमा बताउँछः "अनि ख्रीष्ट येशूमा हामीलाई उहाँसँगसँगै उठाउनुभयो, र उहाँसँगसँगै स्वर्गीय स्थानहरूमा बसाल्नुभयो।" यसको अर्थ हो, कि ख्रीष्ट अहिले स्वर्गमा हुनुहुन्छ र जसजसले उद्धार पाएका छन् तिनीहरू पनि आफ्नो स्थानमा उहाँसँगै त्यहाँ छन्। हामीले यस महत्वपूर्ण शब्द 'मा' लाई मनन गर्दा हामी जुन ठाउँमा छौं त्यो अत्तिनै महत्वपूर्ण हो भन्ने निष्कर्षमा हामी पुग्छौं। दाखको बोटमा हाँगा भएझैं हामी पनि ख्रीष्टमा हुनैपर्छ। विश्वासीको जीवनलाई ख्रीष्टमा कलमी बाँध्ने वा जोड्ने कार्य एक आधारभूत कार्यनै हो, जसद्वारा एक विश्वासीको जीवन फलदायक हुन्छ।

एक महान् प्रेरित, शिक्षक, प्रचारक, दुईवटा नागरिक हक र उच्च शिक्षा हासिल गरेका व्यक्ति पावलले ख्रीष्टमा भएको आफ्नो स्थानलाई आफ्नो जीवनमा सबैभन्दा महत्वपूर्ण कुरा हो भनी विचार गरेका छन्। यिनीहरू सबै भन्दा पनि उनी आफूलाई ख्रीष्टमा पाइएको चाहन्थे (फिलिप्पी ३ः८-९ लाई हेर्नुहोस्)।

ख्रीष्टको जस्तो स्वभावको फल फलाउने परिवर्तित जीवनको एक उत्तम उदाहरण पावल हुन्। ख्रीष्टसँग उनको फलदायक संयुक्तिको प्रमाण उनको सेवा र लेखाइको प्रभावहरूमा देख्नसकिन्छ। आज पनि पावलको जीवनले संसार वरिपरिका ख्रीष्टियानहरूको जीवन र विश्वासमा निरन्तर प्रभाव पारिराखेको छ।

३. *ख्रीष्ट ममा* रहनुः "म तिमीहरूमा रहनेछु" भन्ने दोस्रो शब्द समूहले यस पृथ्वीमा मेरो विश्वासयोग्यता र ख्रीष्टको स्वरूप अनुसारको जीवनको सम्बोधन गर्छ। मेरो दैनिक जीवनसँग यो सम्बन्धित छ, जहाँ पवित्र आत्माको शक्तिद्वारा म ख्रीष्टको चरित्रको नैतिक सिद्धतालाई प्रदर्शित गर्नसक्छु। मेरो जीवनद्वारा संसारको अगाडि ख्रीष्टको पवित्रता चम्काउने यो एक बाटो हो।

बगैंचामा काम गर्ने मालीलाई बोटको प्रशस्तताको जीवन फलमा बगिरहेको महत्वपूर्णता थाहाहुन्छ। बोटबाट फलले जति जीवनको स्रोत प्राप्त गर्छ त्यसको आधारमानै फल उत्तम र ठूलो हुन्छ। विश्वासीको जीवनमा ख्रीष्टको उपस्थित जीवनले उसको स्वभाव परिवर्तन गराउँछ र उसमा जीवनको स्रोत रहन्छ।

१ कोरिन्थी १:२, र फिलिप्पी १:१ मा पवित्र जनहरू ख्रीष्टमा र साथसाथै कोरिन्थ र फिलिप्पीमा पनि छन् भनी बताइएको छ। ख्रीष्टियान जीवन सधैंनै यस्तै प्रकारले चलिरहेको हुन्छ - अर्थात् एक ख्रीष्टियान ख्रीष्टमा हुन्छ र त्यसै बखत ऊ संसारमा पनि जिएको हुन्छ। उसले आफ्नो दैनिक जीवनद्वारा ख्रीष्टलाई संसारमा प्रकट गराउँछ। यसको अर्थ यहीनै हुन्छ, कि ख्रीष्टियानमा ख्रीष्ट जिउनै पर्छ। १ यूहन्ना २:६ मा हामी यसरी पढ्छौं, कि "उहाँमा (ख्रीष्टमा) रहन्छु भन्नेले आफै पनि उहाँको चालअनुसार चल्नुपर्छ।" ख्रीष्टको जस्तै चालमा चल्नुलाई पवित्र आत्माको शक्तिद्वारा मात्र सम्भव हुन्छ।

बोटको जीवनदिने रसलेनै हाँगालाई जीवित राख्छ र तिनीहरूलाई फलदायक बनाउँछ। यसै प्रकारमा बौरिउठ्नुभएको हाम्रा उद्धारकर्ताले मात्र आफ्नो भित्रिय उपस्थिति र पवित्र आत्माद्वारा हामीलाई स्थिर र फलदायक ख्रीष्टियान जीवन जिउन सहायता पुऱ्याउनुहुन्छ।

यूहन्ना १७ अध्यायको अन्तिम खण्डमा येशू ख्रीष्टले आफ्ना पितासँग गर्नुभएको विन्तीलाई के तपाईंले सम्भनुभएको छ? यो यही हो, कि उहाँ आफै हामीमा हुनसक्नुभएको होस् भनी उहाँले विन्ती गर्नुभयो (यूहन्ना १७:२६)। हाम्रा कुनै पनि प्रयासद्वारा यदि हामीले ख्रीष्टको जीवनलाई नक्कल गर्ने कोशिश गऱ्यौं भने हाम्रा प्रयासहरूको नतिजा पूर्ण असफलतामा परिणत हुनेछ। एक अर्कासँग भएको सम्बन्धबाटनै एक फलदायक जीवन सम्भव हुन्छः अर्थात् ख्रीष्टमा एक ख्रीष्टियान र ख्रीष्टियानमा ख्रीष्ट हुनुपर्छ।

**११**. फल फलाउनको लागि दायाँपट्टि दिइएका सर्तहरूसँग बायाँपट्टि दिइएका उदाहरण वा व्याख्याको जोडा मिलाउनुहोस्।

| | |
|---|---|
| ___ **क.** स्वर्गमा ख्रीष्टसँगको संयुक्ति हामीमा छ। | १) पिताद्वारा छिँवल्ने काम |
| ___ **ख.** आत्माले अनुशासनद्वारा गलती व्यवहार वा स्वभावहरूलाई छिँवल्नुहुन्छ। | २) ख्रीष्टमा रहिरहनु |
| ___ **ग.** हामी यस पृथ्वीमा ख्रीष्टको जीवनलाई प्रकट गराउँछौं। | ३) ख्रीष्ट हामीमा रहनु |
| ___ **घ.** हामीले दुःख-कष्टद्वारा प्रभुको सुधारको अनुभव गर्छौं। | |
| ___ **ङ.** हामी जीवनदिने मुहानहरू प्राप्त गर्छौं जसले वृद्धि र परिपक्वता सम्भव गराउँछ। | |

## फल माग गरियो

उद्देश्य ५. *ख्रीष्टियानले फल फलाउनु पर्छ भनी किन माग गरिएको छ, यसका कारणहरूको परिचय दिनुहोस्।*

**आत्मिक फल फलाउनुको आवश्यकता**

मत्ती ७:१५-२३ मा ख्रीष्टियान चरित्र निर्माण गर्न कति धेरै आवश्यकता छ भनी हाम्रा मुक्तिदाताको ओठबाट निस्केका प्रभावशाली भनाइहरूले स्पष्ट गराउँछन्। उहाँले भन्नुभयो, कि भूटा अगमवक्ताहरूलाई तिनीहरूले फलाएका फलहरूबाटनै चिनिने छः "के काँढाका बोटहरूबाट अङ्गूर अथवा सिउँडीहरूबाट नेभारा बटुलिन्छ र? त्यसैगरी हरेक असल रूखले असल फल फलाउँछ। तर बिग्रेको रूखले खराब फल फलाउँछ। असल रूखले खराब फल फलाउनसक्तैन, नता बिग्रेका रूखले असल फल फलाउनसक्तछ। असल फल नफलाउने हरेक रूख काटी ढालिन्छ र आगोमा फालिन्छ। यसकारण तिनीहरूका फलबाटनै तिमीहरूले तिनीहरूलाई चिन्नेछौ" (पदहरू १६-१९)।

येशूले भन्दै जानुभयो, कि उहाँको नाउँमा भूतहरू निकाल्नेहरूलाई पनि उहाँले चिनेको छैन भन्नुहुनेछ (पदहरू २२-२३) यो कसरी सम्भव हुन्छ? यसको उत्तर २ थिस्सलोनिकी २:९ मा दिइएको छ, "त्यस अधर्मीको आगमन शैतानको कामबमोजिम, सबै शक्ति, भूटा चिन्हहरू र आश्चर्यकामहरूसँग हुनेछ।" यो वचनले घोषणा गर्छ, कि शैतानले आत्माका वरदानहरू र आश्चर्यकामहरूको नक्कल गर्नसक्छ। तर ख्रीष्टसँग भएको मानिसको साँचो सम्बन्ध चाहिँ त्यस व्यक्तिको चरित्रमा आत्माको फल वा शरीरका कामहरू के उत्पन्न गरिएका छन् सो जाँचेर थाहापाउन सकिन्छ, मत्ती ७:१७-१८; १ यूहन्ना ४:८)। ख्रीष्टियान चरित्रलाई नक्कल गर्न सकिँदैन। यो ख्रीष्टले हामीमा र हामीद्वारा आफ्नो पवित्र चरित्र प्रकट गर्ने स्वाभाविक नतिजा हो।

**१२.** ख्रीष्टमा ऊ नहुने र ख्रीष्ट पनि त्यस व्यक्तिमा नहुने मानिसले येशूको नाउँमा भुतात्माहरू निकाल्न सम्भव छ किनभने .............
..................................................................................

१३. कुनै व्यक्ति ख्रीष्टमा छ भन्ने कुरा तपाईं कसरी थाहापाउन सक्नुहुन्छ? ...........................................................
..................................................................................

**आत्मिक फल फलाउनुको उद्देश्य**

आत्मिक फल फलाउने उद्देश्यको सम्बन्धमा विचार गर्दा हामीहरू तीनवटा तत्वलाई हेर्छौं, तिनीहरू वर्णन, चेलापन र महिमा हुन्।

१. *फल फलाउनु ख्रीष्टको जीवनको वर्णन गर्नु हो।* प्रत्येक फलले आफू उत्पन्न भएको बोटको जीवनको वर्णन गर्छ। यस्तै प्रकारले ख्रीष्टको शरीरको सदस्यहरूका रूपमा ख्रीष्टको चरित्रको पूर्ण सुन्दरता हामीमा स्वाभाविक रूपले प्रकट भएको हुनुपर्छ।

तपाईं कुन उद्देश्यको निम्ति जिउनु भएको छ? के तपाईं प्रत्येक हप्तामा केही घण्टा मण्डली घरमा बस्नुहोस् भन्ने उद्देश्यले मात्र परमेश्वरले तपाईंलाई उद्धार गर्नुभएको हो र? निश्चय पनि होइन! तपाईं जिउनु भएको उद्देश्य तपाईंले पाउनु भएको शिक्षा व्यक्त गर्नु, र यस पापपूर्ण र नाशवान संसारमा ख्रीष्टलाई प्रकट गराउनु हो। मानिसहरूले उहाँलाई ख्रीष्टियानहरूको जीवनद्वारा देख्नु आवश्यक छ। जब तिनीहरूले हामीलाई ख्रीष्टियानको रूपमा हेर्छन्, तिनीहरूमध्ये धेरैले सधैंको निम्ति 'पढ्ने' बाइबल हामीहरू बन्छौं।

ख्रीष्टलाई अर्पण गरिएको जीवनले अरूहरूको निम्ति उहाँको प्रेम कस्तो प्रकारको छ भनी तिनीहरूलाई प्रकट गरिदिन्छ। जब म

ख्रीष्टको निम्ति एक वर्णन बन्छु, मेरा कानहरूले तिनीहरूका चिच्च्याइलाई सुन्छन्, मेरा आँखाहरूले तिनीहरूका आवश्यकताहरूलाई देख्छन्, मेरा खुट्टाहरूले तिनीहरूको सहयोग गर्न मलाई त्यहाँ लैजान्छन्, र मेरा हातहरू तिनीहरूको हेरचाह गर्नलाई त्यहाँ पुग्छन्। यसरी म ख्रीष्टको जीवनको एक कुलो (नहर) बन्छु। उहाँले मद्वारा तिनीहरूलाई सेवा पुऱ्याउनुहुनेछ। के तपाईं ख्रीष्टको जीवनको एक नहर (कुलो) हुनुहुन्छ? के उहाँले तपाईंद्वारा अरूहरूलाई सेवा पुऱ्याउनुभएको छ?

२. *फल फलाउनु चेलापनको एक प्रमाण हो।* येशू ख्रीष्टले भन्नुभयो, कि हामी उहाँका चेलाहरू हौं भनी देखाउन हामीले "धेरै फल" फलाउनुपर्छ (यूहन्ना १५:८)। उहाँले यो पनि औंल्याउनुभयो, कि निपुणसँग तालिम दिइएको हरेक विद्यार्थी आफ्नो शिक्षक (गुरू)-जस्तै हुन्छ। (लूका ६:४०)। यसको अर्थ यही हो, कि "हेर, म ख्रीष्टियान हुँ" भन्नको निम्ति उहाँलाई स्वीकार गरेर मात्र पुग्दैन! उहाँ तपाईंले प्रशस्त फल फलाएको चाहनुहुन्छ। यदि तपाईंले यो गर्नुभयो भने, यो तपाईंले उहाँबाट सिक्नुभएको कुराको प्रमाण हो। यसैले साक्षी दिन्छ, कि तपाईं उहाँको चेला हुनुहुन्छ। यसले देखाउँछ, कि तपाईंले ख्रीष्टलाई स्वीकार गरेर नयाँ जन्म पाउनुभएकोभन्दा पनि अझै ठूलो कदम उचाल्नुभएको छ। ख्रीष्ट येशू साँचैनै तपाईंको जीवनको प्रभु हुनुहुन्छ भनी यसले प्रदर्शित गर्छ।

३. *फल फलाउने कार्यले अरू व्यक्तिहरूलाई आशिष पुऱ्याउँछ।* सर्वप्रथम यसले तपाईंको जीवनमा ख्रीष्टको चरित्रको प्रदर्शित भएको देख्ने व्यक्तिहरूलाई आशिषित तुल्याउँछ। र त्यसपछि तपाईंमा आत्मिक फल उत्पन्न भएको देख्न चाहने विश्वासी साथीहरूलाई यसले आशिष पुऱ्याउँछ।

४. *फल फलाउनाले परमेश्वरको महिमा हुन्छ।* येशूले भन्नुभयो "तिमीहरूले धेरै फल फलायौ भने त्यसैमा मेरा पिताको महिमा

हुनेछ" (यूहन्ना १५:८)। आत्मिक फल फलाउनु प्रशस्तताको जीवनको नतिजा हो। जब तपाईंले आफूद्वारा ख्रीष्टको जीवन प्रकट गराउनुहुन्छ, यसले उत्पन्न गरेको प्रभाव मानिसहरूले देख्नेछन् र परमेश्वरलाई महिमा दिनेछन् (मत्ती ५:१६)।

**१४.** फल फलाउने माग किन गरिएको हो?
**क.** यसले चेलापनको प्रमाण दिन्छ।
**ख.** येशू ख्रीष्टलाई मुक्तिदाताको रूपमा स्वीकार गर्न।
**ग.** भूतहरूलाई निकाल्न।
**घ.** परमेश्वरलाई महिमा दिन।
**ङ.** मण्डलीको सदस्य हुन।
**च.** अरूहरूलाई ख्रीष्टको प्रेमको वर्णन गर्न।
**छ.** येशू ख्रीष्टसँग भएको तपाईंको सम्बन्ध प्रदर्शित गर्न।
**ज.** अरूहरूको निम्ति आशिषित बन्न।

## फल महसूस गरियो

### प्रशस्त बाली

उद्देश्य ६. *तपाईंले आफ्नै जीवनमा वृद्धि गर्नसक्ने आत्मिक फल फलाइका उपायहरूको वर्णन गर्नुहोस्।*

फल फलाउने विरूवाहरूले राम्रो फल फलाएको यदि तपाईं चाहनुहुन्छ भने फल फलाउने बोटहरूलाई राम्रोसँग हेरविचार गरिनुपर्छ। आत्मिक जीवनमा पनि त्यही सिद्धान्त सत्य देखिन्छ। तपाईंको आफ्नै जीवनमा आत्मिक फलको प्रशस्त बाली छ भन्ने कुरालाई महसूस गर्न सहायता पुऱ्याउने केही माध्यमहरूलाई हामी विचार गरौं। तपाईंले पवित्र आत्मालाई आफ्नो निरन्तर सहयोगीको रूपमा स्वीकार गरिसक्नुभएपछि उहाँले तपाईंमा फल

फलाउन सक्नको निम्ति तपाईंले उहाँसँग मिलेर काम गर्नुपर्छ। यो गर्नलाई त्यहाँ धेरै माध्यमहरू छन्ः

१. *परमेश्वरसँग सङ्गति स्थापना गर्नुः* उमार्नु वा स्थापना गर्नु भनेको अर्थ साहस दिनु, वृद्धिको निम्ति तयार पार्नु हो। फूल फुल्न वा फल फल्ने संकेत देखिनुभन्दा धेरै पहिल्यै देखिने आशा गरिएको फल प्राप्त गर्न त्यस बोटको निम्ति धेरै तयारी र मेहनत गरिएको हुन्छ। रूखले धेरै फल फलाओस् भन्ने हेतुले किसानले त्यस विरूवालाई धेरैनै हेरचाह गरेको हुन्छ। हेरचाह गर्ने यस प्रक्रियाद्वारानै बोटको राम्रो स्थापना हुन्छ। परमेश्वरसँग भएको हाम्रो सम्बन्धबाटनै हामी उहाँसँग निरन्तर सङ्गति गर्नसक्छौं, जसद्वारा हाम्रो जीवन आनन्दतर्फ परिवर्तन र विकास भएको हुन्छ।

परमेश्वरको बालकको रूपमा तपाईंले पिता, पुत्र र पवित्र आत्मासँग आशिषित सङ्गतिको आनन्द लिनुहुनेछ (१ कोरिन्थी १:९; २ कोरिन्थी १३:१४; १ यूहन्ना १:३)। तपाईंले परमेश्वरसँग प्रार्थना र बोलचालमा समय बिताएर यो सङ्गति स्थापना गर्नसक्नुहुन्छ। तपाईंले उहाँको वचनको आज्ञा पालन गरेर पनि यो स्थापना गर्नसक्नुहुन्छ। जब येशू ख्रीष्टले आफ्ना चेलाहरूलाई आत्मिक फलको बारेमा सिकाउनुभयो, उहाँका वचनहरू तिनीहरूसँग रहून् भनी उहाँले बताउनुभएको थियो (यूहन्ना १५:७)। उहाँले यो पनि भन्नुभयो, कि तिनीहरूले उहाँका आज्ञाहरू लगातार रूपमा पालनगरिरहे भने तिनीहरू उहाँको प्रेममा रहनेछन्। एकले अर्कोलाई प्रेम गर्नुपर्छ भन्ने आज्ञा विशेष रूपमा दिइएको छ (यूहन्ना १५:९-१०)। तपाईंले परमेश्वरको वचनको आज्ञा पालन गर्नाले यही नतिजा उत्पन्न हुन्छ। तपाईंले परमेश्वरको प्रेम र सङ्गतिको अनुभव गर्नुहुनेछ र उहाँसँग भएको तपाईंको सम्बन्धको कारणले तपाईंको जीवन फलदायक बन्नेछ।

२. *अरू ख्रीष्टियानहरूसँग सङ्गति गर्न खोज्नुहोस्ः* एक किसानले एउटै किसिमको फल फलाउने बोटहरूलाई एकैसाथ

सँगसँगै रोप्दा सजिलोको महसूस गर्छ। सुन्तलाको सबै बोटहरूलाई एकै ठाउँमा रोपिन्छ, मकैलाई एउटै खेतमा सँगसँगै रोपिन्छ र अरू बोट विरूवाहरू पनि यस्तै प्रकारले यसको जातअनुसार मिलाएर एकै ठाउँमा रोपिन्छ। यसो गर्नाले रोप्न र बालि काटनलाई सहयोग पुग्छ। अरू ख्रीष्टियानसँगको सङ्गतिले ख्रीष्टियान जीवन जिउन तपाईंलाई उत्साह मिल्छ र अरूहरूलाई पनि तपाईंले उत्साह दिनसक्नुहुन्छ। पहिलो शताब्दीका (शुरूका) ख्रीष्टियानहरूले प्रत्येक दिन एक अर्कासँग सङ्गति गर्थे (प्रेरित २:४६)। सुसमाचारको निम्ति तिनीहरूको जीवन शक्तिशाली गवाही थियो र तिनीहरूका वरिपरि भएकाहरूलाई उद्धारको निम्ति तिनीहरूले तृषित गराए भन्ने सत्यतामा कुनै अचम्म मान्नुपर्ने कारण छैन। त्यहाँ दिनदिनै आत्माहरूको कटनीहुन्थ्यो र उद्धार पाउनेहरूको संख्या प्रभुले दिनदिनै बढाउनुभयो (प्रेरित २:४६-४७)।

३. *भक्त अगुवाहरूको सेवालाई स्वीकार गर्नुहोस्ः* परमेश्वरले आफ्ना मानिसहरूलाई खुवाउन, पालन, पोषण गर्न अगुवाहरूलाई प्रयोग गर्नुहुन्छ। एफिसी ४:११-१३ मा जोड दिइएको छ, कि प्रेरितहरू भविष्यवक्ताहरू, प्रचारकहरू, पाष्टरहरू र शिक्षकहरूको उद्देश्य परमेश्वरको मण्डलीमा भएका मानिसहरूको वृद्धि गर्नु हो, जसद्वारा ती विश्वासीहरू प्रभुमा परिपक्व हुँदैजान्छन्। १ कोरिन्थी ३:६ मा त्यही सत्यता प्रकट गरिएको छ, जहाँ कोरिन्थका विश्वासीहरूलाई सहयोग पुऱ्याउन अपोल्लसको र आफ्नो भिन्नाभिन्नै जिम्मेवारी छ भनी पावलले बताएका छन्ः "मैलें रोपें, अपोल्लसले पानी हाले, तर परमेश्वरले चाहिँ बढाउनुभयो।" परमेश्वरले बोलाउनुभएका अगुवाहरूद्वारा परमेश्वरले दिनुभएको शिक्षालाई स्वीकार गरी आफ्नो व्यवहारमा ल्याउनुभयो भने तपाईं प्रशस्त फलको स्थानमा ल्याइनुहुन्छ।

४. *जागरण र सुरक्षाको अभ्यास गर्नुहोस्ः* रूख विरूवालाई हानी पुऱ्याउन बाधाहरू जहिले पनि त्यहाँ भइराख्छन्। एक स्वस्थ विरूवाले भइपरिआउने खतराबाट आफैलाई सुरक्षित गर्नसक्छ र

किसानको जागरणलाई प्रतिउत्तर दिन्छ। एक ख्रीष्टियानले आफ्नो आत्मिक जीवनलाई विनाश गर्ने कुराहरूसँग बडो होशियारी हुनुपर्छ। खराब बानी (आदत) हरू, खराब स्वभाव र सङ्गतिहरू, नकारात्मक विचार र गलत इच्छाहरू आत्मिक वृद्धिका निम्ति बाधाहरू हुन् भनी विचार गर्नुपर्छ।

इस्राएलका मानिसहरूले प्रतिज्ञाको देशमा प्रवेश गर्दा त्यहाँ भएका दुष्ट राज्यहरूलाई नाश गर्नुपर्ने थियो। यो परमेश्वरको योजना थियो, तर इस्राएलका मानिसहरूले यसो गरेनन्। जसको फलस्वरूप, इस्राएलीहरू ती राज्यका दुष्ट चालचलनतर्फ तानिएका थिए (भजन १०६:३४-३६)। तिनीहरूको अनुभव हाम्रो लागि एक चेतावनी हो। हाम्रो जीवनमा परमेश्वरको इच्छा विरूद्धका स्वभाव र बानीहरू रहन वा स्थापना हुन नदिनलाई हामी सचेत रहनुपर्छ। हिब्रू १२:१५ मा तितो जरा (तितोपना र घृणा) बढ्न नदेऊ भनी हामीलाई चेतावनी दिइएको छ। बीऊ छर्नेको उखानमा येशू ख्रीष्टले वर्णन गर्नुभएको जस्तै (लूका ८:१४) परमेश्वरले तपाईंलाई जस्तो भएको चाहनु हुन्छ खराब बानी र स्वभावहरूले तपाईंलाई त्यो व्यक्ति हुनबाट रोक्छ।

तपाईंले यो कुरामा पनि सचेत रहनुपर्छ, कि शैतानले तपाईंको विरोध गर्ने कोशिश गर्छ र तपाईंलाई पवित्र आत्मामा समर्पित हुनबाट रोक्छ। ख्रीष्टलाई तपाईंले जीवनको एक मात्र मालिक र महान् व्यक्ति बनाएको शैतानले चाहदैन।

**१५**. १ पत्रुस ५:८-९ ले तपाईंलाई के सल्लाह दिन्छ?............

....................................................................

**१६**. यदि तपाईंले शैतानको विरोध गर्नुभयो भने के हुन्छ (याकूब ४:७)?.......................................................

....................................................................

**१७.** तपाईंले भर्खरै पढ्नु भएका आत्मिक फल फलाउने (वृद्धि गर्ने) चार तरीकाहरूको सूची आफ्नो अभ्यास-पुस्तिकामा बनाउनुहोस्। हरेकको पछाडि तपाईंले आफ्नो जीवनको व्यवहारमा ल्याउनसक्ने केही विशेष कुराको पनि उल्लेख गर्नुहोस्। उदाहरणको लागि परमेश्वरसँगको सङ्गति भनिएको ठाउँमा तपाईंले "हरेक दिन धेरै समय प्रार्थना, आराधना र बाइबल अध्ययनमा बिताउने" भनी लेख्न सक्नुहुन्छ।

**अति उत्तम उपाय**

उद्देश्य ७. *आत्मिक फल र आत्मिक वरदानहरूको बीचमा भएको सम्बन्धको बारेमा प्रेरित पावलले निष्कर्षमा सिकाएको कुरालाई ठीक बयानसहित परिचय दिनसक्ने।*

कहिलेकहीं वास्तविक र नकली फलको बीचको भिन्नता छुट्याउन पनि गाह्रो पर्छ। नकली फलले वास्तविक फल हुँ भन्ने प्रभाव पार्नसक्छ, तर तपाईंले यसलाई खाने कोशिश गर्नुभयो भने त्यो वास्तविक होइन भन्ने कुरा तपाईंले थाहापाउनुहुन्छ।

यही उपमा ख्रीष्टियानहरूको निम्ति पनि प्रयोग गर्नसकिन्छ। सतहमा हेर्दा साँचैनै ख्रीष्ट जस्तो व्यक्ति र केवल बाहिरीय रूपमा मात्र ख्रीष्टियान भएको व्यक्तिको बीचमा भिन्नता थाहापाउन गाह्रो हुन्छ। आत्माका वरदानहरू प्रदर्शित गर्ने जस्तै धेरै प्रकारका उस्तै व्यवहारहरू तिनीहरूले प्रकट गर्नसक्छन्, तर साँचो जाँच चाहिँ प्रत्येक दिनको जीवनमा त्यस व्यक्तिको भित्रिय चरित्रको प्रकटबाट थाहापाउनसकिन्छ। येशू ख्रीष्टले भन्नुभयो, कि उहाँका साँचा चेलाहरू तिनीहरूले एक अर्काप्रति प्रकट गरेको प्रेमबाट चिनिने छन्।

आत्माको फल हाम्रो जीवनमा धेरै महत्वपूर्ण कुरा हो! नयाँ नियम लेखिएको समयमा भएका कोरिन्थका ख्रीष्टियानहरूले नौवटा आत्माका वरदानहरूको प्रयोग गरेका थिए - तिनीहरू अन्य भाषाहरूमा बोले, तिनीहरूले भविष्यवाणी गरे, तिनीहरूले आश्चर्य कामहरू गरे। यद्यपि, तिनीहरूले त्यही आत्माको फल चाहिँ गुमाएका थिए - तिनीहरूले आफ्नो स्थानिय मण्डलीमा फूट ल्याएका थिए (१ कोरिन्थी ११:१७-१८); तिनीहरूले अदालतमा गएर अन्यजातिहरूको अगाडि एक अर्कालाई दोष्याउन थालेका थिए (१ कोरिन्थी ६:१-८)। कोही कोही व्यभिचारको जीवनमा पनि जिएका थिए (१ कोरिन्थी ५:१-२)। कोही कोहीले मात्तिएको समयमा प्रभु भोज खाएका थिए (१ कोरिन्थी ११:२०-२१) प्रेरित पावलले तिनीहरूलाई बडो धीरज र प्रेम साथ पत्र लेखेका थिए। मण्डली वृद्धिको निम्ति तिनीहरूलाई वरदान दिने शक्तिशाली आत्मालाई तिनीहरूले चिनेको पावल चाहन्थे। तर यो भन्दा पनि अझ बढी शुद्ध पार्ने आत्मालाई तिनीहरूले चिनेको उनी चाहन्थे, जसले तिनीहरूको चरित्र परिवर्तन गरेर तिनीहरूलाई ख्रीष्टजस्तो बनाउन सक्नुहुन्थ्यो।

पावलले कोरिन्थका विश्वासीहरूलाई आत्माका वरदानहरूका निम्ति उत्कट इच्छा गर्ने हौसला दिएका छन्, तर उनी यो कुरा भन्दै निष्कर्षमा पुग्छन्: "अब म तिमीहरूलाई अझै उत्तम मार्ग देखाउँछु" (१ कोरिन्थी १२:३१)। "सबैभन्दा उत्तम मार्ग" चाहिँ प्रेम हो - यस परमेश्वरीय प्रेमलाई १ कोरिन्थी १३ अध्यायमा वर्णन गरिएको छ। त्यहाँ हामी पढ्छौं, कि कुनै दिन वरदानहरू बन्द हुनेछन् तर प्रेम लगातार रूपमा रहिरहने छ (पदहरू ८-१०,१३)।

इन्द्रेणीको सात रङ्ग मिलाएर ज्योति बनाइएको हुन्छ, तर यो एउटै ज्योति हो। यस्तै प्रकारले आत्माको फल पनि विभिन्न चरित्रको गुणहरू मिलाएर बनाइएको हुन्छ - र पनि यो एउटै फल हो। यो आत्माका वरदानहरू भन्दा भिन्नै हो। त्यहाँ विभिन्न

आत्मिक वरदानहरू छन्, र पवित्र आत्माले आफ्नो सम्प्रभुत्वको इच्छाअनुसार ती वरदानहरू विभिन्न व्यक्तिहरूलाई दिनुहुन्छ। एक व्यक्तिले एक किसिमको वरदान प्राप्त गर्छ भने अर्को व्यक्तिले भिन्नै प्रकारको वरदान प्राप्त गर्छ (१ कोरिन्थी १२:७-११)। तर आत्माको फल चाहिँ अलग पार्नसकिँदैन र यो एउटै उत्पादन र एक थोक हो। यसलाई प्रेम भन्ने शब्दमा जोड्न सकिन्छ। जसरी एक सुन्तलालाई बाहिरीय बोक्राले छोपेको र रक्षा गरेको हुन्छ त्यसरीनै प्रेमले आत्मिक फलको एकरूपता ल्याइदिन्छ।

**१८** . प्रेरित पावलले आत्मिक फल र आत्मिक वरदानहरूको बीचको सम्बन्धको बारेमा सारंशमा सिकाएको ठीक बयानहरूको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. आत्मिक वरदानहरू आत्मिक फलभन्दा धेरै महत्वपूर्ण छन्।
**ख**. प्रदर्शित भएको हरेक आत्मिक वरदानको निम्ति एउटा आत्मिक फल हुनु आवश्यकनै छ।
**ग**. आत्मिक वरदानहरूको प्रदर्शन दैनिक जीवनमा ख्रीष्टको जस्तै चरित्र गरेर जिउनाले बढी प्रभावशाली हुन्छ।
**घ**. प्रेम देखाउनु आत्मिक वरदानहरूको अभ्यास गर्नुभन्दा पनि धेरै महत्वपूर्ण हो।
**ङ**. फल बन्द हुनेछ, तर वरदानहरूको असर चाहिँ रहिरहन्छ।
**च**. आत्माको शक्ति दिने काम आत्माको शुद्ध पार्ने काम भन्दा अगाडि आउनु पर्छ।
**छ**. वरदानहरू बाहिरीय प्रदर्शन हुन्, जब कि फल चाहिँ चरित्रको भित्रिय गुण हो।

हामीले प्रेम शब्दको आत्मिक अर्थलाई हाम्रो अर्को पाठमा विचार गर्नेछौं, र पछिका पाठहरूमा प्रेमसमेत गरेर आत्माको सुन्दर फल निर्माण गर्ने अरू आठवटा ख्रीष्टियान चरित्रका गुणहरूलाई हामी हेर्नेछौं। तपाईंको यस निरन्तर अध्ययनमा परमेश्वरले तपाईंलाई आशिष देऊन।

## स्वयम्-जाँच

यस पाठलाई दोहोऱ्याइसक्नुभएपछि स्वयम् जाँच लिनुहोस्। त्यसपछि तपाईंले दिनुभएका उत्तरहरूलाई यस अध्ययन पुस्तिका पछाडिपट्टि दिइएको उत्तरहरूसँग जाँच्नुहोस्। बेठीक भएका उत्तरहरूलाई सच्याउनुहोस्।

**ठीक - बेठीकः** यदि बयान ठीक छ भने दिइएको खाली ठाउँको अगाडि ठी लेख्नुहोस् र यदि बेठीक छ भने बे लेख्नुहोस्।

___१. फल फलाउनेको सिद्धान्त यो हो, कि प्रत्येक बिऊले विभिन्न किसिमको फल उत्पन्न गर्छ।

___२. खराब बोटले असल फल फलाउन सक्छ।

___३. बाइबलले ख्रीष्टियान चरित्रलाई आत्माका फलहरूको रूपमा बताएको छ।

___४. पवित्र आत्माले विश्वासीमा आत्मिक फल उत्पन्न गर्नु हुन्छ तापनि विश्वासीको सहयोग बिना उहाँले यो गर्नसक्नुहुन्न।

___५. पापपूर्ण स्वभावसँग भएको भिडन्तमा विजयी हुने रहस्य आत्मामा हिँड्नु हो।

___६. येशू ख्रीष्टले भन्नुभयो, कि भूटा भविष्यवक्ताहरू तिनीहरूका फलबाट चिनिनेछन्।

___७. त्यहाँ आत्माको फलका विभिन्न रूप भएतापनि, वास्तवमा त्यहाँ एउटै फल मात्र छ।

___८. प्रेरित पावल कोरिन्थका विश्वासीहरूसँग खुशी भएका थिए, किनभने तिनीहरूले दुवै आत्माका वरदानहरू र फललाई उत्पन्न गरिरहेका थिए।

—९. ख्रीष्टमा रहिरहनु भन्नाले उहाँसँग भएको हाम्रो स्थानको सम्बोधन हुन्छ।

—१०. ख्रीष्टियान चरित्रका गुणहरूको विकासमा एक ख्रीष्टियानले जागृतिको अभ्यासमा शैतानको विरोध गर्ने कुरा पनि समावेश गरिएको छ।

—११. गलाती ५ अध्यायमा दिइएका दुई सूचीहरूले यी सिद्धान्तहरूको समर्थन गर्छन्, कि बीऊले आफ्नै किसिमको फल उत्पन्न गर्छ।

—१२. येशू ख्रीष्टले आफू र विश्वासीहरूको बीचमा प्रकट भएको सम्बन्धलाई आत्मा र शरीरको बीचको सम्बन्धसँग चित्रण गर्नुभएको छ।

**१३. जोडा मिलाउनेः** तल दिइएको प्रत्येक शीर्षकलाई यसको व्याख्या गर्ने बयानसँग जोडा मिलाउनुहोस्। प्रत्येक बयानको अगाडिको खाली ठाउँमा तपाईंले छान्नुभएको शीर्षकको अगाडिको अङ्क लेख्नुहोस्।

१) आत्मिक फल फलाउने उपायहरूको वृद्धि गर्नु
२) फल फलाउनुको उद्देश्य
३) फल फलाउनको निम्ति अवस्था (स्थिति)

—**क.** आत्मिक फल फलाउनु हामीमा भएको ख्रीष्टको जीवनको वर्णन गर्नु हो। यसले देखाउँछ, कि हामी साँचैनै उहाँका चेलाहरू बनेका छौं र उहाँ चाहिँ हाम्रो जीवनको प्रभु हुनुहुन्छ। यसले परमेश्वरलाई महिमा पनि ल्याउँछ।

—**ख.** आत्मिक फल फलाउने काम त्यसबेला मात्र हुन्छ, जब कि ख्रीष्टियानको ख्रीष्टसँग र ख्रीष्टको ख्रीष्टियानसँग गहिरो सम्बन्ध स्थापित हुन्छ। ख्रीष्टियानले अनुशासन वा पिताको छिँवल्ने कामलाई अवश्य पनि स्वीकार गर्नुपर्छ।

—ग. ख्रीष्टियानले परमेश्वर र अरू ख्रीष्टियानहरूसँग सङ्गति गर्न आवश्यक छ। उसले परमेश्वरका भक्तजनको सेवकाइबाट पाएका शिक्षाहरूलाई स्वीकार गर्न र व्यवहारमा प्रयोग गर्न पनि अति खाँचो छ।

**छोटो उत्तरः** तल दिइएका प्रश्नहरूलाई सकेसम्म छोटकरीमा उत्तर दिनुहोस्।

**१४.** आत्माको फललाई अर्को शब्दमा के भनिन्छ? ..................

..............................................................................

**१५.** गलाती ५:२२,२३ मा दिइएजस्तै आत्माका नौवटा फलको सूची बनाउनुहोस्। ..............................................

..............................................................................

**१६.** हामी येशू ख्रीष्टका चेला हौं भनी हामीले कसरी देखाउन सक्छौं? ..............................................................

..............................................................................

• • •

**अध्ययन प्रश्नका उत्तरहरू**

**१०**. यसरी हाम्रो विश्वास साँचो हो भन्ने प्रमाणित हुन्छ र येशू ख्रीष्टलाई महिमा ल्याउँछ।

**१. ग)** सुन्तलाको बोटले सुन्तलाको दानाहरू उत्पन्न गर्छ।

**११. क.** २) ख्रीष्टमा रहिरहनु।
**ख.** १) पिताद्वारा छिँवल्ने काम।
**ग.** ३) ख्रीष्ट हामीमा रहनु।
**घ.** १) पिताद्वारा छिँवल्ने काम।
**ङ.** ३) ख्रीष्ट हामीमा रहनु।

२

| शरीरका कामहरू | आत्माका फल |
|---|---|
| व्यभिचार, अपवित्रता, लुच्च्याँइ, मूर्तिपूजा, मन्त्रतन्त्र, दुश्मनी, भैभगडा, ईर्ष्या, क्रोध, विरोध, फूट, कुमार्ग, डाह, मतवालीपन, भोजको मोजमजा, र यस्तै अरू | प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम |

**१२**. आश्चर्यकर्महरू र आत्माका वरदानहरूलाई नक्कल गर्न सकिन्छ।

३.

| शरीरका कामहरू |
|---|
| दुष्टता, लोभ, द्वेष, डाह, हत्या, झगडा, छल, ईर्ष्या, अर्काको चर्चा, कुरा काट्नेहरू, परमेश्वरलाई घृणा गर्नेहरू, अपमान गर्नेहरू, घमण्डीहरू, अभिमानीहरू, दुष्टकुरा अजमाउनेहरू, आमा बाबुलाई नमान्नेहरू, बेसमझकाहरू, करारभङ्ग गर्नेहरू, स्वाभाविक स्नेहरहितहरू, निर्दयीहरू, सराप, तितोपना, दुष्ट विचारहरू, चोरी, वेश्यागमन, लोभ, मूर्खता, झूट, कूवाक्य, होहल्ला, निन्दा |

१३. कुनै ख्रीष्टियानमा ख्रीष्टियान चरित्र छ भने तपाईंलाई थाहा हुन्छ कि ऊ ख्रीष्टमा छ, त्यहीनै आत्माको फल हो। (अरू प्रमाणहरूः उसको बानी व्यवहार, शब्दहरू, र कार्यहरू र यी स्वभावहरू प्रकट भएको आत्मा।)

४.

| आत्माको फल |
|---|
| प्रेमले डाह गर्दैन, आफै सेखी गर्दैन, घमण्डले फुल्दैन, वेकाइदासाथ चल्दैन, आफ्नै भलाइ खोज्दैन, रिसाउँदैन। सत्यमा खुशी हुन्छ, सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, आशा गर्छ, र स्थिर रहन्छ। विश्वास, ज्ञान र भलाइ। |

१४. **क.** चेलापनको प्रमाण दिन्छ।
**घ.** परमेश्वरलाई महिमा दिन।
**च.** अरूहरूलाई ख्रीष्टको प्रेमको वर्णन गर्न।
**छ.** येशू ख्रीष्टसँग भएको तपाईंको सम्बन्ध प्रदर्शित गर्न।
**ज.** अरूहरूको निम्ति आशिषित बन्न।

५. **क.** शरीर (पापपूर्ण स्वभाव); कामहरू (वा कार्यहरू)।
**ख.** फल; आत्मा; अगुवाइ।
**ग.** स्वभाव (चरित्र)।

१५. आत्म संयम, सचेत रहो, शैतानको विरोध गर।

६. **क.** आशा गरिएकोभन्दा विपरीत चरित्रको फल।

१६. त्योचाहिँ तपाईंबाट भाग्ने छ (त्यसले तपाईंलाई छोडिदिनेछ)।

७. **ख.** परमेश्वरद्वारा सुरक्षित हुन छाडियो

१७. तपाईंको उत्तर

८.
**क.** ठीक
**ख.** बेठीक
**ग.** ठीक
**घ.** बेठीक
**ङ.** ठीक
**च.** ठीक
**छ.** ठीक

१८.
**क.** ठीक
**ख.** बेठीक(त्यहाँ एउटै मात्र फल छ)।
**ग.** ठीक
**घ.** ठीक
**ङ.** बेठीक
**च.** बेठीक
**छ.** ठीक

९. सुरक्षा (यसको अर्थ विश्वासयोग्यता, स्थिर रहने); चरित्र; आशा।


## पाठ २

# प्रेमः छान्ने फल

"आत्माको फल **प्रेम** ...... हो" (गलाती ५:२२)। उत्प्रेरित लेखकले आत्माको फल सम्बन्धी आफ्नो प्रस्तुतमा प्रेमबाट शुरू गरेका छन्। यो पहिलो स्थानमा आउनु आवश्यक छ, किनभने प्रेम बिना अरू फलको सम्भवनै छैन।

प्रेमको उच्च धारणा परमेश्वरमा केन्द्रित छ। प्रेमको छोटो र उत्तम परिभाषाचाहिँ परमेश्वर हो, किनभने परमेश्वर प्रेम हुनुहुन्छ। मानवजातिको निम्ति परमेश्वरको प्रेम उहाँको पुत्र येशू ख्रीष्टमा प्रकट गरिएको छः "तर परमेश्वरले हामीतर्फको उहाँको आफ्नो प्रेम उहाँमा यसैमा प्रमाणित गर्नुहुन्छ, कि हामी पापी छँदै, ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो" (रोमी ५:८)। "येशूले संसारमा भएका आफ्ना जतिलाई प्रेम गरेर तिनीहरूलाई अन्त्यसम्मनै प्रेम गर्नुभयो" (यूहन्ना १३:१)।

येशू ख्रीष्टले कसलाई बढी प्रेम गर्नुभएको कारणले तिनीहरूको निम्ति आफ्नो जीवन स्वइच्छाले अर्पण गर्नुभयो? के सिद्ध मानिसहरूका निम्ति हो? अहँ होइन! ख्रीष्टका एक चेलाले उहाँलाई इन्कार गरे; अर्कोले उहाँलाई शंका गरे; येशू ख्रीष्टले गेतसमनीको बगैंचामा बडो कष्टसाथ प्रार्थना गर्दा उहाँको भित्री समूहका तीन चेलाहरू जागा हुन नसकी सुते। तिनीहरूमध्ये दुईजनाले उहाँको राज्यमा ठूलो स्थानको इच्छा गरे। एउटाले उहाँलाई धोका दियो। र जब येशू ख्रीष्ट मुर्दाबाट बौरिउठ्नुभयो, कोही कोहीले यो सत्यलाई विश्वास गरेनन्। तरै पनि येशू ख्रीष्टले तिनीहरूलाई आफ्नो सम्पूर्ण प्रेमले प्रेम गर्नुभयो। उहाँलाई तिरस्कार



गरियो, धोका दिइयो, निराश तुल्याइयो, र इन्कार गरियो, तरै पनि उहाँले प्रेम गर्नुभयो!

येशू ख्रीष्टले जसरी हामीलाई प्रेम गर्नुभयो हामीले अरूहरूलाई पनि त्यसैगरी प्रेम गरेको उहाँ चाहनुहुन्छ। "मेरो आज्ञा यही हो, कि तिमीहरू आपसमा प्रेम गर, जस्तो मैले तिमीहरूलाई प्रेम गरेको छु" (यूहन्ना १५:१२)। यसरी प्रेम गर्नु सीमित मानव प्रेमद्वारा सम्भवनै छैन। तर पवित्र आत्माले हामीमा ख्रीष्टको स्वरूप विकास गर्नुभएपछि, उहाँले जस्तै हामीले पनि प्रेम गर्न सिक्छौं।

यस पाठमा तपाईंले आत्माको फलको रूपमा प्रेमको अर्थ र विश्वासीको जीवनमा यसलाई कसरी प्रदर्शित गर्न सकिन्छ त्यस सम्बन्धी अध्ययन गर्नुहुनेछ। तपाईंमा प्रेमको फलको विकास भएपछि ख्रीष्टले प्रेम गर्नुभएजस्तै तपाईंले पनि प्रेम गर्नसक्नुहुनेछ!।

**पाठको रूपरेखा**

प्रेम परिचित गरियो
प्रेम वर्णन गरियो
प्रेम कार्य-क्षेत्रमा

**पाठका उद्देश्यहरू**

यस पाठको अध्ययनपछि तपाईंले:

- तीन प्रकारका प्रेम र अगापे (ईश्वरीय) प्रेमका तीन क्षेत्रहरूको वर्णन गर्नसक्नुपर्नेछ।
- १ कोरिन्थी १३ मा आधारित अगापे (ईश्वरीय) प्रेमका चरित्रहरूको उल्लेख गर्नसक्नुपर्नेछ।
- आत्मिक वरदानहरू र आत्मिक फलको सन्तुलन किन महत्वपूर्ण छ, यसलाई व्याख्या गर्नसक्नुपर्नेछ।
- कार्य-क्षेत्रमा भएको प्रेमको उदाहरणहरूबाट ल्याइएका शिक्षाहरूलाई तपाईंको आफ्नो जीवनमा बुझ्न र व्यवहारमा ल्याउनसक्नुपर्नेछ।

**सिक्ने क्रियाकलापहरू**

१. पाठ १ मा तपाईंलाई दिइएको निर्देशन जस्तै पाठ विकासको प्रत्येक खण्डलाई होशियारीसँग अध्ययन गर्नुहोस्। उल्लेखित बाइबलका प्रत्येक पदलाई पढ्न नभुल्नुहोस्।

२. प्रत्येक अध्ययन प्रश्नको उत्तर दिनुहोस् र तपाईंका उत्तरहरूलाई पाठको अन्तमा हामीले दिएका उत्तरहरूसँग दाँज्नुहोस्। यदि तपाईंले दिनुभएका उत्तरहरू गलत भए भने खण्डलाई दोहोऱ्याएर फेरि सच्याउनुहोस्। त्यसपछि आफ्नो अध्ययनलाई लगातार रूपमा अघि बढाउनुहोस्।

३. पाठलाई दोहोऱ्याउनुहोस् र स्वयम्-जाँच पूरा गर्नुहोस्। यस पुस्तकको अन्तमा दिइएका उत्तरहरूसँग तपाईंका उत्तरलाई दाँज्नुहोस्।

# प्रेमः छान्ने फल

**मुख्य शब्दहरू**

| | | |
|---|---|---|
| ईश्वरीय प्रेम (अगापे) | उछिन्नु | भोक |
| दया | शारीरिक प्रेम | असहन |
| भक्ति | भावना | प्राप्ति |

**पाठको विकास**

## प्रेम परिचित गरियो

उद्देश्य १. *तीन प्रकारका प्रेमको ठीक परिभाषा छान्नुहोस्।*

प्रेम आत्मिक फलको मुख्य भाग हो! येशूले आफ्ना चेलाहरूलाई भन्नुभएको कुराबाट यो अझै स्पष्ट हुन्छ, "एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदैछु, कि तिमीहरू आपसमा प्रेम गर, जस्तो मैले तिमीहरूलाई प्रेम गरेको छु, तिमीहरूले पनि आपसमा प्रेम गर। यदि तिमीहरूले आपसमा प्रेम गऱ्यौ भने, तिमीहरू मेरा चेला हौ भनी यसैबाट सबैले जान्नेछन्" (यूहन्ना १३:३४-३५)।

येशूले कस्तो प्रेमको बारेमा बताउनु भएको थियो त? हामी छोटकरीमा कमसेकम तीन प्रकारका प्रेमलाई हेर्नेछौं।

१. *अगापे (ईश्वरीय) प्रेमः अगापे* ग्रीक शब्द हो जसको अर्थ "स्वार्थहीन प्रेम; गहिरो र निरन्तर रहने प्रेम" हुन्छ, यो मानवजातिको निम्ति भएको परमेश्वरको प्रेम जस्तो हो। यो ईश्वरीय प्रेमलाई यूहन्ना ३:१६ मा उल्लेख गरिएको पाइन्छः "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफ्नो एकमात्र पुत्रलाई दिनुभयो, उहाँमाथि विश्वास गर्ने प्रत्येक नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।" यो पूर्ण र अतुल्य प्रेमले हाम्रो मन, आवेग, भावना, विचारहरू र हाम्रो सबै

व्यक्तित्वलाई माथ गर्छ। जब हामी आफैले आफैलाई पूर्ण रूपले परमेश्वरमा अर्पण गर्छौं, यही किसिमको प्रेमलाईनै पवित्र आत्माले हाम्रो जीवनमा प्रकट गराउन चाहनुहुन्छ। यही प्रेमलेनै हामीलाई उहाँलाई प्रेम गर्न र उहाँको वचनको आज्ञा पालन गर्न लगाउँछ। यो आशिषित प्रेम परमेश्वरबाट हामीमा आउँछ र हाम्रो हृदयबाट प्रशंसा, आज्ञाकारिता, आराधना, र विश्वासयोग्य सेवाको रूपमा उहाँमा फर्कन्छ। "हामी प्रेम गर्दछौं, किनभने, पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो" (यूहन्ना ४:१६)। येशूले यही किसिमको प्रेमनै डुँडदेखि लिएर क्रूससम्मै आफ्नो जीवनको प्रत्येक पाइलोमा प्रदर्शित गर्नुभयो। यो अगापे प्रेम हो, जुन १ कोरिन्थी १३ अध्यायमा बताइएको छ।

२. *फिलिया (भातृ) प्रेमः* २ पत्रुस १:७ मा भएजस्तै दोस्रो किसिमको प्रेमलाई दाज्यू-भाइ बीचको प्रेम वा दाज्यू-भाइ बीचको भलाइ भनिन्छ। यो मानविक प्रेमको मित्रता हो, जुन सीमित छ। हामीलाई प्रेम गरियो भने मात्र हामी प्रेम गर्छौं। लूका ६:३२ मा भनिएको छ, "तिमीहरूलाई प्रेम गर्नेहरूसँग प्रेमनै गर्दछौ भने तिमीहरूलाई के स्याबासी छ र? किनकि पापीहरूले पनि आफूलाई प्रेम गर्नेहरूसँग प्रेमनै गर्दछन्।" भातृ प्रेम मानवहरूका बीचको सम्बन्धको निम्ति महत्वपूर्ण छ, तरै पनि यो अगापे (ईश्वरीय) प्रेमभन्दा सानो हो, किनभने यो पारस्परिक सम्बन्धमा भर पर्दछ; भन्नुको तात्पर्य, हामीलाई प्रेम गर्ने र हामीसँग मित्रभाव राख्नेहरूसँग मात्र हामी प्रेम र मित्रभाव राख्ने गर्दछौं।

३. *इरोस (शारीरिक) प्रेमः* बाइबलमा उल्लेख नगरिएको, तर गहिरो रूपमा प्रयोग गरिएको मानव प्रेमको अर्को भाग इरोस हो। यो शारीरिक प्रेम हो, जुन मानिसको स्वाभाविक चेतना, स्वाभाविक प्रवृति र उत्तेजनाबाट आउँछ। यो पति र पत्नीको बीचमा हुने प्रेमको एक महत्वपूर्ण भाग हो। तर यो एउटाले देख्ने र अनुभव गर्ने कुरामा आधारित भएको हुनाले, इरोस स्वार्थी, क्षणिक र कृतिम हुनसक्छ। यसको नकारात्मक रूपमा यो

शारीरिक, आभिलाषित बन्न सक्छ। प्रायजसो यसलाई दुरूपयोग गरिएको हुनाले यो नीच किसिमको प्रेम हो।

यिनीहरूमध्ये सबैभन्दा ठूलोचाहिँ *अगापे* हो - यो परमेश्वरीय प्रेम हो जुन येशू ख्रीष्टको जीवनमा प्रदर्शित भएको थियोः

१. उँचाइ भाग - परमेश्वरप्रतिको प्रेम।
२. चौडाइ भाग - हाम्रा मित्रहरूप्रतिको प्रेम।
३. भित्रिय भाग - हामी आफूप्रतिको प्रेम

लूका १०:२७ मा भनिएको छ, "तैंले परमप्रभु, आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा शक्तिले, र आफ्नो सारा मनले प्रेम गर, अनि तेरो छिमेकीलाई आफूलाई जस्तै गरी प्रेम गर।" यो अगापे प्रेम हो!

**१**. परिभाषाले वर्णन गर्ने किसिमको प्रेमसँग यसलाई जोडा मिलाउनुहोस्। दिइएको हरेक खाली ठाउँमा तपाईंले छान्नुभएको अङ्क लेख्नुहोस्।

| | |
|---|---|
| ___ **क.** इरोस - एक व्यक्तिले देखेको र अनुभव गरेको कुरामा भरपर्ने प्रेम | १) ईश्वरीय प्रेम |
| ___ **ख.** अगापे - हाम्रो सबै अस्तित्वलाई अधीन गर्ने स्वार्थहीन प्रेम; सिद्ध प्रेम | २) भातृ प्रेम |
| ___ **ग.** फिलिया - हाम्रो भलाइ गर्नेहरूलाई भलाइ गर्ने किसिमको प्रेम | ३) शारीरिक प्रेम |

२. अगापे प्रेम भातृ प्रेमभन्दा किन उत्तम छ, व्याख्या गर्नुहोस्।

..................................................................

..................................................................

**परमेश्वरप्रतिको प्रेम - उँचाइ भाग**

उद्देश्य २. *परमेश्वरप्रतिको हाम्रो प्रेमसँग सम्बन्धित भएका ठीक बयानहरू छान्नुहोस्।*

परमेश्वरलाई प्रेम गर्नु हाम्रो सबैभन्दा ठूलो कर्तव्य र सौभाग्य हो। हामीले कसरी परमेश्वरलाई प्रेम गर्नुपर्छ? हाम्रो सबै हृदय, प्राण, बल, (शक्ति) र मनले! बाइबलमा प्रयोग गरिएको हृदय शब्द हाम्रो शरीरभरि रगत सञ्चार गर्ने शारीरिक अङ्गको रूपमा प्रयोग भएको छैन। यसले हाम्रो भित्रिय अन्तस्करणलाई सम्बोधन गर्छ जुन आत्मा र प्राणसँग सम्बन्धित छ। हामीले परमेश्वरलाई हाम्रो सारा मनले, ज्ञानले, इच्छाले, शक्तिले, र आवेगहरूले प्रेम गर्नुपर्छ।

जब हामी अगापे प्रेमद्वारा परमेश्वरलाई प्रेम गर्छौं, जुन आत्माका फलको एक रूप हो, हामी उहाँका सबै कुराहरूलाई पनि प्रेम गर्छौं र उहाँले प्रेम गर्ने जति कुरालाई प्रेम गर्छौं। हामी उहाँको वचन, उहाँका सन्तान, उहाँको काम, उहाँको मण्डलीलाई प्रेम गर्छौं। हामी हराएका भेडाहरूलाई प्रेम गर्छौं र तिनीहरूका निम्ति हामी सङ्कष्ट भोग्न पनि तयार हुन्छौं। "किनभने ख्रीष्टको खातिर तिमीहरूले उहाँमाथि विश्वास गर्नलाई मात्र होइन, तर उहाँको खातिर दुःख पनि भोग्नलाई तिमीहरूलाई दिइएको छ'' (फिलिप्पी १:२९)। जब हामी ख्रीष्टको निम्ति दुःख भोग्छौं, उहाँलाई महिमा दिन र पापपूर्ण मानिसलाई उहाँको प्रेम प्रकट गराउनको लागि हामी आइपर्ने सतावटलाई स्वइच्छाले स्वीकार गर्छौं। जब हामी ख्रीष्टसँगै दुःख भोग्छौं, मत्ती ९:३६ मा बताइए जस्तै, पाप र पापीको निम्ति उहाँले कस्तो अनुभव गर्नुभयो, हामी

थाहापाउन सक्छौं। "तर भीडहरूलाई देखेर उहाँको हृदय तिनीहरूका निम्ति दयाले भरियो। किनभने तिनीहरू गोठालो नभएका भेडाहरू जस्तै हैरान भई तितर-बितर भएका थिए।"

हामी येशू ख्रीष्टको नमूनाबाट अगापे प्रेम सिक्छौं। यही किसिमको प्रेम येशूले सिकाउनुभयो र यसमा जिउनुभयो। येशूले भन्नुभयो, "मलाई प्रेम गर्ने त्यही हो, जसले मेरा आज्ञा मान्दछ, र तिनलाई पालन गर्दछ, त्यो मेरा पिताको पनि प्रेमी हुनेछ, र म त्यसलाई प्रेम गर्नेछु र म आफै त्यसमाथि प्रकट हुनेछु" (यूहन्ना १४: २१)। हामीप्रति भएको येशूको प्रेम बुझ्न हामीलाई कठिन छ। प्रेरित पावलले एफिसी ३:१७-१९ मा यस बारेमा बताएका छन्ः

> तिमीहरूका हृदयमा ख्रीष्ट विश्वासद्वारा बास गर्नुहोला, यस हेतुले, कि प्रेममा जरा हालेका र जग बसालिएका भएर सबै पवित्र जनहरूसँग चौडाइ, लमाइ, उँचाइ र गहिराइ के रहेछ सो तिमीहरूले बुझ्नलाई बलिया होओ। अनि परमेश्वरका सारा पूर्णतामा तिमीहरू पूर्ण हुनलाई ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई जान्नसक।

यो एफिसीका ख्रीष्टियानहरूको निम्ति पावलको प्रार्थना हो। यी भक्तजनहरू पावलले तिनीहरूलाई सिकाएका परमेश्वरको वचनको महान् सत्यतामा अटल भइसकेका थिए, तर प्रेमद्वारा तिनीहरूले अझै बढी सिक्नु खाँचो थियो। यहाँ हामी प्रेमले प्रेमतिर डोऱ्याएको देख्छौंः प्रेममा जरा गाड्नुचाहिँ प्रेम बुझ्नु र प्रेम थाहपाउनु हो।

के तपाईंमा परमेश्वरप्रतिको अगापे प्रेम छ? यो प्रेमको जाँच चाहिँ आज्ञाकारिता हो। येशूले भन्नुभयो, "यदि तिमीले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ" (यूहन्ना १४:१५)। "मलाई प्रेम गर्ने त्यही हो, जसले मेरा आज्ञा मान्दछ, र तिनलाई पालन गर्दछ" (यूहन्ना १४:२१)। "कसैले मलाई प्रेम गर्दछ भने,

त्यसले मेरा वचन पालन गर्नेछ। मलाई प्रेम नगर्नेले मेरा वचन पालन गर्दैन'' (यूहन्ना १४:२३-२४)। यही अध्यायमानै येशूले भन्नुभएको छ, कि उहाँले हामीलाई सबै कुरा सिकाउन र येशूले सिकाउनु भएका सबै कुराहरूको सम्झना गराउनको निम्ति पवित्र आत्मा पठाउनुहुनेछ। हामीले उहाँलाई अझै चिन्नसकौं भनेर पवित्र आत्माले हामीमा परमेश्वरको प्रेम प्रकट गराउनुहुन्छ। उहाँलाई अझै चिन्नु उहाँलाई अझै बढी प्रेम गर्नु हो। पवित्र आत्माद्वारा हामी प्रेममा जरा गाडिएका र स्थापित भएका छौं, उहाँलेनै ख्रीष्टको स्वरूप हामीमा उत्पन्न गर्दा उहाँको निम्ति अझै फल फलाउने योग्यता हामीले उहाँबाट पाउँछौं। उहाँको निर्देशनप्रतिको हाम्रो जिम्मेवारी हाम्रो आज्ञाकारिताको प्रकट हो, जसले परमेश्वरलाई खुशी तुल्याउँछ।

**३**. परमेश्वरप्रतिको हाम्रो प्रेमको सम्बन्धमा तल दिइएका बयानहरूमध्ये कुन कुन ठीक छन्? तपाईंले छान्नुभएका उत्तरहरूको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** हाम्रो निम्ति भएको परमेश्वरको प्रेमको क्षेत्र बुझ्न र व्याख्या गर्न हामीलाई सजिलो छ।

**ख.** परमेश्वरले उहाँलाई हामीले हाम्रो पूरा हृदय, प्राण, शक्ति, र मनले प्रेम गरेको चाहनुहुन्छ।

**ग.** हामी परमेश्वरका आदेशहरूको आज्ञाकारी भएर परमेश्वरप्रतिको हाम्रो प्रेम प्रदर्शित गर्छौं।

**घ.** ख्रीष्टले प्रेम गर्नुभए जस्तै गरी प्रेम गर्नु भनेको अर्थ उहाँको निम्ति दुःख भोग्न पनि इच्छुक हुनु हो।

**ङ.** परमेश्वरप्रतिको प्रेमले हामीलाई उहाँमा विश्वास गर्नेहरूलाई घृणा गर्न लगाउँछ।

**च.** ख्रीष्टले प्रकट गर्नुभएको प्रेम फर्काएर प्रेम गरिने कुरामा भरपर्छ।

**छ.** हामीले परमेश्वरलाई प्रेम गर्छौं भन्ने सबैभन्दा उत्तम प्रमाण चाहिँ हामी उहाँलाई प्रशंसा र आराधना गर्छौं भन्ने हो।

**ज.** यदि हामीमा परमेश्वरको पूर्णता भएको हामी चाहन्छौं भने परमेश्वरको वचनको सत्यतामा ज्ञान र समझदारीलाई प्रेमद्वारा समर्थन गरिएको हुनुपर्छ।

**मेरो छिमेकीप्रतिको प्रेम - लमाइतर्फको भाग**

उद्देश्य ३. *लूका ६:२७-३६ र लूका १०:३०-३७ मा येशूले सिकाउनु भएजस्तै अरूहरूको निम्ति गरिने प्रेमको उदाहरणहरू छाम्नुहोस्।*

हामीले पहिले परमेश्वरलाई प्रेम नगरूञ्जेल हामी हाम्रो छिमेकीलाई अगापे (ईश्वरीय) प्रेमले प्रेम गर्नसक्तैनौं। पवित्र आत्माले हामीमा आत्माका फल उत्पन्न गर्नुहुन्छ र उहाँलेनै हामीलाई व्यवस्थाको दोस्रो महान् आज्ञा पूरा गर्न सहायता गर्नुहुन्छः "आफ्नो छिमेकीलाई आफूलाईझैं प्रेम गर्" (लेवी १९:१८)। प्रेरित यूहन्नाले अरूहरूप्रतिको अगापे (ईश्वरीय) प्रेमको महत्वपूर्णतालाई जोड दिएका छन्ः

"हे प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाटको हो। प्रेम गर्ने हरेक परमेश्वरबाट जन्मेको हुन्छ, र परमेश्वरलाई चिन्छ। प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ। यदि हामीले एउटाले अर्कोलाई प्रेम गर्‍यौं भने परमेश्वर हामीमा रहनुहुन्छ, र उहाँको प्रेम हामीमा सिद्ध भएको हुन्छ। यदि कसैले 'म परमेश्वरलाई प्रेम गर्छु', भन्छ र आफ्नो भाइलाई घृणा गर्छ भने, त्यो झूटा हो, किनकि आफूले देखेको आफ्नो भाइलाई प्रेम नगर्नेले नदेखेको परमेश्वरलाई प्रेम गर्नसक्तैन।" (१ यूहन्ना ४:७-८,१२,२०)।

येशूले व्यवस्थाको पण्डितलाई परमेश्वर र उसको आफ्नो छिमेकीलाई प्रेम गर्नुपर्छ भनी उपदेश दिँदा "तिमीले यो गर र तिमी बाँच्नेछौ" भनी भन्नुभयो। त्यसो भन्दा व्यवस्थाको पण्डितले "मेरो छिमेकी को हो?" भनी सोधेको थिए। येशूले दिनुभएको उत्तरलाई तपाईं लूका १०:३०-३७ मा पढ्न सक्नुहुन्छ।


**४.** लूका १०:३०-३७ पढ्नुहोस्। यिनीहरूमध्ये कुनचाहिँले छिमेकीको प्रेम देखाएको थियो?

**क.** पुरोहित
**ख.** लेवी
**ग.** सामरी

**५.** यस कथाअनुसार तपाईंको छिमेकीचाहिँ को हो?
..............................................................................

**६.** अगापे प्रेमले हामीलाई हाम्रा शत्रुहरूलाई पनि प्रेम गर्न मद्दत गर्छ। लूका ६:२७-३६ पढ्नुहोस्। येशूले यहाँ कुन पाठ सिकाइरहनुभएको थियो, जुन उहाँले असल सामरीको कथामा सिकाउनुभएको थियो? तपाईंले छान्नुभएका उत्तरहरूको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** तिमीलाई फर्काएर दिनसक्नेहरूलाई असल गर।
**ख.** तिमीप्रति परमेश्वर जति दयालु हुनुभएको छ त्यही नापमा तिमी पनि हरेकप्रति दयालु होऊ।
**ग.** तिमीले गरेको भलाइको बदलामा कसैले तिमीलाई भलाइ गर्दैन भने पनि तिमीले तिनीहरूलाई भलाइ गर।
**घ.** अरूहरूको खाँचोलाई आफ्नै खाँचो भन्दा पनि ठूलो हो भनी सम्झ।
**ङ.** यदि कोही परदेशी छ भने, उसलाई खाँचो परे पनि उसको वास्ता नगर्नु ठीकै हो। अरू कसैले उसको हेरचाह गर्नेछ।




अगापे प्रेमका तीन भागहरू

**आफैप्रतिको प्रेम - भित्रिय भाग**

उद्देश्य ४. *तपाईं आफैले आफैलाई प्रेम गर्नुपर्छ भनी बताउने बयानलाई छान्नुहोस्।*

अगापे प्रेममा आफैलाई गरिने प्रेम समावेश गरिएको छ भन्ने सल्लाह दिनु अनौठो देखा पर्छ। म तपाईंलाई यो कुरा याद दिलाउन चाहन्छु, कि अगापे प्रेमले प्रेम गर्नु भनेको ख्रीष्टले प्रेम गर्नुभएझैं प्रेम गर्नु हो। उहाँले तपाईंलाई जसरी हेर्नुहुन्छ, त्यसैगरी तपाईंले आफूलाई पनि - अनुग्रहद्वारा उद्धार पाएको एक पापी, उहाँको स्वरूपमा बनाइएको मानव जाति, उहाँलाई महिमा दिन सृष्टि गरिएको प्राणीको रूपमा हेर्नुपर्छ। यो स्वार्थी र स्वार्थ खोज्ने प्रेम होइन, तर स्वार्थ त्याग्ने प्रेम हो, जसले जोड दिन्छ, कि सबैभन्दा ठूलो व्यक्तिगत आनन्द र परिपूर्ति येशू ख्रीष्टलाई गरिएको आराधना र आज्ञाकारिताबाट प्राप्त गर्न सकिन्छ।

हामीले हाम्रो छिमेकीलाई आफैलाईझैं प्रेम गर्नुपर्छ भनी, जब येशूले भन्नुभयो, उहाँले यो थाह गर्नुभयो कि खाना, बास, मित्रता, कष्टबाट छुटकारा र जीवनका अन्य आवश्यकताहरूको निम्ति हाम्रा मानवीय खाँचोहरूलाई हेरविचार गर्नु हाम्रो निम्ति स्वाभाविक कुरानै हो। यदि मैले मेरो औंला काटें भने, मेरो स्वाभाविक बानीलेनै यसमा अरू चोट नपुगोस भनी हेरचाह गर्दछु। अगापे प्रेमले हामीलाई हाम्रो आत्मिक स्वार्थको बारेमा हेरचाह गर्न, र सबैभन्दा पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर्न लगाउँछ, किनभने हाम्रो सांसारिक जीवनभन्दा हाम्रो अनन्त जीवन धेरै महत्वपूर्ण छ भनी हामी महसूस गर्छौं। आफैले आफैलाई अगापे प्रेमले प्रेम गर्ने एक ख्रीष्टियानले शारीरिक स्वास्थ्य, शिक्षा, जीवनको कार्य, मित्रहरू, र यस्तै अरू कुराहरू जस्ता उसका व्यक्तिगत खाँचोहरूका निम्ति मात्र हेरविचार गर्दैन, तर उसले परमेश्वरको वचनको अध्ययन, प्रार्थना, र अरू विश्वासीहरूसँगको सङ्गतिद्वारा उसले पवित्र आत्मालाई आफ्नो आत्मिक परिपक्वता वृद्धि गराइदिने अनुमति दिन्छ। उसले आफ्नो जीवनमा आत्माको फल प्रदर्शितभएको र आफू दिनदिनै ख्रीष्टको स्वरूपमा वृद्धिभएको देख्नचाहन्छ।

कोही मानिसहरू आफूले बितेका दिनमा गरेका भूलहरूको कारणले आफैलाई प्रेम गर्न गाह्रो मान्छन्। तिनीहरूमा दोष र स्वयम्-दण्डको धारणा हुन्छ। तर ख्रीष्टबाट बगेको अगापे प्रेमले हामीले गरेका हरेक पापको पूर्ण क्षमा प्रदान गर्दछ। “यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन। किनभने ख्रीष्ट येशूमा जीवनको आत्माको व्यवस्थाले मलाई पाप र मृत्युको व्यवस्थाबाट स्वतन्त्र गराएको छ” (रोमी ८:१-२)। कस्तो महिमित पुनरूत्थान! ख्रीष्टले हामीलाई जस्तो देख्नुहुन्छ, हामी आफूलाई त्यस्तै देख्नसक्छौं, सबै पापहरूबाट धोइएका, उहाँको अनमोल रगतद्वारा शुद्ध पारिएका, उहाँको आत्माद्वारा हामीमा नयाँ स्वभाव दिइएका। उहाँको अनुग्रहद्वारा हामी जे भएका छौं त्यसले हामी प्रेम गर्नसक्छौं, र त्यो प्रेम हामी अरूहरूकहाँ पनि पुऱ्याउनसक्छौं।

प्रेमका यी तीन भागहरू एक अर्कामा आश्रित भएका छन्। यदि तपाईं परमेश्वरलाई प्रेम गर्नुहुन्न भने आफ्नो छिमेकीलाई पनि तपाईंले प्रेम गर्न सक्नुहुन्न। यदि तपाईंले आफ्नो छिमेकीलाई हेलाँ गर्नुहुन्छ भने, तपाईंले परमेश्वरलाई प्रेम गर्नुभएको हुन्न। यदि तपाईंले आफ्नो मित्रको खाँचोको निम्ति उचित सरोकार देखाउनसक्नुहुन्न, किनभने तपाईंको आफ्नै खाँचोको निम्ति पनि उचित सरोकार नगर्नुभएको हुन्छ।

यदि हामीले पवित्र आत्माबाट अगापे प्रेम सिकेका छैनौं भने, हामीले गलती कुराहरूलाई प्रेम गरिरहेका हुन्छौं। एफिसी ५:१० मा भनिएको छ, "प्रभुलाई मनपर्ने के हो सो पत्ता लगाऊ।" हामी यो कसरी गर्नसक्छौं? पवित्र आत्माद्वारा! उहाँद्वारा बाहेक कसैले परमेश्वरबाटको प्रशंसाभन्दा मानिसहरूबाटको प्रशंसालाई अझ धेरै माया गर्ला (यूहन्ना १२:४३); ठूलो मानको चाहना गर्ला (लूका ११:४३); ज्योतिभन्दा अन्धकारलाईनै बढी रूचाउला (यूहन्ना ३:१६); येशूलाई भन्दा बढी परिवारलाई माया गर्ला (मत्ती १०:३७)। येशू ख्रीष्टलाई आफ्नो जीवनमा पहिलो स्थान दिने व्यक्तिले यो थाह पाउँछ कि अगापे प्रेमको कारणले परिवारप्रतिको उसको प्रेम अझै ठूलो बन्न पुगेको हुन्छ।

**७.** म आफैले आफैलाई प्रेम गर्नुपर्छ भनी तल दिइएकाहरूमध्ये कुनचाहिँले उत्तम प्रकारले व्याख्या गर्छ?

**क.** मेरो सबैभन्दा ठूलो सरोकारचाहिँ मेरा आफ्ना खाँचोहरू र इच्छाहरूलाई तृप्त पार्नु हो, किनभने म आफैसँग खुशी नहोउञ्जेल म अरूहरूलाई पनि प्रेम देखाउन सक्तिन।

**ख.** म आफूले आफूलाई येशूको आँखाद्वारा हेर्नुपर्छ, र यो महसूस गर्नु पर्छ, कि म उहाँको स्वरूपमा बनाइएको हुँ र उहाँको अनुग्रहद्वारा उहाँको परिवारको एक अङ्ग हुन योग्य ठहरिएको छु। उहाँलाई खुशी तुल्याएरनै मेरो स्वार्थ पूरा भएको म भेट्टाउँछु।

८. अगापे प्रेम सिक्न र व्यक्त गर्नमा, यिनीहरूमध्ये कुनचाहिँ भाग पहिले आउनु पर्दछ, जुन क्रमलाई अरूहरूले पनि पच्छ्याउन सकून्?
 **क.** माथितिरको भाग (उँचाइ) (परमेश्वरप्रतिको प्रेम)।
 **ख.** लमाइ, चौडाइ (अरूहरूप्रतिको प्रेम)।
 **ग.** भित्रिय (आफैको निम्ति प्रेम)।

## प्रेम वर्णन गरियो

### प्रेम र आत्मिक वरदानहरू

उद्देश्य ५. *आत्मिक वरदानहरू र आत्मिक फलको प्रदर्शनको बीचमा भएको उचित सम्बन्धको व्याख्या गर्नुहोस्।*

१ कोरिन्थीको १३ अध्यायले हामीलाई प्रेम आत्माको फल हो भन्ने विषयमा धेरै बताउँछ। प्रेम सम्बन्धी वार्तालापको रूपमा, यो अध्याय अतुल्य छ, जहाँ प्रेम के हो, र यो के होइन भन्ने विषयमा परिभाषा दिइएको छ।

यो अत्तिनै उचित छ, कि आत्माको फल बयान गर्ने यो अध्याय आत्माका वरदानहरूको विषयमा बताउने अरू मुख्य दुई अध्याय - १ कोरिन्थी १२ र १४ को बीचमा आउँछ। प्रेरित पावलले जोड दिन चाहेका थिए, कि हाम्रो ख्रीष्टियान सेवा (वरदानहरू) र हाम्रो ख्रीष्टियान जीवन (फल) को बीचमा सन्तुलन हुनुपर्दछ। १ कोरिन्थी १४ः१ मा हामीलाई आत्माको फलको प्राथमिकतालाई हेलचेक्राइँ नगरी आत्माका वरदानहरूलाई खोज्ने कुरामा उत्साह दिइएको छः "प्रेमको पछि लाग, तापनि आत्मिक वरदानहरूका निम्ति उत्कट इच्छा गर।" किनभने वरदानहरू सेवासँग र फलचाहिँ आत्मिक जीवनसँग सम्बन्धित छ, र यो स्पष्ट छ, कि एउटाले अर्काको ठाउँ लिन सक्तैन। कोही कोही परमेश्वरका जनहरूले उदेकका वरदानहरूको प्रयोग गर्छन्

होला, तरै पनि तिनीहरू आत्माको फल प्रदर्शित गर्नचाहिँ असफल हुन्छन्। यसरी, तिनीहरूको ख्रीष्टको जस्तो जीवन नभएको हुनाले, तिनीहरू आत्माका वरदानहरूको अभ्यास गर्न सन्देह मान्छन्।

अरूहरूचाहिँ विपरीत दिशातर्फ जान्छन्ः तिनीहरू ख्रीष्टको जस्तो चरित्र देखाएर मण्डली र संसारको अगाडि निष्कलंक जीवन जिउने कोशिश गर्छन्, तर तिनीहरू आत्मिक वरदान खोज्नलाई असफल भएका हुन्छन्। आत्माका वरदानहरू तिनीहरूका सञ्चालन कार्यमा अलौकिक छन्। तिनीहरूलाई पवित्र आत्माद्वारा मण्डलीमा सुधार गर्न र परमेश्वरको महिमा गर्नको निम्ति मण्डलीमा दिइएका हुन्। वरदानहरूको अभ्यास बिना, एक ख्रीष्टियानले मण्डली बनाउन र आत्मिक वृद्धि जुटाउन चाहिने शक्तिलाई गुमाउँछ। आत्माका वरदानहरू र आत्माको फल ख्रीष्टियान जीवनमा एकैसाथ र सन्तुलन रूपमा जानुपर्छ। आत्माको फल उत्पन्न भएको एक व्यक्तिमा आत्मिक वरदानहरूको अभ्यासको नतिजा पनि देखिनुपर्छ।

डोनाल्ड गीले सल्लाह दिनुभएको छ, कि यो सन्तुलन १ कोरिन्थी १२ः८-११ मा आत्माका नौ वरदानहरू, र गलाती ५ः२२-२३ मा आत्माको फलको सूचीद्वारा संकेत गरिएको छ। प्रेमको विषयमा भएको महत्वपूर्ण अध्याय पनि आत्मिक वरदानहरू व्याख्या गरिएका दुईवटा अध्यायहरूको बीचमा आउँछ र यो विषयको सम्पूर्ण भाग हो (गी, *आत्मिक वरदानहरूका सम्बन्धमा,* पृष्ठ ६६)।

आत्मिक वरदानहरूको विस्तृत अध्ययनको निम्ति यस अध्ययनमालाको आई. सी. आई. पाठ्यक्रमको अध्ययन रवर्ट एल ब्रान्ट द्वारा लिखित, "आत्मिक वरदानहरू" र माथि उल्लेखित डोनाल्ड गी. द्वारा लिखित पुस्तकहरूको अध्ययन गर्ने सल्लाह म दिन्छु।

९. आत्मिक वरदानहरू र आत्मिक फलको प्रदर्शनको बीचमा कस्तो प्रकारको उचित सम्बन्ध हुनुपर्छ?..............................

..........................................................................

१०. जब एक ख्रीष्टियानले आत्माको वरदानको प्रयोगचाहिँ गर्छ, तर उसको जीवनमा आत्माको फलको प्रर्दशन गर्दैन भने, कस्तो किसिमको नतिजा त्यहाँ देखापर्ला? (उत्तम उत्तर लाई छान्नुहोस्।)

**क.** वरदानहरू अलौकिक भएका हुनाले, त्यहाँ कुनै नकारात्मक नतिजा हुनै सक्तैन, र ऊ मण्डलीमा आशिषित हुनेछ।

**ख.** उसको ख्रीष्टको जस्तो स्वभाव नभएकोले उसले अभ्यास गर्ने वरदानको असर घटी हुनसक्छ।

११. आत्माको फल भएको तर आत्माका वरदानहरूको प्रदर्शन नगर्नाले कस्तो नतिजा देखापर्छ? (उत्तम उत्तर छान्नुहोस्।)

**क.** ख्रीष्टियानमा मण्डलीलाई निर्माण गर्ने वा टेवा दिने आवश्यकीय शक्ति हुँदैन।

**ख.** वरदानहरू बिनाको आत्माको फल मण्डलीको लागि कुनै मूल्यको हुँदैन।




सन्तुलन आवश्यक छ!

२ तिमोथी १:७ मा प्रेम, शक्ति, र स्वयम्-अनुशासनको बीचको सम्बन्ध उल्लेख गरिएको छ। हामी सेवाको काममा काँतर बन्नु हुँदैन, तर हाम्रो सेवकाइ प्रभावशाली बनाउन हामीले पवित्र

आत्माको शक्तिमा भरोसा राख्नुपर्छ। हामीले प्रेममा पनि सेवा गर्नुपर्छ। हामीद्वारा परमेश्वरको शक्तिको प्रदर्शन भएको हामीले देख्ता, हामी घमण्डी बन्ने परीक्षा पनि त्यहाँ आउनसक्छ। परमेश्वर र अरूहरूप्रति भएको साँचो प्रेमले हामीलाई होशियारी बनाउँछ, कि परमेश्वरको यो शक्ति केवल उहाँको महिमाको निम्ति मात्र हो र यसले हामीहरूलाई अरूहरूका निम्ति योग्य दासहरू बनाउँछ।

**अगापे प्रेमको स्वभाव**

उद्देश्य ६. *अरूहरूप्रति अगापे प्रेमको विशेषताको प्रदर्शनमा तपाईंको उन्नति के कस्तो छ विचार गर्नुहोस्।*

प्रेरित पावलले दिएको प्रेमको वर्णनलाई छोटकरीमा हेरौं। अगापे प्रेम भएको व्यक्तिमा यी चरित्रहरू (विशेषताहरू) प्रदर्शित हुन्छन्ः

१. *प्रेम हुने व्यक्ति धीरजी हुन्छ।* यो सहनशील प्रेम हो, प्रेम जुन शान्ततामा पर्खने र धैर्य धारण गर्नेहुन्छ। धीरजी प्रेमले कहिल्यै आशा गर्न छोड्दैन। यो एक व्यक्तिको प्रेम हो, जसले दयाले भरिएर रोगीलाई हेरचाह गर्छ अथवा महीनौं वा वर्षौं वर्ष सम्म कसैको हेरविचार गरिरहन्छ। यो एक लोग्ने वा स्वास्नीको प्रेम हो, जसले आफ्नो अविश्वासी जीवन साथीलाई वचनको सेवा पुऱ्याएर बिना रोकतोक जीवनसाथीको उद्धारको निम्ति प्रार्थना गरिरहन्छन्। यो उडन्ता पुत्रको बाबुले प्रदर्शित गरेको प्रेम हो, जो आफ्नो जीवन र आफ्नो सम्पत्ति खेर फालेपछि आफ्ना पिताकहाँ फर्केर आएको थियो (लूका १५:२०)। अगापे प्रेम धीरजी हुन्छ।

२. *प्रेम हुने व्यक्ति दयालु हुन्छ।* एक लेखकले दयालाई 'कार्यको प्रेम' भनी बताएका छन्। येशू ख्रीष्टको जीवनको धेरै भाग यताउति गएर दया देखाउने काममा बिताइएको थियो। कसैले

भनेका छन् "एक मानिसले आफ्ना स्वर्गीय पिताको निम्ति गर्नसक्ने सबैभन्दा ठूलो काम उहाँका केही सन्तानहरूप्रति दयालु हुनु हो।'' यदि तपाईंले कसैलाई प्रेम गर्न चाहनुहुन्छ भने, स्वभावैले तपाईं उसलाई आनन्द दिनचाहनुहुन्छ। तपाईंले यो दयाको कामहरूद्वारा गर्नुहुन्छ। यदि कसैलाई प्रेम गर्ने उद्देश्यले केही गरिन्छ भने, सबैभन्दा सानो काम, दिक्दारी कार्यक्रम पनि आनन्दित अनुभव बन्नसक्छ। दयालु हुनु अगापे प्रेमको स्वभावनै हो।

३. *प्रेम हुने व्यक्तिले अरूहरूको डाह गर्दैन।* एक प्रेमी व्यक्ति अरूहरूको सफलतामा डाही हुँदैन। आफ्ना सहकर्मीहरू, आफ्ना ख्रीष्टियान मित्रहरू र आफ्ना शत्रुहरू समेतलाई पनि असल कुराहरू हुन आएकोमा उसले आनन्द मनाउँछ। आफ्नो छिमेकीको सम्पत्तिमा उसले लोभ गर्दैन (प्रस्थान २०:१७)।

४. *अगापे प्रेम हुने व्यक्ति घमण्डी वा अभिमानी हुँदैन।* हेनरी ड्रमण्डले भनेका छन् कि नम्रता "तपाईंको ओठमा छाप लाउनु र तपाईंले गर्नुभएका कुराहरूलाई बिर्सनु हो। तपाईं दयालु भइसक्नु भएपछि, प्रेमले संसारलाई ढाकेर, यसको सुन्दर काम गरिसकेपछि, फेरि छायाँमा फर्केर गई यसको बारेमा कुरै नगर्नु हो'' (ड्रमण्ड, *संसारको सबैभन्दा ठूलो कुरा,* पृष्ठ १८)।

५. *ख्रीष्टको जस्तो प्रेम हुने व्यक्ति कठोर हुँदैन।* बाइबलको अनुवादमा यसरी भनिएको छ प्रेम "आफै बेकाइदासाथ चल्दैन'' (१ कोरिन्थी १३:५)। प्रेमी व्यक्तिको निम्ति अरूप्रति भद्र व्यवहार गर्नु, र अरूहरूको वास्ता गर्नु स्वाभाविक कुरा हो। उसले आफूतिर ध्यान आकर्षित गराउने कोशिश गर्दैन।

६. *प्रेम हुने व्यक्ति निस्वार्थी हुन्छ।* उसले आफ्नो स्वार्थ खोज्दैन, तर आफ्ना अधिकारहरू त्याग्न पनि खुशी हुन्छ। येशूले भन्नुभयो, " लिनुभन्दा दिनु अझ असल हो'' (प्रेरित २०:३५)।

येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभयो, कि "कोही मानिस पहिलो हुने इच्छा गर्छ भने, त्यो सबैभन्दा पछिल्लो र सबैको सेवक हुनेछ" (मर्कूस ९:३५)।

७. *प्रेम दर्शाउने व्यक्ति सजिलैसँग रिसाउँदैन।* ड्रमण्डले उल्लेख गरेका छन्, कि उडन्ता पुत्रको कथामा दाज्यूचाहिँको रीस (लूका १५) डाह, घमण्ड, निर्दयिता, निष्ठुर, स्वयम्-धार्मिकपन, फाटो र कठोरपनाले भरिएको थियो र उसले आफ्ना बाबुलाई पनि आफ्नो भाइको विरूद्धमा फर्काउने निश्चय लिएको थियो (पृष्ठ २३)। यिनीहरू ख्रीष्टको जस्तो स्वभावका विशेषताहरू होइनन्।

८. *प्रेम गर्ने व्यक्तिले भूलहरूको लेखप्रमाण राख्तैन।* ऊ अरूहरूका भूलहरू कहाँ छन् भनी हेर्दै जाँदैन, र उसको विरूद्धमा कसैले गलती प्रकारले व्यवहार गरेमा, त्यसले आफूलाई पुऱ्याउने हानीद्वारा ऊ जोगिन्छ। ऊ अरू मानिसहरूको उद्देश्यमा शंकालु हुँदैन, तर सबैको भलाइ भएको होस् भन्ने चाहना गर्छ।

९. *साँचिकै प्रेम हुने व्यक्ति दुष्टतामा आनन्दित हुँदैन, तर सत्यतामा रमाउँछ।* अगापे प्रेम आदरयोग्य, सत्यतापूर्ण छ र दुष्टताको प्रकटलाई तिरस्कार गर्छ।

प्रेरित पावलले प्रेमको विशेषताको बारेमा आफ्नो वर्णनलाई यसरी निष्कर्षित गरेका छन्, कि प्रेमले "सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुराको आशा गर्छ, सबै कुरामा स्थिर रहन्छ" (१ कोरिन्थी १३:७)।

बृद्ध भइसकेका, प्रेरित यूहन्नाले यी शब्दहरू लेखेका छन् (१ यूहन्ना ३:१६-१८):

> यसैमा हामीले प्रेम के हो भनी थाह पाउँछौं: किनभने येशू ख्रीष्टले हाम्रा निम्ति आफ्नो प्राण अर्पण गर्नुभयो, र हामीले पनि हाम्रा भाइहरूका निम्ति आफ्नो प्राण अर्पण गर्नुपर्छ। तर

संसारको सम्पत्ति हासिल गरेर पनि कसैले आफ्नो भाइलाई खाँचो परेको देखेर त्यसमाथि आफ्नो दया देखाउँदैन भनेता परमेश्वरको प्रेम त्यसमा कसरी रहन्छ? हे मेरा साना केटा-केटी हो, वचन र मुखले मात्र हामी प्रेम नगरौं, तर कामले साँचो प्रेम गरौं।

**१२**. तल दिइएका बयानहरूमध्येबाट अगापे प्रेमको स्वभावको प्रदर्शन गर्ने बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. "म तपाईंलाई सहयोग गर्नचाहन्छु, तर म मेरा आफ्नै योजनाहरूमा धेरै व्यस्त छु।"


**ख**. "मेरी आमा हिड्न ता सक्नुहुन्न, तरै पनि उहाँ सधैं खुशी हुनुहुन्छ र उहाँको हेरचाह गर्न सजिलो छ।"

**ग**. "उनी धनी भएका हुनाले हामी जहिले पनि सबैभन्दा असल बस्ने ठाउँ उनलाई दिन्छौं।"

**घ**. "म ख्रीष्टियान हुनुभन्दा धेरै वर्ष पहिलेनै मेरा बुबा-आमाले मेरो निम्ति प्रार्थना गर्नुभएको थियो।"

**ङ**. "सबै जसो काम मैले गरें तर मेरा मालिकले चाहिँ यसको स्याबासी पाए।"

**च**. "उसले मलाई दुःख दिने कोशिश गरेको भएता पनि, मैले उसलाई क्षमा दिएँ।"



अगापे प्रेम = कार्यमा ख्रीष्टको चरित्र

**१३.** पवित्र आत्माले हामीमा आत्मिक फल उत्पन्न गर्नुहुने भएतापनि, यो सहयोगको प्रयास हो - हामीले उहाँसँगसँगै मिलेर काम गरी हामीमा ख्रीष्टको स्वरूप प्रकट गराउने अनुमति दिनुपर्छ। अगापे प्रेमको चरित्रहरूप्रति तपाईंको कस्तो प्रगति भइरहेको छ, सो कुरा संकेत गर्नलाई र तपाईंमा यी कुराहरू कसरी प्रकट भइरहेका छन् सो देखाउनलाई तल दिइएको खाली कोष्ठमा भर्नुहोस्।

| **चरित्र (स्वभाव)** | **सधैंभरि** | **सधैंजसो** | **कहिलेकहीं** | **कहिले कहिले** | **कहिल्यै पनि होइन** |
|---|---|---|---|---|---|
| धीरजी | | | | | |
| दया | | | | | |
| डाही होइन | | | | | |
| नम्रता | | | | | |
| भलाइ | | | | | |
| निस्वार्थी | | | | | |
| ठीक बानी | | | | | |
| निराश नहुने | | | | | |
| शंकालु नभएको | | | | | |
| आदरणीय | | | | | |
| सत्य | | | | | |
| दुष्टताको वास्ता नगर्नु | | | | | |

**प्रेमको प्राथमिकता (महत्वपूर्णता)**

उद्देश्य ७. *१ कोरिन्थी १ ३ अध्यायको आधारमा, प्रेमलाई किन विश्वास र आशाभन्दा ठूलो मानिन्छ तपाईंको आफ्नो विचार व्यक्त गर्नुहोस्।*

"तर विश्वास, आशा, प्रेम, यी तीन रहन्छन्, र यिनमा सर्वोत्तम चाहिँ प्रेम हो'' (१ कोरिन्थी १३:१३)। प्रेम अनन्त छ - "प्रेम कहिल्यै टल्दैन'' (१३:८)। विश्वास, परमेश्वरको महिमामा पुगेर वास्तविक भइसकेपछि एकदिन यसको सेवा त्यहीँ टुङ्गिन्छ (हिब्रू ११:१)। आशाको पनि हामीले आशा राखेका कुराहरू पूराभएपछि एकदिन अन्त आईपुग्छ।

१ थिस्सलोनिकी १:३ अनुसार, विश्वासले हामीलाई कामतिर लैजान्छ, प्रेमले हामीलाई परिश्रम गर्न लगाउँछ, र हामी नतिजा देख्छौं: विश्वासले उद्धार ल्याउँछ, प्रेमले सेवा गर्छ, र आशाले ख्रीष्टको आगमनको प्रतिक्षा गर्छ। जब त्यो दिन देखापर्छ, प्रेम रहिरहनेछ र हामीसँगै अनन्ततामा जानेछ।

**१४.** १ कोरिन्थी १३ अध्यायको आधारमा, किन प्रेमलाई विश्वास र आशाभन्दा ठूलो सम्झिइन्छ, आफ्नो विचार प्रस्तुत गर्नुहोस्। ..........................................................................

...............................................................................................

## प्रेम काममा

उद्देश्य ८. *बाइबलका उदाहरणहरूबाट हामीले सिक्नसक्ने प्रेम सम्बन्धी सिद्धान्तहरूलाई प्रस्तुत गर्नुहोस्।*

**सामुहिक प्रेम**

*कलस्सेका ख्रीष्टियानहरू:* कलस्सेका ख्रीष्टियानहरूका बीचमा आत्माको फल वृद्धि भइरहेको थियो (अरू ख्रीष्टियानहरूमा पनि यस्तै हुन्छ, किनभने ख्रीष्टियान जीवन र सम्बन्धको स्वभावनै यस्तो छ)। आफू रोमको भ्यालखानमा भएको बेलामा पावलले तिनीहरूका प्रेमको बारेमा, कलस्सेका सँगी-सेवक इप्राफासबाट सुनेका थिए। दुईपल्ट पावलले तिनीहरूको प्रेमको उल्लेख गरेका छन् (कलस्सी १ : ३,७-८):

> हामी हाम्रा प्रभु येशू ख्रीष्टका पिता परमेश्वरलाई तिमीहरूका निम्ति सधैं प्रार्थना गर्दै धन्यवाद चढाउँछौं, किनभने ख्रीष्ट येशूमा तिमीहरूको विश्वास, र सबै पवित्र जनहरूतर्फ तिमीहरूको प्रेमको विषयमा सुनेर - जुन विश्वास र प्रेम तिमीहरूका निम्ति स्वर्गमा भएको आशाको कारण हो। जसरी हाम्रा प्रिय सङ्गी-दास इप्राफासबाट तिमीहरूले सिक्यौ, जो हाम्रो पक्षमा ख्रीष्टका एक विश्वासी सेवक हुन्, जसले आत्मामा भएको तिमीहरूको प्रेमको विषयमा हामीलाई बताए।

तिनीहरूमा आत्माको प्रेम भएको हुनाले, धेरै धेरै फल उत्पादन गर्नको निम्ति तिनीहरू उम्मेदवार भएका छन् भनी पावललाई थाह थियोः "हर किसिमले खुशी पार्नेगरी प्रभुको योग्य चालमा चल्न र हरेक असल काममा फलिफाप हुँदै जाओ" (कलस्सी १ :१०)। यो "सक्रिय प्रेम" हो।

कलस्सेका विश्वासीहरूले अगापे प्रेमको प्रदर्शन गरेका भएता पनि, तिनीहरूका सबै क्रियाकलापमा प्रेमको महत्वपूर्णताको बारेमा पावलले तिनीहरूलाई सम्झना दिलाएका छन्:

> यसकारण परमेश्वरका चिनिएकाहरूझैं पवित्र र प्रिय, सहानुभूतिको हृदय, दया, नम्रता, विनय, सहनशीलता धारण गर। एउटाले अर्कोलाई सहेर, कुनै मानिसको विरूद्धमा केही

> दोषको कारण छ भने, एउटाले अर्कोलाई क्षमा गर, जसरी प्रभुले पनि तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी तिमीहरूले पनि क्षमा गर, र यी सबै कुराहरूभन्दा बढी प्रेम धारण गर, जो सिद्धताको गाँठो हो (कलस्सी ३:१२-१४)।

**१५**. आत्माको फलको अरू स्वभावहरूसँगको सम्बन्धमा प्रेमको कार्य कस्तो छ?..........................................................

..............................................................................

*एफेससको मण्डली:* नयाँ नियमका मण्डलीहरूमध्ये एफेससले जति पावलका शिक्षा अरूहरूले पाएनन् होला! तीन वर्षसम्म प्रेरित पावलले सुसमाचारको महान् सत्यता विश्वासीहरूलाई सिकाए (प्रेरित २०:२०,२७,३१)। पावलले अरू मण्डलीहरूलाई आफूले तिनीहरूलाई लेखेका पत्रमा हप्काएका छन्, तर एफेससको मण्डलीलाई भने हप्काएका छैनन् - उनले तिनीहरूलाई चेतावनी र चुनौतीहरूमात्र दिएका छन्। तर जब समय बित्दैगयो, प्रभुप्रतिको भक्तिमा तिनीहरू मनतातो र वेवास्ती बने। प्रकाश २:४ मा येशूले तिनीहरूलाई प्रेमी स्वरमा हप्काउनुभएको हामी देख्छौं:

> तिमीले तिम्रो पहिलो प्रेम छोडिदिएका छौ। यसकारण कहाँबाट तिमी पतित भएका छौ, सो सम्झ! पश्चाताप गर र पहिले गरेको कामचाहिँ गर (पदहरू ४-५)।

यो मण्डलीका विश्वासीहरूका बारेमा बताउँदा, प्रभुले सबैभन्दा पहिले तिनीहरूको परिश्रमी काम, तिनीहरूको सिद्ध सिद्धान्तहरू र तिनीहरूको धीरजपनाको निम्ति तिनीहरूलाई हौसला दिनुभयो (प्रशंसा गर्नुभयो)। तर प्रभुप्रतिको तिनीहरूको गहिरो भक्तिचाहिँ हराएको थियो। तिनीहरूले पहिला प्रेम गरेजस्तैगरी प्रेम गरेका

थिएनन्। तिनीहरूको कठोर परिश्रम, तिनीहरूको सिद्धान्त, र तिनीहरूको धीरजपना प्रेमरहित भएर खाली भएका थिए। मण्डलीले यसका मानिसहरू र ख्रीष्टलाई नचिन्नेहरूलाई दिनसक्ने सबैभन्दा महत्वपूर्ण कुरा अगापे प्रेमनै हो। मण्डलीले परमेश्वरलाई दिनसक्ने सबैभन्दा महत्वपूर्ण कुरा यहीनै हो। विना प्रेम त्यहाँ केही पनि रहँदैन, तर केवल तालिका, रीतिथिति, असहनशीलता र वेवास्ता।

**१६**. येशू ख्रीष्टले एफिसीहरूलाई तिनीहरूको घटेको प्रेमको सम्बन्धमा भन्नुभएको शब्दहरूबाट हामी के पाठ सिक्नसक्छौं?......

........................................................................................

........................................................................................

**व्यक्तिगत प्रेम**

*बेथानीकी मरियमः* यी भक्त स्त्रीमा आफ्ना उद्धारकर्त्ताको निम्ति सम्पूर्ण प्रेम थियो। क्रूसमा जानुभन्दा अघाडि येशू ख्रीष्ट अन्तिमपल्ट आफ्नो घरमा आउनुभएको हुनसक्छ भन्ने विचार गरी, तिनले बडो गहन प्रकारले उहाँको आराधना गरिन्। तिनको कथा यूहन्ना १२:१-८ मा बताइएको छ। त्यस स्मरणीय अवसरमा तिनले येशूको पाउमा त्यस बहुमूल्य अत्तरले अभिषेक गर्नलाई त्यसको मूल्यको केही वास्ता गरिनन्। न्यानो प्रेम धन्यवादी र बलिदानिक हुन्छ। चिसो हृदय भएको मानिस, यहूदाले मरियमले गरेकी त्यस काममा आलोचना गरेको थियो, तर तिनको गहिरो भक्ति हाम्रो निम्ति एक उदाहरणको रूपमा रहेको छ। मरियमले आफ्ना उद्धारकर्तालाई आफ्नो प्रेम देखाउन आफूसँग भएका सबै कुरा दिएकी थिइन्।

*प्रेरित यूहन्नाः* यूहन्नाले साँचैनै येशूलाई प्रेम गरेका थिए। उनी सधैंजसो आफ्ना मालिकका नजीक रहेका थिए; आखिरी निस्तार

चाडमा उनी येशूको छेउमै बसेका थिए; क्रूस नजीकै स्त्रीहरूसँग रहने चेला उनी एक मात्र थिए (यूहन्ना १९:२५-२६)। उनले आफैलाई धेरैपल्ट येशूले प्रेम गर्नुभएका चेला भनी सम्बोधन गरेका छन् (यूहन्ना १३:२३; १९:२६ हेर्नुहोस्)। यहाँ हाम्रो लागि एउटा पाठ छः प्रेमले प्रेम गरिएको व्यक्तिलाई पच्छयाउँछ। यूहन्नाले लेखेका पत्रहरू प्रेमका सन्देशहरू हुन्। उदाहरणको लागि, १ यूहन्ना ३:११-१८; ४:७-१९; २ यूहन्ना, १-६ पदहरू; ३ यूहन्ना १-६ पदहरू, पढ्नुहोस्। के तपाईं पनि यूहन्नाले प्रेम गरेजस्तै गरी प्रेम गर्न चाहनुहुन्छ? आफ्ना मुक्तिदाताको नजीक रहनुहोस्, उहाँले तपाईंलाई प्रेम गर्नुभएजस्तै गरी उहाँलाई प्रेम गर्नुहोस्, र उहाँलाई खुशी तुल्याउने किसिमका कुराहरू गर्नुहोस्।

*प्रेरित पत्रुसः* यूहन्ना २१:१५-१७ मा येशू ख्रीष्ट र पत्रुसको बीचमा भएको महत्वपूर्ण वार्तालापको कथा भनिएको छ। येशू ख्रीष्टले पत्रुसलाई "शिमोन के तिमी मलाई यिनीहरूभन्दा बढी प्रेम गर्छौ?" भनी सोध्नुभएको प्रश्नमा पत्रुसले तीनपल्टसम्म आफ्ना मालिकको निम्ति भएको आफ्नो गहिराइलाई विचार गर्नुपरेको थियो। एम्प्लीफाइड नयाँ नियममा भएको अनुवाद अनुसार, दुईपल्टसम्म येशूले यो प्रश्न सोध्नु भयोः

> शिमोन, के तिमी मलाई यिनीहरू (अरूहरूले गर्ने) भन्दा बढी प्रेम (अगापे प्रेम) गर्छौ - एक व्यक्तिले परमेश्वर पितालाई प्रेम गरेजस्तै, तर्क, इच्छा, आत्मिक भक्तिले प्रेम गर्छौ?

पत्रुसको उत्तर यस्तो थियोः "ज्यू प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम (भातृप्रेम) गर्छु - नजीकको मित्रलाई जस्तै तपाईंलाई मेरो गहिरो, स्वाभाविक र व्यक्तिगत प्रेम छ।"

तेस्रो पल्ट येशूले पत्रुसको उत्तर लिएर, सोध्नुभयो, "के तिमी मलाई नजीकको मित्रलाई झैं गहिरो स्वाभाविक, र व्यक्तिगत प्रेमले प्रेम गर्छौ?"

यद्यपि, पत्रुस दुःखित भए, तरै पनि उनले यहाँ यो कुरा सिके कि "मेरा भेडाहरूलाई चराऊ" भन्नुहुने मुक्तिदाताको आज्ञालाई लगातार रूपमा सञ्चालन गर्ने हो भने उद्धारकर्त्ताको निम्ति भएको आफ्नो प्रेम पूर्ण भक्तिमा गरिनुपर्छ (पद १७)। येशूले पत्रुसलाई प्रेम पहिले आउँछ र त्यसपछि सेवा भनी बताउनु भएको थियो। आत्मिक जीवनका अन्य कुराहरूः प्रार्थना, बाइबल अध्ययन, ख्रीष्टियान सेवा, सङ्गति, आराधना प्रेमबाट निस्केका हुन्। उद्धारकर्त्ताप्रति तपाईंको कति गहिरो भक्ति छ? के तपाईं उहाँलाई सबै कुराहरूभन्दा बढी प्रेम गर्नुहुन्छ? के तपाईं "ज्यू प्रभु, एक व्यक्तिले बाबुलाई प्रेम गरे जस्तै गरी कारण, ज्ञानबुद्धि, आत्मिक भक्तिले सबै कुराहरूलाईभन्दा बढी म तपाईंलाई प्रेम गर्छु भन्न सक्नुहुन्छ?" तपाईंप्रतिको उहाँको इच्छा यस्तैनै छ।

पत्रुस र यूहन्ना दुवैले महासभाको अगाडि बडो साहससँग आफ्नो विश्वासको बचावटमा बोलेर, आफ्नो सेवाकाइमा प्रभुप्रतिको आफ्नो गहिरो भक्तिलाई प्रमाणित गरेका छन्। प्रेरित ४:१३ ले हामीलाई बताउँछ "जब तिनीहरूले पत्रुस र यूहन्नाको साहस देखे, र यिनीहरू अशिक्षित र अजान रहेछन् भनी थाहपाए, तब तिनीहरू छक्क परे, र यिनीहरू येशूको साथमा रहन्थे भनेर पनि तिनीहरूले थाहपाए।" उहाँलाई चिन्नुनै उहाँलाई प्रेम गर्नु हो। उहाँलाई प्रेम गर्नुनै उहाँलाई सेवा गर्नु हो!

**१७**. प्रेरित यूहन्ना र पत्रुसको अनुभवबाट हामीले सिक्नसक्ने दुई सिद्धान्तहरू उल्लेख गर्नुहोस्। ................................................

...........................................................................................

*येशूको प्रेमः* येशूको सिद्ध अगापे प्रेमका धैरै उदाहरणहरूमध्येबाट केही उदाहरणहरू उल्लेख नगरीकन हामीले यो पाठ समाप्त गर्न सकेनौं।

**१८**. तल दिइएका बाइबलका पदहरूलाई पढ्नुहोस् र हरेकमा येशूले कस्तो दैविक विशेषता प्रकट गर्नुभयो बताउनुहोस्ः

**क**. यूहन्ना १५:१३ र १ यूहन्ना ३:१६ ................................

**ख**. मत्ती १८:२१-२२; २७:११-१४................................

**ग**. यूहन्ना ८:११; लूका ७:११-१५................................

**घ**. यशैया ५३:८-९................................................

**ङ**. यूहन्ना ५:३०; लूका २२:४२................................

**च**. लूका २३:३२-३४................................................

येशूको प्रेमबाट तपाईं प्रभावित बन्नसक्नुभएकोहोस्, र उहाँ जस्तो हुने इच्छा तपाईंमा होस्। तपाईंले यी अन्तिम शब्दहरूलाई विचार गर्दा यिनीहरूले तपाईंलाई चुनौती दिऊनः

> ख्रीष्टको प्रेममा मनन (विचार) गर्नुहोस्, र तपाईंले प्रेम गर्नुहुनेछ। ऐनाको अगाडि उभिएर ख्रीष्टको चरित्र प्रदर्शन गर्नुहोस्, र तपाईं पनि कृपालु देखि कृपालुसम्म त्यही स्वरूपमा परिवर्तन हुनुहुनेछ। त्यहाँ अर्को कुनै बाटो छैन। आदेशलाई तपाईंले प्रेम गर्नसक्नुहुन्न। तपाईंले केवल प्रेमी वस्तुलाई हेर्नसक्नुहुन्छ, र यससँग प्रेममा पर्नसक्नुहुन्छ, र यसको स्वरूपमा बढ्न सक्नुहुन्छ। र यसरी यस सिद्ध स्वभाव र यस सिद्ध जीवनलाई हेर्नुहोस्। उहाँ आफैले आफैलाई गर्नुभएको महान् बलिदान, र उहाँको पूरै जीवन र कलवरीको क्रूससम्मको त्यागलाई हेर्नुहोस्, र यसरी तपाईंले उहाँलाई प्रेम गर्नैपर्छ। र उहाँलाई प्रेम गरिरहेर तपाईं उहाँजस्तै हुनैपर्छ (ड्रमण्ड, पृष्ठ ३१)।

हामीले पहिलेनै भनेजस्तै, अगापे प्रेमले गलाती ५:२२, २३ मा सूची बनाइएको सबै आत्माको फललाई ढाकेको हुन्छ। यस पाठ्यक्रमका बाँकी पाठहरूमा हामी आत्मिक फलका अरू आठ स्वरूपलाई र तिनीहरू हाम्रो जीवनमा कसरी प्रयोग गर्न सकिन्छन् सो पनि हामी हेर्नेछौं।

## स्वयम्-जाँच

**दिइएका उत्तरहरूबाट ठीक उत्तर छान्नेः** प्रत्येक प्रश्नको सबैभन्दा ठीक उत्तरलाई छान्नुहोस्।

१. कस्तो किसिमको प्रेम एक अर्कासँगको सम्बन्धमा भरपर्छः हामीलाई प्रेम गरिएको कारणले हामी प्रेम गर्छौं?
  **क.** अगापे प्रेम
  **ख.** भातृ प्रेम
  **ग.** शारीरिक प्रेम

२. "एक व्यक्तिले बाबुलाई प्रेम गरेजस्तै कारण, इच्छा र आत्मिक भक्तिसँग गरिने प्रेम"लाई यहाँ कस्तो किसिमको प्रेमको रूपमा वर्णन गरिएको छ?
  **क.** अगापे प्रेम
  **ख.** भातृ प्रेम
  **ग.** शारीरिक प्रेम

३. शारीरिक (इरोस) प्रेम केमा आधारित छ?
  **क.** दया
  **ख.** आज्ञाकारिता
  **ग.** आत्मिक सम्बन्ध
  **घ.** शारीरिक सम्बन्ध

**४**. अगापे प्रेमको हरेक भागको महत्वपूर्णतालाई कुन बयानले उत्तम किसिमले व्याख्या गर्दछ?

**क**. उँचाइतर्फको भाग मात्र आवश्यक छ।

**ख**. लमाइ चौंडाइतर्फको भाग सबैभन्दा महत्वपूर्ण छ।

**ग**. सबैभन्दा पहिले भित्रिय भाग आउनुपर्छ, त्यसपछि अरूहरूले पच्छ्याउँछन्।

**घ**. तीनै भागहरू महत्वपूर्ण छन्; अरूहरू बिना कुनै पनि प्रकट हुनसक्तैनन्।

**५**. कुनचाहिँ पदले अगापे प्रेमको भागलाई वर्णन गर्छ?

**क**. "यदि तिमीहरूले एक अर्कालाई प्रेम गर्‍यौ भने, त्यसैबाट तिमीहरू मेरा चेलाहरू हौ भनी सबै मानिसहरूले थाहा पाउनेछन्।"

**ख**. "तिम्रो सारा हृदय, सारा प्राण, सारा शक्ति र सारा मनले तिम्रा परमप्रभु परमेश्वरलाई प्रेम गर र आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर।"

**ग**. "अब विश्वास, आशा र प्रेम यी तीन रहन्छन्"

**६**. कुनचाहिँ दुई कामले परमेश्वरतर्फको तपाईंको प्रेमको प्रकट गर्छ?

**क**. आज्ञाकारिता; एक अर्काको निम्ति प्रेम।

**ख**. एक अर्काप्रतिको प्रेम; सेवा।

**ग**. सेवा र आज्ञाकारिता।

**घ**. विश्वास र आशा।

७. येशूले सिकाउनु भएजस्तै आफ्नो छिमेकीलाई प्रेम गर्नु भनेको के हो?

**क.** तपाईंप्रति दयालु हुनेहरूलाई दया देखाउनु।
**ख.** तपाईंको ढोका नजीकै रहनेहरूलाई सहयोग गर्नु।
**ग.** तपाईंको मण्डलीमा खाँचो परेकाहरूलाई हेरचाह गर्नु।
**घ.** जसलाई प्रभुले तपाईंको जीवनमा ल्याउनुहुन्छ, चाहे साथी, शत्रु वा विदेशी उनीहरूलाई सहयोग गर्नु।

८. आफैप्रतिको अगापे प्रेमको अर्थ मैले के गर्नै पर्छ भन्ने हुन्छ?

**क.** अरूहरूको खाँचोभन्दा अघाडि मेरो खाँचोको विचार गर्नुपर्छ।
**ख.** उहाँकै स्वरूपमा बनाइएको म आफैलाई येशूले हेर्नु भएझैं हेर्नु।
**ग.** अरूहरूलाई सहयोग गरेर मेरा बितेका दिनका भूलहरूमाथि विजयी प्राप्त गर्ने कोशिश गर्नु।
**घ.** असल कामहरू गरेर व्यक्तिगत आनन्द खोज्नु।

९. १ कोरिन्थी १२,१३, र १४ मा, प्रेरित पावलले के सिकाएका छन्?

**क.** आत्मिक फल आत्मिक वरदानहरूभन्दा अझ धेरै महत्वपूर्ण छ।
**ख.** आत्मिक वरदानहरू आत्मिक फल भन्दा अझ धेरै महत्वपूर्ण छन्।
**ग.** प्रभावशाली सेवकाइको निम्ति त्यहाँ फल र वरदानहरूको सन्तुलन हुनुपर्छ।
**घ.** यदि कुनै व्यक्तिमा प्रेम छ भने उसलाई अरू कुनैपनि कुराको खाँचो पर्दैन।

१०. पत्रुससँगको येशूको कुराकानीमा (यूहन्ना २१:१५-१७) पत्रुसको निम्ति येशूको सन्देश के थियो?
**क.** प्रेम सेवाको अतिवृद्धि हो।
**ख.** सबैभन्दा पहिले प्रेम आउँछ, त्यसपछि सेवा।
**ग.** प्रेमले प्रेम गरिएको व्यक्तिलाई पच्छ्याउँछ।
**घ.** पत्रुसले आफ्नो पहिलो प्रेम त्यागेका थिए।

११. कुनचाहिँ मण्डली अगापे प्रेमको स्थिर उदाहरण हो?
**क.** कलस्सेको मण्डली
**ख.** कोरिन्थको मण्डली
**ग.** एफेसस्को मण्डली

१२. बेथानीकी मरियमको उदाहरणले हामीलाई के देखाउँछ?
**क.** न्यानो प्रेम धन्यवादी र बलिदानिक हुन्छ।
**ख.** सबैभन्दा ठूलो प्रेम गरीबहरूलाई दिनु हो।
**ग.** कोही मानिसहरूले आफ्नो प्रेम मूर्ख किसिमले प्रकट गर्छन्।
**घ.** हरेकलाई अगापे प्रेम दिइएको छ।

**अध्ययन पश्नहरूका उत्तरहरू**

**१०. ख.** उसको ख्रीष्टको जस्तो स्वभाव नभएको हुनाले उसले अभ्यास गर्ने वरदानको असर घटी हुनसक्छ।

**१. क.** ३) शारीरिक प्रेम।
**ख.** १) परमेश्वरीय प्रेम।
**ग.** २) भातृ प्रेम।

**११. क.** ख्रीष्टियानमा मण्डलीलाई निर्माण गर्ने वा टेवा दिने आवश्यकीय शक्ति हुँदैन।

**२.** येशू ख्रीष्टले प्रदर्शित गर्नुभएको अगापे प्रेमले हामीलाई हाम्रा शत्रुहरूलाई पनि प्रेम गर्न लगाउँछ। यो प्रेम फर्काइने कुरामा भरपर्दैन।

**१२. ख, घ,** र **छ,** कार्यमा लगाइएका अगापे प्रेमका उदाहरणहरू हुन्।

**३. क.** बेठीक　**च.** बेठीक
**ख.** ठीक　**छ.** बेठीक
**ग.** ठीक　**ज.** ठीक
**घ.** ठीक
**ङ.** बेठीक

**१४.** तपाईंको उत्तरः हुनसक्छ तपाईंले यिनीहरूमध्ये कुनैको सुझाव दिनुभएको होलाः तीनवटामध्ये प्रेम मात्र अनन्त छ। प्रेमले ख्रीष्टको जस्तो स्वभावका धेरै पक्षहरूलाई समावेश गरेको छ। प्रेमले अरूहरूको सेवा गर्नलगाउँछ।

५. जसलाई प्रभुले तपाईंको जीवनभित्र ल्याउनुहुन्छ, र उसलाई तपाईंको प्रेम र सरोकारको खाँचो छ।

१५. प्रेमले तिनीहरू सबैलाई सिद्ध एकतामा बाँध्छ।

६. ख, ग, र घ उत्तरहरूले येशूका शिक्षाको वर्णन गर्छन्।

१६. तपाईंको उत्तरः मेरो विचारचाहिँ यस्तो छ - हाम्रा कामहरू प्रेममा नगरिउञ्जेल, तिनीहरू खाली र परमेश्वरलाई नरिझाउने खालका हुन्छन्।

७. ख. म आफैले आफैलाई येशूका आँखाबाट हेर्नुपर्छ।

१७. यदि हामी प्रेम गर्छौं भने, प्रेम गरिएको व्यक्तिको नजीक हामी जान चाहन्छौं। उचित प्रकारले सेवा गर्नसक्नु भन्दा पहिले, हामीले प्रेम गर्नुपर्छ।

८. क. उँचाइ (परमेश्वरतर्फको प्रेम)।

१८. तपाईंका उत्तरहरूः यहाँ सुझाव गरिएका उत्तरहरू छन्ः
क. महान् प्रेम।
ख. महान् धीरजपन (स्थिरता)।
ग. महान् दया।
घ. पूर्ण पवित्रता, भलाइ।
ङ. अस्वार्थीपन, समर्पण।
च. क्षमा।

९. ख्रीष्टियानको जीवनमा दुवै प्रमाणित हुनुपर्छ - ख्रीष्टको जस्तो चरित्र सबैभन्दा महत्वपूर्ण छ, तर आत्माका वरदानहरूको अभ्यासमा यसको नतिजा देखिनुपर्छ।

पाठ ३

# आनन्दः अनुग्रहको फल

दर्शनशास्त्रका एक अध्यापकले भनेका थिए, कि अआनन्दित (निराश) हुने सबैभन्दा उत्तम उपाय आनन्द खोज्नु हो। आनन्दको खोजी र आनन्दमय अनुभवहरू सबै मानिसहरूका लागि सामान्य कुरा हो। आनन्दित हुन चाहनुमा कुनै गलती छैन। आनन्दको खोजीमा हरेक वर्ष धेरै रूपैयाँ खर्च गरिन्छ - र पनि, संसार दुःख र चिन्ताले भरिएको छ। धेरै मानिसहरू आफ्ना दुःख अन्त गर्ने एउटै उपायको रूपमा आत्मा हत्या गर्न खोज्छन्। तिनीहरूले अझैसम्म यो पत्ता लगाएका छैनन् कि साँचो र अनन्त आनन्द येशू ख्रीष्टमा मात्र सम्भव छ, उहाँ जसले पवित्र आत्माद्वारा हाम्रो जीवनलाई भरेर हामीमा फल उत्पन्न गर्नुहुन्छ।

परमेश्वरले आनन्द र खुशीको संसारलाई पाप, कष्ट, अफसोस र दुःख बिनानै सृष्टि गर्नुभएको थियो। यी सबै कुराहरू पछि आएका हुन्। एक ख्रीष्टियान दुःख, कष्ट, रोग बिमार, र अफसोसबाट अलग भएको छैन। वास्तवमा, परमेश्वरको वचनले भनेको छ, "ख्रीष्ट येशूमा भक्तिसँग जीवन बिताउन इच्छागर्नेहरू ता सबैजना खेदोमा पर्नेछन्" (२ तिमोथी ३:१२)। त्यसो हो भने परमेश्वरको बालकले उसको आनन्दको मुहान कहाँ पाउँछ त? कसरी उसको जीवनमा आत्मिक आनन्दको फल उत्पन्न गर्न सकिन्छ?



यस पाठमा तपाईंले पत्ता लगाउनुहुनेछ, कि आत्मिक आनन्दको फल हामीले ख्रीष्टमा भएको हाम्रो स्थान महसूस गर्दा, र हाम्रा वरिपरि र हामीद्वारा परमेश्वरले गर्नुहुने आश्चर्यकर्मको शक्ति देख्दा, र अनन्ततामा हाम्रो महिमित भविष्य उहाँसँग पर्खिरहँदा, पवित्र आत्माद्वारा हामीमा विकास गराइन्छ। तपाईंले देख्नु हुनेछ, कि विश्वासीको जीवनमा दुःख र आनन्दको बीचमा गहिरो सम्बन्ध छ। तपाईंले यो पनि पत्ता लगाउनु हुनेछ, कि आनन्द केवल पवित्र आत्माको उत्पादन मात्र होइन, तर उहाँको स्वभावको एक भाग हो - यसरी आत्मामा भरिनुचाहिँ आनन्दले भरिनु हो! प्रभुको आनन्दनै तपाईंको निम्ति बल हुनसक्छ!

**पाठको रूपरेखा**

आनन्दको परिभाषा

आनन्दका मुहानहरू

दुःख र आनन्द

आनन्दका बाधाहरू

आनन्दका नतिजाहरू

**पाठका उद्देश्यहरू**

यस पाठको अध्ययनपछि तपाईंलेः

- आत्मिक आनन्दको बाइबल आधारित परिभाषा दिनसक्नुपर्नेछ।
- आत्मिक आनन्दका सूची बनाई तिनीहरूलाई बाइबलका पदहरूले समर्थन गर्नसक्नुपर्नेछ।
- आनन्दका बाधाहरूमाथि विजय पाउन प्रयोग गरिने र आनन्दका नतिजाहरू प्राप्त गर्ने सिद्धान्तहरूको वर्णन गर्नसक्नुपर्नेछ।
- पवित्र आत्मामा अर्पित र प्रभुको आज्ञाकारी भएर आत्मिक आनन्दका फल उब्जाउन सक्नुपर्नेछ।

**सिक्ने क्रियाकलाप**

१. पाठको विषयवस्तुलाई होशियारीसाथ अध्ययन गर्नुहोस्, र उल्लेख गरिएका बाइबलका सबै पदहरूलाई खोजेर पढ्नुहोस्, र सबै अध्ययन प्रश्नहरूका उत्तर दिनुहोस्। प्रत्येक खण्डको उद्देश्य अर्को खण्डमा जानुभन्दा पहिल्यै पूरा गर्नलाई नभुल्नुहोस्।

२. तपाईंलाई नयाँ लागेका मुख्य शब्दहरूका अर्थहरूको अध्ययन गर्नुहोस्।

३. स्वयम्-जाँच लिनुहोस् र तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्।

**मुख्य शब्दहरू**

| | | |
|---|---|---|
| अनुग्रह | नियमपूर्वक | प्रकाश |
| बाधा | आनन्दित | स्रोत, (मुहान) |
| अवर्णनीय | खोज | चिन्ह |
| अन्याय | | |

**पाठको विकास**

## आनन्दको परिभाषा

**बाइबल आधारित परिभाषा**

उद्देश्य १. *आत्मिक आनन्दको बाइबल आधारित उदाहरण दिने बयानहरूलाई छान्नुहोस्।*

"आत्माको फल प्रेम, **आनन्द** ..... हो'' (गलाती ५ः२२)।

यस बाइबल पदमा आनन्द शब्द ग्रीक 'चर' शब्दबाट अनुवाद गरिएको हो। एक बाइबल विद्वान्‌ले यसलाई यो आनन्द धर्ममा आधारित छ भनी परिभाषित गरेका छन् - यो आनन्दको आधार परमेश्वरनै हुनुहुन्छ। 'चर' सांसारिक कुराहरूबाट आउने आनन्द होइन, तर यो परमेश्वरसँगको सम्बन्धमा आधारित छ।

अर्का विद्वान्‌ले आनन्द (चर) लाई प्रसन्नताको एक अवस्था, शान्तमय सुख, र ख्रीष्टियान स्वभावको विशेषता जस्तो महान् खुशीयालीको रूपमा परिभाषित गरेका छन्। यो क्षणभरको आनन्द भन्दा अत्तिनै अर्थपूर्ण छ। आत्माको फलको रूपमा आनन्द प्रसन्नता, सुख, र खुशीयालीको एक गुण हो, जुन परिस्थितिद्वारा निश्चित गरिएको हुँदैन, तर हरेक अवस्था, चाहे असल वा खराब जे होस् यो निरन्तर गुणदायक हुन्छ, किनकि यसको आधार परमेश्वरनै हुनुहुन्छ।

प्रेरित पावलले फिलिप्पीहरूलाई आफ्नो अचम्भित पत्र लेख्दा उनी भ्यालखानमा थिए। यो पत्रलाई "आनन्दको पत्र" भनी धेरैपल्ट नाम दिइएको छ। चार अध्यायमा दुईपल्ट पावलले बताएका छन्, कि "जुनसुकै परिस्थितिमा म भए पनि त्यसैमा सन्तुष्ट रहन मैले सिकेको छु" (पदहरू १२-१३)। पावल भ्यालखानमा न्यायको निम्ति पर्खेर बसेका थिए। उनी आनन्दित भएर रहन सक्ने उनको स्रोत (मुहान) के थियो त? पवित्र आत्मानै उत्तर हुनुहुन्छ - उहाँले पावलमा आनन्दको फल उत्पादन गर्नुभयो। पावलको आनन्दको आधार येशू ख्रीष्टसँग भएको उनको सम्बन्ध थियो।

**१**. तल दिइएका बाइबलका पदहरूलाई पढ्नुहोस् र पावलले आनन्द प्रकट गर्नुको कारण के थियो उल्लेख गर्नुहोस्।

**क.** फिलिप्पी १:३ ..........................................................

**ख.** १:१८ ..........................................................

**ग.** १:२५ ..........................................................

**घ.** २:२ ..........................................................

तपाईंले यो चालपाउनुहुन्छ, कि पावलको आनन्द उनको परिस्थिति वा शारीरिक अवस्थामाभन्दा ख्रीष्टमा भएको उनको आफ्नो स्थानसँग सम्बन्धित थियो। *ग्रीक शब्द चर* ले दैविक अनुग्रहको पनि सम्बोधन गर्छ। यसरी पावलको आनन्दको मुहान यस संसारको कुनै पनि ठाउँमा नपाइएर, परमेश्वरमा मात्र पाइएको थियो।

२. यिनीहरूमध्ये कुनचाहिँ बयानहरूले बाइबल आधारित आनन्दको उदाहरण दिन्छ?

**क.** इन्द्रियहरूलाई आनन्द दिने।

**ख.** परमेश्वरसँगको सम्बन्धमा आधारित महान् खुशीयाली।

**ग.** एक दैविक अनुग्रह।

**घ.** परिस्थितिहरूमा भन्दा ख्रीष्टमा भएको स्थानमा सम्बन्धित।

**ङ.** सबै कुराहरू ठीक प्रकारले गइरहेको बेलामा व्यक्तिगत आनन्दको अनुभव गर्नु।

**च.** आउने र जाने आनन्दको अनुभव।

**आनन्द भन्दा धेरै**

उद्देश्य २. *आत्मिक आनन्द के मा सम्बन्धित छ सो वर्णन गर्ने बयानहरूलाई छान्नुहोस्।*

आत्माको फल जस्तै आनन्द हाम्रा बाहिरीय परिस्थितिहरूमा भर पर्दैन। आत्मिक आनन्द कठोरतामा पनि स्थिर रहन्छ, किनभने पवित्र आत्माद्वारा यो भित्रबाटनै विकास भएको हुन्छ। प्रेरित पावलले थिस्सलोनिकीहरूलाई लेख्दा यो कुरा थाह गरेका थिएः "पवित्र आत्माको आनन्दसाथ, ज्यादै कष्टमा तिमीहरूले वचन ग्रहण गर्‍यौ" (१ थिस्सलोनिकी १:६)।

यो आनन्दलाई व्याख्या गर्नु सजिलो छैन, जसलाई प्रेरित पत्रुसले "अवर्णनीय र महिमित आनन्द"को रूपमा सम्बोधन गरेका छन् (१ पत्रुस १:८)। संसारले दिनसक्ने आनन्दभन्दा यो आनन्द धेरै महान् छ। निश्चयनै संसारमा नियमपूर्वकका आनन्दहरू छन्, तिनीहरूलाई आत्माको आनन्द भएको व्यक्तिले अझै प्रशस्तसँग उपभोग गरी आनन्द मनाउन सक्छ। तर आत्माको आनन्द शुद्ध मानविक आनन्दका सबै तहबाट छुट्याइएको हुन्छ। यो परमेश्वरमा भएको विश्वासको नतिजा होः "अब आशाका

परमेश्वरले, तिमीहरूलाई पवित्र आत्माको शक्तिमा, आशाचाहिँ प्रशस्त गरिदिनको निम्ति विश्वासमा सारा रमाहट र शान्तिले तिमीहरूलाई भरिपूर गरिदिऊन्'' (रोमी १५:१३)।

येशूलाई पच्छ्याउनेहरू आनन्दित मानिसहरू हुनुपर्छ। येशूलाई आफ्नो सम्पूर्ण जीवन समर्पण गर्ने र उहाँलाई व्यक्तिगत उद्धारकर्त्ता र मालिकको रूपमा चिन्ने व्यक्ति कहिल्यै पनि पहिलेको जस्तो हुँदै हुँदैन। लूका १०:२१ ले हामीलाई बताउँछ, कि येशू ख्रीष्ट पवित्र आत्माद्वारा पूर्ण आनन्दित हुनुहुन्थ्यो। भजन संग्रह ४५:७ मा ख्रीष्टको आनन्दको बारेमा भविष्यवाणी गरिएको छ, "यसकारण परमेश्वरले, तिम्रा परमेश्वरले तिम्रा साथीहरूभन्दा बढता गरेर आनन्दको (हर्षको) तेलले तिमीलाई अभिषेक गर्नभएको छ।''

ख्रीष्टको आनन्द लूका १०:२१ मा देखिएको छ, जब उहाँले आफ्ना पितालाई प्रकाशको दैविक उपायको निम्ति प्रशंसा गर्नुभएको थियो। एक हराएको भेडा पाइएकोमा उहाँले आनन्द मनाउनुभएको देखिन्छ। (लूका १५:५)। यूहन्ना १५:११ र १७:१३ मा उहाँले आफ्नो आनन्द आफ्ना विश्वासीहरूमाथि प्रदान गर्नुभएको छ। उहाँको महान् आनन्दले उहाँलाई क्रूसमा स्थिर गराएको थियोः "अनि विश्वासका कर्त्ता र सिद्ध तुल्याउनुहुने येशूलाई हेरौं। जसले उहाँको सामुन्ने राखिएको आनन्दको निम्ति शर्मलाई घीन गरेर क्रूसको शासना भोग्नुभयो'' (हिब्रू १२:२)।

**३.** ख्रीष्टको आनन्दले यो धारणा समर्थन गर्छ, कि ख्रीष्टियानको आनन्दको आधार के मा छ?

**क.** जीवनका असल कुराहरूमा।

**ख.** परमेश्वरसँगको व्यक्तिगत सम्बन्धमा।

**४**. आत्मिक आनन्द के कुरामा बढी सम्बन्धित छ भनी तलका कुन कुन बयानहरूले व्याख्या गरेका छन्?

**क**. बाहिरीय परिस्थिति।
**ख**. भित्र बासगर्नुभएको पवित्र आत्मा।
**ग**. ख्रीष्टमा हाम्रो स्थान।
**घ**. साथीहरूसँग हुनु।
**ङ**. आनन्दित अवसरहरू।
**च**. परमेश्वरमा विश्वास।

**आनन्दका मुहानहरू**

उद्देश्य ३. *आत्मिक आनन्दका मुहानहरूसँग सम्बन्धित भएका ठीक बयानहरूका परिचय दिनुहोस्।*

सबै मानविक आनन्द मानविक प्रेमबाट बहन्छः जीवनको निम्ति, मानिसको निम्ति, र कामको निम्तिको प्रेम। आत्माको स्वर्गीय प्रेम हाम्रो हृदयमा बहदा यस्तैनै हुन्छ। यसको नतिजाचाहिँ माथिबाटको आनन्द हो। प्रेम छैन भने आनन्द पनि हुँदैन। प्रेमलाई भाँच्ने जुनसुकै कुराले पनि आनन्दलाई नाश गर्छ। मानविक आनन्द बितिजाने कृतिम र सीमित हुन्छ, किनभने मानविक संसारमा सबैकुरा परिवर्तन हुन्छ। तर स्वर्गीय संसार परिवर्तनको अधीनमा छैन। जब परमेश्वर हाम्रो आनन्दको स्रोत हुनुहुन्छ, यसको बगाइलाई केही कुराले पनि रोक्न सक्तैन। यो निरन्तर रहने आनन्द हो, किनभने यो उहाँमा शुरू हुन्छ।

त्यहाँ आत्मिक आनन्दका अरू धेरै मुहानहरू छन् जसलाई हामी विचार गर्नेछौं। जब तपाईंले हरेकको बारेमा विचार गर्नुहुन्छ, यसलाई आफ्नो अनुभवसँग मिलाउनुहोस्। के तपाईंले साँचो आनन्दका यी स्रोतहरू (मुहानहरू) लाई पत्ता लगाउनुभएको छ?

**उद्धार**

ए. बी. शिम्पसनले सुझाव दिनुभएको छ, कि प्रभुको आनन्द उद्धारको निश्चयता र आत्माको बहाइमा पाउनसकिन्छ। जब कुनै व्यक्तिले आफ्ना सबै पापको निम्ति क्षमा पाउँछ, सारा संसारको भारनै उसको काँधबाट उचालिएको जस्तो यो हो। जब येशू ख्रीष्ट जीवनमा आउनुहुन्छ, उहाँले अवर्णनीय आनन्द पनि ल्याउनुहुन्छ। त्यसैलेनै हाम्रा उद्धारकर्त्ता येशू ख्रीष्टको जन्ममा त्यहाँ ठूलो आनन्द भएको थियो (लूका २:१०-११)। त्यसैलेनै संसारमा ख्रीष्टलाई ल्याउन परमेश्वरकी चुनिएकी पात्र हुनपाएकोमा मरियमले आनन्द मनाएकी थिइन् (लूका १:४६-४९)। दाऊदले, आफ्ना धैरै भजनहरूमा आफ्नो उद्धारको निम्ति आनन्दको प्रकट गरेका छन्। "तर मैले ता तपाईंको करूणामा भरोसा गरेको छु; तपाईंले गर्नुहुने उद्धारमा मेरो हृदय रमाउने छ" (भजन १३:५; ३१:७,३२:११,३५:९ पनि हेर्नुहोस्)। यी पदहरूका विषयवस्तुले संकेत गर्छन्, कि तिनीहरूमध्ये केही दाऊदको जीवनका निराशपना र विपत्तिका समयमा लेखिएका थिए - र पनि उनी प्रभुको उद्धारमा रमाउन सकेका थिए।

उद्धारको निम्ति भएको आनन्द यशैया ६१:१० मा पनि वर्णन गरिएको छः "म परमप्रभुमा साह्रै आनन्दित हुनेछु। मेरो आत्माले मेरा परमेश्वरमा आनन्द मनाउने छ, किनकि उहाँले मलाई मुक्तिको पोशाक पहिराउनुभएको छ, र उहाँले मलाई धर्मको वस्त्रले ढाक्नुभएको छ।"

**परमेश्वरका शक्तिशाली कार्यहरू**

बाइबल परमेश्वरको प्रकाश हो, जहाँ उहाँले मानिससँगको आफ्नो सङ्गति पुनर्स्थापना गर्न कार्य सञ्चालन गर्नुभएको छ। पूरा पुरानो नियमभरिनै परमेश्वरलाई प्रेम गर्ने र उहाँको सेवा गर्ने मानिसहरूका जीवनमा परमेश्वरले काम गर्नुभएको हामी देख्छौं।

परमेश्वरले इस्राएल राज्यलाई सुरक्षित राख्नुहुँदा हाम्रो निम्ति यो कार्य गर्नुभएको थियो, जहाँबाट मसीह (ख्रीष्ट) आउनुपर्ने थियो। उहाँले हाम्रा पापहरूको निम्ति उद्धारकको रूपमा आफ्ना एक मात्र पुत्रलाई दिएर हाम्रो निम्ति कार्य गर्नुभएको थियो। उहाँले शुरूको मण्डलीमा पवित्र आत्माको शक्तिद्वारा, पापको दोषी ठहऱ्याएर, धेरैलाई पश्चातापमा ल्याएर, आफ्नो वचनको प्रचारलाई इज्जत दिएर, र पवित्र आत्मामा बप्तिस्मा गराएर काम गर्नुभएको थियो। लूकाले संकलन गरेका यी घटनाहरूलाई सामान्यतया "प्रेरितहरूका कामहरू" भन्ने नाम दिइएको छ, तर यो आत्माले भरिएका मानिसहरूका जीवनमा परमेश्वरले गर्नुभएका महान् कार्यहरूको एक वास्तविक संकलन हो, जुन मानिसहरू परमेश्वरद्वारा प्रयोग गरिएका थिए।

परमेश्वरले आज पनि हामीहरूका बीचमा काम गरिरहनुभएको हामी देख्छौं, उहाँले हामीले उहाँको निम्ति जितेका मानिसहरूका जीवनमा र हाम्रा आफ्नै जीवनमा पनि पापहरूको क्षमा दिएर, रोगी शरीरहरूलाई निको पारेर, दुष्ट बानीहरूबाट स्वतन्त्र तुल्याएर, र हाम्रा सबै खाँचोहरू पूरा गरेर काम गरिरहनु भएको छ। हाम्रा हृदयमा ठूलो आनन्द ल्याउनको निम्ति यी सबै कारणहरू समावेश छन्।

**५**. प्रेरित ८:५-८ पढ्नुहोस्। सामरियामा किन ठूलो आनन्द थियो? ..........................................................................

..........................................................................................

**पवित्र आत्मा**

आनन्द शुरूको मण्डलीका विश्वासीहरूको दैनिक चरित्र थियो। किन? किनभने तिनीहरू पवित्र आत्मामा भरिएका थिए। आनन्द पवित्र आत्माको उत्पादन (फल) हो, जो विश्वासीभित्र

बासगर्नुहुन्छ। आनन्द उहाँको स्वभावको भागनै हो! प्रेरितको पुस्तकमा संकलन गरिएको शुरूको मण्डली इतिहासले प्रकट गरेको छ, कि विश्वासीहरूले पवित्र आत्मामा ठूलो आनन्दको अनुभव गरेका थिए। यसको अर्थ तिनीहरूले कहिल्यै पनि निराश वा डर वा एक्लोपनको महसूस गरेनन् भन्ने होइन। तर तिनीहरूले सिकेका थिए, कि सबै परिस्थितिमा आफूसँग बासगर्नुभएका आत्मासँगै रहेको आनन्द तिनीहरूको शक्तिको मुहान बनेको थियो, र त्यही आनन्दलेनै तिनीहरूलाई निराश ल्याउने परिस्थितिहरूबाट माथि उचाल्न सहायता गरेको थियो। एक विश्वासीले आफू आत्मासँगै बाँधिएर जिएको महसूस गरी जिउँछ भने आनन्द उसको अनुभवको एक भाग हुन्छ।

**६**. प्रेरित २:४६; १३:५२ र रोमी १४:१७ पढ्नुहोस्। तल दिइएकाहरूमध्ये कुनचाहिँ बाइबलका यी पदहरूमा उत्तम प्रकारले प्रकट गरिएको छ?

**क**. आनन्द, आत्मामा भरिपूर भएको एक व्यक्तिको साधारण अनुभव हो।

**ख**. आत्मामा भरिपूर भएको व्यक्तिलाई पनि प्रभुको आनन्द कायम राख्न कठिन पर्छ।

**परमेश्वरको उपस्थिति**

परमेश्वर आफैनै सबै आनन्दको मुहान हुनुहुन्छ। "मेरो प्राणले परमप्रभुको प्रशंसा गर्दछ, अनि मेरो आत्मा परमेश्वर, मेरा मुक्तिदातासँग खुशी भएको छ" (लूका १:४६-४७)।

"प्रभुमा सधैं आनन्द गर" (फिलिप्पी ४:४)। परमप्रभुको उपस्थितिले आनन्द ल्याउँछ (भजन १६:११)। यूहन्ना २०:२० मा हामी पढ्छौं, कि चेलाहरूले प्रभुलाई देखेर अति खुशी भए। परमप्रभुको घरमा रहनाले आराधना गर्ने व्यक्तिमा आनन्द आउँछः

"जब तिनीहरूले मलाई 'परमप्रभुको भवनमा जाऔं' भने तब म रमाएँ'' (भजन १२२:१)।

परमेश्वरको वचन पढ्नाले, सुन्नाले, मनन गर्नाले, यसमा जिउनाले, आज्ञा पालन गर्नाले, र प्रेम गर्नाले पनि आनन्द ल्याउँछ। "तपाईंका वचन पाइए अनि मैले ती खाएँ, तपाईंका वचन मलाई रमाहट र मेरो हृदयलाई आनन्द दिने कुरा भए, किनभने हे सेनाहरूका परमप्रभु तपाईंको नाउँले म कहलाइन्छु'' (यर्मिया १५:१६)। बाइबलका धेरै पदहरूले आनन्द र प्रार्थनालाई सँगसँगै राखेका छन् (एफिसी ५:१९-२०; कलस्सी १:११-१२; १ थिस्सलोनिकी ५:१६-१८; यूहन्ना १६:२४; १ इतिहास १६:१०; यशैया ५६:७; भजन ४०:१६; १०५:३ हेर्नुहोस्)। परमप्रभुको प्रशंसा र आराधना गर्नाले र उहाँ प्रशंसाको योग्य हुनुहुन्छ भनी स्वीकार गर्नाले हाम्रो भित्र हृदयमा आनन्दको मुहान उम्रन्छ।

## परमेश्वरको आशिष

हामीमा आउने परमेश्वरको आशिष आनन्दको अर्को मुहान हो। "परमप्रभुले हाम्रा निम्ति महान् काम गर्नुभएको छ, र हामी आनन्दित छौं'' (भजन १२६:३)। परमेश्वरमाथिको हाम्रो भरोसाले हामीलाई आनन्दित तुल्याउँछ, जब हामी हाम्रो प्रत्येक खाँचो पूरा गर्ने उहाँको प्रशस्तताको महसूस गर्छौं (रोमी १५:१३)। उहाँले अरूहरूद्वारा पनि हामीलाई आशिष दिनुहुन्छः "किनकि यो सबै आनन्द जो तिमीहरूका खातिर परमेश्वरको सामुन्ने हामीमा छ, त्यसको बदलामा परमेश्वरमा हामीले फेरि कसरी धन्यवाद चढाऔं?'' (१ थिस्सलोनिकी ३:९)।

**हाम्रो महिमित (आशिषित) आशा**

रोमी १२:१२ ले हामीलाई "आशामा आनन्द गर, सङ्कष्टमा स्थिर रहो, प्रार्थनामा अटूटसँग लागिरहो" भन्ने अर्ती दिएको छ। यो आशाचाहिँ के हो त? तल दिइएका यी पदहरूले हामीलाई उत्तर दिन्छन्ः

१. प्रेरित २४:१५ - "अर्थात् धर्मी र अधर्मीहरूसमेतको पुनरूत्थान हुन्छ भन्ने आशा परमेश्वरतर्फ राखेको छु।"

२. तितस २:१३ - "त्यस उज्ज्वल आशा, र हाम्रा महान् परमेश्वर र उद्धारकर्त्ता येशू ख्रीष्टको महिमित आगमनको बाटो हेर्दै।"

३. हिब्रू ६:१९-२० - "जो हामीलाई प्राणको लङ्गर जस्तो छ, अर्थात् एउटा आशा, जो स्थिर र दृढ दुवै, पर्दादेखि भित्रको स्थानसम्मै पुग्छ, जहाँ येशू हाम्रा निम्ति अगुवाजस्तै भई भित्र पस्नुभएको छ।"

४. रोमी ५:२-५ - "र परमेश्वरको महिमाको आशामा हामी आनन्द गरौं। तर सङ्कष्टले धीरज उत्पन्न गराउँछ भनी जानेर, हामी सङ्कष्टहरूमा पनि आनन्दित होऔं; अनि धीरजले सदाचार, र सदाचारले आशा, र आशाले निराश गराउँदैन, किनभने हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ।"

येशू ख्रीष्टसँगको हाम्रो भविष्यको महिमाको आशा उहाँ मुर्दाबाट बौरिउठ्नुभएको पुनरूत्थानमा आधारित छ (१ पत्रुस १:३)। हामी यस असिद्ध जीवनबाट परमेश्वरको उपस्थितिमा अनन्त जीवनमा जानेछौं भन्ने हाम्रो आशाको कारणले गर्दा हामीले सामना गर्नुपर्ने जुनसुकै परिस्थितिमा पनि हामी आनन्दित हुनसक्छौं। एक बाइबल विद्वान्ले रोमी ५:२-५ लाई यसरी टिप्पणी गरेका छन्,

"ख्रीष्टियान आनन्दमा आशा एक महत्वपूर्ण तत्व हो - आशाले विश्वासीहरूलाई सङ्कष्टमा पनि आनन्द गर्न सहायता गर्छ, स्थिरताले आशालाई बलियो बनाउँछ।"

## दिनुमा आनन्द

हामी दिनुमा आनन्द पाउँछौं। "खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ।" उहाँले "तिमीहरूका धार्मिकताको फल बढाउनुहुनेछ" (२ कोरिन्थी ९:७,१०)। "प्रभु येशूले भन्नुभएको कुरा सम्झनुपर्छ, कि कसरी उहाँ आफैले भन्नुभएको छः 'लिनुभन्दा दिनु अझ असल हो' " (प्रेरित २०:३५)। के तपाईंले यो सत्य हो भनी पत्ता लगाउनु भएको छ? येशूले भन्नुभयो "देओ, र तिमीहरूलाई दिइनेछ। पूरा नाप खाँदी खाँदी, बेसरी हल्लाएर पोखिने गरी तिमीहरूको पोल्टामा दिइनेछ" (लूका ६:३८)। यसरी दिने कामबाट केवल हामीहरूले आशिष मात्र पाउने होइनौं, तर हामीले दिएको नतिजा स्वरूप परमेश्वरले हामीहरूलाई आशिष दिनुहुन्छ।

## स्वर्गदूतहरू

स्वर्गदूतहरूले ख्रीष्टियानको आनन्दलाई बढाउँछन्। हो स्वर्गदूतहरूले ! परमेश्वरले तिनीहरूलाई निर्देशन दिनुभएअनुसार तिनीहरूले जतातत‍ै परमेश्वरका भक्तजनहरूलाई सेवा पुऱ्याउँछन्। भजन ३४:७ मा हामीलाई भनिएको छ, कि परमप्रभुको डर मान्नेहरूलाई परमप्रभुका स्वर्गदूतहरूले छुटकारा दिन्छन्। प्रेरित १२:११ मा प्रेरित पत्रुसले स्वीकार गरेका थिए, कि उनलाई झ्यालखानबाट छुटकारा दिनलाई परमेश्वरले आफ्नो दूत पठाउनुभएको थियो। दुष्ट राजा नबूकदनेसरले महसूस गरेका थिए, कि परमेश्वरले तीन हिब्रू मानिसहरूलाई आगोको भट्टीबाट छुटकारा गर्नलाई आफ्नो स्वर्गदूत पठाउनुभएको थियो (दानियल ३:२८)। भजन ९१:९-११ मा हामीलाई यो प्रतिज्ञा दिइएको

छः “यदि तिमीले परमप्रधानलाई आफ्नो बासस्थान तुल्याएका छौ भने तब तिमीमाथि कुनै खराबी आउने छैन, किनकि उहाँले आफ्ना दूतहरूलाई तिम्रा सबै मार्गमा रक्षा गर्नलाई कडा आज्ञा दिनुहुनेछ।”

पापीहरूले पश्चात्ताप गर्दा स्वर्गदूतहरूले आनन्द मनाउँछन् (लूका १५:१०) तिनीहरूले निरन्तररूपमा परमेश्वरको प्रशंसा र आराधना गरिरहन्छन्। यो आनन्दमय कार्य हो (भजन १४८:२; प्रकाश ५:११)।

७. आत्मिक आनन्दको मुहानसँग सम्बन्धित भएका ठीक बयानहरूका अगाडिका अक्षरमा घेरा लगाउनुहोस्।

**क.** मानविक आनन्द भन्दा भिन्नै किसिमको आत्मिक आनन्द परिवर्तनको अधीनमा हुन्छ।

**ख.** मानविक आनन्द र आत्मिक आनन्द दुवै प्रेमबाट बहन्छन्।

**ग.** आत्मिक आनन्दको आधार परमेश्वर हुनुहुन्छ।

**घ.** मरियमको आनन्द उनको इज्जत पाउने इच्छासँग सम्बन्धित थियो।

**ङ.** महान् आनन्द ले यो महसूसलाई पच्छयाउँछ, कि परमेश्वरले हाम्रो खातिरमा काम गरिरहनुभएको छ।

**च.** दिनुमा आनन्द विशेष गरी फर्किएर हामीले पाउने कुरामा सम्बन्धित छ।

**छ.** आनन्द, आत्मामा भरिएको विश्वासीको सामान्य अनुभव हो।

**ज.** आत्मामा भएको जीवनको प्रत्येक भाग विश्वासीको आनन्दको मुहान हुनैपर्छ।

**झ.** ख्रीष्टियानको आनन्द उसको आशामा आधारित छ, कि एकपल्ट उसले ख्रीष्टलाई स्वीकार गरेपछि उसको दैनिक जीवन समस्याहरूबाट स्वतन्त्र हुन्छ।

८. व्यक्तिगत उन्नतिको निम्ति, तपाईंको आफ्नो अभ्यास पुस्तिकामा आनन्दको प्रत्येक मुहानको सूची बनाउनुहोस्। प्रत्येकको निम्ति दिइएका पदहरूलाई हेर्नुहोस् र तपाईंलाई सबैभन्दा बढी अर्थपूर्ण लागेको हरेकको पद छान्नुहोस् मुहानको सूची बनाइएको अर्कोपट्टि यसलाई लेख्नुहोस्। तपाईंले पत्तालगाउनु भएका कुराहरूलाई ख्रीष्टमा तपाईंले अनुभव गर्नुभएको आनन्दको साक्षीको रूपमा अर्को कुनै व्यक्तिसँग बाँड्नुहोस्।

## दुःख र आनन्द

उद्देश्य ४. *बाइबलका पदहरूमा आधारित गरेर, किन ख्रीष्टियानहरूले सङ्कष्टको समयमा पनि आत्मिक आनन्दको अनुभव गर्नसक्छन् कारणसहित उल्लेख गर्नुहोस्।*

एक ख्रीष्टियानको जीवनमा दुःख र आनन्दको बीचमा एक बलियो बन्धन बाँधिएको छ। चरित्र सम्बन्धी येशू ख्रीष्टले दिनुभएको शिक्षा यस्तो थियो, कि परमेश्वरको निम्ति संसारका सबै अन्यायहरू सहनेलाई एकदिन उहाँले इनाम दिनुहुनेछ। (मत्ती ५:३-११)। बाइबलका धेरै पदहरूले दुःख र आनन्दको बीचमा सम्बन्ध जोडाएका छन्। उदाहरणको लागि यिनीहरूलाई विचार गर्नुहोस्ः

> हे मेरा भाइ हो, तिमीहरू अनेक किसिमका परीक्षाहरूमा पर्दा पूरा आनन्द सम्झ यो जानेर, कि तिमीहरूको विश्वासको जाँचले धीरज उत्पन्न गराउँछ (याकूब १:२,३)।

> पवित्र आत्माको आनन्दसाथ, ज्यादै सङ्कष्टमा तिमीहरूले वचन ग्रहण गर्‍यौ (१ थिस्सलोनिकी १:६)।

किनकि झ्यालखानमा परेकाहरूलाई तिमीहरूले सहानुभूति देखाएर तिमीहरू दुःखित भयौ। अनि तिमीहरू आफैकहाँ उत्तम र रहिरहने अर्को एउटा सम्पत्ति छ भन्ने जानेर तिमीहरूका धन-सम्पत्ति आनन्दसँग लुट्न दियौ (हिब्रू १०:३४)।

हेर, हामी ता धीरज धर्नेहरूलाई धन्यका भन्छौं (याकूब ५:११)।

तर ख्रीष्टको शासनाहरूको सहयोगी भएर रमाओ, र उहाँको महिमा प्रकट हुँदाखेरि तिमीहरू पनि हर्षित र आनन्दित होओ (१ पत्रुस ४:१३)।

प्रकाशको पुस्तकमा वर्णन गरिएका डरलाग्दा घटनाहरूको बीचमा पनि स्वर्गमा रमाहट (आनन्द) भएको कुराको वर्णन गरिएको छ (प्रकाश १२:११-१२; १८:२०; १६:६-७ हेर्नुहोस्)। "यस वर्त्तमान समयको दुःख हामीलाई पछि प्रकट हुन आउने महिमासँग तुलना हुने योग्यको छैन भन्ने जानेर हामी यस संसारमा छँदैखेरि पनि हामी आनन्दित हुनसक्छौं" (रोमी ८:१८)।

तपाईंले बाइबलका यी पदहरूमा देख्नुहुनेछ, कि ख्रीष्टियानको आशामा सम्बन्धित भएको आनन्द, यस जीवनको परीक्षा र सङ्कष्टमा विजयी प्राप्त गरेपछि, उसको स्वर्गमा हुने महिमित आशामा आधारित छ।

सुसमाचारको घोषणामा परमेश्वरप्रति आज्ञाकारी भएका हुनालेनै शुरूका ख्रीष्टियानहरूले धेरै सतावट भोग्नुपरेको थियो। तर यसले तिनीहरूबाट तिनीहरूको आनन्द खोसेर लान सकेन! प्रेरित १३ मा हामी पाउँछौं कि चेलाहरूले सुसमाचार प्रचार गरेका शहरमा तिनीहरूलाई सतावट दिएर शहर छोड्न कर लगाइएको थियो। र पनि ५२ पदले हामीलाई बताउँछ, कि "अनि चेलाहरू आनन्द र पवित्र आत्माले परिपूर्ण भए"। फेरि प्रेरित ५:४१ मा

हामी पढ्छौं, कि "तब 'उहाँका नाउँमा अपमान सहनु सौभाग्यको कुरो हो' भनी सम्झी तिनीहरू रमाउँदै महासभाबाट गए।" र प्रेरित १६:२५ मा यो भनिएको छ, कि कुटाइ पाएर झ्यालखानमा हालिएपछि, पावल र सिलासले परमेश्वरमा प्रार्थना र भजनहरू गाइरहेका थिए। पावलको जीवनले उनको हृदयमा पवित्र आत्माको निरन्तर आनन्द थियो भन्ने कुराको प्रमाण दिन्छ। अरूहरूलाई ख्रीष्टको सुसमाचार सुनाउनको लागि उनले खुशीसँग धेरै सङ्कष्टहरूलाई सहेका थिए। उनले रोममा आफू बसेको झ्यालखानबाट लेखेका थिए, "प्रभुमा सधैं आनन्द गर। म फेरि पनि भन्छु आनन्द गर!" (फिलिप्पी ४:४)।

येशू ख्रीष्टले गेतसमनी र कलवरीको छायाँको सामना गर्नुपरेको थियो, जुनचाहिँ, दुःख, लाज र मृत्यु हो। तैपनि उहाँले अन्तिम निस्तार चाडपछि र आफ्ना अभियोगीहरूका सामना गर्नु अघाडि आफ्ना चेलाहरूसँग गाउनुभयो (मत्ती २६:३०)। उहाँले कसरी यस्तो अवस्थामा गाउनसक्नुभयो? यो उहाँमा भएको शक्तिको कारणले हो किनभने उहाँ पवित्र आत्माले परिपूर्ण हुनुहुन्थ्यो र यसैलेनै यो सम्भव भएको हो। जब म निराश अवस्थामा पुग्छु, म आफैले आफैलाई यो कुराको सम्झना गराउन आवश्यक छ, कि येशू, "जसले उहाँको सामुन्ने राखिदिएको आनन्दको निम्ति शर्मलाई घिन गरेर क्रूसको शासना भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि बस्नुभएको छ। पापीहरूबाट उहाँको विरूद्धमा भएको यतिका विवादहरू सहनुहुनेलाई विचार गर, अनि मन शिथिल भई तिमीहरू थाकेर नजाओ" (हिब्रू १२:२-३)।

जब कुनै स्त्रीले एक बालकलाई जन्म दिन्छिन्, धेरैपल्ट तिनले दुखाई र कष्टको अनुभव गरेकी हुन्छिन्। यी सबै कुराहरू भएर गए पनि तिनको हृदयमा आनन्द हुन्छ, किनकि तिनको दुखाइ छिट्टै सकिन्छ र तिनीले गरेको मेहनतको इनाम नयाँ जन्मेको छोरा वा छोरीमा आनन्द प्राप्त गर्दा पाइन्छ भन्ने तिनमा ज्ञान भएको हुन्छ। यदि हामीले हाम्रा सङ्कष्टमा धीरज गर्‍यौं भने

हाम्रा प्रभुको महिमाको प्रकट हुँदा यो मानविक आनन्द हामीले अनुभव गर्ने आनन्दको एक सीमित उदाहरण मात्र हो। हाम्रो अगाडि हामीहरूको निम्ति राखिएको कुरा हामीलाई थाह भएको हुनाले, हामीले अहिल्यै नै आनन्द मनाउन सक्छौं।

६. यस खण्डमा दिइएका बाइबलका पदहरूमा आधारित गरी किन ख्रीष्टियानहरूले सङ्कष्टको समयमा पनि पवित्र आत्माको निरन्तर आनन्द अनुभव गर्न सक्छन्? तपाईंको आफ्नो अभ्यास पुस्तिकामा आफ्नो उत्तर लेख्नुहोस्।

**आनन्दका बाधाहरू**

उद्देश्य ५. *तपाईंको आफ्नो जीवनमा प्रयोग गर्न सकिने सिद्धान्तको उल्लेख गर्नुहोस्, जसले तपाईंलाई आत्माको आनन्दको अनुभव गर्नलाई बाधा ल्याउने स्वभावबाट बचाउँछ।*

निराश र अआनन्दित मानिसहरूले जीवनको निम्ति आफ्ना जोश गुमाउँछन्। हामी भजन संग्रह १३७ मा यसको उदाहरण पाउँछौं। इस्राएलीहरू बाबेलमा प्रवासी भएका थिए। तिनीहरू यति निराश भएका थिए, कि तिनीहरूलाई गीत गाउने मनै थिएन - तिनीहरू बसे र रोए! जब तिनीहरू आफ्नै देशमा थिए, तिनीहरू धेरै परिश्रम गर्दथे, तर अब निराशको दवावमा तिनीहरू पूरै निष्कृय भए। तिनीहरूले देख्नसक्ने कुरा केवल तिनीहरूको वर्तमान अवस्था थियो - बितेका दिनहरूमा परमेश्वरले तिनीहरूलाई छुटकारा गर्नुभएका सबै समयहरूलाई तिनीहरूले बिर्से।

निराश र शंका यस्ता स्वभावहरू हुन्, जसले आत्मिक आनन्दमा बाधा ल्याउँछन्। लूका २४:१७ ले हामीलाई बताउँछ कि येशूका दुई चेलाहरू आनन्द बिनाका थिए। तिनीहरूको अनुहार खिन्न देखिन्थ्यो। तिनीहरू निराशले यति भरिएका थिए,

कि येशू तिनीहरूका नजीक जाँदा पनि, तिनीहरूले उहाँलाई चिनेनन् (पद १६)। पुनरूत्थान भएको बिहान मरियम मग्दलिनीलाई पनि निराश र खिन्नताले छोपेको थियो। येशू तिनको नजीकै आएर तिनीसँग बोल्नुभयो (यूहन्ना २०:१५)। तिनले उहाँलाई चिन्दै चिनिनन्!

हामीले पहिलेनै उल्लेख गरिसकेका छौं, कि आत्मिक आनन्दको जग (आधार) परमेश्वरमा छ। परमेश्वरसँगको हाम्रो सङ्गतिलाई बाधा दिने जेसुकै कुराले पनि हाम्रो आनन्द लुट्दछ। तितोपना, क्रोध, प्रेमको कमी, गलत इच्छाहरू, र यस्तै अरू स्वभाव र चरित्रहरू, जुन शरीरका कामहरू हुन्, यिनीहरूले हामीबाट परमप्रभुको आनन्द लैजान्छन्। तर यदि हामीले प्रभुसँग ठीक सम्बन्ध कायम राख्यौं भने, हामीभित्र हुनुभएका उहाँका आत्मा आनन्दका निरन्तर स्रोत हुनुहुन्छ।

**१०.** इस्राएलीहरू बाबेलको प्रवासमा भएका बेलामा उल्लेख गरिएका आनन्दका स्रोतहरूमध्ये कुनचाहिँले तिनीहरूलाई निराशाबाट बचाउन सक्थ्यो?

**क.** भविष्यको महिमाको आशा।
**ख.** परमेश्वरले गर्नुभएका महान् कामहरूको याद गरेर।
**ग.** स्वर्गदूतहरूबाट छुटकारा पाएर।

**११.** मरियम मग्दलिनी र चेलाहरूले येशूलाई चिन्न नसकेको समयमा तिनीहरूको निम्ति आनन्दको कस्तो स्रोत उपलब्ध थियो?

**क.** प्रभुको उपस्थितिमा भएर।
**ख.** पवित्र आत्माको शक्तिको भरिपूरिमा भएर।
**ग.** एक अर्काको निम्ति तिनीहरूको मानव प्रेम।

**१२**. तपाईंको आफ्नो जीवनमा प्रयोग गर्न सकिने, सिद्धान्तको उल्लेख गर्नुहोस्, जसले तपाईंलाई प्रभुको आनन्दको अनुभव गर्नलाई बाधा ल्याउने स्वभावबाट बचाउँछ। ..........................

..........................................................................................


**आनन्दका नतिजाहरू**

उद्देश्य ६. *हाम्रो प्रकट, वर्णन, र स्वभावका सम्बन्धमा आनन्दका केही नतिजाहरूको वर्णन गर्नुहोस्*

जब पवित्र आत्माले हाम्रो जीवनमा आत्मिक आनन्द उत्पन्न गर्नलाई काम गर्नुहुन्छ, हामी केही सकारात्मक नतिजाहरूको आशा गर्न सक्छौं। पवित्र आत्माद्वारा हाम्रो चरित्रमा उत्पादन भएका परिवर्तनहरू परिस्थितिहरूप्रति हाम्रो प्रतिक्रिया र अरू मानिसहरूसँगको हाम्रो बोलीचालीमा स्पष्ट देखिन्छन्। यहाँ विश्वासीको स्वभावमा आनन्दको फलबाट आउने नतिजाहरूका केही उदाहरणहरू छन्।

*सर्वप्रथम, हाम्रो आनन्दित अनुहार हुन्छ।* के तपाईंले यस्ता ख्रीष्टियानहरूलाई भेट्नुभएको छ जसका अनुहार प्रभुको आनन्दले चम्केको जस्तो देखिन्छ? तिनीहरूका वरिपरि हुँदा तपाईंलाई पनि आनन्दको अनुभव हुन्छ, हुँदैन र? हित्तोपदेश १५:१३ ले बताउँछ, "प्रसन्न हृदयले मुख उज्यालो पार्छ, दुःखित हृदयले आत्मालाई चूर्ण पार्छ।" आनन्दित व्यक्तिमा प्रसन्न हृदय हुन्छ। एक व्यक्तिको भित्री भावनाहरू उसको अनुहार वा उसका स्वभावहरू वा चरित्रबाट धेरै पल्ट व्यक्त गरिएको हुन्छ। उसको हृदयमा गहिरो रूपले अनुभव गरिएको कुरा उसको प्रकट स्वभावमा वर्णन गरिएको सजिलैसँग पत्ता लागिहाल्छ। परमप्रभुको आनन्दले भरिएको एक ख्रीष्टियानले त्यो आनन्द सजिलैसँग बाहिर देखाएको र एक अर्कालाई बाँडिको हुन्छ।

ख्रीष्टियान विश्वासको एक आधुनिक शत्रुले येशूको बारेको आफ्नो न्यायलाई यी शब्दहरूमा वर्णन गरेका छन्ः "उहाँका चेलाहरू अझै छुटकारा पाएका जस्ता देखिऊन।" जब एउटी केटी प्रेममा हुन्छिन्, आफूले प्रेम गरेको व्यक्तिको बारेमा विचार गरेकी हुनाले तिनीमा विशेष किसिमको उज्ज्वलता हुन्छ। यदि हामी ख्रीष्टलाई प्रेम गर्छौं भने, उहाँको सुन्दरता हामीमा प्रकट भएको हुन्छ, र हाम्रो अनुहार उज्ज्वल हुन्छ, किनभने हामी "उहाँका स्वरूपमा महिमाको एक तेजबाट अर्को तेजतिर बदलिएर जान्छौं" (२ कोरिन्थी ३:१८)।



एक आनन्दित हृदयले तपाईंलाई दिन्छ-

- चम्किलो अनुहार
- भजन (गीत)
- दैविक शक्ति

*दोस्रो, हामीमा आनन्दित भजन हुन्छ।* एक धन्यवादी, आनन्दित हृदय परमप्रभुमा भजन र प्रशंसा गरेर प्रकट गराइन्छ। भजनसंग्रह १४९ यसको एक उदाहरण होः "परमप्रभु आफ्ना प्रजासँग खुशी हुनुहुन्छ; उहाँले नम्रहरूलाई मुक्तिले शोभायमान गराउनुहुन्छ। भक्त जनहरू महिमाले उच्च पारिऊन र आनन्दले गाऊन" (पदहरू १,४-५)। पावलको उत्साह "आत्माले भरिपूर्ण भएका होओ। एउटाले अर्कोसँग भजन, गीत र आत्मिक गानमा बोल्दै प्रभुको निम्ति आफ्नो हृदयले गाउँदै र बजाउँदै, हर समय सबै कुराका निम्ति हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा उहाँलाई, अर्थात् परमेश्वर र पितालाई धन्यवाद चढाउँदै जाओ"

(एफिसी ५:१८-२०) भन्ने हो। याकूब ५:१३ ले भन्दछ, "तिमीहरूमा कोही आनन्दित छ? त्यसले प्रशंसाका भजनहरू गाओस्।" गानमा प्रशंसा गर्नु ख्रीष्टियान जीवनको एक सम्पत्ति, र आनन्दित हृदयको एक स्वाभाविक प्रतिक्रिया हो।

*तेस्रो, हामीमा दैविक शक्ति छ।* "परमप्रभुको आनन्दनै तिम्रो बल हो" (नहेम्याह ८:१०)। यरूशलेमको पुनःनिर्माणको सम्बन्धमा भएको एक डरलाग्दो असमझदारीको समयमा नहेम्याहलाई स्पष्ट पारिएको थियो, र परमप्रभुको आनन्दलेनै उनलाई योजनाअनुसार कार्य सञ्चालन गर्ने साहस दिएको थियो। आज संसार शक्ति (बल) को कमीले कष्टित भइरहेको छ। तर ख्रीष्टियानले आत्मिक बलको अपुगमा डराउनु आवश्यक छैन। पवित्र आत्माको आनन्दले परमेश्वरका जनहरूलाई यहाँ र अनन्ततामा चलाउन सक्नुहुन्छ। आत्मिक आनन्दले दैविक शक्तिको नतिजा ल्याउँछ।

**१३.** आनन्दले हाम्रो प्रकटलाई कसरी असर पार्छ व्याख्या गर्नुहोस्। ..........................................................

.........................................................................

**१४.** हामीले हाम्रो आनन्द कसरी प्रकट गर्नुपर्छ भनी बाइबलले हामीलाई बताउँछ? ..................................................

.........................................................................

**१५.** नहेम्याहले "परमप्रभुको आनन्दनै तिम्रो बल हो" (नहेम्याह ८:१०) भनी भन्दा के अर्थ दिएका थिए आफ्नै शब्दहरूमा व्याख्या गर्नुहोस्। ..........................................

.........................................................................

# आनन्दः अनुग्रहको फल

के तपाईंले आनन्दका नतिजा (फल) हरूको अनुभव गर्नुभएको छ? के तपाईंमा उज्ज्वल अनुहार, आनन्दको गान र दैविक शक्ति छ? हामीले यस पाठमा वर्णन गरेको आनन्दको पूर्णतालाई तपाईंले पवित्र आत्मामा रहेर उहाँद्वारा अनुभव गर्नसक्नुहुन्छ। तपाईंले प्रशस्ततामा उहाँको अनुग्रहको फल पाउनसक्नुहुन्छ? तपाईंले आफ्नो जीवनको हरेक अवस्थामा भरेर पोखिने किसिमको आनन्दद्वारा सबै कुरा सामना गर्नसक्नुहुन्छ! यो फललाई रोप्नुहोस्, र तपाईंको आनन्द अरूहरूसँग बाँड्नुहोस्।

**स्वयम्-जाँच**

**१. जोडा मिलाउनेः** तल दिइएको बायाँपट्टिको वर्णनसँग त्यसलाई व्याख्या गर्ने दायाँपट्टिको आनन्दको किसिमलाई जोडा मिलाउनुहोस्। दिइएको खाली ठाउँमा तपाईंले छान्नुभएको प्रत्येक उत्तरको अंक लेख्नुहोस्।

| | |
|---|---|
| ___ **क.** परिस्थितिहरूमा भर परेर परिवर्तनको अधीनमा भएको। | १) मानविक आनन्द |
| ___ **ख.** यसको आधार परमेश्वरसँगको सम्बन्धमा भएको हुन्छ। | २) आत्मिक आनन्द |
| ___ **ग.** दैविक अनुग्रह। | ३) दुवै मानविक र आत्मिक आनन्द |
| ___ **घ.** एक व्यक्ति आनन्दित हुने कुरामा भरपर्छ। | |
| ___ **ङ.** ख्रीष्टियान चरित्रको एक भागको रूपमा खुशी र महान् आनन्दद्वारा परिचित गराइन्छ। | |
| ___ **च.** सङ्कष्ट वा वेदनाद्वारा बलियो पारिएको। | |
| ___ **छ.** प्रेमबाट बग्छ। | |

**ठीक-बेठीकः** यदि बयान ठीक हो भने दिइएको खाली ठाउँमा ठी लेख्नुहोस्। यदि बयान बेठीक हो भने दिइएको खाली ठाउँमा बे लेख्नुहोस्।

___ **२.** मानविक आनन्द सबैजसो मानिसहरूको निरन्तर अनुभव हो।

___ **३.** आत्मिक आनन्द सङ्कष्टको समयमा पनि सम्भव छ किनभने यो हाम्रो निम्ति परमेश्वरको महान् कार्यमा र उहाँसँगको भविष्यको हाम्रो महिमित आशामा आधारित छ।

—४. एक ख्रीष्टियान सम्पूर्ण रूपमा दुःखी र असन्तुष्ट भएको अवस्थामा पनि ऊ पवित्र आत्मामा भरिएर पोखिन सक्छ।

—५. धर्मशास्त्र बाइबलले प्रकट गर्छ, कि येशूलाई आनन्दको पूर्णता के हो सो थाह थियो।

—६. परमेश्वरको वचन, हामी र अरूहरूमाथिको परमेश्वरको आशिष, र परमेश्वर र उहाँको कामलाई दिइने सबै कुरा आत्मिक आनन्दका मुहानहरू हुन्।

—७. ईश्वरीय शक्ति र आनन्दको सिद्धान्त यो हो, कि जो जो बलिया छन् तिनीहरूमा भएको शक्तिको नापमा तिनीहरूमा आनन्द पनि हुन्छ।

—८. एक उज्ज्वल अनुहार आनन्दको सकारात्मक नतिजाहरूमध्ये एक हो।

—९. आनन्द आउनबाट रोक्ने बाधाको उपचार परमेश्वरसँगको ठीक सम्बन्ध हो।

—१०. एक ख्रीष्टियानले अरूहरूसँग सुसमाचार बाँडिर आनन्दको महसूस गर्छ।

—११. बाबेलमा प्रवासी भएर रहेका इस्राएलीहरूको उदाहरणले यो सिद्धान्तमा जोड दिन्छ, कि आत्मिक आनन्द हाम्रो खातिरमा काम गर्नुहुने परमेश्वरको शक्तिको थाह गर्ने कुरामा भरपर्छ।

—१२. पवित्र आत्माद्वारा हामीमा आत्मिक आनन्द उत्पन्न हुनेहुनाले आनन्द उत्पादन गर्ने काममा हामीहरूको केही भाग छैन - उहाँले चुन्नुभए जस्तै गरी उहाँले त्यही नाप बमोजिम हामीमा हालिदिनुहुन्छ।

—१३. तितोपना आत्मिक आनन्दलाई बाधा हुनसक्छ।

**१४**. स्वयम् मूल्याङ्कन। तपाईंको जीवनको अवस्थासँग कुनचाहिँ बयान मिल्छ दिइएको 'छ' को मुनि धर्को तान्नुहोस् र तपाईंको जीवनमा यदि त्यो छैन भने 'छैन' को मुनि धर्को तान्नुहोस्।

म (छ, छैन) सँग यो पाठमा बताइएको जस्तै मेरो जीवनमा आत्मिक आनन्द छ। मैले यी कुराहरूद्वारा (अझै प्रार्थना, वचनको पढाइ, मेरो निम्ति परमेश्वरका महान् कामहरूको महसूस) आत्माको आनन्दको उत्पादन (हो, होइन) गर्नुपर्छ। म देख्छु, कि (गलत अभिलाषाहरू, शंका, डर, निराशा, तितोपना) मेरो जीवनमा आत्मिक आनन्दका बाधाहरू हुन्। मैले (छ, छैन) पवित्र आत्माको भरिपूरिको अनुभव गरेको छु। पवित्र आत्माको आनन्द (उज्ज्वल अनुहार, प्रशंसा र भजन, सङ्कष्टमा ईश्वरीय शक्ति) द्वारा ममा प्रकट भएको (छ, छैन)। म आत्माको भरिपूरि र उहाँको आनन्दको परिपूर्णता (चाहन्छु, मसँग छ)।

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

८. तपाईंको उत्तर।

१. **क.** सुसमाचारको काममा उनको सहभागिता भएको हुनाले।
**ख.** किनभने ख्रीष्ट प्रचारिनुभएको थियो।
**ग.** विश्वासमा आनन्द।
**घ.** प्रेम, आत्मा र उद्देश्यमा एकता भएको हुनाले।

९. यिनीहरूमध्ये कुनैः उहाँको खातिर दुःख भोग्न हामी योग्य ठहरिएका हुनाले (जब हामीलाई सतावट हुन्छ); किनभने सङ्कष्टले हामीमा धीरज ल्याउँछ (स्थिर रहने, अचल); किनभने परमेश्वरको निम्ति कष्ट भोग्नेहरूलाई इनाम दिन्छु भनी उहाँले प्रतिज्ञा गर्नुभएको छ; किनभने हामीमा यो ज्ञान छ, कि हाम्रो कष्टको अन्त हुनेछ, र हामीले येशूमा भविष्यको महिमा बाँड्नेछौं। यो हाम्रो महिमित आशा हो।

२. **ख.** परमेश्वरको सम्बन्धमा आधारित महान् खुशीयाली।
**ग.** एक दैविक अनुग्रह।
**घ.** परिस्थितिहरूमा भन्दा ख्रीष्टमा भएको स्थानमा सम्बन्धित।

१०. **ख.** परमेश्वरले गर्नुभएका महान् कामहरूको याद गरेर। (यी कामहरू बिर्सनुनै तिनीहरूको आनन्दको चोरी हुनु हो।)

३. परमेश्वरसँगको व्यक्तिगत सम्बन्ध।

११. **क.** प्रभुको उपस्थितिमा भएर।

४. **ख**. भित्र बास गर्नुभएको पवित्र आत्मा।
**ग**. ख्रीष्टमा हाम्रो स्थान।
**घ**. परमेश्वरमा विश्वास।

१२. तपाईंको उत्तर। यसले यो धारणा सम्मिलित गरेकै हुनुपर्छ, कि यदि कसैले प्रभुसँग ठीक सम्बन्ध कायम गर्छ भने उसलाई यो पनि थाह हुनुपर्छ कि परमेश्वर आत्मिक आनन्दको मुहान हुनुहुन्छ, यसो गर्नाले उसले आनन्दप्रति बाधा ल्याउने स्वभावलाई रोक्न सक्छ।

**५**. फिलिपले शहरमा ख्रीष्टको घोषणा गर्दा परमेश्वरको आश्चर्यपूर्ण कामहरूको कारणले।

१३. एक आनन्दित व्यक्तिमा उज्ज्वल मुहार र चम्किलो प्रकट हुन्छ।

६. **क**. आनन्द आत्मामा भरिपूर भएको एक व्यक्तिको साधारण अनुभव हो।

**१४**. प्रभुलाई प्रशंसा गरेर र भजन गाएर।

७. **क**. बेठीक
**ख**. ठीक
**ग**. ठीक
**घ**. बेठीक
**ङ**. ठीक
**च**. बेठीक
**छ**. ठीक
**ज**. ठीक
**झ**. बेठीक


१५. तपाईंको उत्तर। आनन्दको आधार परमेश्वरमा भएको हुनाले, नहेम्याहले इस्राएलीहरूलाई तिनीहरू परमेश्वरको नजीक आउँदा आफ्नो भरोसा उहाँमा राखून् भनी स्मरण गराउन खोजेका थिए, उहाँले तिनीहरूका हृदय आनन्दले भरिदिनुहुनेछ, जसले सङ्कष्टको समयमा तिनीहरूलाई शक्ति प्रदान गर्छ।

## पाठ ४

# शान्तिः भरोसाको फल

संसारको धेरैजसो इतिहास लडाइँसँग सम्बन्धित भएको जस्तो देखिन्छ। हाम्रो बीसौं शताब्दीले दुईवटा विश्वयुद्ध र अरू ससाना धेरै युद्धहरू सहिसकेको छ। यस वर्तमान समयमा त्यहाँ चिसा र ताता युद्धहरू छन्, शब्दका युद्धहरू, हातहतियार समावेश गरिएका युद्धहरू, होहल्लाका युद्धहरू; धेरै सुरक्षाका कुराहरू बनाइएका छन्, र अझै धेरै बाधा दिने विश्वयुद्धका धम्कीहरू छँदैनै छन्। हाम्रा प्रभुले हामीलाई चेताउनी दिइसक्नुभएको छ, कि अन्तिम दिनहरूमा शान्ति हुनेछैन, तर त्यहाँ लडाइँहरू र लडाइँहरूका हल्लाहरू हुनेछन् (मत्ती २४)। यो उहाँ आफ्नो मण्डलीलाई उठाइलैजान छिट्टै आउनुहुने, राज्यहरूलाई न्याय गर्नुहुने, र शान्ति र न्यायको आफ्नो महिमित, राज्यलाई खडा गर्नुहुने कुराको चिन्ह हो।

सबै रोगहरूमध्ये ७५ प्रतिशत रोग भित्रिय कष्ट, घृणा, डर, फिक्री, वा तनावबाट आउँछन् भनी वैद्यहरूले निश्चित प्रतिवेदनहरू दिएका छन्। हामी शान्तिपूर्ण संसारमा बसेका छैनौं, तरै पनि आत्माले भरिएको विश्वासीले शान्तिको अनुभव गर्न सम्भव छ, किनभने उसको भरोसा यस संसारमा होइन - तर यो भरोसा येशूमा छ। यूहन्ना १४:२७ मा येशूले आफ्ना चेलाहरूलाई



भन्नुभयो, "शान्ति म तिमीहरूका निम्ति छोड्छु। म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु, संसारले दिनेजस्तो ता मैले तिमीहरूलाई दिने होइन। तिमीहरूको हृदय नता विचलित होस्, न भयभीत होस्।"

यस पाठमा हामीले हाम्रो शान्तिको मुहानको बारेमा विचार गर्नेछौं, जुन शान्ति हामीमा पवित्र आत्माद्वारा उत्पादन गरिएको छ। तपाईंले यो कुरा पत्ता लगाउनुहुनेछ, कि जीवनको सबैभन्दा खतराको आँधीमा पनि शान्ति र स्थिरता के हो सो थाहपाउन सम्भव छ। परमेश्वरको प्रेमले उहाँमाथि आफ्नो भरोसा राख्नेहरूलाई पूर्ण शान्ति ल्याइदिन्छ। तपाईंले यो शान्तिको अनुभव गर्नसक्नु हुन्छ जुन आत्मिक फलका नौ भागहरूको एक भाग हो।

## पाठको रूपरेखा

शान्ति परिचित गरियो

शान्ति वर्णन गरियो

शान्ति नमूनित गरियो

## पाठका उद्देश्यहरू

यस पाठको अध्ययनपछि तपाईंलेः

- आत्मिक शान्तिका विभिन्न रूपको परिभाषा र व्याख्या गर्नसक्नुपर्नेछ।
- आत्मिक फल वृद्धि गराउनमा पवित्र आत्माका अन्य क्रियाकलापहरूसँग शान्तिको सम्बन्धको बारेमा छलफल गर्नसक्नुपर्नेछ।
- परमेश्वरसँग शान्ति, परमेश्वरको शान्ति, र मानिसहरूसँगको शान्तिको बीचमा भएको विभिन्नतालाई व्याख्या गर्नसक्नुपर्नेछ।
- बाइबलका उदाहरणहरूबाट शान्तिसँग सम्बन्धित सिद्धान्तहरूलाई चिन्नसक्नुपर्नेछ।
- तपाईंमा शान्तिको फल उत्पन्न गर्न पवित्र आत्मालाई अनुमति दिनसक्नुपर्नेछ।

## सिक्ने क्रियाकलापहरू

१. पहिले तपाईंले अध्ययन गर्नुभएका पाठहरूलाईजस्तै गरी यस पाठलाई पनि अध्ययन गर्नुहोस्। उल्लेख गरिएका बाइबलका खण्डहरूलाई भेट्टाएर पढ्नलाई नभुल्नुहोस्, किनकि तिनीहरू पाठको विषयवस्तुका महत्वपूर्ण भाग हुन्। सबै अध्ययन प्रश्नहरूका उत्तर दिनुहोस्, र हामीले दिएका उत्तरहरूसँग ती उत्तरहरूको जाँच गर्नुहोस्। मुख्य शब्दका अर्थहरूको अध्ययन गर्नुहोस्।

२. स्वयम्-जाँच लिनुहोस् र तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्।

३. पाठ १ देखि ४ सम्म दोहोऱ्याउनुहोस्, त्यसपछि विद्यार्थी प्रतिवेदन १ मा सोधिएका प्रश्नका उत्तरहरू दिनुहोस्। विद्यार्थी प्रतिवेदन एकाइमा दिइएका निर्देशनहरूको पालन गर्नुहोस्।

## शान्तिः भरोसाको फल

**मुख्य शब्दहरू**

| | | |
|---|---|---|
| विरोध | मध्यस्थ | शान्ति (शान्त) |
| शत्रुता | पुनर्मिलाप हुनु | विजय गर्न नसकिने |
| मिलाप | पुनर्मिलाप | अपश्चात्तापी |
| अविनाशी | | |

**पाठको विकास**

### शान्ति परिचित गरियो

**बाइबल आधारित परिभाषाहरू**

उद्देश्य १. *आत्मिक शान्तिका स्वरूपहरूलाई तिनीहरूका व्याख्या गर्ने बाइबलका पदहरूसँग जोडा मिलाउनुहोस्।*

"तर आत्माको फल प्रेम, आनन्द, **शान्ति**....... हो" (गलाती ५:२२)।

हामीले शान्तिलाई आत्माको फलको रूपमा व्यक्त गर्दा, हामीले पहाडको तालको पछाडि, वा समुद्रको किनारा, वा अरू कुनै विश्राम गर्ने ठाउँको क्षणिक छुटकाराको एकान्त समयको बारेमा बताएका होइनौं। हामीले तपाईंका समस्याहरूलाई तपाईंको मनबाट क्षणभरको निम्ति बिर्साइदिने मनोरञ्जनका कुराहरूका बारेमा पनि बताएका होइनौं। मनोवैज्ञानिकको सल्लाह कोठा वा लागु पदार्थहरूमा खोजीने शान्तिको बारेमा पनि हामीले बातचित गरेका होइनौं। हामीले यस्तो शान्तिको बारेमा कुरागरिरहेका छौं, जुन शान्ति पवित्र आत्मा तपाईंमा रहनुभएको हुनाले यो तपाईंभित्रै विकास हुन्छ। यो शान्ति, तपाईंको घरको भान्सामा, अस्पतालको कोठामा, व्यस्त कार्यालयमा, वा कारखानाका आवाजशील

कलपूर्जाहरूका बीचमा पनि अनुभव गर्न सकिन्छ! पवित्र आत्माको शान्ति तपाईंभित्रबाटनै विकास हुन्छ, र तपाईंको वरिपरि के भइराखेको छ सो कुरामा यो भरपर्दैन।

पवित्र आत्माको शान्तिले ठूलो सन्नाटा वा शान्तताको अवस्थाको सम्बोधन गर्छ; यसले एकता र सहमेलताको बारेमा बताउँछ; र यसले सुरक्षा वा भरोसाको बारेमा पनि बताउँछ। परमेश्वर हाम्रा शरणस्थान र भरोसा हुनुहुन्छ, उहाँले हामीलाई दुष्टका सबै आक्रमणबाट सुरक्षा गर्नुहुन्छ, र हामीले उहाँमा पूर्ण शान्ति र विश्राम पाउनसक्छौं। यो भजनसंग्रह ६१ को सन्देश पनि हो। यी सबै अवस्थाहरू पवित्र आत्माद्वारा मात्र सम्भव छन्। आत्माको फलको रूपमा शान्ति प्रशस्तताको शान्ति हो! तपाईंले आफूलाई पूर्णरूपमा पवित्र आत्माको अधीनमा समर्पण गर्नुभयो भने यो शान्ति कहिल्यै नसकिने गरी उहाँको मुहानबाट स्वतन्त्र रूपमा बगिरहन्छ।

स्टान्ली हर्टन (१९७६, पृष्ठ १७८) ले भन्नुभएको छ, "साँचो शान्ति पवित्र आत्माबाट मात्र आउँछ। यसमा शान्तमय आत्मा समावेश भएको हुन्छ, तर यो यसभन्दा अझै बढी छ। यो हामी परमेश्वरसँगको सम्बन्धमा ठीक छौं भन्ने चेतना पाउनु पनि हो, ठीक आत्मिक जीवनको सचेतना हुनु हो। हाम्रा सबै खाँचोहरूका प्रबन्धको निम्ति हामी परमेश्वरमा भरोसा राख्नसक्छौं भन्ने निश्चयता पनि यसमा समावेश गरिएको हुन्छ (फिलिप्पी ४:१९)। प्रेम र आनन्दको साथसाथै अरू बाँकी फलको विकासमा यो आत्माको निम्ति सहयोग बन्न पुग्छ।"

परमेश्वरको राज्य शान्तिको राज्य हो, यो दवाव वा शक्ति (बलजफत) मा स्थापना गरिएको छैन - यो विश्वासद्वारा प्रेममा स्वीकार गरिएको छ। गेतसमनीमा येशूको सुरक्षा गर्न पत्रुसले तरवारको प्रयोग गर्दा, येशूले तिनलाई हप्काउनुभएको थियो, उहाँले

भन्नुभयो, "तिम्रो तरवार फेरि त्यसकै ठाउँमा हाल, किनभने तरवार लिनेहरू सबैजना तरवारैले नष्ट हुनेछन् "(मत्ती २६:५२)।

येशूले आफ्नो राज्य कहिले खडा गर्नुहुन्छ भनेर एकपल्ट कसैले प्रश्न गऱ्यो, उहाँले यसरी जवाफ दिनुभयो, कि "परमेश्वरको राज्य तिमीहरूकै बीचमा छ" (लूका १७:२१)। यो विचार रोमी १४:१७ मा प्रेरित पावलद्वारा अझै विकास गरिएको छ - "किनभने परमेश्वरको राज्य खान र पिउनामा हुने होइन, तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो।"

स्टान्ली हर्टनको भनाइअनुसार, पावलले यहाँ भनेका छन्, कि हामी परमेश्वरको शासन वा परमेश्वरको राज्यको अधीनमा छौं भनी देखाउने कुराहरू - परमेश्वर हाम्रो जीवनको साँचैनै राजा हुनुहुन्छ भनी देखाउने कुराहरू हामीले खाने र पिउने कुराहरू होइनन्। तिनीहरू पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हुन् (१९७६, पृ १९४)।

उहाँका सबै शत्रुहरूको हार भएपछि परमेश्वरको राज्य यसको भविष्य र सिद्ध रूपमा पृथ्वीमा उहाँको शासन हो। किनभने संसारमा कुनै दुष्ट प्रभाव हुनेनैछैन, यो शान्तिको राज्य हुनेछ (दानियल २:४४; ७:१४; १ कोरिन्थी १५:२४-२५; जकरिया ९:१० हेर्नुहोस्)।

गलातीका ख्रीष्टियानहरू विशेष शिक्षाहरूका सम्बन्धमा एक अर्कासँग नमिलेका हुनाले पावलले गलातीको पाँच अध्याय लेखेका थिए। तिनीहरूले आत्माको फल उत्पन्न गर्नुको सट्टामा, तिनीहरूले घृणा, फूट, डाह, क्रोध, स्वार्थता, बेमिलाप, र यस्तै अरू शरीरका कामहरू उत्पादन गरेका थिए। निःसन्देहसाथ भन्न सकिन्छ, कि गलातीका विश्वासीहरूमा प्रेम र शान्तिको फल थिएन, जसले एकता, मिलाप, शान्ति, र सबैभन्दा बढी शान्त आत्मा ल्याउँछ।

१. गलातीहरूले जिएको जीवन सम्बन्धी पावलले तिनीहरूलाई कस्तो किसिमको चेतावनी दिएका थिए? (गलाती ५:१६-२१ पढ्नुहोस्) ..........................................................................

..........................................................................

२. येशूले भन्नुभएअनुसार, वर्तमान समयमा परमेश्वरको राज्य कहाँ छ? (लूका १७:२१ पढ्नुहोस्।) ..........................................

..........................................................................

३. एक व्यक्ति परमेश्वरको राज्यको अङ्ग हो भन्ने कुराको प्रमाणहरू के के हुन्? (रोमी १४:१७ पढ्नुहोस्।) ................

..........................................................................

परमेश्वरको राज्य तिमीभित्रनै छ -
धार्मिकता, शान्ति, र आनन्द!

४. बायाँपट्टि दिइएका बाइबलका पदहरूसँग दायाँपट्टि दिइएका आत्मिक शान्तिका हरेक स्वरूपको जोडा मिलाउनुहोस्।

| | |
|---|---|
| ___ **क**. भजन ४:८ | १) शान्ति (ठूलो शान्तता) |
| ___ **ख**. यशैया २६:३ | २) एकता र समेल (मिलाप) |
| ___ **ग**. १ कोरिन्थी १४:३३ | |
| ___ **घ**. रोमी ५:१ | ३) सुरक्षा वा भरोसा |
| ___ **ङ**. यूहन्ना २०:१६,२१ | |
| ___ **च**. १ थिस्सलोनिकी ५:१३ | |

**बाइबल आधारित प्रयोग**

उद्देश्य २. *आत्मिक फलका अरू तत्वहरू र शान्तिको बीचमा भएको सम्बन्धको व्याख्या गर्ने एक वाक्य बनाउनुहोस्।*

आत्मिक फल विकास गर्नमा पवित्र आत्माका मुख्य क्रियाकलापहरू शान्तिसँग उनिएका छन्। यी पदहरूलाई विचार गर्नुहोस्ः

*अनुग्रह र शान्तिः* "जो हुनुहुन्छ, हुनुहुन्थ्यो, हुनुहुनेछ, उहाँबाट तिमीहरूलाई अनुग्रह र शान्ति" (प्रकाश १:४,५)। अनुग्रह हामीहरूप्रति परमेश्वरको शुभइच्छा हो। यो परमेश्वरको दयाको रूपमा हामीलाई प्रदान गरिएको छ। यसले हामीलाई परमेश्वरको इच्छा पूरा गर्ने योग्यता प्रदान गर्छ, र विश्वासद्वारा हामी यो इच्छाको आज्ञाकारितामा हामी आफैलाई समर्पण गर्छौं। शान्ति परमेश्वरको अनुग्रह हामीमा प्रदान गरिएको छ भन्ने कुराको निश्चयता र प्रमाण हो। हाम्रो जीवनमा अनुग्रहको कार्यद्वारा, हामीलाई परमेश्वरसँग अलग पार्ने तत्वहरूलाई नाश गरिएको छ। हाम्रो स्वभावको परिवर्तनद्वारा ल्याइएको उहाँसँगको हाम्रो नयाँ सम्बन्धमा, हामी उहाँको ईश्वरीय शान्तिको अनुभव गर्छौं। अनुग्रहले हामीलाई शान्तितर्फ लैजान्छ - र अनुग्रह बिना त्यहाँ शान्ति पनि छैन।

*प्रेम र शान्तिः* "एकै मनका होओ, शान्तिमा रहो। र प्रेम र शान्तिका परमेश्वर तिमीहरूसँग रहनुहुनेछ" (२ कोरिन्थी १३:११)। प्रेमका परमेश्वर, प्रेमको नतिजाको रूपमा, शान्तिको परमेश्वर हुनुहुन्छ। उहाँ शान्तिका कर्त्ता हुनुहुन्छ, उहाँले मिलाप वा शान्ततालाई प्रेम गर्नुहुन्छ। उहाँले हामीलाई आज्ञा गर्नुहुन्छ, कि हामीले उहाँलाई प्रेम गर्नुपर्छ र उहाँसँग मिलापमा रहनुपर्छ, र हामीले एक अर्कालाई पनि प्रेम गर्नुपर्छ र एक अर्कासँग मिलापमा रहनुपर्छ। यो गलाती ५ मा प्रमाणित छ, कि गलातीका विश्वासीहरूले एक अर्कालाई प्रेम गर्न सकेका थिएनन्, त्यसैले तिनीहरूका बीचमा शान्ति पनि थिएन। परमेश्वर प्रेम र शान्तिमा रहनेहरूसँग हुनुहुनेछ - उहाँ यस सांसारिक जीवनमा तिनीहरूसँग बास गर्नुहुनेछ, र तिनीहरू सधैंको निम्ति उहाँसँग हुनेछन्।

*पवित्रता र शान्तिः* "अनि शान्तिका परमेश्वर आफैले तिमीहरूलाई पूरा तवरले चोखो तुल्याउनुहुन्छ। र तिमीहरूको आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा अखण्डसँग निर्दोष भई सुरक्षित रहनेछन्" (१ थिस्सलोनिकी ५:२३)। पवित्रता र शान्तिको बीचको यो सम्बन्ध फेरि हिब्रूको १२:१४ मा बताइएको छः "सबैसँग मेल मिलाप गर, र पवित्रताको पछि लाग, जसबाहेक कुनै मानिसले प्रभुलाई देख्नेछैन।"

परमेश्वर शान्तिका कर्त्ता हुनुहुन्छ र उहाँले शान्ततालाई प्रेम गर्नुहुन्छ। शान्ति र एकताद्वारा एक विश्वासीले पवित्रता प्राप्त गरेर प्रभुको आगमनको निम्ति सुरक्षित भएर रहनसक्छ। एक बाइबल विद्वान्ले लेखेका छन्, कि, परमेश्वरले हामीमा आफ्नो काम सिद्ध गराउन, हामीलाई निष्खोट बनाइ सुरक्षित राखून्, हामीलाई दोषरहित बनाई उहाँको सिंहासनको अगाडि प्रदान गरून् भनी हामीले प्रार्थना गर्नुपर्छ। यो स्पष्ट छ, कि हिब्रू शब्द शालोम, जसको अर्थ हो "शान्ति" ले पनि पूर्णता वा सिद्धताको सम्बोधन गर्छ। जब हामी शान्तिमा जिउँछौं, शान्तिका परमेश्वरले हामीमा काम

गर्नुहुन्छ, र महिमामा पूर्णरूपमा महसूस गरिने पूर्णता वा सिद्धतामा उहाँले हामीलाई ल्याउनुहुन्छ। यसरी पवित्रता परमेश्वरसँगको हाम्रो निरन्तर सम्बन्धको नतिजा हो।

*धार्मिकता र शान्तिः* "मेल मिलाप खोज्नेहरूका निम्ति धार्मिकताको फल मिलाप (शान्ति) मै रोपिन्छ'' (याकूब ३:१८)। यो पदले संकेत गर्छ, कि धार्मिकता (अथवा पवित्रता) को फल शान्तिमा रोपिन्छ। पवित्र आत्माले फल उत्पादन गर्ने काम गर्नुहुने माटो शान्ति-प्रेमी हो। मत्ती १३:१-८ मा चार किसिमका माटोहरूको बारेमा उल्लेख गरिएको छ, तर फल फलाउने किसिमको माटो एउटै थियो। बीउ ता अत्ति असलै थियो। यो बीउ ठीक छ भनी यसमा स्वर्गको व्यापारको चिन्ह लगाइएको थियो, तर माटोचाहिँ खराब थियो। हाम्रो सुसमाचार शान्तिको सुसमाचार हो। जसले यसलाई स्वीकार गर्छन् तिनीहरूका हृदयमा शान्ति हुनैपर्छ; तिनीहरूका शब्दहरूले शान्ति बोल्नुपर्छ; र तिनीहरूका कामले शान्तिको उन्नति गर्नुपर्छ।

*धार्मिकता, आनन्द र शान्तिः* "किनभने परमेश्वरको राज्य खान र पिउनमा हुने होइन, तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो'' (रोमी १४:१७)। हामीले यस पदलाई यो पाठमा पहिल्यै उल्लेख गरिसकेका छौं। पवित्रता (धार्मिकता), आनन्द र शान्ति आत्माले भरिएका सबै विश्वासीका चिन्हहरू हुन् - तिनीहरू जो परमेश्वरको राज्यको अङ्ग भएका छन्। एक विद्वान्ले सुझाव दिएका छन्, कि यी साँचो ख्रीष्टियान विश्वासका चरित्र (स्वभाव) हुन्ः परमेश्वरको लागि, हाम्रो ठूलो सरोकार धार्मिकता हो - ख्रीष्टको मृत्युद्वारा धर्मी र आत्माद्वारा सुद्धिकरण भएर उहाँको अगाडि प्रकट हुनु। हाम्रा सँगी विश्वासीहरूको लागि, यो सरोकार शान्तिमा छ सबै मानिसहरूसँग मेलमिलाप (शान्ति) र प्रेममा हुनु। हाम्रो लागि, यो पवित्र आत्मामा भएको आनन्दमा छ। हामी आफैलाई प्रभुमा उज्ज्वल बनाऔं भनेर यो आनन्द पवित्र आत्माद्वारा विश्वासीहरूको हृदयमा उत्पादन

गरिन्छ। यी कुराहरूमानै हामी ख्रीष्टलाई सेवा गर्छौं। जब धार्मिकतामा जग बसालिन्छ, शान्ति र आनन्दले त्यसलाई पच्छयाउँछ भनी हामी आशा गर्नसक्छौं।

*भरोसा र शान्तिः* "जसको मन तपाईंमा अडिएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ" (यशैया २६:३)। जसरी एक सानो बालक आफ्नी आमाको काखमा पूर्ण भरोसासँग शान्तमय प्रकारमा सुत्छ, त्यसरीनै हाम्रो भरोसा परमेश्वरमा राख्नाले हामी आउने शान्तिको अनुभव गर्नसक्छौं। परमेश्वरको यो शान्ति आफ्नो मनलाई परमेश्वरमाथिको भरोसामा स्थिर गराउने, र आफैलाई परमेश्वरको अगुवाइमा अर्पण गर्ने व्यक्तिलाई दिइन्छ। यो पदले संकेत गर्छ, कि पूर्ण भरोसामा परमेश्वरमाथि हाम्रो मन केन्द्रित गर्नु हाम्रो लागि फायदाजनक छ, किनकि यसो गर्नाको नतिजाचाहिँ हामीले निरन्तर रूपमा शान्ति पाउँछौं, जसले हामीहरूलाई उहाँमा सधैंभरि सुरक्षित राख्छ।

*जीवन र शान्तिः* "शरीरमा मन लगाउनुचाहिँ मृत्यु हो, तर आत्मामा मन लगाउनु जीवन र शान्ति हो" (रोमी ८:६)। परमेश्वरको व्यवस्थामा आफूलाई समर्पण गर्न इन्कार गर्ने व्यक्तिले अगिल्तिर हेर्नुपर्ने केही कुरा पनि छैन, तर मृत्युमा हेर्नसक्छ। उसको हृदयमा शान्ति नहुनु कुनै अचम्मको कुरा होइन। तर आफूलाई आत्माको अधीनमा समर्पण गर्ने व्यक्ति आराममा रहनसक्छ; शान्तिका राजकुमारले उसको हृदयलाई अधीन गर्नुभएको हुनाले उसले निरन्तर रहिरहने शान्तिलाई थाहपाउन सक्छ, र आफ्ना उद्धारकर्तासँगको अनन्त जीवनतर्फ उसले हेर्नसक्छ।

**५**. परमेश्वरको राज्यको स्वभावमा विचार गर्दा, यो सुझाव गरिएको छ, कि ................................................................ सँग को हाम्रो सम्बन्धमा धार्मिकता सम्मिलित भएको छ, शान्तिले ................................................................ सँगको हाम्रो सम्बन्धको बारेमा बताउँछ, र ........................................ले पवित्र आत्मामा भएको हाम्रो अनुभवको बारेमा बताउँछ।

**६**. योभन्दा अघाडि उल्लेख गरिएका हरेक हरफका शीर्षकहरूलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्, र हरेक शीर्षकको पछाडि शान्ति र यससँग सम्बन्धित भएका तत्वहरूका बीचको सम्बन्धलाई व्याख्या गर्ने एक वाक्यलाई तपाईंका आफ्नै शब्दहरूमा लेख्नुहोस्।

## शान्ति वर्णन गरियो

उद्देश्य ३. *परमेश्वरसँग शान्ति, परमेश्वरको शान्ति, र मानिसहरूसँगको शान्तिसँग सम्बन्धित भएका धारणाहरूको व्याख्या गर्ने वाक्यहरूलाई पूरा गर्नुहोस्।*

### परमेश्वरसँग शान्ति

परमेश्वरसँगको शान्ति हाम्रो जीवन परिवर्तनको समयमा आउँछ। परमेश्वरको व्यवस्थामा वर्णन गरिएजस्तै, पाप परमेश्वरको इच्छाको विरोध हो, र अपश्चात्तापी पापी परमेश्वरसँगको शत्रुतामा रहन्छ। जब एक पापीले विश्वासद्वारा आफ्नो जीवन येशू ख्रीष्टमा समर्पण गर्छ, र उहाँलाई आफ्नो प्रभु र एकमात्र मुक्तिदाताको रूपमा स्वीकार गर्छ भने, परमेश्वरबाटको

अलगपना त्यहीँ सिधिन्छ र शान्तिको पुनर्स्थापना हुन्छ। रोमी ५:१ ले बताउँछ, "यसैकारण विश्वासबाट धर्मी ठहरिएका भएर, हाम्रा प्रभु येशू ख्रीष्टद्वारा, हामी परमेश्वरमा मिलाप राखौं, जसद्वारा हामी स्थिर भएको यो अनुग्रहमा विश्वासबाट पस्ने अधिकार पनि हामीलाई मिल्दछ।" यसलाई २ कोरिन्थी ५:१८-२० मा अझै बढी छलफल गरिएको छ, जहाँ प्रेरित पावलले पुनर्मिलाप, वा एकैसाथ फेरि ल्याउने सेवाको व्याख्या गरेका छन्।

> तर सबै कुरा परमेश्वरबाटका हुन्, जसले हामीलाई ख्रीष्टद्वारा आफूसित मिलाप गराउनुभयो, अनि हामीलाई मिलापको सेवा दिनुभएको छ, अर्थात् परमेश्वर ख्रीष्टमा हुनुभयो, र संसारलाई आफूसित मिलापमा ल्याउनुभयो, अनि तिनीहरूका अपराधको हिसाब नलिएर, मिलाप गराउने कामको वचन उहाँले हामीमा जिम्मा लगाइदिनुभयो।

येशू ख्रीष्टद्वारा परमेश्वरसँग मिलाप (शान्ति) गर्नलाई मात्र हामी बोलाइएका होइनौं, तर मिलाप गराउनेहरू हुनलाई, परमेश्वरसँग अरूहरूलाई पुनर्मिलाप गराउनलाई पनि, यसरी तिनीहरूले पनि परमेश्वरमा शान्ति प्राप्त गर्न सकून्।

हामीहरूलाई यो मिलाप (शान्ति) ल्याउनको निम्ति येशू मर्नुभएको होः "तर ऊ ता हाम्रा अपराधको निम्ति घायल भयो। उसले हाम्रा अधर्मका निम्ति चोट पायो। हाम्रै शान्तिको निम्ति दण्ड उसमाथि पऱ्यो, र उसले पाएको कोर्राको चोटले हामी निको भयौं" (यशैया ५३:५)। यसरी उहाँले परमेश्वर र मानिसको बीचमा मिलाप (शान्ति) ल्याउनुभयो। यो एफिसी २:१३-१७ को सन्देश होः

> तर अब तिमीहरू जो एकपल्ट ख्रीष्ट येशूबाट टाढा थियौ, ख्रीष्टको रगतले नजीकै भएका छौ। किनभने हाम्रा शान्ति उहाँनै हुनुहुन्छ, जसले बीचको छेक्ने बार तोडेर दुवैलाई यसरी

मिलाप गराएर आफैमा एउटा नयाँ मानिस उत्पन्न गर्नलाई धार्मिक विधानहरूमा भएका आज्ञाहरूको व्यवस्था, अथवा शत्रुतालाई उहाँले आफ्नै शरीरमा खारिज गरेर, अनि यसबाट शत्रुतालाई नाश गरेर क्रूसद्वारा परमेश्वरसँग दुवैलाई एउटै शरीरमा मिलाप गराएर, अनि आएर उहाँले तिमी टाढा भएकाहरू र नजीक भएकाहरूलाई मिलाप (शान्ति) को सुसमाचार सुनाउनुभयो।

**परमेश्वरको शान्ति**

"अनि ख्रीष्टको शान्तिले तिमीहरूका हृदयमा राज्य गरोस्। त्यही शान्तिको निम्ति पनि तिमीहरू एउटै शरीरमा बोलावट भएका छौ'' (कलस्सी ३:१५)। यो भित्रिय शान्तिलाईनै पवित्र आत्माद्वारा येशू ख्रीष्टले हामीलाई दिनुभएको छ (यूहन्ना १४:२६-२७)। भित्रिय शान्तिले रीस, दोष, र फिक्रीलाई हटाएर त्यसको ठाउँमा आफू बसिदिन्छ। परमेश्वरसँगको शान्ति बिना त्यहाँ परमेश्वरको शान्ति हुनै सक्तैन।

परमेश्वरको शान्ति दिइएको अवस्थामा हामीले गर्नैपर्ने कार्यको संकेत पनि हुनसक्छः "अनि परमेश्वरको शान्तिले, जो सारा समझलाई माथ गर्छ, तिमीहरूका हृदय र तिमीहरूका विचारलाई ख्रीष्ट येशूमा रक्षा गर्नेछ'' (फिलिप्पी ४:७)। कुन बाटो अपनाउने हो भन्ने विषयमा कहिलेकहीं हाम्रो जीवनमा गोलमाल मच्चिन सक्छ। हाम्रा विचारहरू हल्लाइएको तालको पानी जस्ता हुन्छन्, जसले हामीलाई पींध देख्न दिँदैन। तर त्यहाँ यस्तो घडी पनि आउँछ जुनबेला तह र पींध पूर्ण शान्त बन्छ, र सबैकुरा स्पष्ट बनाइएको हुन्छ। र यसरी पवित्र आत्माको शान्तिले हामीमा काम गरेर, हामीले ठीक निर्णयहरू बनाइरहेका छौं भनी हामीलाई निश्चयता दिन्छ। यो शान्ति यति अचम्मको छ, कि हामीले यसको गहिराइ बुझ्नै सक्तैनौं, र यसले हाम्रो हरेक कदममा हामीलाई सुरक्षा गरेको हुन्छ। हामीले हाम्रा विचारहरू शान्तिका परमेश्वरमा

केन्द्रित गऱ्यौं भने, हामीले परमेश्वरको शान्ति थाह पाउनेछौं। "जसको मन तपाईंमा अडिएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ" (यशैया २६:३)।

## मानिसहरूसँगको शान्ति (मिलाप)

"हुनसक्छ भने, सक्दोभर सबै मानिसहरूसँग शान्तिमा रहो" (रोमी १२:१८)। पवित्र आत्माले दिनुहुने शान्ति सबैभन्दा पहिले माथितिर अर्थात् परमेश्वरतर्फको हो; त्यसपछि भित्रिय अर्थात्, हामी आफैतर्फको; र अन्तमा बाहिरीतर्फ अर्थात्, हाम्रा सँगी मानिसहरूतर्फको हो। हामीले "शान्तिको खोजी र यसको अनुसरण" गर्नु आवश्यक छ (१ पत्रुस ३:११)। यस पदमा प्रयोग गरिएका दुई क्रियापदहरू, *खोज्नु* र *अनुसरणगर्नु*, एक अर्कालाई टेवा दिने शब्दहरू हुन्। यसले यो संकेत दिन्छ, कि शान्तिको पछि लाग्ने जिम्मेवारी हामीलाई दिइएको छ। लडाइँ गर्नु भन्दा ता इसहाक (उत्पत्ति २६:१६-२२) ले गरेजस्तै पानीको अर्को इनार खन्नु बेस हो।

यदि तपाईं शान्तिको मानिस वा स्वास्नीमानिस हुनुहुन्छ भने, तपाईंलाई मनलागेको कुरा गर्ने स्वतन्त्रता तपाईंमा छैन भनी तपाईंले महसूस गर्नुहुन्छ। अरूहरूसँगको शान्ति (मिलाप) ले व्यक्तिगत विभिन्नता भएको ठाउँमा तपाईंले आफ्नो पक्षमा कति बुझ्नु र परिवर्तन गर्नुपर्ने कुराहरूको माग गर्छ। कसैले आफ्नै विचारलाई मात्र सधैं जोड दिईरहन्छ भने, यस्तो परिस्थितिले कतिपल्ट मिलापको सम्बन्धमा नपुऱ्याउन सक्छ। परिपक्व ख्रीष्टियानहरूले अरू मानिसहरूको विभिन्नतालाई र विशेष गरी ख्रीष्टको शरीरमा भएका अरूहरूलाई आदर र स्वीकार गर्न सिकेका हुन्छन्। एफिसी ४:३-४ ले यसलाई जोड दिएको छः "आत्माको एकता राख्नलाई शान्तिको बन्धनमा परिश्रम गर। त्यहाँ एउटै शरीर र एउटै आत्मा छ।"

बन्धन एक गाँठो, कसाइ, साङ्लो, एकै ठाउँमा बाँध्नु हो। ख्रीष्टको शरीरका अरू अङ्गहरूको मतलब नराखीकन हाम्रो इच्छाअनुसार हामी गर्न सक्तैनौं। "आफ्नै कुरामा मात्र होइन, तर हरेकले अरूहरूका कुरामा पनि ध्यान देऊ" (फिलिप्पी २:४)। "कसैले ऊ आफैको भलाइ होइन तर अरूहरूको भलाइ खोजोस्" (१ कोरिन्थी १०:२४)। एक ख्रीष्टियान जसले आफ्नो उच्च बोलावट र ख्रीष्टको शरीरका अङ्गहरूको विचारै नगरी, आफूलाई मन परेको बोल्ने, आफूलाई मनपरेको ठाउँमा जाने र आफूलाई मनलागेको जस्तो व्यवहार गर्छ भने, उसले कहिल्यै शान्ति पाउन सक्तैन, किनभने उसले ख्रीष्टको शरीरको एकतालाई बाधा दिइराखेको हुन्छ। "किनकि शरीर एउटै अङ्गबाट होइन, तर धेरै अङ्गहरूबाट बनेको हुन्छ" (१ कोरिन्थी १२:१४)। अरूहरूको इच्छाको निम्ति उसले कहिलेकहीं आफ्नो निम्ति चाहिँ होइन भन्ने कुराको माग शान्तिले गर्छ।

मानिसहरूसँगको मिलापले यो पनि माग गर्छ, कि तपाईं कहिलेकहीं मिलाप गराउने व्यक्ति हुनुपर्छ। येशूको डाँडाको उपदेशमा उहाँले भन्नुभयो, "धन्य मेलमिलाप गराउनेहरू, किनभने तिनीहरू परमेश्वरका पुत्र कहलाइनेछन्।" सामान्यतया हामी समस्या उत्पन्न गर्ने व्यक्तिहरूको बारेमा सुन्छौं, तर ख्रीष्टको शरीरको अङ्गले कतिपल्ट मेलमिलाप गराएको खबर हामीले सुनेका छौं त? हामी ख्रीष्टियानहरू भएकाहुनाले हामी सधैं एक अर्काप्रति मिलापमा हुन्छौं भन्ने होइन। जब ख्रीष्टको शरीरमा विरोध उत्पन्न हुन्छ, उचित किसिमको समाधान पत्ता लगाउनु र मानिसहरूलाई फेरि शान्ति (मिलाप) र सङ्गतिमा ल्याउने जिम्मेवारी मेलमिलाप गराउनेको हो।


७. परमेश्वरसँगको शान्तिमा सम्बन्धित भएका यी वाक्यहरूलाई पूरा गर्नुहोस्।

**क.** हाम्रो ..........................................................................को घडीमा परमेश्वरसँगको शान्ति आउँछ।

**ख.** पुनर्मिलाप हुनुको अर्थ ....................................................... ............................................. हुनु हो।

**ग.** परमेश्वरले हामीहरूलाई उहाँ आफैमा ......................... ......................... द्वारा पुनर्मिलाप गराउनुभएको छ।

**घ.** परमेश्वरसँगको शान्तिको अर्थ हामी परमेश्वरमा ................ ...............................................गरिएका छौं।



धन्य मेलमिलाप गराउनेहरू, किनभने
तिनीहरू परमेश्वरका पुत्र कहलाइनेछन्

मत्ती ५ : ९

८. परमेश्वरको शान्तिको निम्ति परिभाषित गरिएका शब्द समूहहरूका अगाडिका अक्षरहरूमा घेरा लगाउनुहोस्।

**क.** बाहिरीय शान्ति।
**ख.** भित्रिय शान्ति।
**ग.** हामीलाई निर्देशन दिन राखिएको रक्षक।

**घ.** आवश्यकता अनुसार आउँछ र जान्छ।
**ङ.** परमेश्वरसँगको शान्तिबाट आउँछ।
**च.** हामीलाई भूल गर्नबाट जोगाउने सुरक्षा।
**छ.** पूर्णरूपमा बुझ्नलाई असम्भव।
**ज.** हामीले परमेश्वरमा भरोसा राख्दा सिद्ध बन्छ।

६. मानिसहरूसँगको शान्ति (मिलाप) मा सम्बन्धित यी वाक्यहरूलाई पूरा गर्नुहोस्।

**क.** शान्तिको मानिस वा स्वास्नीमानिसहरूले ................. भन्दा बढी ................................................ लाई आदर दिन्छन्।

**ख.** एकताको खोजी गर्ने व्यक्तिलाई ................................ गर्ने व्यक्ति भनिन्छ।

## शान्ति नमूनित गरियो (नमूना देखाइयो)

### पुरानो नियमका उदाहरणहरू

उद्देश्य ४. *दिइएका बाइबलका उदाहरणहरूमा शान्तिको निम्ति नमूनित गरिएका सिद्धान्तहरूलाई लेख्नुहोस्।*

अब्राहाम शान्ति (मेलमिलाप) प्रेमी मानिस थिए। उत्पत्ति १३ अध्यायले हामीलाई अब्राहामका गोठालाहरू र लूतका गोठालाहरूका बीचमा भएको झगडाको बारेमा बताउँछ, किनभने तिनीहरूका भेडाबाख्राहरू, पशुहरू र बस्ने पालहरू सबैको निम्ति त्यहाँ प्रशस्त जग्गा थिएन। झगडा रोक्नलाई अब्राहामले आफू सौतेनी बाबु र काका जस्तो भई आफ्नो अधिकारलाई पनि एकातिर पन्छाएर लूतले इच्छा गरे अनुसारको सम्पत्ति चुनोस भनी उसलाई बताए। पछि यस्तो भयो, कि लूतको चुनाइबाट अब्राहामले फायदा उठाए, र लूत आफूले चुनेको ठाउँको कारणबाट पछि सङ्कष्टमा परे। मेलपिलाप गराउने हुनको निम्ति तिनीहरूका आफ्नै

अधिकारलाई पनि त्याग्न इच्छुक हुनेहरूले अब्राहामद्वारा नमूनित गरिएको सिद्धान्तलाई पच्छ्याएका हुन्छन् र यसको नतिजा आशिषमा परिणत हुन्छ।

इसहाक शान्ति (मेलमिलाप) खोज्नेहरूमा अर्का एक व्यक्ति हुन्। उत्पत्तिको २६ अध्यायले हामीलाई बताउँछ, कि उनका पिता, अब्राहामको मृत्युपछि, अब्राहामले खनेका पानीका इनारहरू इसहाकले फेरि खोले, जुन इनारको पानी उनका शत्रुहरूले फोहोर कुराले भरी बन्द गरिदिएका थिए। उनका दासहरूले नयाँ इनार खोले, र उनका शत्रुहरूले पानी तिनीहरूको हो भनी विरोध गरे। दासहरूले फेरि दोस्रो इनार खोले, र शत्रुहरूले फेरि विरोध गरे। यसरी इसहाकले तेस्रो इनार पनि खने। यसबेलाचाहिँ उनका शत्रुहरूले विरोध गरेनन्, तर उनीहरूले तिनलाई एक्लै छोडिदिए। त्यसपछि छिट्टैनै परमेश्वर इसहाककहाँ प्रकट हुनुभयो र उनीसँग आफ्नो प्रतिज्ञा पुनर्स्थापना गर्नुभयो। इसहाकले सिके, कि मेलमिलाप (शान्ति) कायम राख्नुचाहिँ तपाईंको आफ्नै इच्छा पूरा गर्नुभन्दा महत्वपूर्ण हो।

भविष्यवक्ता दानियललाई सिंहको खोरमा फालिएको थियो, तैपनि उनी पूरै रात बिना डर, शान्त रूपले सुत्न सकेका थिए, किनभने उनले परमेश्वरमा भरोसा राखेका थिए। दानियलले सिकेका थिए, कि यदि उनले सबै परिस्थितिहरूमा परमेश्वरमाथि भरोसा राख्छन् भने, उनमा शान्ति हुन्छ। हामी सङ्कष्टमा भएको समयमा भजन संग्रह ९१:१५ ले हामीलाई यो निश्चयता दिन्छः "उनको दुःखमा म उनीसित हुनेछु, म उनलाई छुटकारा दिनेछु र आदर गर्नेछु।" यदि हामीले यो प्रतिज्ञाको दावी गर्‍यौं भने, तीव्र सङ्कष्ट वा कठिनाइको समयमा पनि हामीले दानियलको जस्तो शान्ति पाउनसक्छौं।

इस्राएलका कुलहरू शान्तिले आशिषित भएका थिए (गन्ती ६:२४-२६)। तैपनि जब तिनीहरूले प्रतिज्ञाको देश कब्जा

गरिरहेका थिए, तिनीहरूका बीचमा झगडा र विरोध बारम्बार भइरहन्थ्यो। इस्राएलमा भित्रिय शान्ति भएको बेलामा तिनीहरूको उन्नति हुन्थ्यो। यद्यपि, जब तिनीहरूका बीचमा विरोध हुन्थ्यो, इस्राएलीहरू आफैले आफैलाई नाश गर्थे। यहाँ सिकाइएको सिद्धान्त यो हो, कि यदि मानिसहरूका बीचमा झगडा र विरोध छ भने, यसले उन्नतिमा बाधा पुऱ्याउँछ।

**१०.** पुरानो नियमका यी प्रत्येक उदाहरणहरूबाट शान्तिसँग सम्बन्धित सिद्धान्तलाई तपाईंको आफ्नो अभ्यास पुस्तिकामा लेख्नुहोस्। त्यसपछि यस पाठको अन्तमा तपाईंका आफ्ना उत्तरहरूलाई हामीले सुझाव दिएका उत्तरहरूसँग तुलना गर्नुहोस्।

## नयाँ नियमका उदाहरणहरू

उद्देश्य ५. *नयाँ नियमका उदाहरणहरूमा आधारित शान्तिको महत्वपूर्णताको सम्बन्धमा भएका ठीक बयानहरूको परिचय दिनुहोस्।*

*हाम्रा प्रभु येशूलाई* भविष्यवाणीहरूमा शान्तिका राजकुमार भनी बोलाइएको छ (यशैया ९:६)। उहाँलाई परमेश्वरका थुमा भनिएको छ (यूहन्ना १:२९)। थुमा शान्तिको ए नमूना हो। वास्तवमा, येशू संसारको उत्पत्तिदेखि मारिनुभएको थुमा हुनुहुन्छ (प्रकाश १३:८)। येशू ख्रीष्ट जन्मनुभएपछि प्रचार गरिएको पहिलो सन्देश शान्तिको सन्देश हो (लूका २:१४)। जब येशूले शुरूका (पहिला) प्रचारकहरूलाई पठाउनुभयो, उहाँले तिनीहरूलाई शान्तिको प्रचार गर्नू भनी निर्देशन दिनुभएको थियो (लूका १०:५)। येशू आफै हाम्रा शान्ति हुनुहुन्छ, र उहाँले शान्तिको प्रचार गर्नुभयो (एफिसी २:१४,१७)। येशूले क्रूसमा परमेश्वर र मानिसको बीचमा हाम्रो मध्यस्थ भएर शान्ति बनाइरहनु भएको थियो (१ तिमोथी २:५)। शान्ति उहाँका आफ्नैहरूलाई येशूको राजकीय सम्पत्ति हो (यूहन्ना १४:२७)।

उहाँसँग पृथ्वीमा आफ्नै खाट, डुङ्गा, गधा, वा चिहान थिएन, तर दिनको निम्ति उहाँसँग शान्ति थियो। उहाँका चेलाहरूले पेन्तिकोसको दिनमा पवित्र आत्मा पाए, किनभने तिनीहरू शान्ति, एकता, र आत्माको प्रभुत्वको अधीनमा समर्पण भई एकैसाथ जोडिएका थिए (प्रेरित १:१४)।

*शुरूको मण्डलीले* नमूना दिन्छ, कि बुद्धि शान्तिको एक आशिषित नतिजा हो। यो सत्य छ, कि कहिलेकहीं सङ्कष्टको समयमा मण्डलीको वृद्धि हुन्छ, तर शान्तमय समयले फेरि शक्ति प्राप्त गर्न र बढी काम गर्ने मौका दिन्छ। शुरूको मण्डलीले यसको शान्तमय समयलाई प्रयोगमा ल्याएको छः "यसरी सारा यहूदिया, गालील र सामरियाभरि मण्डलीमा उन्नति भएकोले चैन (शान्ति) भयो, र प्रभुको भय र पवित्र आत्माको सान्त्वना पाएर चेलाहरूका संख्याको वृद्धि हुँदैगयो" (प्रेरित ९:३१)। शान्तिले एकत्रित गर्छ र शक्ति दिन्छ, - यसले विश्वासीहरूको बीचमा एक शाक्तिशाली एकता (बन्धन) सृजना गर्छ, र शान्तिले राज्य गरून्जेल यो भाँचिनै सक्तैन। उपदेशक ४:१२ ले बताउँछ, कि "तीन सुताले बाटिएको डोरी सजिलै चुँडिँदैन।" तर यी सुताहरूलाई एउटै डोरीमा बाँधिएको हुनुपर्छ। आत्माको शान्तिले आत्मिक शक्ति उपलब्ध गरेर यो गर्छ। यशैया ३०:१५ ले हामीलाई बताउँछ, "मौन बसेर भरोसा राख्दा तिमीहरूलाई शक्ति मिल्नेछ।"

*एशियामा भएका सात मण्डलीहरूले* येशू ख्रीष्टबाट सन्देश पाएका थिए, जुन सन्देश यी मण्डलीहरूमा सबै विश्वासयोग्यहरूमाथि उहाँको अनुग्रह र शान्तिको आशिषबाट शुरू गरिएको थियो (प्रकाश १:४)। हामीले पहिलेनै उल्लेख गरेजस्तै अनुग्रह र शान्ति मण्डलीको निम्ति आधार (जग) हुन्: अनुग्रह हामीहरूप्रति पिताको शुभेच्छा, र हामीमा उहाँको असल काम हो; शान्ति यो अनुग्रह हामीलाई दिइएको छ भन्ने कुराको प्रमाण वा निश्चयता हो। परमेश्वरको अनुग्रहबिना त्यहाँ साँचो शान्ति हुँदैन, र जहाँ अनुग्रह हुन्छ शान्तिले पच्छ्याउँछ।

**११.** सात मण्डलीहरू र चार व्यक्ति विशेषलाई लेखिएका पत्रहरूमा प्रयोग गरिएका अभिवादन शब्दहरू पत्ता लगाउन बाइबलका यी पदहरूलाई हेर्नुहोस्ः रोमी १:७; १ कोरिन्थी १:३; २ कोरिन्थी १:२; गलाती १:३; एफिसी १:२; फिलिप्पी १:२; कलस्सी १:२; १ थिस्सलोनिकी १:१; २ थिस्सलोनिकी १:२; १ तिमोथी १:२; २ तिमोथी १:२; तितस १:४; फिलेमोन पद ३; र यूहन्ना पद ३; ३ यूहन्ना पद १४। यी प्रत्येक घटनाहरूमा कस्तो अभिवादन दिइएको छ?

.................................................................................

.................................................................................

**१२.** नयाँ नियममा उल्लेख गरिएका शान्तिको उदाहरणहरूसँग सम्बन्धित भएका ठीक बयानहरूका अगाडिका अक्षरमा घेरा लगाउनुहोस्।

**क.** येशूको जीवनभरिको उदाहरणले विश्वासीको जीवनमा उहाँले राख्नुभएको मूल्यताको नमूना दिन्छ।

**ख.** एक व्यक्तिले परमेश्वरको अनुग्रहको अनुभव गर्नसक्नुभन्दा पहिलेनै शान्तिको आवश्यकता पर्छ।

**ग.** अनुग्रहले परमेश्वरको शुभेच्छाको सम्बोधन गर्छ, र अनुग्रह प्राप्त गरिएको छ भन्ने कुराको निश्चयता चाहिँ शान्तिले सम्बोधन गर्छ।

**घ.** शुरूको मण्डलीमा सबै समय शान्ति थियो।

**ङ.** येशूले मात्र शान्तिको प्रचार गर्नुभएन, तर उहाँले आफ्ना चेलाहरूलाई शान्तिको प्रचार गर्ने अर्ती दिनुभयो।

**च.** शान्तिले वृद्धिमा सहायता पुऱ्याउँछ, किनभने यसले एकत्रित गर्ने र बाँध्ने शक्ति प्रदान गर्छ।

**छ.** मण्डली कठिनाई र सङ्कष्टको समयमा वृद्धि हुनसक्तैन।

**ज.** अनुग्रह र शान्तिको महत्वपूर्णताको एक प्रमाण नयाँ नियमका धेरै अभिवादनहरू हुन्, जसमा यो आशिष समावेश गरिएको छ।

**नदीजस्तो शान्ति**

उद्देश्य ६. *पवित्र आत्माद्वारा हामीले आफूभित्र अनुभव गर्ने शान्तिसँग नदीलाई तुलना गरिने चार मार्गहरूको उल्लेख गर्नुहोस्।*

यशैयाको पुस्तकमा दुईपल्ट हामी नदी जस्तो शान्ति भनी वर्णन गरेको पाउँछौं।

> यदि तैंले मेरा आज्ञाहरू पालन गरेको भएता तेरो शान्ति नदीभैं हुनेथियो (यशैया ४८:१८)।

> म नदीभैं शान्ति त्यसतर्फ बढाउनेछु (यशैया ६६:१२)।

यी दुवै खण्डहरूमा परमप्रभु आफैले आफ्नो शान्तिलाई नदीसँग तुलना गर्नुभएको छ, जसले उहाँका मानिसहरू र तिनीहरूका राज्यलाई आशिष दिनसक्छ। यो तुलनाबाट हामीले सिक्नसक्ने धेरै पाठहरू छन्:

१. नदीले यसको लमाइ वा फैलावटको बारेमा बताउँछ। परमेश्वरको उद्देश्य यो हो, कि उहाँको शान्ति सबै ठाउँमा पाइएको होस्।
२. नदीले शक्तिको बारेमा बताउँछ। ठूलठूला शक्तिशाली रूखहरू विभिन्न उद्देश्यको निम्ति नदीको प्रभावशाली शक्तिलाई रोक्न प्रयोग गरिएका हुन्छन्। परमेश्वरको शान्तिमा पनि ठूलो शक्ति छ।
३. नदीले पूर्णताको बारेमा बताउँछ। नदीमा प्रशस्त पानी उपलब्ध भएको हुन्छ। जब परमेश्वरले आफ्नो शान्तिलाई नदीसँग तुलना गर्नुहुन्छ, उहाँले निश्चयनै प्रशस्तताको बारेमा वर्णन गर्नुभएको हुन्छ।

४. नदीले जीवनको बारेमा बताउँछ। नदीहरू नजीकै शहरहरू बसालिएका हुन्छन्, किनकि नदीको अर्थ खाना, पानी, खेती, सिँचाइ, समुद्री यात्रा हुन्छ। नदीभित्र पनि जीवन हुन्छ।
५. नदीले अगाडि बढ्ने कुराको बारेमा बताउँछ। यसको पानी जहिले पनि अगाडि बढीरहेको हुन्छ, यसले आफ्नो गतिमा सबै बाधाहरूलाई नाघेर गएको हुन्छ।

येशूले भन्नुभयो, कि विश्वासीभित्र हुनुभएको पवित्र आत्मा जीवित पानीको मुहान जस्तो हुनुहुन्छ जुनचाहिँ "ऊ भित्रबाट बगी निस्कनेछ" (यूहन्ना ७:३८-३९)। आत्माले हामीभित्र शान्तिको फल, पूर्णता ल्याउने काम, जीवन, शक्ति, बल, र विजयको विकास गर्नुहुन्छ।

**१३.** तपाईंको आफ्नो अभ्यास पुस्तिकामा पवित्र आत्माद्वारा हामीले आफूभित्र अनुभव गर्ने शान्तिसँग नदीलाई तुलना गरिने चार मार्गहरूको उल्लेख गर्नुहोस्।

के तपाईंको जीवनमा शान्ति र आत्माको यो फल छ? तपाईंले यसलाई कसरी पाउन सक्नुहुन्छ भनी बाइबलका यी पदहरूले बताउँछन्:

१. *ख्रीष्टलाई तपाईंको जीवनमा स्वीकार गर्नुहोस्।* "किनकि उहाँ आफैनै हाम्रा शान्ति हुनुहुन्छ" (एफिसी २:१४)।
२. *परमेश्वरलाई चिन्नुहोस् र उहाँको अधीनमा रहनुहोस्।* "परमेश्वरकहाँ अर्पण गर्नुहोस् र उहाँसँग शान्तिमा रहनुहोस्" (अय्यूब २२:२१)।
३. *तपाईंको सबै हृदयले उहाँमा भरोसा राख्नुहोस्।* "जसको मन तपाईंमा अडिएको हुन्छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ" (यशैया २६:३)।

४. *परमेश्वरको वचनलाई प्रेम गर्नुहोस्।* "तपाईंको व्यवस्थामा प्रेम राख्नेहरूलाई ठूलो शान्ति हुन्छ, र तिनीहरूले ठेस खाने कुनै कारणै रहँदैन" (भजन ११९:१६५)।

५. *धार्मिकतामा जिउनुहोस्।* "धार्मिकताको फल शान्ति हुनेछ" (यशैया ३२:१७)।

अध्ययनको यस एकाइ (खण्ड) मा हामीले आत्माको फलः प्रेम, आनन्द र शान्तिको बारेमा विचार गरेका छौं। आत्माको फलका यी रूपहरू माथितिर अर्थात् परमेश्वरतर्फ सम्बन्धित छन्। अध्ययनको अर्को एकाइ (खण्ड) मा हामीले धीरज, दया, भलाइका फलको अध्ययन गर्नेछौं, जुन बाहिरतर्फ अर्थात् हाम्रा सँगी मानिसहरूतर्फ सम्बन्धित छन्। तपाईंको यस निरन्तर अध्ययनमा प्रभुले तपाईंलाई आशिष दिऊन र तपाईंको समझलाई बढाइदिऊन।

**स्वयम्-जाँच**

**ठीक उत्तर छान्ने प्रश्नः** हरेक प्रश्नको सबैभन्दा उत्तम उत्तर वा उत्तरहरू छान्नुहोस्। तपाईंले छान्नुभएका उत्तरहरूका अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

१. यिनीहरूमध्ये कुन कुनचाहिँले आत्मिक शान्तिको स्वरूपलाई परिचित गराउँछन्?

**क.** भित्रिय शान्तमयता
**ख.** स्थिरता
**ग.** शान्त समयको छुटकारा
**घ.** आश्वासन दिनु
**ङ.** भरोसाको सुरक्षा
**च.** शान्तमय आत्मा
**छ.** थकाइमार्ने बाधा
**ज.** आत्मिक सन्तुष्टताको चेतना
**झ.** एकता वा समेल
**ञ.** सुरक्षा वा रक्षा
**ट.** मनोवैज्ञानिकबाट सहयोग

२. हर्टनको भनाइअनुसार आत्माको अन्य फलको विकास गर्नलाई शान्तिको साथसाथै अरू कुन कुन दुईवटा विशेषताहरूको आवश्यकता छ?

**क.** दया र भलाइ
**ख.** प्रेम र संयम
**ग.** प्रेम र आनन्द
**घ.** विश्वासयोग्यता र आनन्द

३. एक व्यक्ति परमेश्वरको राज्यको एक अङ्ग हो भनी प्रमाणित गर्नलाई यिनीहरूमध्ये कुनचाहिँलाई येशूले दिनुभएको थियो?
- क. शान्ति, पवित्रता, र संयम
- ख. धार्मिकता, शान्ति, र आनन्द
- ग. शान्तिमा खाने र पिउने
- घ. नेतृत्व, दवाव, र शक्ति

४. हिब्रू शब्द शालोम, जसको अर्थ "शान्ति" ले के कुराको पनि सम्बोधन गर्छ?
- क. धार्मिकता
- ख. अनुग्रह
- ग. सिद्धता वा पूर्णता
- घ. परमेश्वरको राज्य

५. मत्ती १३:१-८ को उखानमा चार किसिमका माटोहरूमा बीउ छरेको सम्बन्धमा देखाइएको छ, यी तल दिइएकाहरूमध्ये कुनचाहिँ खराब थियो?
- क. माटो
- ख. बीउ
- ग. किसान
- घ. बतास

६. यस उखानबाट हामीले सिक्नसक्ने महत्वपूर्ण सिद्धान्त के हो?
- क. ख्रीष्टको सुसमाचारको घोषणा गर्नेहरूले शान्तिको प्रदर्शन गर्नैपर्छ।
- ख. शिक्षाको कमी हुनेले सुसमाचार बुझ्नसक्तैन।
- ग. भूटा सिद्धान्तहरूको लछारपछार पार्ने हावाद्वारा हामीहरू अर्कैतिर तानिनु हुँदैन।
- घ. त्यहाँ शान्ति छैन भने पनि सुसमाचारले असल नतिजा ल्याउँछ।

७. परमेश्वरको शान्तिले के को सम्बोधन गर्छ?

**क.** येशू ख्रीष्टद्वारा परमेश्वरमा मिलाप।
**ख.** मेलमिलाप गराउने हुनु।
**ग.** हामीलाई रक्षा गर्नलाई भित्रिय शान्ति हुनु।
**घ.** ख्रीष्टले आफ्नो राज्य स्थापना नगरूञ्जेल हामीले पूर्णरूपमा जान्न नसकिने शान्ति।

८. परमेश्वरसँगको शान्तिले के को सम्बोधन गर्छ?

**क.** डरबाट स्वतन्त्रता।
**ख.** येशू ख्रीष्टद्वारा परमेश्वरमा पुनर्मिलाप।
**ग.** मेलमिलाप गराउने हुनु।
**घ.** हामीलाई रक्षा गर्नलाई भित्रिय शान्ति हुनु।

९. अब्राहाम र इसहाकको उदाहरणले हामीलाई सम्झना दिलाउँछ, कि यदि हामी परमेश्वरको राज्यका अङ्ग हौं भने हामीले शान्तिलाई केभन्दा महत्वपूर्ण सम्झन्छौं।?

**क.** सत्यता
**ख.** अरूहरूको अधिकार
**ग.** हाम्रो आफ्नै अधिकार
**घ.** दुःख कष्ट

१०. परमेश्वरको शान्तिले हामीभित्र पूर्णता, जीवन, र शक्ति प्रदान गर्ने हुनाले परमप्रभुले यसलाई यशैयाको पुस्तकमा केसँग तुलना गर्नुभएको छ?

**क.** नदी
**ख.** हावा
**ग.** बलियो घर
**घ.** शान्त पानी

एकाइ (खण्ड) १ मा यो अन्तिम पाठ हो। तपाईंले यो स्वयम्-जाँच समाप्त गर्नुभएपछि, पाठ १ देखि ४ सम्म दोहोऱ्याउनुहोस् र विद्यार्थी एकाइ प्रतिवेदन १ मा सोधिएका प्रश्नहरूका उत्तर दिनुहोस्। विद्यार्थी एकाइ प्रतिवेदन पुस्तिकामा दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्।

---

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

७. **क.** जीवन परिवर्तन वा उद्धार।
**ख.** एकैसाथ फर्काएर ल्याउनु।
**ग.** ख्रीष्ट (उहाँको मृत्यु)।
**घ.** फर्काएर ल्याउनु, पुनर्मिलाप।

१. जस जसले यसरी जीवन बिताउँछन् तिनीहरू परमेश्वरको राज्यको हकवाला हुनेछैनन्।

८. **ख.** भित्रिय शान्ति
**ग.** हामीलाई निर्देशन दिन राखिएको रक्षक।
**ङ.** परमेश्वरसँगको शान्ति (मिलाप) बाट आउँछ।
**च.** हामीलाई भूल गर्नबाट जोगाउने सुरक्षा।
**छ.** पूर्णरूपमा बुझ्नलाई असम्भव।
**ज.** हामीले परमेश्वरमा भरोसा राख्दा सिद्ध बन्छ।

२. विश्वासीभित्रै यो हुन्छ।

६. **क.** अरूहरू, आफै।
**ख.** मेलमिलाप गर्ने (गराउने)।

३. उसँग पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हुन्छ।

१०. यहाँ हाम्रा सुझावहरू छन्ः

*अब्राहामः* शान्ति कायम गर्नलाई हामीले आफ्नो अधिकारलाई त्याग्यौं भनेपनि हामीले कहिल्यै गुमाउने छैनौं।

*इसहाकः* तपाईं ठीक हुनुहुन्छ भने पनि, तपाईंको आफ्नै बाटो हुनुभन्दा शान्ति हुनु असल हो।

*दानियलः* बिना डर हामीले परमेश्वरमा भरोसा राख्यौं भने हाम्रो जस्तोसुकै परिस्थिति भए पनि हामीले शान्ति पाउँछौं।

*इस्राएलका कुलहरूः* मानिसहरूका बीचमा झगडा र विरोध छ भने यसले उन्नतिलाई रोक्छ।

४. **क.** ३) सुरक्षा वा भरोसा।
**ख.** ३) सुरक्षा वा भरोसा।
**ग.** २) एकता र समेल (मिलाप)।
**घ.** १) शान्ति (ठूलो शान्तता)।
**ङ.** १) शान्ति (ठूलो शान्तता)।
**च.** २) एकता र समेल (मिलाप)।

११. अनुग्रह र शान्ति।

५. परमेश्वर, अरू विश्वासीहरू, आनन्द।

१२. क. ठीक
ख. बेठीक (अनुग्रह पहिले आउँछ)।
ग. ठीक
घ. बेठीक
ङ. ठीक
च. ठीक
छ. बेठीक
ज. ठीक

६. तपाईंका उत्तरहरू यस्तै हुनसक्छन्ः

**क.** अनुग्रह र शान्तिः अनुग्रह हामीलाई दिइएको परमेश्वरको करूणा हो, र शान्तिचाहिँ परमेश्वरको अनुग्रह प्राप्त गरिएको छ भन्ने कुराको निश्चयता हो।

**ख.** प्रेम र शान्तिः जहाँ प्रेम हुन्छ त्यहाँ शान्ति हुनैपर्छ; सबैभन्दा पहिले हामीले परमेश्वरलाई प्रेम गर्नुपर्छ र उहाँसँग मिलाप गर्नुपर्छ, र त्यसपछि हामीले एक अर्कालाई प्रेमगरि मिलाप (शान्ति) मा जिउनुपर्छ।

**ग.** पवित्रता र शान्तिः शान्ति र एकताद्वारा हामीले पवित्रता प्राप्त गर्नसक्छौं र प्रभुको आगमनको निम्ति सुरक्षित रहन्छौं।

**घ.** धार्मिकता र शान्तिः मेलमिलाप गर्ने व्यक्तिमानै पवित्र आत्माले धार्मिकता उत्पादन गर्नलाई काम गर्नुहुन्छ।

**ङ.** धार्मिकता, आनन्द र शान्तिः यी सबै हामीभित्र भएका परमेश्वरको राज्यका तत्वहरू हुन् - धार्मिकताले परमेश्वरसँगको हाम्रो सम्बन्धको सम्बोधन गर्छ; हामीहरूमा आनन्द र पवित्र आत्मामा हाम्रो आनन्द; अरूहरूसँगको हाम्रो सम्बन्धमा शान्ति।

**च.** भरोसा र शान्तिः परमेश्वरमा भरोसा राख्नेहरू र आफ्नो मन उहाँमा केन्द्रित गर्नेहरूलाई पूर्ण शान्तिमा राख्ने प्रतिज्ञा उहाँले गर्नुभएको छ।

**छ.** जीवन र शान्तिः आत्माद्वारा अधीन गरिएको व्यक्तिले शान्तिको आनन्द लिनसक्छ, किनकि उसमा अनन्त जीवनको निश्चयता हुन्छ।

**१३.** यिनीहरूमध्ये कुनैः नदी टाढासम्म फैलिन्छ; शान्ति जताततै पाइनु पर्छ। नदीले शक्ति प्रदान गर्छ; शान्तिले आत्मिक शक्ति दिन्छ। नदीमा प्रशस्त पानीको उपलब्ध हुन्छ; पवित्र आत्माद्वारा हामी प्रशस्त शान्ति पाउनसक्छौं। नदीले जीवन दिन्छ; अनन्त जीवनको प्रतिज्ञाले हामीलाई शान्ति दिन्छ। नदी अगिल्तिर बढ्छ; शान्तिले हाम्रो ख्रीष्टियान सेवामा शक्ति र विजयीसाथ अगाडि बढ्न सहायता गर्छ।

# भाग २

# अरूहरूसँगको सम्बन्धमा आत्माको फल




## पाठ ५

# धीरजः स्थिरताको फल

निको हुनको निम्ति, छुटकाराको निम्ति, अगुवाइको निम्ति, तालिमको निम्ति आवश्यक पर्ने धीरज सधैंभरि सजिलैसँग पाइने कुरा होइन। पछि आउने भविष्यमा नभएर हामी कुराहरू अहिलेनै भएको चाहन्छौं। कसैलाई पर्खंदा वा केही कुरा हुन आँटिको छ भनी विचार गर्दा समय कहिल्यै नसिधिएको हामीलाई महसूस हुन्छ। तर यसबेला चाहिँने मुख्य कुराचाहिँ धीरजनै हो। एउटा डाक्टरले आफ्नो लक्ष्य हासिल गर्नुभन्दा पहिले सात देखि दश वर्षसम्म अध्ययन गर्नैपर्छ। आमा-बाबुले आफ्ना केटाकेटीलाई तिनीहरूले नसिकेसम्म घरी घरी उही कुरा सिकाइरहनुपर्छ। हामीलाई महत्वपूर्ण लागेको कुरा पाउन अघाडि हामीहरूमध्ये धेरैले कडा परिश्रम गरेर लामो समयसम्म रूपैयाँ पैसा जोगाउने कोशिश गर्छौं। र आत्माले भरिएको ख्रीष्टियानले पनि ख्रीष्टको जस्तो चरित्र आफूमा विकास गर्नलाई धीरजको रहस्य सिक्नै पर्छ।

मानिसहरूले "अय्यूबको धीरजको'' बारेमा बताउँछन्। अय्यूबले लामो समयसम्म सङ्कष्ट पाए र आफ्नो चङ्गाइ, र आफ्नो परिवार र सम्पत्तिको पुनर्स्थापना नहोउञ्जेल परमप्रभुमा धीरजसँग पर्खिरहे। मोशाले आफू परमप्रभुको प्रयोगको निम्ति योग्य हुनुभन्दा अघाडि ४० वर्षसम्म धीरजको पाठशालामा जीवन बिताए।



हामीलाई यसरी सल्लाह दिइएको छ "धीरज धारण गर, आफ्नो हृदयलाई स्थिर गराओ, किनभने प्रभुको आगमन नजीकै छ" (याकूब ५:८)। हामीमा धीरजको विकास ख्रीष्ट जस्तो हुने कुराको महत्वपूर्ण भाग हो (२ पत्रुस १:५-८ पढ्नुहोस्)।

यस पाठले तपाईंलाई धीरजको महत्वपूर्णता हेर्न, र पवित्र आत्माले तपाईंमा यो फल उत्पन्न गर्नुहुँदा, तपाईंले उहाँसँग मिलेर काम गर्न सहायता पुऱ्याउँछ। धीरज स्थिरताको फल हो - तपाईंको विश्वासमा अटल भई उभिने, तपाईंले त्यसभन्दा बढी गर्नैनसक्ने भएता पनि त्यसमा समातिराख्ने - प्रभुमा पर्खिरहने!

**पाठको रूपरेखा**

धीरज परिचित गरियो

धीरज वर्णन गरियो

धीरज नमूनित गरियो

# प्रशस्तताको जीवन

**पाठको उद्देश्यहरू**

यस पाठको अध्ययनपछि तपाईंलेः

- आत्माको फलको रूपमा धीरज शब्दका दुई स्वरूपहरूको वर्णन र हरेक स्वरूपको बाइबल आधारित उदाहरण दिनसक्नुपर्नेछ।
- मानिससँगको परमेश्वरको धीरजको उदाहरणहरू दिएर उहाँको महान् धीरजको कारणको व्याख्या गर्नसक्नुपर्नेछ।
- आफ्नै आत्मिक जीवनमा प्रयोग भएजस्तै धीरज र अरू चरित्रहरूको बीचको सम्बन्धको विश्लेषण गर्नसक्नुपर्नेछ।

**सिक्ने क्रियाकलाप**

१. पहिलेका पाठहरूलाई अध्ययन गर्नुभएझैं यस पाठको पनि अध्ययन गर्नुहोस्ः पाठको विकास पढ्नुहोस्, सबै अध्ययन प्रश्नहरूका उत्तर दिनुहोस्, र दिइएका बाइबलका सबै पदहरूलाई पढ्नुहोस्।

२. तपाईंलाई थाह नभएका मुख्य शब्दहरूका अर्थहरूको अध्ययन गर्नुहोस्।

३. स्वयम्-जाँच लिनुहोस् र आफ्ना उत्तरहरूलाई जाँच्नुहोस्।

**मुख्य शब्दहरू**

| | | |
|---|---|---|
| दयालु | अङ्गहरू | मूर्तिपूजक |
| स्थिरता | अन्तरविन्ती | आत्मसंयम |
| खतराजनक | प्रदर्शन | स्थिर रहनु |
| नम्रता | | |

**पाठको विकास**

## धीरज परिचित गरियो

**बाइबल आधारित परिभाषाहरू**

उद्देश्य १. *आत्माको फलको रूपमा धीरजका स्वरूपहरूलाई परिभाषित गर्नुहोस्।*

तर आत्माको फल प्रेम, आनन्द, शान्ति, **धीरज**........ हो (गलाती ५:२२)।

आत्मिक फलका पहिला तीन गुणहरू - प्रेम, आनन्द, र शान्ति - हाम्रो भित्रिय आत्मिक जीवन र परमेश्वरसँगको हाम्रो व्यक्तिगत सम्बन्धका आवश्यकीय अङ्गहरू हुन् - जुन हामीभित्र पवित्र आत्माले बास गर्नुभएपछि हाम्रा हृदयहरूमा यसको स्थान हुन्छ। आत्माको फलका अरू तीन स्वरूपहरू, धीरजबाट शुरू गरेर, अरूहरूसँगको हाम्रो सम्बन्धमा प्रेम, आनन्द र शान्तिका बाहिरीय प्रदर्शनहरू हुन्।

मूल ग्रीक शब्द माक्रोथुमिया लाई धीरज भनी अनुवाद गरिएको छ (माक्रोस्, जसको अर्थ "लामो", र थुमिया, जसको अर्थ "शील स्वभाव, चरित्र, मनको स्थिरता" भन्ने हुन्छ)। मूल शब्दले ईश्वरीय भागमा सहनशीलता र शील स्वभावको धारणा व्यक्त गर्छ। अरू शब्दमा भन्ने हो भने, पवित्र आत्माले धीरजको फल उत्पादन गर्नुभएको एक व्यक्तिले आशा नगुमाइकन, हारको स्वीकारबिनानै वा रीसद्वारा अधीन नगरिएरै परमप्रभुमा भरोसा राख्न सिकिराखेको हुन्छ।

आत्माको फलको रूपमा धीरजले एक विश्वासीलाई परीक्षाको सामना गर्नुपर्दा आत्मसंयम (आफूलाई अधीन) गर्न सहायता गर्छ।

दण्ड दिनु वा कष्ट पाउनु नराम्रो कुरा होइन। र पनि, धीरजले कठिन परिस्थितिहरूमा समर्पण गर्दैन वा डरलाग्दा परीक्षामा पतन हुँदैन। धीरज यस रूपमा सङ्कष्टसँग धेरै सम्बन्धित छ, यसलाई हामी पछि हेर्नेछौं। यो स्थिरता वा सहनशीलता हो। यस्तो धीरज बिना हामी मूर्च्छा पर्छौं। हाम्रा कठिनाइका समयमानै हामीमा आत्माको धीरज उत्पादन गरिन्छ। धीरजका यी सबै स्वरूपहरू विकास प्रक्रियाका भाग हुन् जसले हामीलाई ख्रीष्टको स्वरूपमा पुऱ्याउँछ। यो प्रक्रिया २ पत्रुस १:५-८ को विषय होः

> यही कारणले तिमीहरूले सबै किसिमका प्रयत्नले तिमीहरूका विश्‍वासमा सद्‌गुण, सद्‌गुणमा बुद्धि, बुद्धिमा आत्मसंयम, आत्मसंयममा धीरज, धीरजमा भक्ति, भक्तिमा भातृस्नेह, भातृस्नेहमा प्रेम थप। किनकि यी कुराहरू तिमीहरूमा प्रशस्तसँग छन् भने हाम्रा प्रभु येशू ख्रीष्ट चिन्ने ज्ञानमा तिनीहरूले तिमीहरूलाई बेकम्मा र निष्फल तुल्याउनेछैनन्।

**१**. हामीले यहाँ भनेको आधारमा, धीरजका यी स्वरूपहरूलाई तपाईंका आफ्नै शब्दहरूमा परिभाषित गर्नुहोस्ः

**क.** सहनशीलता ...........................................................

**ख.** शील स्वभाव...........................................................

**बाइबल आधारित प्रयोग**

उद्देश्य २. *आत्माको फलको रूपमा धीरजको चरित्रलाई व्याख्या गर्ने बयानहरूको परिचय दिनुहोस्।*

ख्रीष्टियान जीवनका अरू स्वरूपहरू र धीरजको बीचमा बलियो सम्बन्ध रहेको छ। बाइबलका पदहरूले तिनीहरूका बारेमा के भन्दा रहेछन् त्यसको आधारमा तिनीहरूमध्ये केहीलाई हामी विचार गर्नेछौं।

## धीरजः स्थिरताको फल

१. *धीरज र सङ्कष्टः* कसैले पनि सङ्कष्टको अनुभव नगरीकन जीवन जिएको हुँदैन। यो हाम्रो "विद्यालय" को एक भाग हो। भजन संग्रहमा भनिएको छ "तपाईंका नियमहरू सिकेकोमा मैले दुःख पाएको मलाई असलै भएको छ" (भजन ११६:७१)। ख्रीष्टियानहरूको निम्ति भएको दुःख कष्ट भेडाहरूको रक्षा गर्ने कुकुरहरूको काम जस्तो होः तिनीहरूले भेडाहरूलाई गोठालाको नजीकै राख्छन्। दुःख कष्टहरू प्रेमी स्वर्गीय पिताका अनुशासन हुन्, जसले हामीलाई उहाँको पवित्रतामा भाग लिएको चाहनुहुन्छ। हिब्रू १२:७-११ ले यसको व्याख्या गरेको छः

> अनुशासनको निम्तिनै तिमीहरू सहन्छौ। परमेश्वरले तिमीहरूसँग छोराछोरीलाईझैं व्यवहार गर्नुहुन्छ। किनभने बाबुले अनुशासन नगरेको कुनचाहिँ छोरा हुन्छ र? तर यदि सबैजना सहभागी भएका त्यो अनुशासन पाएका छैनौ भनेता तिमीहरू पुत्र होइनौ, तर व्यभिचारबाट जन्मेका छोरा हौ। फेरि हामीलाई अनुशासनगर्ने हाम्रा शारीरिक बाबु थिए, र हामीले तिनको आदर गऱ्यौं। के हामीले झन बढी आत्मिक पिताको अधीनमा बसेर बाँच्नु पर्दैन! तर परमेश्वरले हामी उहाँको पवित्रताको सहभागी हौं भनेर हाम्रो फायदाको निम्ति अनुशासन गर्नुहुन्छ। सबै अनुशासन हालको निम्ति मजाको हुँदैन, तर दुःखको हुन्छ, तापनि सहेर परिपक्व भएकाहरूलाई पछिबाट शान्तिको फल, अर्थात् धार्मिकताको फल दिइन्छ।

भर्खरको बोटलाई हावाले अगाडि पछाडि मर्काउँदा त्यसले बलियो र गहिरो जराहरूको विकास गर्छ। यस जीवनको विरोधी हावाले एक ख्रीष्टियानलाई ख्रीष्टमा बलियो र गहिरो जरा विकास गर्न र समर्पणको आत्मा हुनमा सहायता गर्छ।

बाइबलका धेरै पदहरूले हामीलाई प्रकट गरेका छन्, कि ख्रीष्टलाई पच्छयाउँदा क्रूस पनि समावेश गरिएको हुन्छ। १ पत्रुस २:२१ मा प्रेरितले लेखेका छन्, "यसैको निम्ति तिमीहरू

बोलाइएका हौ, किनभने तिमीहरूले उहाँको पाइलामा टेकेर हिँडनलाई एक उदाहरण तिमीहरूलाई दिएर ख्रीष्टले पनि तिमीहरूका निम्ति दुःख भोग्नुभयो।''

**२.** मत्ती १०:३८; १६:२४; मर्कूस ८:३४; लूका ९:२३; १४:२७ पढ्नुहोस्। यी पदहरूमा येशू ख्रीष्टले दिनुभएको सन्देश के हो? ................................................................

................................................................

आत्मिकतामा विरोधी भएको संसारमा हामी रहेका हुनाले, हराउनुपर्ने शत्रु त्यहाँ जहिले पनि हुन्छन्। येशूले मूर्तिपूजक पिलातसको हातबाट र बाहिरको संसारको क्रोधित भीडबाट दुःख भोग्नुभयो। तर उहाँले भित्रैबाट पनि यहूदाको विश्वासघातको कारणले दुःख भोग्नुभयो। हामीलाई संसारबाट अथवा ख्रीष्टियान सङ्गतिभित्र, जहाँबाट भएपनि सङ्कष्टबाट धीरज सिक्ने माग गरिएको छ भने, ख्रीष्ट हाम्रो उदाहरण (नमूना) हुनुहुन्छ। जब उहाँ शैतानद्वारा परीक्षित हुनुभयो, क्रूसबिनाको सिंहासनको धारणालाई उहाँले इन्कार गर्नुभयो (मत्ती ४:१-११)। फेरि जब उहाँले आफ्नो अगाडि राखिएको दुःखको सम्झना गर्नुभयो, तब उहाँले त्यो विचारलाई फेरि तिरस्कार गर्नुभयो (यूहन्ना १६:१७-३३)।

**३.** तल दिइएका बाइबलका हरेक पदहरूलाई पढ्नुहोस् र प्रत्येकले धीरज र सङ्कष्ट, र प्राप्त गरिने इनामको बारेमा के भन्छन् उल्लेख गर्नुहोस्।

**क.** रोमी ५:३-४................................................................

................................................................

**ख.** याकूब १:३-४ ..........................................................

..........................................................................

**ग.** याकूब ५:१०-११ ....................................................

..........................................................................

**घ.** १ पत्रुस २:२० .....................................................

..........................................................................

एवीलाकी सन्त तेरेसा सोह्रौं शताब्दीमा रहेकी स्पेन देशकी एक ख्रीष्टियान थिइन्। तिनको जीवन दुःख कष्टमा हुनुपर्ने धीरजको एक महत्वपूर्ण उदाहरण हो। तिनी जवानीनै छँदा एउटा रोगले ग्रस्त गरेर तिनलाई मृत्युको नजीकै पुऱ्याएको थियो, जुन रोगले तिनको हातखुट्टा नचल्ने बनाई मुटुको रोग उत्पन्न गरेको थियो। तीनवर्ष सम्म तिनी यताउति चल्नै सकिनन्; र विस्तारै अलिअलि गरी तिनका हात र खुट्टाहरूलाई प्रयोगमा ल्याउन थालिए, आफ्ना हात र घुँडाले बामीसर्दै तिनी यताउति चल्न थालिन्। तिनले भनिन्, "परमेश्वरले मलाई सधैंको निम्ति यही अवस्थामा छोड्नुभयो भने पनि, मैले परमेश्वरको इच्छामा पुनहस्ताक्षर गरेकी छु!" आफ्नो मृत्यु हुनुभन्दा अगाडि आफ्नो अन्तिम पत्रमा तिनले लेखेकिथिइन्, "हो, मेरो हृदय (प्राण) ले पाएको शान्ति र एकान्तलाई म स्पष्टसँग व्याख्या गर्नसक्छु! ममा भएका सबै कुराहरू परमेश्वरको इज्जतको निम्ति दिइएका छन् कहिलेकहीं परमेश्वरले मेरो भित्रिय आनन्द बिनानै मलाई दुःख भोग्न लगाउनुभएको छ, तर मेरो इच्छा परमेश्वरको इच्छाबाट कहिल्यै भड्कने छैन।" इतिहासको पुस्तकमा अहिले चिनिए जस्तै गरी तिनले आफ्नो पत्रमा सही गरेकी होइनन्, तर "ख्रीष्टकी तेरेसाको" रूपमा।

२. *धीरज र स्थिरताः* धेरै बाइबल अनुवादकहरूले धीरज र स्थिरता शब्दहरूलाई परस्पर बदलेका छन्। स्थिरताले सहनशीलता वा जेसुकै भएता पनि आफूले विश्वास गरेको वस्तुमा अडिने कुराको बारेमा बताउँछ। कोही व्यक्तिले भनेका छन्, कि माक्रोथुमिया सङ्कष्टको समयमा पनि धीरजले पर्खिरहने प्रेम हो। कलस्सी १:६-११ ले कसरी हामीले धीरजसँग सहनसक्छौं भनी हामीलाई बताउँछः

> यसकारण हामीले त्यो सुनेको दिनदेखि सारा आत्मिक वृद्धि र समझमा उहाँको इच्छाको ज्ञानले तिमीहरू पूर्ण होओ भनेर हामीले पनि तिमीहरूका निम्ति प्रार्थना र विन्ती गर्न छोडेका छैनौं, हर किसिमले खुशी पार्नेगरी प्रभुको योग्य चालमा चल्न र हरेक असल काममा फलिफाप हुँदै परमेश्वरको ज्ञानमा बढ्दै गएर, आनन्दसित सारा धीरज र सहनशीलताको निम्ति उहाँको महिमाको सामर्थ्यअनुसार सारा शक्तिमा बलवान होओ।

३. *धीरज, आनन्द, र आशाः* रोमी ५:३-४ मा सङ्कष्ट (दुःख), आनन्द, धीरज, र आशालाई हामी एकैसाथ एउटै समूहमा राखेको देख्छौंः "सङ्कष्टले धीरज उत्पन्न गराउँछ भनी जानेर, हामी सङ्कष्टहरूमा पनि आनन्दित होऔं; अनि धीरजले सदाचार, र सदाचारले आशा उत्पन्न गर्छ।" यी पदहरूले आशातर्फ अगुवाइ गरेर सङ्कष्ट र धीरजद्वारा ख्रीष्टियान विकास र परिपक्वताको वृद्धिको बारेमा देखाउँछन्। कामकुराहरू मिल्दै आएको देख्ता पर्खन र आशा गर्नलाई त्यति कठिन देखिँदैन, तर सङ्कष्टबाट छुटकारा दिने केही कुरा पनि नभएको देख्दा स्वाभाविक प्रतिक्रिया चाहिँ निराश र आशाहीनता जस्तो देखिन्छ। आत्माको फलको रूपमा धीरज यस्तो किसिमको अवस्थाको नैराश्य र अन्धो स्वीकार होइन - यो यसको ठीक विपरीत हो, अर्थात् परमप्रभुमा र उहाँले तपाईंको जीवनमा गर्नुभएको काममा पूर्ण आनन्दित हुनु र भरोसा राख्नु र भजन संग्रह लेखकसँगै यसो भन्नु "तपाईंनै मेरा परमेश्वर हुनुहुन्छ। मेरो समय तपाईंकै हातमा छन्" (भजन ३१:१४-१५)।

४. *धीरज र बुद्धिः* हित्तोपदेश १४:२९ ले भनेको छ, "धीरज धारण गर्नु ठूलो समझ-शक्ति देखाउनु हो, झ्वाटै रीस गर्नु मूर्खताको चरमसीमा हो।'' एक धीरजी व्यक्तिले आफ्नो निष्कर्षमा पुग्नु वा निर्णय बनाउनुभन्दा पहिले समस्याको सबै पक्षबाट बुझ्ने कोशिश गरेको हुनसक्छ। यो चरित्रले आमाबाबुलाई आफ्ना छोरा-छोरीहरूलाई बुद्धिमान् किसिमले तालिम दिन सहायता पुऱ्याउँछ; यसले ख्रीष्टको शरीरभित्रै शान्तिको उन्नति गर्छ; र यसले अरूहरूसँगको हाम्रो दैनिक सम्बन्धमा हामी हरेकलाई सहायता पुऱ्याउँछ।

५. *धीरज र शान्तिः* आत्मिक फलको रूपमा धीरज परिस्थितिलाई शान्तपार्ने एक शक्तिशाली स्रोत (मुहान) हो। हित्तोपदेश १५:१८ ले के हुन्छ भनी व्याख्या गरेको छः "तातो रीसले झगडा उठाउँछ, तर धीरजले झगडालाई मेटाउँछ।'' यो मेलमिलाप गराउने व्यक्तिको सम्बन्धमा छ, जुन कुरा हामीले यो भन्दा पहिलो पाठमा अध्ययन गरिसक्यौं। एक धीरजी व्यक्ति आफ्नो रीसद्वारा अधीन गरिएको हुँदैन, तर उसले काममा, शब्दहरूमा, सरोकारमा, सहयोगमा परमेश्वरको शान्ति प्रदर्शित गरेको हुन्छ।

६. *धीरज र शक्ति (बल):* संसारमा बल बलियो शरीर भएको मानिस वा चौपट्टै सुरक्षा गरिएका कुराहरूसँग सम्बन्धित छ। हित्तोपदेश १६:३२ ले हामीलाई बताउँछः "झगडालु हुनुभन्दा रीसमा धीमा हुनु असल हो, शहरलाई कब्जा गर्नुभन्दा आफ्नो क्रोधलाई दमन गर्नु असल हो।'' आत्मिक रूपमा भन्ने हो भने, धीरजी व्यक्तिनै बलियो व्यक्ति हो।

७. *धीरज र क्षमाः* प्रेममा एक अर्कालाई सहन र एक अर्कालाई क्षमा दिनको निम्ति हामीलाई धीरजको फलको आवश्यकता छ। कलस्सी ३:१२-१३ मा प्रेरित पावलले मण्डलीलाई अर्ती दिएका छन्:

> यसकारण परमेश्वरका चुनिएकाहरूझैं पवित्र र प्रिय, सहानुभूतिको हृदय, दया, नम्रता, विनय, सहनशीलता धारण गर। एउटाले अर्कोलाई सहेर, कुनै मानिसको विरूद्धमा केही दोषको कारण छ भने, एउटाले अर्कोलाई क्षमा गर, जसरी प्रभुले पनि तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी तिमीहरूले पनि क्षमा गर।''

येशूले आफ्ना चेलाहरूलाई कठोर र अधन्यवादी मानिसको कथा भन्नुभयो, जसले आफूले क्षमा पाएपछि पनि आफ्नो सँगी दासलाई क्षमा दिन मानेन (मत्ती १८:२१-३५)। येशूले भन्नुभयो, कि त्यस मानिसले सबै ऋण नतिरूञ्जेलसम्म त्यसका मालिकले त्यसलाई झ्यालखानमा हालीदिए। त्यसपछि येशूले यो कुरा पनि थप्नुभयो "तिमीहरू हरेकले आफ्नो भाइलाई आफ्नो हृदयले माफी दिएनौ भने, मेरा स्वर्गका पिताले पनि तिमीहरूलाई त्यसै गर्नुहुनेछ'' (पद ३५)।

रिसालु व्यक्तिले क्षमा दिन गाह्रो मान्छ। आत्माको फलको रूपमा धीरज क्षमापनको निम्ति आधार हो। यसरी धीरज र सहनशीलताले पनि क्षमादिने आत्मा समावेश गरेका छन्। १ कोरिन्थी १३ अध्यायमा हामी पढ्छौं, कि प्रेम धीरजी हुन्छ, सजिलैसित रिसाउँदैन, खराबीको वास्ता गर्दैन, र सबै कुरामा स्थिर रहन्छ। आत्मिक धीरजपनका सबै स्वरूपहरूलाई यहाँ समावेश गरिएका छन्।

८. *विश्वास र धीरजः* विश्वास खीष्टियानको निम्ति अति महत्वपूर्ण कुरा हो, किनभने धर्मीजन विश्वासैबाट जिउँछ। तर

कहिलेकहीं खारेर विश्वासको प्रमाणित गर्नुपर्छ, र धीरजबाटनै हामी यस परीक्षामा खडा हुनसक्छौं। विश्वास, धीरज, र परमेश्वरका प्रतिज्ञाहरू हिब्रू ६ः११-१२ को सुन्दर खण्डमा समावेश गरिएका छन्ः

> "अनि तिमीहरू हरेकले पूरा आशाको निम्ति अन्तसम्मै त्यही किसिमको प्रयत्न देखाउने छौ भन्ने हामी इच्छा गर्दछौं। कि तिमीहरू अल्छी मानिस होइन, तर विश्वास र धीरजद्वारा प्रतिज्ञाका हकदार हुनेहरूका देखासिकीगर्ने होओ।"

४. आत्माको फलको रूपमा धीरजसँग सम्बन्धित चरित्रहरूको व्याख्या गर्ने सबै ठीक बयानहरूका अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** बाइबलले सिकाउँछ, कि सङ्कष्ट र परीक्षाहरूले खीष्टियानको निम्ति असल नतिजा ल्याउँनसक्छन्।

**ख.** धीरजले खीष्टियान चरित्रको विकास गर्छ।

**ग.** परमेश्वरले हामीलाई अरू खीष्टियानहरूसँग धीरजी भएको चाहनुहुन्छ, तर संसारमा भएका मानिसहरूसँग व्यवहार गर्दा यसको आवश्यकता पर्दैन।

**घ.** धीरजी हुनुमा छिट्टै नरिसाउने कुरा पनि समावेश गरिएको हुन्छ।

**ङ.** धीरजको अभ्यास गर्ने व्यक्तिद्वारा जितिने आत्मिक इनामहरू त्यहाँ धेरै छन्।

**च.** हामीमा जति धीरजको कमी हुन्छ, त्यति हामीले दुःख भोग्नु पर्छ।

**छ.** धीरजको निम्ति अरू दुई शब्दहरू स्थिरता र सहनशीलता हुन्।

**ज.** एक धीरजी व्यक्तिले धेरैजसो गोलमाल मच्चाउँछ।

## धीरज वर्णन गरियो

**परमेश्वरको धीरज**

उद्देश्य ३. *तपाईं आफैको निम्ति धीरजको अझै खाँचो छ भनी निश्चित गर्नलाई परमेश्वरको महान् धीरजको वर्णनअनुसार तपाईं आफैले विश्लेषण गर्नुहोस्।*

यदि हामीले सबैभन्दा पहिले परमेश्वरको धीरजको स्वरूपबाट विचार गऱ्यौं भने, आत्माको फलको रूपमा तपाईंले धीरजको महत्वपूर्णतालाई अझै स्पष्ट प्रकारले बुझ्नसक्नुहुन्छ होला। गलाती ५:२२ मा हामीले देखेजस्तै यो परमेश्वरको स्वभाव र चरित्रको उल्लेख हो। यसरीनै परमेश्वरले आफूलाई मोशाकहाँ प्रकट गराउनुभएको थियो (प्रस्थान ३४:६):

> परमप्रभुनै टिठाउनमा भरिपूर्ण र दयालु परमेश्वर, रीस गर्नमा ढीला, र कृपा र सत्यतामा प्रशस्त हुनुहुन्छ, हजारौं हजारमाथि कृपा देखाउनुहुने, दुष्टता, अपराध, र पाप क्षमा गर्नुहुने।

यस पदको हरेक वर्णनले मानिससँगको परमेश्वरको सम्बन्धमा ईश्वरीय धीरजको बारेमा बताउँछ।

परमेश्वरको धीरज बाइबल भरिनै घरी घरी प्रकट भएको मुख्य विषयस्तु हो। यी उदाहरणहरूलाई विचार गर्नुहोस्ः

१. नूहको दिनका मानिसहरू सबैभन्दा खराब खालका पापीहरू थिए (उत्पत्ति ६:१-१२ हेर्नुहोस्)। र पनि प्रेरित पत्रुसले लेखेका छन्, "नूहको समयमा जहाज तयार होउञ्जेल परमेश्वरको धीरज (सहनशीलता) ले पर्खिरहेको थियो" (१ पत्रुस ३:२०)। परमेश्वरको सहनशीलता (धीरज) यति ठूलो

थियो, कि उहाँले वर्षा पठाउनुभन्दा पहिले नूह र उनको परिवार जहाजमा पसिसकेपछि उहाँले सात दिन सम्म पर्खिरहनुभयो। (उत्पत्ति ७:६-१०)। तरै पनि कुनै दुष्ट मानिसले नाशबाट बच्नलाई पाएको मौकाको उपयोग गरेन।

२. परमेश्वरको धीरज इस्राएलीहरूसँगको उहाँको व्यवहारमा घरी घरी प्रदर्शित गरिएको छ। इस्राएलीहरूले उजाडस्थानमा विरोध गर्दा र मिश्रमै फर्केर जाने इच्छा गर्दा मोशाले परमेश्वरको अगाडि विन्ती गरेर उहाँले घोषणा गर्नुभएको कुरा परमप्रभुलाई सम्झना दिलाएका थिएः "परमप्रभु रीस गर्नमा धीरजी, र अति करूणामय, अधर्म र अपराध क्षमा गर्नुहुने हुनुहुन्छ" (गन्ती १४:१८)। लेवी २६ अध्यायले इस्राएलीहरूलाई परमेश्वरको वचनको संकलन गरेको छ, जहाँ आज्ञाकारिताको निम्ति इनाम र अनाज्ञाकारिताको निम्ति दण्डको प्रतिज्ञा गरिएको छ। तर उहाँको धीरज ४०-४२ पदहरूका यी शब्दहरूद्वारा प्रकट गरिएका छन्ः "पितापुर्खादेखिको आफ्नो अधर्म र मेरो विरूद्धमा गरेको पाप तिनीहरूले मानिलिए भने - तिनीहरूको कठोर हृदय नम्र भयो र यदि आफ्नो अधर्मको सजाएँ तिनीहरूले स्वीकार गरे भने याकूबसँगको मेरो करारलाई म सम्झनेछु।"

३. दाऊद राजाले केही डरलाग्दा पापहरू गरेका थिए। उनी मृत्युका योग्य छन् भनी उनले महसूस गरे, र उनले भने, "मैले परमप्रभुको विरूद्धमा पाप गरेको छु" (२ शमूएल १२:१३)। तर उनले परमेश्वरको कृपा र धीरजको विन्तीगर्दै उहाँसँग पुकारा गरे र उनलाई क्षमा दिइयो। उनका धेरै भजनहरूले परमप्रभुको धीरज र उहाँको क्षमापनको महसूस गरेका छन्।

हे परमेश्वर, तपाईंजस्तो को छ र? तपाईं जसले मलाई धेरै ठूला ठूला कष्टहरू देखाउनुभयो, मलाई फेरि जीवित पार्नुहुनेछ, र पृथ्वीको गहिराइबाट फेरि मलाई माथि ल्याउनुहुनेछ। मेरो मान बढाउनुहोस्, र मलाई सान्त्वना दिनुहोस्। हे मेरा

> परमेश्वर, तपाईंको सत्यता (विश्वासयोग्यता) लाई म वीणा बजाएर पनि प्रशंसा गर्नेछु (भजन ७१:१६-२२)।

यो भजन संग्रहले संकेत दिन्छ, कि घरी घरी परमेश्वर दाऊदलाई पुनर्स्थापना गर्न र उनका सङ्कष्टहरूमा छुटकारा दिन धीरजी हुनुहुन्थ्यो।

४. जब नहेम्याहले आफ्ना मानिसहरूका डरलाग्दा पापहरूका विषयमा थाहपाए, उनले तिनीहरूका निम्ति अन्तरविन्तीको प्रार्थना गरेका थिए, जहाँ उनले यी शब्दहरूद्वारा परमेश्वरमा भएको आफ्नो भरोसाको प्रकट गरेका थिएः

> तर तपाईं क्षमा गर्नुहुने परमेश्वर, अनुग्रही, धीरजी र दृढ प्रेमले पूर्ण हुनुहुन्छ। तपाईंको आफ्नो दयाको कारणले तिनीहरूलाई तपाईंले त्याग्नुभएन। तिनीहरूलाई शिक्षा दिन तपाईंले आफ्नो असल आत्मा दिनुभयो। तिनीहरूलाई मन्न दिन तपाईंले छोड्नुभएन, चालीस वर्षसम्म तपाईंले तिनीहरूलाई पाल्नुभयो (नहेम्याह ९:१७,२०-२१)।

परमप्रभुको कति ठूलो धीरज इस्राएलीहरूसँग थियो भनी हेर्नलाई तपाईंले इस्राएलीहरू र तिनीहरूको उजाडस्थानको यात्राको कथालाई पढ्नु भए मात्र पनि पुग्छ।

५. प्रेरित पत्रुसले आफ्नो दोस्रो पत्रमा प्रभुको धीरजको बारेमा बताएका छन्ः "कसै कसैले सम्झेझैं आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढीलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस, तर सबै जनाले पश्चाताप गरून् भन्ने इच्छा गरेर प्रभुले तिमीहरूतर्फ धीरज देखाउनुभएको छ" (२ पत्रुस ३:९)। "प्रभुको धीरजनै मुक्ति हो भनी मनमा राख" (२ पत्रुस ३:१५)।

**५**. प्रेरित पत्रुसले लेखेका आधारमा (२ पत्रुस ३:६,१५) नूहको दिनका मानिसहरू, इस्राएलीको राज्य, दाऊद राजाका उदाहरणहरूमा, परमेश्वरले यति ठूलो धीरजको किन प्रदर्शित गर्नुभयो व्याख्या गर्नुहोस् ..................................................

..................................................

**६**. परमेश्वरको धीरजको वर्णनअनुसार आफैमा विश्लेषण गर्नुहोस्। तपाईंको बारेमा वर्णन गर्ने खण्डमा (√) को चिन्ह लगाउनुहोस्।

| म हुँः | कहिल्यै पनि होइन | कहिलेकहिले | कहिलेकहीं | प्रायसजो | सधैं |
|---|---|---|---|---|---|
| धीरजी | | | | | |
| दयालु | | | | | |
| झट्टै नरिसाउने | | | | | |
| प्रेमी | | | | | |
| विश्वासयोग्य | | | | | |
| क्षमाशील | | | | | |
| पर्खन इच्छुक | | | | | |

## ख्रीष्टियान र धीरज

उद्देश्य ४. *दिइएका उदाहरणहरूको निम्ति आवश्यकीय धीरजका स्वरूपहरूको उल्लेख गर्नुहोस्।*

पवित्र आत्माको फलको रूपमा धीरजले विशेष गरी हामी सङ्कष्टमा भएको समयमा बाहिरीय रूपमा हाम्रा सँगीमानिसहरूतर्फ र भित्रियरूपमा हामी आफैतर्फ काम गरेको हुन्छ।

हिब्रू १२:७-११ ले हामीलाई बताउँछ, कि हामीले हाम्रा सङ्कष्टहरूलाई स्थिरतासाथ सामना गर्नु र अनुशासनको रूपमा तिनीहरूलाई स्वीकार गर्नुपर्छ, किनभने परमेश्वरले हामीलाई उहाँमा अर्पित हुन सिकाउनलाई यी कुराहरू प्रयोग गर्नुहुन्छ। यसरी, सङ्कष्टहरूको स्थिरता, प्रक्रियाको एक भाग हो, जसद्वारा ख्रीष्टको जस्तो स्वभाव हामीमा विकास गरिन्छ।

धीरज पारिवारिक सम्बन्धमा महत्वपूर्ण छ। घर, तपाईंको पारिवारिक जीवनमा धीरजको फलको निम्ति जाँचिने ठाउँ हो। केटाकेटीहरूलाई प्रेम र उचित अनुशासनसँग तालिम दिनको निम्ति ठूलो धीरजको आवश्यकता छ। लोग्ने र स्वास्नीले एक अर्काप्रति प्रेमी सम्बन्ध कायम राख्नको निम्ति धीरजको अभ्यास गर्नु आवश्यक छ।

हामीले उल्लेखगरेका धीरजका सबै स्वरूपहरू - सहनशील, शील स्वभाव, भट्टै नरिसाउने, आत्म-संयम, स्थिर, धीरज, र क्षमादिने आत्मा - लाई पवित्र आत्माद्वारा हामीमा उत्पादन गरिन्छ र यिनीहरूलाई अरूहरूसँगको हाम्रो दैनिक सम्बन्धमा अभ्यास गर्नको निम्ति हामीलाई बोलावट भएको हो। महत्वपूर्ण कुराचाहिँ यो हो, कि, धीरजको आवश्यकता भएको परिस्थिति हामीले सामना गर्नुपऱ्यो भने सहायताको निम्ति हामी पवित्र आत्मातर्फ फर्कन्छौं।

पहिलो थिस्सलोनिकी ५:१५ ले बताउँछ, "सबैसँग धीरजी होऊ।" यसको अर्थ हाम्रो परिवारका सबै सदस्यहरूसँग, हाम्रो मण्डलीको परिवारसँग, र हाम्रो दैनिक जीवनमा हामीसँग भेटघाट हुने व्यक्तिहरूमा हामी धीरजी हुनु हो। हाम्रो आफ्नै स्वभावमा यो असम्भव हुन्छ। तर पवित्र आत्माद्वारा परमेश्वरको स्वभाव हामीमा सिद्ध पारिएपछि, हामी सबैसँग धीरजी हुनसक्छौं।

७. तल दिइएका उदाहरणहरूका निम्ति कुन किसिम वा किसिमहरूको धीरजको खाँचो छ उल्लेख गर्नुहोस्।

**क.** मरियमका लोग्नी जाँडरक्सी पिउने बानी लागेका एक व्यक्ति हुन्। तिनले धेरै वर्षदेखि उनको निम्ति प्रार्थना गर्दै आएकी छिन्, तर उनले आफ्नो पापपूर्ण जीवनमै रहने निश्चय गरेकोजस्तो देखिन्छ। तिनी निराशाको अवस्थामा पुग्नै लागेकी छिन्। तिनको खाँचो ....................................
.................................................................. हो।

**ख.** जोहनको कार पाँच वर्ष पुरानो भएको छ, र उनका छिमेकीले भर्खरैमात्र एउटा नयाँ कार किनेर ल्याएका छन्, अब जोहनलाई पनि नयाँ कार किन्ने इच्छा लाग्यो, तर यदि उनले किने भने परिवारको निम्ति खाँचो परेको लुगा धुने मेशीन र रेफ्रीजेटर उनी किन्न सक्तैनन्। जोहनलाई
........................................................ खाँचो छ।

**ग.** सूजन धेरै सचिवहरू भएका कार्यालयमा काम गर्छिन्। तिनीहरूमध्ये बारबारा भन्नेले सूजन ख्रीष्टियान हुन् भनी थाह पाएकी छिन् र सूजनलाई रिस उठाउनलाई तिनी यसोउसो गरिरहन्छिन्। सूजनको खाँचो ....................................
................................................................ हो।

**घ.** स्टेफन एक हँसिलो व्यक्ति हुन्, तर आफ्नो गाडी चलाँउदा कसैले उनको बाटो काटिदियो, वा उनी भन्दा अगाडिकोले ढीलासँग गाडी चलाएको छ भने उनी जहिले पनि रिसाउँछ। उनलाई ............................................ को खाँचो छ।

**ङ.** जेम्सले मण्डलीमा कहिले आउने कहिले नआउने गर्न थालेको एक वर्ष भयो। अर्को कुनै व्यक्तिको जीवनमा कमजोरी देख्नाले वा मण्डलीमा समस्या भएको कारणले, वा कुनै

प्रकारले उनी निराश भएभने, उनी केही समयको लागि आउन छोड्छन्। उनको खाँचो ............................ हो।

**च.** बेटीकी सासु बेटीको बारेमा ज्यादै आलोचना गर्ने खालकी छन्, र तिनको परिवारको अगाडि गिल्ला गर्छिन्। भर्खरैमात्र तिनले आफ्नो छोरो, बेटीको लोग्नेलाई भनेकिछिन्, कि तिनले बेटीलाई आफ्नो परिवारको सदस्यको रूपमा गन्दैगन्दिनन्। यसले बेटीलाई धेरै दुःखित तुल्यायो। बेटीको खाँचो .................................... हो।

**छ.** शमूएल अख्रीष्टियान शासक भएको एक देशमा रहन्छन्। ख्रीष्टियानहरूलाई खुलारूपमा आराधना गर्न, वा गवाही दिन, र आत्माहरू जित्नको निम्ति प्रतिबन्ध लगाइएको छ। शमूएलले व्यक्तिगत रूपमा आफ्नो बाइबल पढ्छन् र आफ्नो परिवारको निम्ति प्रार्थना गर्छन्, तर यो सतावटको विरूद्धमा विद्रोह नगर्नलाई उनलाई गाह्रो पर्छ। उनको खाँचो ...................................................................... छ।

## सेवा र धीरज

उद्देश्य ५. *प्राप्त गरिनुपर्ने धीरज र इनामहरूको सम्बोधन गर्ने दिइएका बाइबलका शब्दहरूको परिचय दिनुहोस्।*

आत्माको फलको रूपमा धीरज सुसमाचारको सेवकको जीवन र काममा बहुमूल्य कुरा हो। धीरज, प्रार्थना, बाइबल अध्ययन, तालिम, र विकास जस्ता कुराहरूलाई तयार गर्न आवश्यक छ। यो नेतृत्व (अगुवाइ) गर्ने र अरूहरूलाई सेवा पुऱ्याउने

आवश्यकताको बारेमा प्रेरित पावलले तिमोथीलाई यस्तो अर्ती दिएका छन्ः

> परमेश्वर अनि जिउँदा र मरेकाहरूको इन्साफ गर्न आउनुहुने ख्रीष्ट येशूको दृष्टिमा, र उहाँको आगमन र उहाँको राज्यको सामुन्ने, म तिमीहरूलाई कडा आज्ञा दिन्छु, वचन प्रचार गर, समय र बेसमयमा तयार रह, सब सहनशीलता र शिक्षासाथ दोष देखाइदेऊ, हप्काऊ, अर्तीदिऊ। तर तिमीचाहिँ सब कुराहरूमा सचेतहोऊ, कष्ट भोग, प्रचारकको काम गर, र तिम्रो सेवाको काम पूरा गर (२ तिमोथी ४:१-२,५)।

अर्को प्रकारले भन्ने हो भने, सेवकको काम - प्रचार गर्ने, दोष देखाइदिने, हप्काउने, अर्तीदिने, र अन्य सबै कर्तव्यहरू ठूलो धीरजसाथ गरिनुपर्छ।

८. सुसमाचारको सेवक र आत्माले भरिपूर भएको जुनसुकै विश्वासीलाई पनि लागु हुने केही सम्बन्धित बाइबलका पदहरू यहाँ तल दिइएका छन्। हरेक पदमा धीरजको बारेमा बताइएको कुरालाई दिइएको खाली ठाउँमा शब्द वा शब्दहरू लेख्नुहोस्।

**क.** "तर असल जमीनमा पर्नेचाहिँ ती हुन्, जसले वचन सुनेर असल र भला हृदयमा जोगाई राख्छन्, अनि धीरजसँग फल फलाउँछन्" (लूका ८:१५)। ..........................

..........................................................................

**ख.** "तिमीहरूको आफ्नो धैर्यमा तिमीहरूले आफ्ना प्राण प्राप्त गर्नेछौ" (लूका २१:१९)। ..................................

..........................................................................

**ग.** "परमेश्वरको वचन पालन गरेर प्रतिज्ञाको फल पाइने भएको हुनाले तिनीहरूलाई धीरजको आवश्यकता छ" (हिब्रू १०:३६)। ..........................................

..........................................................................

**घ**. "हे मेरा भाइ हो, प्रभुका नाउँमा बोल्ने ती अगमवक्ताहरूका शासना र धैर्यको दृष्टान्त लेओ। हेर, हामी ती धीरज धर्नेहरूलाई धन्यका भन्छौं। तिमीहरूले अय्यूबको स्थिरताको विषयमा सुनेका छौ, र प्रभुको अन्त्य पनि देखेकै छौ, कि प्रभु कस्तो टिठाइमा भरिपूर र कृपालु हुनुहुन्छ" (याकूब ५:१०-११)। ..........................................

..........................................

**६**. माथि उल्लेख गरिएका बाइबलका प्रत्येक पदहरूमा धीरजको नतिजाको इनाम कस्तो थियो उल्लेख गर्नुहोस्। ........................

..........................................

धीरज एक व्यक्तिबाट अर्को व्यक्तिमा सार्न सकिने वा प्रार्थना, तेलको अभिषेक, हात राख्ने, वा यस्तै अरू कुराहरूद्वारा प्राप्त गर्न सकिने कुरा होइन। यो हामीले पवित्र आत्मालाई हामीमा ख्रीष्टको स्वरूप बनाउन दिएपछि उहाँद्वारा हामीमा उत्पादन गरिने कुरा हो। हाम्रो जीवनमा आउने हरेक सङ्कष्ट, हरेक परीक्षा, हरेक ढीलाइ तपाईंमा धीरजको फल उत्पन्न गर्न पवित्र आत्माको निम्ति मौका बन्न सक्छ।

## धीरज नमूनित गरियो

उद्देश्य ६. *तपाईंको जीवनमा तपाईंले प्रयोगमा लगाउनसक्ने धीरजको सकारात्मक र नकारात्मक उदाहरणहरूबाट सिद्धान्तहरूलाई छान्नुहोस्।*

**नकारात्मक उदाहरणहरू**

ठीक स्वभावको घटी हुनाले घटेका कुराहरूलाई हेर्दा कहिलेकहीं यसले हामीलाई ख्रीष्टको जस्तो स्वभावको महत्वपूर्णताको बारेमा बुझ्न सहायता पुऱ्याउँछ। बाइबलका यी नकारात्मक उदाहरणहरूले धीरजको कमीबाट आउने केही समस्याहरूलाई देखाएका छन्।

*अब्राहामः* परमेश्वरले अब्राहामलाई प्रतिज्ञा गर्नुभयो, कि उनका सन्तानहरूको एक ठूलो राज्य हुनेछ (उत्पत्ति १५:५)। धीरजको कमीले गर्दा, अब्राहामले परमेश्वरको प्रतिज्ञाको परिपूर्तिलाई पर्खेनन्, तर आफैले त्यस परिस्थितिको अधीन गर्ने निश्चय गरे। जसको फलस्वरूप परमेश्वरको इच्छा बाहिर इश्माएलको जन्म भयो। अब्राहाम र सारा साथसाथै इसहाकका निम्ति इश्माएल समस्याहरूको स्रोत भयो, र आज पनि त्यहाँ इश्माएलका सन्तानहरू र इसहाकका सन्तानहरूका बीचमा ठूलो विरोध छ।

*याकूबः* यस जवान मानिसले उनी अगुवा हुनेछन् भनी परमप्रभुले भन्नुभएको वचनको परिपूर्तिलाई धीरजसाथ पर्खेनन् (उत्पत्ति २५:२३)। आशिष पाउनको निम्ति उनले कसरी आफ्ना बाबुलाई छक्याए भन्ने कुरा उत्पत्ति २७ अध्यायले हामीलाई बताउँछ। परमेश्वरले उनलाई अगुवा बनाउने समयसम्म पर्खने धीरज उनमा नभएकोले, उनले प्रवास र धेरै कडा परिश्रमको सामना गर्नुपऱ्यो। फिरऊन राजाको अगाडि उनले आफ्नो हृदय खोल्दा उनकै आफ्नै बयानमा उनका कठिनाइहरूलाई सारंशमा भनिएको छ, "मेरो उमेर ता थोरै र दुःखमय भयो" (उत्पत्ति ४७:९)।

*शावलः* जब शावललाई इस्राएलीमाथि पहिलो राजा हुन अभिषेक गरियो, उनी नम्र र पवित्र आत्माद्वारा अभिषेक गरिएका व्यक्ति थिए। उनले के गर्नुपर्छ भनी शमूएल आएर नबताउँञ्जेल

सात दिनसम्म पर्खनु भन्ने परमप्रभुको आज्ञालाई उनले पालन गरेनन्। उनी धीरजी नभएका हुनाले उनी आफैले पूजाहारीहरूको काम गरेर होमबलि चढाउन थाले, जसको फलस्वरूप उनले आफ्नो राज्य गुमाउनु पऱ्यो (१ शमूएल १०:८-१०; १२:११-१४ हेर्नुहोस्)।

*योना:* यो विश्वास गर्न गाह्रो छ, तर निनवेको शहरमाथिको परमप्रभुको महान् दया र धीरजको कारणले योना परमप्रभुसँग अस्थिर र रिसाएका थिए। योनाले परमप्रभुलाई भने, "किनकि तपाईं अनुग्रह गर्नुहुने परमेश्वर, दया गर्नमा भरपूर, रीस गर्नमा धीरजी, करूणामा प्रशस्त हुनुहुन्छ, र दुःख दिंदा खुशी हुनुहुन्न भन्ने मलाई थाह थियो" (योना ४:२)। निश्चयनै शहरप्रतिको योनाको स्वभाव परमेश्वरको जस्तो दया देखाउने र क्षमा दिने खालको थिएन।

तल दिइएका अभ्यासहरूमा वर्णन गरिएका विभिन्न उदाहरणहरूबाट हाम्रो आफ्नै जीवनमा हामीले प्रयोग गर्न सकिने प्रतिक्रियालाई छान्नुहोस् जसले सिद्धान्तको उत्तम सारंश दिन्छ।

**१०**. अब्राहाम र याकूबको उदाहरणले के कुराको नमूना दिन्छ?

**क.** परमप्रभुले हामीलाई दिनुभएको प्रतिज्ञाहरूमाथि हामीले काम गरेका हौं भन्ने आशा उहाँ राख्नुहुन्छ।

**ख.** यदि परमप्रभुले हाम्रो निम्ति केही गर्ने प्रतिज्ञा गर्नुभएको छ भने, हामीले उहाँमाथि भरोसा राखेर यो कुरा भएको हुनदिनु झन असल हो।

**११**. शावलको उदाहरणले के कुराको प्रकट गर्छ?

**क.** पर्खनु कहिलेकहीं हाम्रो निम्ति परमेश्वरको तालिमको प्रक्रियाको भाग हो।

**ख.** परमेश्वरले प्रायजसो अरूहरूद्वारा हामीसँग बोल्नलाई छान्नुहुन्छ।

१२. योनाको उदाहरणले हामीलाई के कुराको सम्झना गराउँछ?
क. आफ्नै बाटो जाने निश्चय गर्ने जस्तो देखिने मानिसहरूसँग परमेश्वर कहिलेकहीं अधीरजी हुनुहुन्छ।
ख. हामीले मानिसहरूलाई त्यागेको परमेश्वरले चाहनुहुन्न, तर अरूहरूसँग व्यवहार गर्दा हामीले उहाँको धीरजी उदाहरण पच्छयाएको चाहनुहुन्छ।

**सकारात्मक उदाहरणहरू**

*दाऊदः* भजनसंग्रह लेखकले परमप्रभुमा पर्खनु कति महत्वपूर्ण छ भन्ने कुरा सिकेका थिए। भजनसंग्रह ३७:७ मा उनले लेखेका छन्, "परमप्रभुको सामुन्ने चूपचाप बस् र उहाँलाई धीरजसँग पर्खी।" पछि उनले यो साक्षी दिएका छन्ः "मैले धीरजसाथ परमप्रभुको बाटो हेरें, र उहाँले मतिर झुकेर मेरो पुकारा सुन्नुभयो" (भजन ४०:१)।

*पुरानो नियमका भविष्यवक्ताहरूः* याकूब ५:१० ले बताएको छ, "हे मेरा भाइ हो, प्रभुका नाउँमा बोल्ने ती अगमवक्ताहरूका शासना र धीरजको दृष्टान्त लेओ।" एलिया, एलिशा, रूने भविष्यवक्ता यर्मिया, र पुरानो नियमका अरू धेरै भविष्यवक्ताहरूको विचार गर, जसले धीरजसँग परमेश्वरको खातिरमा विद्रोही मानिसहरूसँग कुरा गरेका थिए। ती परमेश्वरका भक्तजनहरूमा आत्माले दिनुभएको धीरज थियो।

*अय्यूबः* यस्तो ठूलो धीरजी भएको मानिस अय्यूबलाई यहाँ उल्लेख गर्न हामी भुल्दैनौं, र उनको धीरजलाई याकूब ५:११ मा प्रशंसा गरिएको छ। अय्यूबले शारीरिक, मानसिक, रूपमा र आफ्नो सबै सम्पत्ति र परिवारको नोक्सानी सहेर सबै किसिमबाट सङ्कष्ट भोगे तापनि, उनले सहनैनसक्ने सबै परीक्षाहरूमा पनि उनको धीरजले उनलाई स्थिर बनाएको थियो, र परमेश्वरको सम्बन्धमा उनले भनेका छन्, "उहाँले मलाई मार्नुभए तापनि, म उहाँमानै आशा राख्नेछु" (अय्यूब १३:१५)।

*पावलः* २ कोरिन्थी ६:४,६ मा पावलले स्वीकार गरेका छन्, कि उनी धीरजी मानिस हुन्। यसै अध्यायको ४ देखि १० पदसम्म पावलले उनको जीवनमा भएको गह्रौ आँधीको अँध्यारो मेघको बारेमा बताएका छन्। तपाईंको जीवनमा आत्माको फल वास्तविक (सत्य) नभएसम्म यस्ता किसिमका परिस्थितिहरूमा धीरजी हुनु सजिलो कुरा होइन। पछि २ तिमोथीमा , जुन उनले आफू झ्यालखानमा भएको समयमा लेखेका थिए, पावलले फेरि उनको धीरज, विश्वास, प्रेम र स्थिरताको उल्लेख गरेका छन् (३ अध्याय १० पद)। पावल एक साँचो चेला थिए जसले आफ्ना प्रभुबाट (मालिकबाट) धीरज सिके। यही कारणलेनै उनी यी शब्दहरू लेख्न योग्य भएका छन्ः

> यो वचन विश्वासयोग्य र हर प्रकारले ग्रहणयोग्य छ, कि ख्रीष्ट येशू संसारमा पापीहरूलाई उद्धार गर्न आउनुभएको हो। तिनीहरूमध्ये मचाहिँ मुख्य हुँ। यसैकारणले अनन्त जीवनको निम्ति उहाँमाथि पछि विश्वास गर्नेहरूलाई एउटा नमूना हुनलाई म मुख्य भएँ तापनि येशू ख्रीष्टले मलाई जम्मै धीरज देखाउनाको निम्ति मैले दया पाएँ (१ तिमोथी १:१५-१६)।

र हिब्रूका लेखकले हामीलाई यी शब्दहरूले चुनौती दिएका छन्ः

> हाम्रो सामुन्ने राखिदिएको दौड धीरजसँग दौडौं। अनि विश्वासका कर्त्ता र सिद्ध तुल्याउनुहुने येशूलाई हेरौं। जसले उहाँको सामुन्ने राखिदिएको आनन्दको निम्ति शर्मलाई घिन गरेर क्रूसको शासना भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि बस्नुभएको छ (हिब्रू १२:१-२)।

*ख्रीष्टको दोस्रो आगमनः* जब येशू स्वर्गारोहण हुनुभयो, उहाँले हामीलाई उहाँको आगमनको प्रतिज्ञा दिनुभएको छ। शताब्दीयौं बितिसक्यो, तर मण्डलीले अझै पनि उज्ज्वल र जीवित आशासाथ

यो प्रतिज्ञाको परिपूर्तिको निम्ति पर्खिरहेको छ! याकूबले हामीलाई धीरजमा पर्खने आवश्यकताको बारेमा सम्झना दिलाएका छन्ः "यसकारण हे भाइ हो, प्रभुको आगमन नहोउञ्जेल धीरज धारण गर। तिमीहरूले पनि धैर्य धारण गर, आफ्नो हृदयलाई स्थिर गराओ, किनभने प्रभुको आगमन नजीकै छ" (याकूब ५:७-८)। हामीले अघाडिनै हेरेजस्तै प्रभुले आफ्नो प्रतिज्ञा कायम गर्नुहुनेछ, र उहाँले ढिलो गर्नुभएको एउटा कारणचाहिँ मानिसहरूले आफ्ना पापहरूबाट पश्चात्ताप गरेर उद्धार पाउनको निम्ति उहाँले मौका बढाइदिनुभएको छ (२ पत्रुस ३:६,१५ हेर्नुहोस्)।



धीरज धारण गर ... प्रभुको आगमन नजीकै छ!

**१३**. धीरजको सकारात्मक उदाहरणद्वारा सिकाइएको सिद्धान्तलाई जोडदिने हरेक ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. परमेश्वरले मानिसहरूलाई पश्चात्ताप गर्ने समय थपिदिनको निम्ति आफ्नो पुत्रको आगमनलाई ढिलाइ गर्नुभएको छ।

**ख**. यदि सबैभन्दा पापी पावल धीरजको उदाहरण हुनसक्छन् भने, धीरजको फल आत्माले भरिपूर भएको जुनसुकै व्यक्तिमा पनि पवित्र आत्माद्वारा विकास गर्नसकिन्छ।

**ग**. प्रभुको निम्ति धीरजसँग पर्खनेहरू निराशामा पुग्नेछन्।

**घ**. परमेश्वरले हामीमा आफैलाई प्रमाणित गरिसक्नुभएपछि मात्र धीरजको विकास गर्नसकिन्छ।

**ङ**. धीरज र सहनशीलता येशू ख्रीष्टको सक्रिय चेलाको निम्ति आवश्यक कुरा हुन्।

प्रकाश २ र ३ मा सात मण्डलीहरूलाई येशू ख्रीष्टका अन्तिम शब्दहरू यस्ता छन्ः “जसले जित्छ, त्यसलाई म ..... दिनेछु।” जित्नेचाहिँ धीरजी हो। प्रेरित पावलले प्रयोग गरेअनुसार, धीरजको अनन्त इनामले यी सबै कुराहरूलाई मूल्यवान तुल्याउँछः

> किनभने हाम्रो छिनभरको हलुका कष्टले हाम्रो निम्ति झन बढता गरेर महिमाको अनन्त बोझ उत्पन्न गरिदिन्छ। हामी देखिने कुरालाई होइन, तर नदेखिने कुरालाई हेर्दैरहन्छौं, किनभने देखिने कुराहरू लौकिक मात्र हुन्। तर नदेखिने कुराचाहिँ अनन्त हुन् (२ कोरिन्थी ४:१७-१८)।

• • •

## स्वयम्-जाँच

**ठीक उत्तर छान्नेः** प्रत्येक प्रश्नको सबैभन्दा ठीक उत्तर वा उत्तरहरू छान्नुहोस्।

१. धीरज शब्दको निम्ति यिनीहरूमध्ये कुन कुनचाहिँ बाइबल आधारित परिभाषाहरू हुन्?

**क.** सहनशीलता
**ख.** आत्मसंयम
**ग.** झट्टै रिसाउने
**घ.** आशा हराउनु
**ङ.** स्थिरता

२. स्थिरताले के को बारेमा बताउँछ?

**क.** सङ्कष्ट
**ख.** आशा
**ग.** सहनशीलता
**घ.** स्वीकार

३. यिनीहरूमध्ये कुनचाहिँ स्थिरता (धीरज) द्वारा उत्पादन गरिन्छ?

**क.** चरित्र (स्वभाव)
**ख.** शान्ति
**ग.** क्षमा
**घ.** बुद्धि

**४.** हामीले अध्ययन गरेका बाइबलका पदहरूले पापपूर्ण मानिससँगको परमेश्वरको महान् धीरजको मुख्य कारण के हो भनी प्रकट गराएका छन्?

**क.** हामीमा यी चरित्रहरू भएकाहुनसकुन भनी उहाँले सिकाउनुहुन्छ।

**ख.** मानिसहरूलाई पश्चाताप गर्न र उद्धार पाउनको निम्ति उहाँले अझै मौका दिन चाहनुहुन्छ।

**ग.** उहाँका आज्ञाहरू पालन गर्न असम्भव छ भनी उहाँलाई थाह छ।

**घ.** उहाँका मागहरू कठोर छन् भनी उहाँलाई थाह छ।

**५.** यिनीहरूमध्ये कुन कुन शब्दलाई प्रभुले आफैलाई वर्णन गर्न प्रयोग गर्नुभएको छ?

**क.** दयालु

**ख.** कृपालु

**ग.** छिट्टै (झट्टै) नरिसाउने

**घ.** विश्वासयोग्य र प्रेमी

**ङ.** क्षमादिने

**च.** आफैलाई वर्णन गर्न उहाँले यी सबै शब्दसमूह प्रयोग गर्नुभयो।

**६.** मत्ती १८:२१-३५ अनुसार प्रभुको क्षमा प्राप्त गर्नको निम्ति कुन शर्त राखिएको छ?

**क.** पापको निम्ति अफसोसी भएर

**ख.** यसको निम्ति मागेर

**ग.** अरूहरूलाई क्षमा दिएर

**घ.** धीरज

**ठीक-बेठीकः** यदि उत्तर ठीक छ भने दिइएको खाली ठाउँमा ठी र यदि उत्तर बेठीक छ भने दिइएको खाली ठाउँमा बे लेख्नुहोस्।

___७. ठूलो धीरजसँग सच्याउनु, हप्काउनु र अर्तीदिनु, एक सेवकको निम्ति सम्भव छ।

___८. धीरजी हुनेहरूलाई धेरै इनामहरू छन् भनी बाइबलका धेरै पदहरूले (धर्मशास्त्रले) प्रतिज्ञा गरेका छन्।

___९. धीरज हामीलाई यसको आवश्यक परेको बेलामा परमेश्वरले दिनुहुने गुण हो।

___१०. परमेश्वरको योजनालाई चारैतिर फैलाउनमा ठूलो धीरज प्रदर्शितगर्ने व्यक्तिको उदाहरणमा योना आउँछन्।

___११. अय्यूब सङ्कष्टको सामनामा धीरजको एक असल उदाहरण हुन्।

___१२. मानिसहरूलाई सुसमाचारको सन्देश स्वीकार गर्ने मौका दिनलाई प्रभुको दोस्रो आगमन ढिला हुन गएको हो।

___१३. धीरज सिक्ने एकमात्र ठूलो उपाए ठूलो सङ्कष्टद्वारा हो।

___१४. धीरजमा ख्रीष्टियानका धेरैजसो पाठहरू ख्रीष्टियान सङ्गतिभन्दा बाहिरका सम्बन्धहरूबाट आउनसक्छन्।

___१५. ख्रीष्टका पाइलाहरू पच्छयाउनाले हामीले क्रूस बोकेको हुनुपर्छ भनी माग गर्छ।

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

८. **क**. स्थिर भइरहने।
**ख**. अटल भई उभिने।
**ग**. स्थिरता।
**घ**. धीरज, स्थिरता।

१. तपाईंको उत्तर यससँग मिल्दोजुल्दो हुनैपर्छः
**क**. परीक्षा र सङ्कष्ट भएपनि आफ्नो विश्वास छाड्दैन; स्थिरता वा सहनशीलता
**ख**. रिसाउदैन अथवा गलती छ भने गलती छैन भनी ठीक हुने कोशिश गर्दैन।

६. इनामहरू हुन्ः फल उत्पादन गर्ने, हामी आफैलाई बचाउने, परमेश्वरले प्रतिज्ञा गर्नुभएको कुरालाई प्राप्त गर्ने, आशिषित हुने।

२. ख्रीष्ट येशूलाई पच्छयाउनु र उहाँको चेला हुनुले माग गर्छ, कि हामीले उहाँको निम्ति क्रूस (दुःख) उठाउन इच्छुक हुनुपर्छ।

१०. **ख**. यदि परमप्रभुले हाम्रो निम्ति केही गर्ने प्रतिज्ञा गर्नुभएको छ भने, हामीले उहाँमाथि भरोसा राखेर यो कुरा भएको हुनदिनु झन असल हो।

३. **क**. हामी हाम्रा दुःख कष्टहरूमा आनन्दित हुनसक्छौं, किनकि तिनीहरूले हामीलाई धीरज सिकाउँछन्, जसले हामीमा चरित्रको निर्माण गर्छ र हामीलाई आशा दिन्छ।
**ख**. आनन्दसाथ आफ्ना सङ्कष्टहरूको सामना गर्नुहोस्, किनभने तिनीहरूले तपाईंमा धीरज निर्माण गर्छन्, र तपाईंलाई परिपक्व र सिद्ध हुन सहायता पुऱ्याउँछन्।
**ग**. अय्यूबको उदाहरणले देखाउँछ, कि यदि हामीले धीरजसँग सह्यौ भने हामीले आशिष प्राप्त गर्नेछौं।

घ. यदि तपाईंले धीरजसँग अरूको हप्की सहनुभयो भने, परमेश्वरले तपाईंको आदर गर्नुहुन्छ।

११. क. पर्खनु कहिलेकहीं हाम्रो निम्ति परमेश्वरको तालिमको प्रक्रियाको एक भाग हो।

४. क. ठीक
ख. ठीक
ग. बेठीक
घ. ठीक
ङ. ठीक
च. बेठीक
छ. ठीक
ज. बेठीक

१२. ख. हामीले मानिसहरूलाई त्यागेको परमेश्वरले चाहनुहुन्न, तर अरूहरूसँग व्यवहार गर्दा हामीले उहाँको धीरजी उदाहरण पच्छयाएको चाहनुहुन्छ।

५. कोही पनि पापपूर्ण अवस्थामा मरेको परमेश्वरले चाहनुहुन्न, तर उहाँले हरेकलाई उहाँबाट क्षमा पाउन र उहाँसँग मिलापगर्नलाई मौका दिन चाहनुहुन्छ।

१३. क. ठीक
ख. ठीक
ग. बेठीक
घ. बेठीक
ङ. ठीक

६. तपाईंको जीवनमा धीरजको फल उत्पादन गर्नलाई पवित्र आत्माले तपाईंलाई कहाँ सहायता पुऱ्याउनु पर्छ भनी हेर्नलाई यस अभ्यासले तपाईंलाई सहायता पुऱ्याउँछ।

७. म यस्तो प्रकारले प्रतिउत्तर दिनेछु
क. सहनशीलता, स्थिरता।
ख. आत्मसंयम।
ग. स्थिर रहने र सहनशील हुने, (शीलस्वभाव)।
घ. झट्टै नरिसाउने।
ङ. सहनशीलता र स्थिरता।
च. क्षमादिने आत्मा।
छ. सहनशीलता, स्थिरता।


# पाठ ६

# दया र भलाइ: जुम्ल्याह फल

दया र भलाइ यस्तो नजीकतामा मिलेका छन्, कि कहिलेकहीं तिनीहरूका बीचमा भएको भिन्नतालाई छुट्याउन पनि गाह्रो पर्छ। "क दयालु व्यक्ति एक असल व्यक्ति पनि हुन्छ; एक असल व्यक्ति उसको स्वभावैले दयालु हुन्छ। यी दुवै चरित्रहरू प्रेमबाट आउँछन्। कसैले भनेका छन् कि, यस भन्दा अघिल्लो पाठमा हामीले अध्ययन गरेको धीरज सङ्कष्ट भोग्ने प्रेम हो; दया टिठाउने प्रेम हो; र भलाइ सेवा पुऱ्याउने प्रेम हो।

पवित्र आत्माद्वारा हामीमा उत्पादन गरिने यी चरित्रहरू अरूहरूसँगको हाम्रो सम्बन्धसँग सम्बन्धित छन्। जब कसैले "तिनी असल छिन्" भन्छ, अरूहरूलाई देखाइने दया र कृपाको विचार त्यहाँ समावेश गरिएको हुन्छ।

साधारण त हामी दयालाई एक व्यक्तिबाट अर्को व्यक्तिमा भएको प्रेमको वर्णन र भलाइलाई चाहिँ शुद्ध (पवित्र) हुने गुणको रूपमा विचार गर्छौं। यस पाठमा तपाईंले देख्नुहुनेछ, कि यी दुई शब्दहरूका बाइबल आधारित प्रयोग आजको सामान्य प्रयोग भन्दा केही भिन्नै छ, र त्यस दया र भलाइमा प्रेमको वर्णन गर्ने धेरै स्वरूपहरू समावेश गरिएका छन्।



यो विचारपूर्ण छ, कि बाबु-आमाले आफ्ना छोराछोरीहरूलाई सधैंभरि "असल हुने" अर्ती दिइराख्छन्, तर त्यसको विपरीत स्वभावको निम्ति चाहिँ तिनीहरूलाई कहिल्यै सुझावदिन खाँचो छैन। 'खराब' हुने कुरा स्वभावैले आउँछ जस्तो देखिन्छ। हामीभित्र ख्रीष्टको आत्मा हुनुभएन भने हाम्रो स्वभाव खराब र दुष्टतातर्फ झुक्छ। तर पवित्र आत्माले हामीमा दया र भलाइ उत्पादन गरेर ख्रीष्टको प्रेमद्वारा हामीलाई संसारमा सेवा गर्न सहायता गर्नुहुन्छ। संसारलाई आवश्यक परेको व्यक्ति येशू ख्रीष्ट हुनुहुन्छ - त्यसको अर्थ अझै प्रेम, अझै दया, अझै भलाइ, अझै भलापन, अझै सरोकार राख्ने कृपा चाहिँन्छ।

**पाठको रूपरेखा**

दया र भलाइ परिचित गरिए

दया र भलाइ वर्णन गरिए

दया र भलाइ नमूनित गरिए

## पाठका उद्देश्यहरू

यस पाठको अध्ययनपछि तपाईंलेः

- आत्माको फलको रूपमा दया (क्रेस्टोटेस) र भलाइ (एगाथौसुने) को निम्ति बाइबल आधारित परिभाषाहरूको व्याख्या गर्न सक्नुपर्ने छ।
- आत्मिक दया र भलाइका उदाहरणहरू दिन सक्नुपर्नेछ।
- सेवा, उदारता, कृपा, र अनुग्रहसँग सम्बन्धित बाइबल आधारित सिद्धान्तहरूको उल्लेख गर्न सक्नुपर्नेछ।
- भलाइ, धार्मिकता, र सत्यताका बीचमा भएका सम्बन्धहरूको व्याख्या गर्न सक्नुपर्नेछ।
- तपाईंको आफ्नै जीवनका क्षेत्रहरूमा कहाँ कहाँ दया र भलाइको प्रदर्शित हुनुपर्छ सो थाहा पाउनसक्नुपर्नेछ।

## सिक्ने क्रियाकलापहरू

१. पाठ १ मा दिइएको नमूनाअनुसार पाठको अध्ययन गर्नुहोस्। पाठमा उल्लेख गरिएका बाइबलका सबै पदहरूलाई भेट्टाई पढ्नु तपाईंको निम्ति महत्वपूर्ण छ। सबै अध्ययन प्रश्नहरूका उत्तर दिनुहोस्, र अध्ययनको अर्को खण्डमा जान अगाडि हरेक उद्देश्य पूरा गरेको छु भनी निश्चित हुनुहोस्।

२. तपाईंलाई थाह नभएका मुख्य शब्दहरूका परिभाषाहरूको अध्ययन गर्नुहोस्।

३. स्वयम्-जाँच लिनुहोस् र आफ्ना उत्तरहरूको जाँच गर्नुहोस्।

४. पाठ ५ र ६ दोहोऱ्याउनुहोस्, र त्यसपछि विद्यार्थी प्रतिवेदन एकाइ २ मा सोधिएका प्रश्नहरूका उत्तर दिनुहोस्। विद्यार्थी प्रतिवेदन एकाइमा दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्।

**मुख्य शब्दहरू**

| | | |
|---|---|---|
| गुण | अतिथिसत्कार | विद्रोही |
| मुठीबन्द | अपक्षपाती | विद्रोहीपन |
| प्रबन्ध | अपक्षपात | दासत्व |
| विशेष | गलत धारणा | सामाजिक |
| उदारचित्त | खुला हात | जुवा |

**पाठको विकास**

## दया र भलाइ परिचित गरियो

**बाइबल आधारित परिभाषाहरू**

**उद्देश्य १.** *दया र भलाइका चरित्रहरूसँग हरेकको परिभाषाको जोडा मिलाउनुहोस्।*

तर आत्माको फल प्रेम, आनन्द, शान्ति, धीरज, **दया, भलाइ**....... हुन् (गलाती ५:२२)।

*दया*

गलाती ५:२२ मा उल्लेख गरिएको *दया* ग्रीक शब्द क्रेस्टोटेसबाट आएको हो, जसको अर्थ दया पवित्रताको एक गुण जस्तो मात्र होइन, तर चरित्र र स्वभावमा एक दयालु प्रबन्ध जस्तो पनि हो। यसले कोमलता, करूणा र सुन्दरतालाई घेरेको हुन्छ।

मत्ती ११:१० मा येशूको जुवा वर्णन गर्नलाई *क्रेस्टोटेस* शब्द प्रयोग गरिएको छ। उहाँले भन्नुभयो, "किनकि मेरो जुवा सजिलो (क्रेस्टोस) र मेरो भारी हलुका छ।" ख्रीष्टको जुवाले आज्ञाकारिता, समर्पण, मित्रता, सेवा र सहयोगद्वारा विकास हुने अनुशासित जीवनको बारेमा बताउँछ। यो सम्बन्धनै दयालु, सुन्दर र आनन्दमय हुन्छ, किनकि यो दवाव र दासत्वमा भन्दा समर्पण र प्रेममा आधारित हुन्छ। हामीले सेवा गर्नुपर्ने मालिक हामीसँग हुनुहुन्छ, किनभने हामी उहाँलाई प्रेम गर्छौं, र उहाँको निम्ति भएको प्रेमको कारणले हामी एक अर्काको पनि सेवा गर्छौं। बिना प्रेम सेवा गर्नु सहन नसकिने कुरा हो - प्रेमको कारणले सेवा गर्नु सबैभन्दा ठूलो सौभाग्य हो। यसलाई अझै हामी यस पाठमा पछि छलफल गर्नेछौं।

*क्रेस्टोस* शब्द फेरि लूका ५:३९ मा पुरानो दाखमद्यलाई वर्णन गर्न प्रयोग गरिएको छ, जुन दाखमद्य गुलियो हुन्छ। त्यसमा कुनै पनि तीतोपना हुँदैन। प्रेरित पावलले एफिसी ४:३१-३२ र ५:१-२ मा के भन्न खोजेका छन्, सो कुरा बुझ्न यसले सहायता गर्छः

> अनि सबै तीतोपना, क्रोध, रीस, होहल्ला, निन्दा, सारा बैर-भावसमेत तिमीहरूबाट त्यागिओस्। अनि जसरी परमेश्वरले पनि ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरीनै एकले अर्कोलाई क्षमा गरेर तिमीहरू एक अर्कोप्रति कोमल मनको र दयालु होओ।
>
> यसकारण तिमीहरू प्रिय बालकहरूझैं परमेश्वरका अनुसरण गर्नेहरू होओ, अनि जसरी ख्रीष्टले पनि तिमीहरूसित प्रेम गर्नुभयो र परमेश्वरका निम्ति मीठो वास्ना हुनलाई भेटी र बलिदान भएर आफैलाई हाम्रा निम्ति अर्पण गर्नुभयो, त्यसरी तिमीहरू पनि प्रेममा चल।

मीठो वास्नाको भेटीको रूपमा प्रेमको जीवन कसरी जिउनुपर्छ भन्ने कुराको हाम्रो उदाहरण ख्रीष्ट हुनुहुन्छ। पुरानो नियमका बलिदानहरूलाई निश्चयनै मीठो वास्नाको बलिदान भनी वर्णन गरिएको छैन। तर हाम्रा पाप बलि, येशूका निम्ति यो भनिएको छ, जसले कोमलता, करूणा र मीठोपनामा आफैलाई दिइहाल्नुभयो, किनकि उहाँले हामीलाई प्रेम गर्नुभयो। एक अर्काप्रति दयालु र टिठालु हुने अर्थको उत्तम रूपलाई येशूले प्रदर्शित गर्नुभएको छ। त्यसैकारणले नै प्रेरित पावलका निम्ति उहाँ प्रेममा दिइनुभएको मीठो वास्नाको भेटी हुनुहुन्छ।

*क्रेस्टोटेस* (वा क्रेस्टोस) शब्द १ पत्रुस २ः३ मा "भला" (असल) वा "भलाइ" भनेर पनि कहिलेकहीं अनुवाद गरिएको छ, "प्रभु कृपालु हुनुहुन्छ भनी तिमीहरूले स्वाद पाएका छौ।" योसँगै मिल्ने पद भजनसंग्रह ३४ः८ मा पनि पाइन्छ, "जाँचेर हेर कि परमप्रभु कस्तो भलो हुनुहुन्छ," यसले मीठोपनाको बारेमा बताउँछ। बाइबलका यी पदहरूले परमप्रभुको दयालाई व्यक्तिगत रूपमा अनुभव गर्ने कुराको सम्बोधन गर्छन्।

**१**. आत्माको फलको रूपमा यिनीहरूमध्ये कुन दुई चाहिँलाई दयाको परिभाषाको रूपमा परिचित गरिएको छ?
**क**. मीठोपना, करूणा र कोमलताको चरित्र
**ख**. दासत्वको जुवा
**ग**. भित्रिय भलाइ वा पवित्रताको गुण
**घ**. अरूहरूप्रति भएको प्रेमको बाहिरीय कार्यहरू

*भलाइ*

आत्माको फलको रूपमा *भलाइ* ग्रीक शब्द *एगाथौसुनेबाट* अनुवाद गरिएको हो, जुन शब्द बाइबलमा चारपल्ट मात्र पाइन्छ। जब यसलाई क्रेस्टोटेससँग तुलना गरिन्छ, हामी देख्छौं, कि भलाइ दयाको प्रकट वा व्यवहार हो अथवा जे असल छ सो काम गर्नु

हो। बाइबलका यी खण्डहरूमा पावलका लेखाइहरूमा मात्र एगाथौसुने प्रयोग गरिएको छः

१. रोमी १५:१४ - "अनि ए भाइ हो, म आफै पनि तिमीहरूका विषयमा विश्वाससित जान्दछु, कि तिमीहरू भलाइ (एगाथौसुने) ले भरपूर भएका छौ ।"

२. गलाती ५:२२ - "तर आत्माको फल प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाइ (एगाथौसुने) हुन्।"

३. एफिसी ५:९ - "किनभने ज्योतिको फल सबै भलाइ (एगाथौसुने), धार्मिकता र सत्यतामा हुन्छ ।"

४. २ थिस्सलोनिकी १:११ - "यही हेतुले, तिमीहरू सबैको निम्ति हामी सधैं प्रार्थना पनि गर्छौं, कि हाम्रा परमेश्वरले तिमीहरूलाई भएको बोलावटको योग्य तिमीहरूलाई गनून् र भलाइ (एगाथौसुने) को हरेक काम शक्तिसाथ पूर्ण गरिदिऊन्।"

यी पदहरूमध्ये पहिलो पद, रोमी १५:१४ मा पावलले थाह गरेका छन्, कि रोमका ख्रीष्टियानहरू एक अर्कालाई सेवा पुऱ्याउन तयारी थिए। पद १५ मा तिनीहरूलाई सेवा गर्नलाई उनी अर्ती दिन्छन्, र आफू पनि येशू ख्रीष्टको सेवक (दास) बनेको कुरा तिनीहरूलाई स्मरण गराउँछन्। पद १६ मा पावलले आफैलाई पूजाहारीसँग तुलना गरेका छन्, जसले पवित्र आत्माद्वारा शुद्ध पारिएको भेटीको रूपमा उद्धार पाएका अन्यजातिहरूलाई परमेश्वरमा चढाएका छन्। यी सबै पदहरूमा भलाइको वर्णन देखिएको छ।

तब, भलाइले एक अर्काप्रतिको सेवाको बारेमा बताउँछ, सेवा पुऱ्याउने र दिने उदारचित्तको आत्मालाई कार्यमा लगाउनु हो। यो चाहिँ कोमलता, टिठ्याइ (दया) र मीठोपनाको भित्रिय गुण अर्थात् दयाको स्वाभाविक नतिजा हो। यी सबैलाई एउटै शब्द

प्रेममा सारंशित गर्नसकिन्छ। प्रेम दयालु हुन्छ, जुनचाहिँ दुष्टताको विपरीत हो। प्रेम भला हुन्छ र यसले जहिले पनि अरूहरूको खाँचोमा सेवा पुऱ्याउन खोज्छ।




**२.** दायाँपट्टि दिइएको आत्माको फलसँग बायाँपट्टि दिइएको परिभाषाहरूको तुलना गर्नुहोस्। दिइएको खाली ठाउँमा तपाईंले छान्नुभएको उत्तरको अङ्क लेख्नुहोस्।

___ **क.** सेवाकाइ
___ **ख.** मीठोपना
___ **ग.** टिठ्याइ
___ **घ.** पवित्रता
___ **ङ.** सेवा
___ **च.** उदारचित्त
___ **छ.** ख्रीष्टको जुवा
___ **ज.** गर्नु
___ **झ.** हुनु

१) दया (क्रेस्टोटेस्)
२) भलाइ (एगाथौसुने)

## बाइबल आधारित तुलनाहरू

उद्देश्य २. *दया र भलाइका बाइबल आधारित धारणाहरूको परिचय दिनुहोस्।*

येशूमा भएका दया र भलाइका विभिन्न स्वरूपका सिद्ध उदाहरणहरू हामीसँग छन्। उहाँको दयाको जगमा नै सिद्ध नैतिक चरित्र थियो। यसैकारणले नै उहाँले आफ्ना शत्रुहरूलाई "के तिमीहरूमध्ये कसैले मलाई पापको दोष लगाउन सक्छौ?" भनी सोधेर चुनौती दिनसक्नुभएको थियो (यूहन्ना ८:४६)।

बाइबलमा प्रकट गरिएको परमेश्वरको नैतिक पवित्रता अति शक्तिशाली र डरलाग्दो छ। उदाहरणको लागि, ७० जना मानिसहरू बेथ-शेमेशमा मरे, किनभने तिनीहरूले परमप्रभुको सन्दूकलाई हेरेका थिए (१ शमूएल ६:१९), र अरूहरूले यसोभन्दै प्रश्न गर्न लागे, "परमप्रभु, यस पवित्र परमेश्वरको उपस्थितिमा को खडा हुन सक्छ र?" (पद २०)। यस प्रश्नको अलिकति उत्तर भजनसंग्रह १५:१-५ मा भजनसंग्रह लेखक दाऊदद्वारा दिइएको छ। त्यहाँ दुई मुख्य मागहरू छन्ः

१. *धार्मिकतामा जिउनु* - "त्यो, जो सोझो मनले हिँड्छ, र धर्मकर्म गर्छ, र हृदयले सत्य बोल्छ र जसले आफ्नो जिब्रोले निन्दा गर्दैन" (पद २-३)।
२. *दयालु हुनु* - " जसले आफ्ना मित्रहरूको खराबी गर्दैन, र आफ्ना छिमेकीहरूको बेइज्जत गर्दैन। जसको आँखामा बेकम्मा मानिस तुच्छ हुन्छ, तर परमप्रभुको भय मान्नेहरूलाई चाहिँ त्यसले कदर गर्छ। जसले आफ्नो हानि हुँदा पनि किरिया खाएर कुरा बदलँदैन। जसले आफ्नो रूपैयाँ व्याजमा लाउँदैन, नता निर्दोषको विरूद्धमा घूस लिन्छ" (पद ३-५)।

यसरी हामीले देख्यौं, कि जुनचाहिँ ठीक वा असल छ, सो गर्ने इच्छा वा प्रबन्ध दया हो। यो दुष्ट काम गर्ने कुराको ठिक विपरीत हो, जुन हित्तोपदेश ४:१६ मा बताइएको छ, "किनभने दुष्टहरू खराब काम नगरूञ्जेल सुत्नैसक्तैनन्, कसैको पतन नगरूञ्जेल तिनीहरूलाई निद्रै लाग्दैन।"

येशूले छोएर पनि एक प्रकारले आफ्नो दया प्रकट गर्नुभयो। उहाँले साना केटाकेटीहरूमाथि आफ्ना हात राखिदिनुभयो। उहाँले बिरामी र विलाप गर्नेहरूलाई छुनु भयो। उहाँको चङ्गाइको अनुभवको खाँचो परेकाहरू र उहाँलाई प्रेम र भक्ति प्रकट गर्न इच्छुक भएकाहरूले उहाँलाई पनि छोएका थिए। उहाँलाई छुने हरेक व्यक्तिले आशिष पाएको थियो। खाँचोमा परेको कसैलाई हामीद्वारा प्रभुको यस दयालु छुवाइ कति मीठो र शान्तमय हुन्छ!

भलाइ दया भन्दा एक कदम अगाडि जान्छ। विलियम वार्कलेले यसलाई यसरी परिभाषित गरेका छन् "हरेक ठाउँमा हुने धर्म-सामाग्री" (१९७६, पृ ५१)। तब उनी अझै दया र भलाइलाई तुलना गर्न लाग्छन्ः "फरक के छ त? एगाथौसुने (भलाइ) ले हप्काउन र अनुशासन गर्न सक्छ वा गर्ला। क्रेस्टोटेस (दया) ले खाली सहयोग मात्र गर्नसक्छ" (पृष्ठ ५१)। यसरी जब येशू मन्दिरमा गएर पैसा साट्नेहरूलाई धपाउनुभयो, उहाँले भलाइ देखाउनुभएको थियो (लूका १९:४५-४६)। व्यभिचारमा पक्रिएकी स्त्रीलाई जब उहाँले क्षमा दिनुभयो, उहाँले दयाको प्रदर्शित गर्नुभएको थियो (यूहन्ना ८:१०-११)। उहाँलाई समातिएको बेलामा उहाँको मुखमा हान्ने कप्तानलाई चुनौती दिएर उहाँले भलाइ देखाउनुभएको थियो (यूहन्ना १८:२३)। त्यसभन्दा अघाडि बगैंचामा जब उहाँका चेलाहरूमध्ये एक जनाले आफ्नो तरवार थुतेर प्रधान पूजाहारीको नोकरको कान च्वाट्टै काटिदिएको थियो, येशूले त्यस मानिसको कान छोएर त्यसलाई निको पारी दयाको प्रदर्शन गर्नुभयो (लूका २२:५१)। बार्कलेले यसरी समाप्त गरेका छन्, कि "ख्रीष्टियानलाई एकापट्टि भलाइको खाँचो

छ र त्यसैबेला ऊ दयालु र बलियो (कडा) हुनसक्छ'' (पृष्ठ ५१)। यो हामीहरूप्रतिको परमेश्वरको कार्यमा प्रदर्शित गरिएको छ - हामीले उहाँको महान् कृपा (दया) को प्रदर्शित गर्नसकौं भनेर हामीलाई पश्चात्तापमा ल्याउने उद्देश्यको निम्ति उहाँले हामीलाई हप्काऊनु र अनुशासित (भलाइ) गर्नुहुन्छ। (रोमी ११:३२ र भजन २५:८ हेर्नुहोस्)।

**३**. यो तुलनालाई अझै नमूनित गर्न, भजनसंग्रह तेईस अध्यायलाई विचार गर्नुहोस्, जहाँ परमप्रभुलाई हाम्रा गोठालाको रूपमा लिइएको छ। यी शब्दहरूमध्ये कुनचाहिँले दया र कुनचाहिँले भलाइको बारेमा बताउँछन्?

**क**. भला आत्मा वा स्वभाव
**ख**. अगुवाइ, डोऱ्याइ
**ग**. सच्याउनु (छिँवल्नु)
**घ**. दया देखाउनु (टिठाउनु)

**४**. दया र भलाइका बाइबल आधारित धारणाहरूका सम्बन्धमा यिनीहरूमध्ये कुन कुन बयानहरू ठीक छन्? तपाईंले छान्नुभएका उत्तरहरूका अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. भजनसंग्रह १५:१-५ अनुसार धार्मिकता परमेश्वरको पवित्र उपस्थितिमा खडा हुन चाहिँने माग हो, र यस धार्मिकतामा दया पनि समावेश गरिएको हुन्छ।
**ख**. अरूहरूलाई परमप्रभुको दया देखाउनलाई उहाँले हामीलाई प्रयोग गर्नुहुन्छ।
**ग**. प्रकट गर्दा भलाइ (एगाथौसुने) भन्दा दया (क्रेस्टोटेस) अझै कडा (बलियो) छ।
**घ**. हप्काइ र अनुशासन परमप्रभुको भलाइसँग नजीकतामा सम्बन्धित छन्।
**ङ**. साधारणतया परमेश्वरले अनुशासन गर्दा उहाँको मुख्य उद्देश्य दण्ड दिनु हो।

## दया र भलाइ वर्णन गरिए

### परमेश्वरको दया र भलाइ

उद्देश्य ३. *परमेश्वरको दया र भलाइका विस्तारित र सीमितपनाको उल्लेख गर्नुहोस्।*

*दयाः* परमेश्वर कठोर, रिसालु न्यायाधीश, पापीलाई दण्ड दिन र उसलाई बाहिरको अँध्यारो ठाउँमा फालिदिन तयारी हुने व्यक्ति हुनुहुन्छ भनी उहाँको विषयमा कोही मानिसहरूमा गलत धारणा छ। तर बाइबलले परमेश्वरलाई टिठालु, र प्रेमी स्वर्गीय पिता, र आफ्ना छोराछोरीहरूलाई हरप्रकारमा आशिष दिन तयारी हुने व्यक्तिको रूपमा प्रकट गराएको छ। भजनसंग्रह १०३:१३ ले भनेको छ, "जसरी बाबुले आफ्ना छोराछोरीहरूलाई टिठयाउँछन्, त्यसरीनै उहाँसँग डराउनेहरूलाई परमप्रभुले टिठयाउनुहुन्छ।"

५. भजनसंग्रह १०३:८-११ पढ्नुहोस् र यी पदहरूमा दिइएका परमेश्वरका सबै गुणहरूको सूची बनाउनुहोस्, जसले उहाँको दयाको प्रकट गर्छन्।........................................................

.....................................................................................

भविष्यवक्ता यशैयाले परमेश्वरलाई कोमल र आफ्ना थुमाहरूसँग दयालु हुने गोठालाको रूपमा चित्रण गरेका छन्ः "उहाँले आफ्नो बगाललाई गोठालाले झैं चराउनुहुनेछः उहाँले थुमाहरूलाई आफ्नै अङ्गालोमा लिनुहुनेछ र तिनीहरूलाई आफ्नै काखमा बोक्नुहुनेछ, दुध खुवाउने माऊलाई चाहिँ बिस्तार बिस्तार डोऱ्याएर उहाँले लैजानुहुनेछ" (यशैया ४०:११)। हामीलाई दया देखाउनुहुने परमेश्वरले इच्छा गर्नुभएको अर्को उदाहरण लूका ११:१३ होः "तिमीहरू दुष्ट भईकन आफ्ना छोरा-छोरीहरूलाई

असल कुरो दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढ्ता गरेर पवित्र आत्मा दिनुहुनेछ!"

भजनसंग्रह लेखकहरूले घरी घरी यसो भनेर परमप्रभुको दयाको सम्बोधन गरेका छन्, "परमप्रभु भला हुनुहुन्छ" (भजन ७३:१, ८६:५, १०५:५, १०६:१, १०७:१, १३६:१)। पूरै भजन संग्रहभरिनै यो आनन्दित धुन धन्कन्छ, जहाँ भजनसंग्रह लेखकहरूले दयालाई क्षमादानको आधार र परमेश्वरले प्रार्थना सुन्नुहुने र उत्तर दिनुहुने कुराको सम्बोधन गरेका छन्। परमेश्वरको न्याय दयालु हुन्छ। भजनसंग्रह ११९:३९ मा दाऊदले आफ्ना कमजोरीहरूका लाजको बारेमा बताउँदा परमेश्वरको व्यवस्था असल छ भन्ने शब्दहरूबाट आफ्नो भनाइ समाप्त गरेका थिए। यहाँ दयाको गुणको बारेमा दाऊदले बताएका थिए, जुन दयाले पश्चात्तापी पापीलाई आशा दिन्छ।

सबै मानिसहरूतर्फ परमेश्वरको दया फैलिएको छः "बैगुनी र दुष्टमाथि उहाँ कृपालु हुनुहुन्छ" (लूका ६:३५)। तर परमेश्वरको दयाको उद्देश्य हामीलाई पश्चात्तापमा डोऱ्याउनु हो (रोमी २:४)। यो स्वर्गीय दयाले केवल पापहरूबाट क्षमातर्फ डोऱ्याएर हाम्रो उद्धारको काम मात्र गर्ने होइन, तर हामी पवित्र हुनलाई चाहिँने आवश्यकता पनि यसले उपलब्ध गर्छ। धेरै मानिसहरूले घरी घरी पाप गरेर परमेश्वरको महान् दयाको मौका छोप्छन्। यो डरलाग्दो र खतरनाक भूल हो। प्रेरित पावलले यसको बारेमा रोमी ११:२२ मा चेतावनी दिएका छन्ः

> परमेश्वरको दया र कडा व्यवहारलाई हेर। पतन हुनेहरूमाथि कडा व्यवहार, तर उहाँकै दयामुनि रहिरह्यौ भने तिमीलाई परमेश्वरको दया देखाइनेछ, नत्रता तिमी पनि काटिनेछौ।

*भलाइः* सूर्यको मुनि जिउने हरेक व्यक्ति परमेश्वरको प्रशस्त र निरन्तर आशिषको निम्ति उहाँप्रति ऋणी हुनैपर्छ।

भजनसंग्रह १४५:९-ले बताउँछ, "परमप्रभु सबैमाथि भलो हुनुहुन्छ, र उहाँका कोमल कृपा उहाँका कार्यहरूमा श्रेष्ठ छन्। किनभने उहाँले दुष्ट र सज्जन दुवैका निम्ति घाम लगाइदिनुहुन्छ, र धर्मी र पापी दुवैमाथि वृष्टि दिनुहुन्छ'' (मत्ती ५:४५)। विद्रोही व्यक्ति निश्चयनै यस्ता आशिषहरूका योग्य हुँदैन, तर परमेश्वरको भलाइ हरेकको निम्ति सित्तैंमा प्रदान गरिएको छ। यूहन्ना १:१६-मा यो लेखिएको छः "किनभने उहाँको पूर्णताबाट हामी सबैले अनुग्रहमाथि अनुग्रह पायौं।'' हरेक व्यक्तिले, जीवन, स्वास्थ्य, वर्षा, बाली, परिवार, दैनिक भोजन, सुरक्षा, र अरू आशिषहरू परमेश्वरबाट निरन्तर प्राप्त गरेकोमा उहाँलाई धन्यवाद चढाउनैपर्छ। जसरी प्रेरित याकूबले पनि लेखेका छन्ः "हरेक असल दान र हरेक उत्तम वरदान माथिबाटकै हो, र ज्योतिका पिताबाट आउँछ, जसमा कहिल्यै अदलबदल हुने र छायाँ छैन'' (याकूब १:१७)।

**६. क.** परमेश्वरको दया र भलाइ किन असल र दुष्ट दुवै थरिका मानिसहरूलाई दिइएको छ? व्याख्या गर्नुहोस्।

..........................................................................

..........................................................................

**ख.** विद्रोही मानिसहरूका निम्ति परमेश्वरको दया र भलाइ कस्तो किसिमले सीमित गरिएको छ व्याख्या गर्नुहोस्।

..........................................................................

..........................................................................

## दया र भलाइका सिद्धान्तहरू

**उद्देश्य ४.** *आत्माको फलको रूपमा दया र भलाइसँग सम्बन्धित भएका साँचो सिद्धान्तहरूलाई चिन्नुहोस्।*

*अरूहरूप्रतिको सेवा*

ईश्वरभक्ति र भलाइलाई एक अर्काबाट अलग राख्नसकिँदैन। यहाँ दुई ईश्वरीय सिद्धान्तहरू समावेश गरिएका छन्ः १) व्यक्तिगत उद्धार र २) अरूहरूप्रतिको सेवा। भलाइ शुरूदेखिनै मानिसको निम्ति परमेश्वरको योजना थियो। मानिसको आत्मिक अवस्थाले उसको सामाजिक सम्बन्धमा असर पारेको हुन्छ। हामी दुई महान् आज्ञाहरूमा यसलाई चित्रण गरिएको पाउँछौं (मर्कूस १२ः२९-३१ हेर्नुहोस्)ः

| परमेश्वरसँगको सम्बन्ध | अरूहरूसँगको सम्बन्ध |
|---|---|
| १. परमप्रभु तेरा परमेश्वरलाई प्रेम गर। | २. तेरो छिमेकीलाई आफैलाईझैं प्रेम गर। |

यो सिद्धान्तलाई अझै बाइबलका दुई जोडी प्रश्नहरूद्वारा चित्रण गर्नसकिन्छः

| परमेश्वरसँगको सम्बन्ध | अरूहरूसँगको सम्बन्ध |
|---|---|
| उत्पत्ति ३ः९ "तँ कहाँ छस् ?" | उत्पत्ति ४ः९ "तेरो भाइ खोइ?" |
| लूका १०ः२५ "अनन्त जीवन पाउनलाई मैले के गर्नुपर्छ?" | लूका १०ः२९ "मेरो छिमेकी को हो त?" |

आदम र हव्वालाई तिनीहरूले उहाँको आज्ञा भङ्ग गरेर पाप गर्नेबित्तिकै परमेश्वरले सोध्नुभएको पहिलो प्रश्न उत्पत्तिको पुस्तकबाटको उदाहरणमा पाइन्छ। उहाँको प्रश्न तिनीहरूको आत्मिक अवस्थाको सरोकार राखेर सोधिएको थियो। उसले आफ्नो भाइ हाबिललाई मार्ने बित्तिकै उहाँले कयिनलाई यो दोस्रो प्रश्न गर्नु भएको थियो। उसले आफ्नो भाइतर्फ गरेको दुष्टताको सरोकारको बारेमा परमेश्वरले उसलाई यो प्रश्न गर्नुभएको थियो।

व्यवस्थाका निपुण अध्यापकले यी दुई प्रश्नहरू येशूलाई सोधेका थिए जुन हामी लूकाबाटको उदाहरणहरूमा पाउँछौं। पहिलो चाहिँ उनको आत्मिक अवस्था र दोस्रो चाहिँ उनको सामाजिक अवस्थासँग सम्बन्धित छः "तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा शक्तिले, र आफ्नो सारा मनले प्रेम गर।" र अरूहरूलाई सेवा गर्दा उनले राख्नुपर्ने सम्बन्ध यसको पछि लाग्छः तेरो छिमेकीलाई आफूलाई जस्तै गरी प्रेम गर।"

हामीले आत्माको फलको रूपमा दया र भलाइको महत्वपूर्णतालाई यसबाट सिकेका छौं। जब यो आत्मिक फल हामीमा विकास हुन्छ, हामीले अरूहरूलाई परमेश्वरले देख्नुभएझैं देख्छौं, र हामीमा प्रदर्शित भएको उहाँको प्रेमद्वारा हामी तिनीहरूप्रति सहयोगी हुन्छौं। हाम्रो सेवा उहाँलाई तिनीहरूका मुक्तिदाताको रूपमा चिनाउनु, तिनीहरूलाई उहाँकहाँ ल्याउनु र तिनीहरूका आवश्यकतामा सेवा पुऱ्याउनुतर्फ निर्देशित गरिएको हुन्छ। यसमा सङ्गति, अतिथिसत्कार, समस्याहरूमा सहायता पुऱ्याउने, हौसला दिने, र सबैभन्दा मुख्यचाहिँ प्रेम देखाउने कुरा समावेश गरिएको हुन्छ।

७. उद्धार र अरूहरूप्रतिको सेवाका दुई ईश्वरीय सिद्धान्तहरूका बीचको सम्बन्धलाई उल्लेख गर्नुहोस्।

..............................................................................

..............................................................................

हामी असल र पवित्र भएका हुनाले होइन, तर प्रभु येशू ख्रीष्ट हाम्रा उद्धारकर्ताको रूपमा हाम्रो स्थानमा मर्नुभएको कारणले हामीले उद्धार पाएका हौं। अब ख्रीष्टियानको रूपमा हामीमा विकास भएका आत्माको फलद्वारा हामी संसारलाई ख्रीष्टको प्रेम प्रदर्शन गर्छौं। हामीले उद्धार पाउनलाई होइन तर उद्धार पाएका हुनाले हामी यो गर्छौं। हामीले के गर्छौं, त्यसको कारणले होइन, तर परमेश्वरको अनुग्रह र ख्रीष्ट येशूले आफ्नो प्रायश्चितिक बलिदानद्वारा हाम्रो निम्ति जे गर्नुभयो त्यसमा विश्वास गरेको हुनाले हामीले उद्धार पाएका हौं।

*उदारचित्त*

अरूहरूलाई सेवा पुऱ्याउने एक असल व्यक्ति सांसारिक धनसम्पत्तिमा घटी भएपनि ऊ धनी हुन्छ। निश्चयनै प्रकाश २ः९ मा उल्लेख गरिएको स्मर्ना मण्डलीका ख्रीष्टियानहरूको यो अवस्था थियोः "तिम्रो कष्ट र तिम्रो दरिद्रता मलाई थाह छ - तरै पनि तिमी धनी छौ!" म्यासिडोनियाका मण्डलीहरू पनि तिनीहरू जस्तै थिए, किनकि २ कोरिन्थी ८ः२-३ मा पावलले तिनीहरूको प्रशंसा गरेका छन्, "कसरी कष्टको ठूलो परीक्षामा तिनीहरूको प्रशस्त आनन्द र अगाध दरिद्रताचाहिँ तिनीहरूका उदारताको धन भएर प्रशस्त बढ्यो। किनभने म गवाही दिन्छु, कि तिनीहरूका औकातअनुसार र औकातभन्दा बढ्ता पनि आफ्नै राजीखुशीले दिए।"

धर्मशास्त्रमा माथिनै वर्णन गरिएझैं, ख्रीष्टियान भलाइ वा एगाथौसुनेको विशिष्ट लक्षण (चिन्ह) उदारचित्त वा खुला हात हो।

दशांश र भेटीहरू दिने कामले हामीमा भएका सबै कुराहरू परमेश्वरबाट आएका हुन् भनी जान्न सकिन्छ। मन्दिर बनाउनको निम्ति इस्राएलीहरूले आ-आफ्ना उपहारहरू ल्याएपछि, दाऊदले उपहारहरूको निम्ति परमप्रभुलाई प्रशंसा गरे। तब उनले भने "तर म को हुँ, अनि मेरा प्रजा को हुन् र? कि हामी राजी-खुशीसित यसरी दिनसक्छौं? किनभने सबै कुरा तपाईंबाटै आउँछन्, अनि तपाईंकै दानबाट हामी तपाईंलाई दिँदैछौं" (१ इतिहास २९:१४)। परमेश्वर मात्र तिनीहरूका सुरक्षाका स्रोत हुनुहुन्छ भनी दाऊदले थाहा पाएका थिए। मानिसहरूले प्रायजसो आफूले प्राप्तगरेका धनसम्पत्तिमा सुरक्षा पाउने कोशिश गर्छन्। तर बाइबलको सिद्धान्तचाहिँ यो हो, कि उदारचित्तले दिनाले वा हात खुला राख्नाले साँचो सुरक्षा पाइन्छ, किनकि, उदारचित्त भएकाहरूलाई परमेश्वरले आशिष दिनुहुन्छ। यो सिद्धान्तलाई व्यवस्था १५:१०-११ मा उल्लेख गरिएको छः

> तिमीहरूले निसंकोच (उदारतासाथ) दिनू, अनि दिँदा तिमीहरूका मनमा कष्ट नहोस्, किनकि यही कारणले नै परमप्रभु परमेश्वरले सबै काममा तिमीहरूलाई आशिष दिनुहुनेछ। किनभने देशमा दीन दुःखीको कहिल्यै अन्त हुँदैन। यसैकारण म तिमीहरूलाई आज्ञा दिँदैछु, आफ्ना भाइवन्धु - आफ्नो देशमा भएका गरीब र खाँचो हुनेहरूलाई उदारचित्तले दिनू।

दिने कामद्वारा नै एक व्यक्तिले नाशवान कुराहरूको पछि नलाग्ने महत्वपूर्णताको बारेमा बुझ्न शुरू गर्छ। येशूले भन्नुभयो, "आफ्नो निम्ति पृथ्वीमा धनसम्पत्ति नथुपार, जहाँ कीरा र खियाले नष्ट पार्छ, र जहाँ चोरहरूले फोरेर चोर्छन्। तर आफ्नो निम्ति स्वर्गमा धनसम्पत्ति थुपार  जहाँ तिम्रो सम्पत्ति हुन्छ, त्यहीँ तिम्रो मन पनि हुन्छ" (मत्ती ६:१९-२१)।

मुठी बन्दगर्ने ख्रीष्टियानहरूको कारणले संसारका धेरै भागहरूमा प्रभुको कामले दुःख पाएको हुन्छ। तिनीहरूले केही पनि दिँदैनन् नता तिनीहरूले पाउँछन्नै पनि। जब आत्माको फलको रूपमा भलाइ एक विश्वासीको जीवनमा प्रदर्शित हुन्छ, तब म्यासिडोनियाको मण्डलीमा भएकोजस्तै उसको धनी उदारचित्तद्वारा उसलाई चिन्न सकिनेछ।

८. आफ्ना दाज्यू-भाइहरूप्रति खुला हात भएको र प्रभुको कामको आवश्यकतालाई पूर्ति गर्न उदारचित्तले दिने व्यक्तिको निम्ति कस्तो इनाम राखिएको छ?

..............................................................................

*भलाइ, धार्मिकता र सत्यता*

भलाइ, धार्मिकता र सत्यताको बीचमा एक गहिरो सम्बन्ध छ, जसले हामीलाई केही महत्वपूर्ण सिद्धान्तहरूको प्रकट गर्छ। एफिसी ५ः९ ले बताउँछः "किनभने ज्योतिको फल सबै भलाइ, धार्मिकता, र सत्यतामा हुन्छ।" भलाइ कृपासँग सम्बन्धित छ; धार्मिकता न्यायसँग सम्बन्धित छ; र सत्यता ज्ञानसँग सम्बन्धित छ। हामीले यसलाई तलको तालिकामा चित्रण गर्दा, तपाईंले हामीप्रतिको परमेश्वरको भलाइको उदेकपन र यसको मतलबको बारेमा अझै राम्रोसँग महसूस गर्नसक्नुहुनेछ।

| **भलाइ**<br>*कृपा* | **धार्मिकता**<br>*न्याय* | **सत्यता**<br>*ज्ञान* |
|---|---|---|
| एक व्यक्तिलाई फायदा हुने सबैकुरा मानिसलाई दिन्छ।<br><br>व्यवस्थाभन्दा श्रेष्ठ हुन्छ | मानिसलाई जे दिइनुपर्छ, त्यो दिन्छ।<br><br>व्यवस्था (नियम) सँग टाँसिएको हुन्छ। | व्यवस्थासँग सत्यता हुन्छ तर अनुग्रह होइन। |
| अनुग्रहसँग मिसिएको हुन्छ।<br>कृपाः हामीले पाउनुपर्ने कुरालाई हामी पाउदैनौं।<br>अनुग्रहः हामीले पाउन नसक्ने कुरालाई हामी पाउछौं। | | येशूमा हामीसँग सत्यता र अनुग्रह दुवै छ। |

"किनभने व्यवस्था मोशाबाट दिइयो, अनुग्रह र सत्यताचाहिँ येशू ख्रीष्टबाट आयो'' (यूहन्ना १:१७)। व्यवस्थामा अनुग्रह होइन तर सत्यता थियो। येशूमा हामीसँग सत्यता र अनुग्रह दुवै छ। परमेश्वरलाई महिमा होस्! येशू ख्रीष्टद्वारा प्रदर्शित गरिएको परमेश्वरको अनुग्रहद्वारा हामीले पाउनुपर्ने योग्यको कुरा होइन, तर उहाँको अनुग्रह र प्रेमले हामीलाई सित्तैंमा दिनेकुरा हामीले पाएका छौं।

भलाइको श्रेष्ठता सुनौला नियम भनी सम्बोधन गरिएको खण्डमा देख्नसकिन्छः "यसकारण मानिसहरूले तिमीहरूलाई जे जसो गरून् भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिनीहरूलाई त्यसै गर, किनभने यहीनै व्यवस्था र अगमवक्ताका शिक्षा हुन्'' (मत्ती ७:१२)। अर्को प्रकारले भन्ने हो भने, परमेश्वरले हामीसँग गर्नुभएजस्तै, हामीले पनि अरूहरूलाई कृपा र अनुग्रहसाथ व्यवहार गर्नुपर्छ।

कोरिन्थका ख्रीष्टियानहरूलाई तिनीहरूका उदारचित्तको निम्ति प्रशंसा गर्दा (२ कोरिन्थी ८:१-१५) पावलले तिनीहरूलाई सम्झना दिलाएका थिए, कि तिनीहरूमा भएको परमेश्वरको अनुग्रहले नै तिनीहरूलाई यस कामको निम्ति उत्तेजित पारेको थियो। ६ पल्ट च्यारिस अर्थात् "अनुग्रह" शब्द प्रयोग गरिएको छः यी पदहरू १,४,६,७,९ र १९ हुन्। च्यारिस शब्द पवित्र आत्मासँग नजीकतामा सम्बन्धित छ, जसले यी ख्रीष्टियानहरूमा भलाइ र उदारचित्तको फल उत्पादन गर्नुहुन्छ।

**९**. दायाँपट्टि दिइएका हरेक धारणासँग बायाँपट्टि दिइएका त्यस धारणासँग सम्बन्धित बयानहरूको जोडा मिलाउनुहोस्। तपाईंले छान्नुभएको उत्तरको अगाडिको अङ्कलाई दिइएको खाली ठाउँमा लेख्नुहोस्।

___ **क**. व्यवस्था र येशू दुवैमा पाइने
___ **ख**. अनुग्रहसँग कृपालाई मिलाउँछ
___ **ग**. व्यवस्थाको पालन गर्छ
___ **घ**. ज्ञानसँग सम्बन्धित छ
___ **ङ**. पाउनुपर्ने कुरालाई दिन्छ
___ **च**. पाउनु नपर्ने कुरालाई दिन्छ

१) भलाइ
२) धार्मिकता
३) सत्यता

**१०**. यहाँ उल्लेख गरिएका सिद्धान्तहरूमध्ये कोही ठीक र कोही बेठीक छन्। हरेक ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. ईश्वर-भक्ति र भलाइको बीचको सम्बन्ध यो हो, कि जब हामीले परमेश्वरको उद्धारको वरदान पाउँछौं, उहाँले हामीलाई देखाउनुभएझैं हामीले पनि त्यही नापमा अरूहरूको निम्ति प्रेम देखाउनु पर्छ।

**ख**. उदारचित्त भनेको अर्थ यदि हामीले हाम्रो सम्पत्तिलाई बलजफत जोगाईराख्यौं भने हामीले सुरक्षा पाउनेछौं।

ग. यदि मानिसको सामाजिक सम्बन्ध जस्तो हुनुपर्ने त्यस्तै छ भने, उसले उद्धार पाउनको निम्ति आवश्यकीय शर्त पूरा गरेको हुन्छ।

घ. यदि हाम्रा पापहरूबाट हामीले क्षमा पाउनु हो भने परमेश्वरको धार्मिकता उहाँको कृपासँग गाँसिएको हुनुपर्छ।

ङ. उदारचित्तको साँचो जाँच यो हो, कि एक व्यक्तिले आफैलाई खाँचो छ भनेपनि आफ्नो भाइलाई खुशीसाथ दिन्छ।

च. हामीप्रतिको परमेश्वरको महान् भलाइको अचम्मता यो हो, कि उहाँ कृपालु र अनुग्रहकारी हुनुहुन्छ। हामीले पाउन योग्यभएको न्याय हामीलाई नदिएर, त्यसको सट्टामा हामीले पाउनै नसक्ने कृपा हामीलाई दिनुभएको छ।

## दया र भलाइ नमूनित गरियो

**बाइबल आधारित उदाहरणहरू**

उद्देश्य ५. *दिइएका बाइबलका पदहरूमा दया र भलाइलाई कसरी प्रदर्शित गरिएको छ उल्लेख गर्नुहोस्।*

परमेश्वरका मानिसहरूले आफ्ना सँगीसाथीप्रति देखाएको दया र भलाइका उदाहरणहरूले बाइबल भरिएको छ। हाम्रो जीवनमा यो आत्मिक फल देखाउनसक्ने किसिमले हामी यी उदाहरणहरूमध्ये केही हेर्नेछौं।

अय्यूब केवल धीरजी मानिस मात्र थिएनन्, तर उनी दया र भलाइका पनि महत्वपूर्ण उदाहरण हुन्। यहाँ यसरी उनले आफ्नै बारेमा बताएका छन्:

> अन्धाको लागि म आँखा भएँ, र लङ्गडाको निम्ति खुट्टा। दरिद्रको लागि म बाबुझैं थिएँ, र विदेशीको पक्षमा म मुद्दामा खडा हुन्थें। अधर्मीको शक्तिलाई मैले नाश गरें, र त्यसको मुखबाट मैले शिकार खोसें। मैले यात्रीहरूलाई मेरो घरमा स्वागत गरें, र तिनीहरूलाई राती सडकहरूमा सुत्नदिइनँ (अय्यूब २९:१५-१७; ३१:३२)।

*दाऊद:* यो अचम्भित छ, कि दाऊदको दया उनको शत्रु शावलको घरसम्म फैलिएको थियो। दाऊदले यो पनपक्षे नभएको दयालाई "परमेश्वरको दया" भन्ने नाम दिएका छन् (२ शमूएल ९:१-३)। यो दयाको उच्चतम तह हो। पावलले तिमोथीलाई दिएको अर्तीको विषय पनि अपक्षपाती दया नै थियो: "अनि प्रभुका सेवकले झगडा गर्नुहुँदैन, तर सबैप्रति दयालु हुनुपर्छ" (२ तिमोथी २:२४)। आत्माको फलको रूपमा अपक्षपाती दया ख्रीष्टियानको जीवनमा प्रदर्शित गरिएकै हुनुपर्छ।

२ शमूएल २४ मा परमप्रभुको हातमा पर्नुनै दाऊदको निर्णय थियो, "किनभने उहाँको करूणा (कृपा) महान् छ। र मैले मानिसहरूका हातमा पर्नु नपरोस्" (पद १४)। दाऊदले अघाडि धेरैपल्ट परमेश्वरको दयाको अनुभव गरेका हुनाले आफूलाई मानिसको भन्दा परमेश्वरको कृपामा अर्पण गर्नलाई रोजे।

*पावल:* उनी आफैले गवाही दिएअनुसार, उनको जीवन परिवर्तन हुनुभन्दा अघाडि ख्रीष्टियानहरूप्रति उनी धेरै कठोर थिए। तर ख्रीष्टमा नयाँ सृष्टिको रूपमा उनले यो गवाही दिएका छन्: "जसरी धाईआमाले आफ्ना बालकहरूलाई पोषण गर्दछे, त्यसरी तिमीहरूका बीचमा पनि हामी नम्र भएर बस्यौं" (१ थिस्सलोनिकी २:७)।

*येशूः* आफ्नो मृत्युभन्दा अघाडिको अन्तिम कार्यमा येशूले उहाँको दयाको प्रदर्शित गर्नुभएको छ। क्रूसमा झुण्डिरहनुभएको बेलामा आफ्नी आमाको हेरचाहको निम्ति उहाँले कसैलाई जिम्मादिनुभयो (यूहन्ना १९:२६-२७)। उहाँलाई क्रूसमा टाँग्नेहरूको निम्ति पनि उहाँले क्षमा माग्नुभयो (लूका २३:३४)।

*स्तिफनसः* दया देखाउन आफ्नो मालिकलाई पच्छयाउने अर्को एक विशिष्ट उदाहरण स्तिफनस हुन्। उनलाई सतावट दिनेहरूको मृत्युको इच्छा गर्नुको सट्टा, उनलाई ढुङ्गाले हानेर मार्न लागिएको अवस्थामा उनले तिनीहरूका निम्ति प्रार्थना गरे (प्रेरित ७:५९, ६०)।

**११**. तल दिइएका बाइबलका पदहरूलाई भेट्टाउनुहोस् र वर्णन गरिएका हरेक व्यक्तिको दया र भलाइको बारेमा यी पदहरूले के भन्छन्, उल्लेख गर्नुहोस्।

**क**. याकूबका छोरा यूसुफ, जसलाई उनका दाज्यूहरूले दासत्वमा बेचिदिएका थिए (उत्पत्ति ४५:२१-२३)

.............................................................................

.............................................................................

**ख**. राहाव (याकूब २:२५; यहोशू २ पनि हेर्नुहोस्)

.............................................................................

.............................................................................

**ग**. शुनैमी स्त्री (२ राजा ४:८-१०)

.............................................................................

.............................................................................

**घ**. तबीता (प्रेरित ९:३६)

.............................................................................

.............................................................................

ङ. येरूशलेममा शुरूका ख्रीष्टियानहरू (प्रेरित २:४४-४५, ४:३२-३५)

..................................................................

..................................................................

**व्यक्तिगत प्रयोग - प्रेममा सेवा गर्नु**

उद्देश्य ६. *प्रेममा सेवा गर्नु भन्ने धारणामा आधारित भएका व्यक्तिगत उपयोगहरू बनाउनुहोस्।*

दया र भलाइका आत्मिक भागहरूमा ख्रीष्टियान सेवा समावेश गरिएको हुन्छ। प्रेरित पावलले एक अर्काप्रतिको सेवाको महत्वपूर्णतालाई जोड दिएका छन्:

> किनभने, ए भाइ हो, तिमीहरू ता स्वतन्त्रताको निम्ति बोलाइएका हौ, सो स्वतन्त्रता शरीरको निम्तिको मौकामा मात्र प्रयोग नगर, तर प्रेमबाट एक अर्काको दास बन। किनभने सबै व्यवस्था एउटै वचनमा पूरा भएको छ, यसैमा कि 'तैंले आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर'। तर तिमीहरू एउटाले अर्कोलाई टोक्ने र निल्ने गर्छौं भनेता, होशियार बस, एकबाट अर्को भष्म हुनु नपरोस् (गलाती ५:१३-१५)।

यस विषयवस्तुमा सेवा शब्दले कमाराद्वारा गरिने सेवाको बारेमा बताउँछ। यसले पुरानो नियमतर्फ हामीलाई लैजान्छ। परमेश्वरले दश आज्ञा दिइसक्नुभएपछि, उहाँले मूर्तिपूजा र वेदीहरूको बारेमा बताउनुभएको थियो। त्यसपछि उहाँले हिब्रू कमाराहरूका निम्ति नियमहरूको बारेमा बताउनुभयो (प्रस्थान २१:१-६)। हिब्रूहरूका बीचमा चाहिँ चोर र आफ्नो ऋण तिर्ननसक्ने बाहेक अरू कोही पनि कमाराहरू हुँदैनथे। त्यस अवधिमा तिनीहरूले सातौं वर्षसम्म आफ्नो ऋण नतिरूञ्जेल

तिनीहरूलाई खेताला-कमाराको रूपमा व्यवहार गरिन्थ्यो। तब तिनीहरू स्वतनै स्वतन्त्र हुन्थे। यदि कुनै कमाराले आफ्नो मालिकलाई ज्यादैनै माया गऱ्यो र उनीसँगै बस्नचाह्यो भने, उसलाई न्यायाधीशहरूको अगाडि लगिन्थ्यो र उसको कान छेडिन्थ्यो। त्यस दिनदेखि उसो, उसको आफ्नै छनौटले ऊ पूरै जीवनभरिनै आफ्नो मालिकको हुन्थ्यो। यस्तो व्यक्तिलाई कहिलेकहीं "प्रेम दास" (कमारा) भनेर पनि सम्बोधन गरिन्छ।

भजनसंग्रह ४०:६-८ मा, ख्रीष्ट (मसीह) को आगमनको बारेमा बताउँदा, भजनसंग्रह लेखकले आफैलाई "प्रेम दासको" (कमारा) रूपमा दिएका छन्ः

> बलिदान र अन्नबलिमा तपाईं प्रसन्न हुनुहुन्न, तर मेरा कानहरूलाई तपाईंले छेडिदिनुभएको छ। होमबलि र पापबलि तपाईंले चाह गर्नुभएको छैन। तब मैले भने, "हेर्नुहोस् म आएको छु - हे मेरा परमेश्वर, तपाईंको इच्छाबमोजिम गर्न म प्रसन्न छु।"

येशू ख्रीष्ट आफै "प्रेम" दासको रूपमा आउनुभयो। वास्तवमा, यशैया ४२:१ र ५२:१३ मा प्रभुलाई दास भनिएको छ। यो कुरा मत्ती २०:२८ मा उहाँले निश्चित गर्नुभएको छः "मानिसको पुत्र पनि सेवा पाउनलाई होइन, तर सेवा गर्न र धेरैको उद्धारको निम्ति आफ्नो प्राण दिनलाई आएको हो।"

एक अर्कालाई प्रेममा सेवा गर्नू भनी प्रेरित पावलले गलातीहरूलाई बताएका छन्। तिनीहरूले एक अर्काको भार उठाऊन् भनी उनले तिनीहरूलाई आह्वान गरेका छन् (गलाती ६:२)। यस अवस्थामा 'भार' शब्द 'बारोस' शब्दबाट आएको हो जसको अर्थ "तौल" भन्ने हुन्छ। गलाती ६:५ मा हरेकले आफ्नो निज भार उठाउनु पर्छ भनी पावलले बताएका छन्, यहाँ उठाउनु पर्ने भारको भागको बारेमा पावलले बताएका छन्। यसरी

भारहरूको तौलको हाम्रो भागलाई बोक्न हामीले एक अर्कासँग मिल्नुपर्छ।

प्रेममा गरिने सेवा भलाइको प्रकट हो, र यो हाम्रो आफ्नै परिवारमा शुरू हुनैपर्छ। आत्माको फलको अभ्यास गर्ने सबैभन्दा उत्तम ठाउँ घर हो। बाहिरकाहरूलाई दया देखाउन कोही ख्रीष्टियानहरू सजिलो मान्छन्, तर आफ्नै घरमाचाहिँ भने तिनीहरू दयालु र असल हुनसक्तैनन्। प्रेमसँग सेवा गर्नु तपाईंले आफ्नै परिवारलाई देखाउन सक्नुहुने आत्मिक फलको प्रदर्शन हो।

प्रेमसँग सेवा गर्ने महत्वपूर्णताको सारंश बाइबलका यी पदहरूले दिन्छन्ः

> भलाइ गर्नमा हरेस नखाऔं, किनभने यदि थाकेनौं भने, ठीक समयमा हामी कटनी गर्नेछौं। अब मौका हुँदानै सबै मानिसतर्फ, खासगरेर विश्वासका घरानातर्फ भलाइको काम गरौं (गलाती ६:९-१०)।
>
> सबैभन्दा बढी आपसमा प्रगाढ प्रेम राख। किनभने प्रेमलेनै असंख्य पापहरू ढाक्तछ। एउटाले अर्कोलाई बिना गनगन अतिथि सेवा गर। हरेकले वरदान पाएअनुसार, परमेश्वरको नाना प्रकारको अनुग्रहको असल कारिन्दाहरूले जस्तैगरी एउटाले अर्कोको सेवा गर (१ पत्रुस ४:८-१०)।

**१२**. येशू ख्रीष्टसँग भएको हाम्रो सम्बन्धको आधारमा ख्रीष्टियान सेवाको सिद्धान्तलाई तपाईंका आफ्नै शब्दहरूमा उल्लेख गर्नुहोस्।

..............................................................................

..............................................................................

**१३.** के तपाईं भजनसंग्रह लेखक दाऊदसँग, "हे मेरा परमेश्वर तपाईंको इच्छाबमोजिम गर्न म प्रसन्न छु" भनी भन्नसक्नुहुन्छ? यी प्रश्नहरू आफैसँग सोध्नुहोस् र आफ्नो अभ्यास-पुस्तिकामा आफ्ना उत्तरहरू लेख्नुहोस्। यी गम्भीर प्रश्नहरू हुन्, जसलाई तपाईंले प्रार्थनासहित विचार गर्नुपर्छ।

**क.** अरूहरूलाई सेवा गर्ने सम्बन्धमा मेरो आफ्नो स्वभाव कस्तो छ? के म नम्र स्थानमा रहेर सेवा गर्न इच्छुक छु कि? मैले जे गरें त्यसको निम्ति इज्जत पाउन के मलाई महत्वपूर्ण छ?

**ख.** म ख्रीष्टियान हुँ भन्ने कुरा के अरूहरूले मेरो दया र भलाइद्वारा देख्छन् कि?

**ग.** के ममा उदारचित्त, मीठोपना, र प्रेमको साँचो आत्मा छ?

**घ.** माथिका प्रश्नहरूका निम्ति मेरा उत्तरहरूमा आधारित, यहाँ केही क्षेत्रहरू छन् जहाँ मेरो जीवनमा दया र भलाइको फललाई अझै पूर्णरूपले विकास गर्न मलाई पवित्र आत्माको सहायताको खाँचो छ, (तपाईंको उत्तर आफ्नो अभ्यासपुस्तिकामा लेख्नुहोस्)।

**स्वयम्-जाँच**

**छोटो उत्तरः** प्रत्येक प्रश्नलाई छोटकरीमा उत्तर दिनुहोस् वा हरेक वाक्यलाई पूरा गर्नुहोस्।

**१**. दया (क्रेस्टोटेस) शब्दका तीन परिभाषाहरूलाई उल्लेख गर्नुहोस्।

.................................................................................

.................................................................................

**२**. भलाइ (एगाथौसुने) लाई ........................................ को रूपमा परिभाषित गर्नसकिन्छ।

**३**. पुरानो नियममा भएको प्रेम दासको उदाहरण र दया र भलाइ जस्ता आत्माको फलको बीचमा भएको सम्बन्धलाई व्याख्या गर्नुहोस्।

.................................................................................

.................................................................................

**ठीक उत्तर छान्ने प्रश्नः** प्रत्येक प्रश्नको लागि सबैभन्दा उत्तम उत्तर छान्नुहोस्।

**४**. यिनीहरूमध्ये कुनचाहिँ शब्द भलाइ (एगाथौसुने) सँग सबैभन्दा नजीकतामा सम्बन्धित छ।

**क**. जुवा
**ख**. भार
**ग**. सेवा
**घ**. पवित्रता

५. यिनीहरूमध्ये कुनचाहिँ आत्मिक दयाको आधार हो?
- **क.** नैतिक चरित्रको पवित्रता
- **ख.** उदारचित्त
- **ग.** हप्काउन र अनुशासन गर्न इच्छुक
- **घ.** छुनु

६. यिनीहरूमध्ये कुनचाहिँ भलाइ (एगाथौसुने) को सम्बन्धमा ठीक छ?
- **क.** यो भित्रिय गुणमा सीमित छ।
- **ख.** एकै समयमा यो दयालु र बलियो (कडा) पनि हुनसक्छ।
- **ग.** यसले कहिल्यै पनि हप्काउने वा अनुशासन गर्ने गर्दैन।
- **घ.** यो निष्कृय गुण हो।

७. परमेश्वर दयालु र असल (भला) हुनुभएको हुनाले, उहाँको धार्मिकता के बाट सन्तुलन गरिएको छ?
- **क.** कठोरता
- **ख.** उहाँका आज्ञाहरू
- **ग.** कृपा र अनुग्रह

८. ईश्वर-भक्ति र भलाइका दुई दैविक सिद्धान्तहरू के के हुन्?
- **क.** उद्धार र सेवा
- **ख.** सेवा र प्रेम
- **ग.** कृपा अनुग्रह
- **घ.** धार्मिकता र अनुग्रह

९. आत्मिक भलाइको रूपमा उदारचित्तको धारणाको अर्थ के हो?
- **क.** मसँग मागिएको जेसुकै पनि म दिन्छु।
- **ख.** जुनसुकै बेला मलाई दिने इच्छा लाग्छ म दिन्छु।
- **ग.** बलिदानै गरेर दिनुपरेपनि दिनेकाममा म खुला हात राख्छु।
- **घ.** मेरो सम्पत्तिको दशांश परमप्रभुको भागजस्तैगरी म होशियारीसाथ दिन्छु।

१०. व्यवस्थामा सत्यता थियो तर के थिएन?

**क.** न्याय

**ख.** धार्मिकता

**ग.** भलाइ

**घ.** अनुग्रह

११. शावलको घरानाको निम्ति भएको दाऊदको दया, हामीमा के कुराको आवश्यकता छ भनी देखाउने महत्वपूर्ण पाठ हो?

**क.** धीरज

**ख.** अपक्षपात

**ग.** न्याय

**घ.** उद्धार

१२. सबै मानिसहरूलाई परमेश्वरको भलाइ र दया दिइएको छ, अत, उहाँले हामीलाई के कुरामा डोऱ्याउन चाहनुहुन्छ?

**क.** विद्रोहीपनहरू

**ख.** पश्चात्ताप

**ग.** न्याय

एकाइ २ मा यो अन्तिम पाठ हो। तपाईंले यो स्वयम्-जाँच समाप्त गरिसक्नुभएपछि, पाठ ५ र ६ दोहोऱ्याउनुहोस् र विद्यार्थी प्रतिवेदन एकाइ २ मा सोधिएका प्रश्नहरूका उत्तरहरू दिनुहोस्। विद्यार्थी एकाइ प्रतिवेदन निर्देशन पुस्तिकामा दिइएका निर्देशनहरूको पालन गर्नुहोस्।

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

७. परमेश्वरप्रतिको प्रेम प्राथमिकतामा पहिलो, र त्यसपछि अरूहरूको निम्ति भएको प्रेम आउँछ। परमेश्वरले आफ्नो भलाइ हामीलाई दिनुहुन्छ र हामीले यस्तै किसिममा अरूहरूकहाँ पनि पुग्नुपर्छ। यदि हामी परमेश्वरलाई खुशी तुल्याउन चाहन्छौं भने यी दुवै आवश्यक छन्।

१. **क.** मीठोपना, करूणा र कोमलताको चरित्र।
**ग.** भित्रिय भलाइ वा पवित्रताको गुण।

८. परमप्रभुले उसका काममा र उसले हात हालेका सबै कुराहरूमा आशिष दिनुहुन्छ।

२. **क.** २) भलाइ (एगाथौसुने)।
**ख.** १) दया (क्रेस्टोटेस)।
**ग.** १) दया (क्रेस्टोटेस)।
**घ.** १) दया (क्रेस्टोटेस)।
**ङ.** २) भलाइ (एगाथौसुने)।
**च.** २) भलाइ (एगाथौसुने)।
**छ.** १) भलाइ (क्रेस्टोटेस)।
**ज.** २) भलाइ (एगाथौसुने)।
**झ.** १) दया (क्रेस्टोटेस)।

६. **क.** ३) सत्यता।
**ख.** १) भलाइ।
**ग.** २) धार्मिकता।
**घ.** ३) सत्यता।
**ङ.** २) धार्मिकता।
**च.** १) भलाइ।

३. **क.** दया।
**ख.** भलाइ।
**ग.** भलाइ।
**घ.** दया।

१०. **क.** ठीक **घ** ठीक
**ख.** बेठीक **ङ.** ठीक
**ग.** बेठीक **च.** ठीक

४. **क.** ठीक **ग.** बेठीक
**ख.** ठीक **घ.** ठीक
**ङ.** बेठीक

११.
**क.** उनले आफ्ना दाज्यूहरूलाई तिनीहरूका खाँचोअनुसार दिए र आफ्ना पितालाई पनि मिश्रका सबैभन्दा उत्तम कुराहरू पठाइदिए।
**ख.** राहाबले इस्राएली जासूसहरूलाई बस्ने ठाउँ दिएर तिनीहरूलाई अर्कै बाटो पठाइन्।
**ग.** परमेश्‍वरका पवित्र जन एलिशालाई भोजन र बस्ने ठाउँ दिएर तिनले सत्कार गरेकी थिइन्।
**घ.** तबीता सधैं असल र गरीबहरूलाई सहायता गर्थिन्।
**ङ.** तिनीहरूले आफ्ना सम्पत्तिहरू बेचेर एक अर्कालाई बाँडे र कसैलाई केहीको खाँचो परेन।

५. उहाँ टिठालु, अनुग्रहकारी, झट्टै नरिसाउने, प्रेमले भरिनु भएको, सधैंभरि दोष नलगाउने (यसको योग्य हामी भए पनि), हामीले पाउनुपर्ने किसिममा व्यवहार नगर्ने, वा हाम्रा पाप अनुसार हामीलाई बदला नदिने।

१२. तपाईंको उत्तर। मेरो यस्तो छः प्रेममा येशू ख्रीष्टकहाँ मैले आफैलाई अर्पण गर्न छानेको हुनाले, म उहाँको दास हुँ र म उहाँको नाम र उहाँको प्रेममा अरूहरूलाई सेवा गर्छु।

६.

**क.** परमेश्वरले हामी सबैलाई प्रेम गर्नुभएको हुनाले उहाँले हरेकलाई पश्चात्तापतर्फ डोऱ्याउन चाहनुहुन्छ। उहाँको आफ्नै स्वभावद्वारा उहाँले आफ्नो दया हरेकमा विस्तारित गर्नुहुन्छ।

**ख.** जस जसले पश्चात्ताप गर्दैनन् र परमेश्वरको क्षमालाई स्वीकार गर्दैनन्, तिनीहरू विस्तारै काटिनेछन् र परमेश्वरले तिनीहरूको विद्रोहीपन अनुसार तिनीहरूको न्याय गर्नुहुनेछ।

१३. तपाईंका उत्तरहरूः याद गर्नुहोस्, कि दया र भलाइ देखाउनमा अभ्यास चाहिन्छ। अझै दयालु हुनु र अझै असल गर्नु भनी विश्लेषण गर्नु एउटा कुरा हो, तर तपाईंमा यो फल विकास गराउनलाई पवित्र आत्मालाई स्थान दिएर तपाईंको विश्लेषणलाई व्यवहारमा लगाउनु आवश्यकीय कुरा हो।

# भाग ३

# आफैमा सम्बन्धित आत्माको फल



## पाठ ७

# विश्वासयोग्यताः विश्वासको फल

विश्वासयोग्यता (विश्वस्तता) भनेको पूर्ण विश्वास हुने गुण हो। विश्वास बाइबलको मुख्य विषयवस्तु हो। उत्पत्ति ४ अध्यायमा वर्णन भएअनुसार कयिन र हाबिलले आफ्ना भेटीहरू परमेश्वरकहाँ ल्याएको बेलामा यो विश्वास पहिलोपल्ट देखापर्छ। परमेश्वरले हाबिलको भेटी ग्रहण गर्नुभयो र कयिनको चाहिँ इन्कार गर्नुभयो। यहाँ कारणचाहिँ दिइएको छैन तर हिब्रू ११ मा हामी देख्छौं, कि हाबिलको विश्वासलेनै यो भिन्नता गराएको थियो (हिब्रू ११:४)।

परमेश्वरलाई विश्वासबाट हामी अलग राख्नसक्तैनौं। उदाहरणको लागि, हाम्रो उद्धारको कर्ता परमेश्वर हुनुहुन्छ, यसको स्रोत (मुहान) उहाँको अनुग्रह हो, र हाम्रो विश्वासचाहिँ यसलाई प्राप्त गर्ने मार्ग हो। येशू ख्रीष्टसँगको हाम्रो सम्बन्ध विश्वासमा आधारित छः "किनकि परमेश्वरको धार्मिकता विश्वासद्वारा विश्वासकै निम्ति त्यसमा प्रकट गरिन्छ, जसो लेखिएको छः 'तर धर्मात्माचाहिँ विश्वासबाटै जिउनेछ'" (रोमी १:१७)। "हामी दृष्टिले होइन तर विश्वासले हिँड्छौं" (२ कोरिन्थी ५:७)। परमेश्वरका पुत्र ख्रीष्टद्वारा उहाँसँगको हाम्रो सम्बन्धको आधार विश्वास हो। "अनि बिना विश्वास परमेश्वरलाई रिझाउन असम्भव छ, किनभने जो परमेश्वरकहाँ आउँछ, त्यसले उहाँको अस्तित्व छ भन्ने र उहाँलाई खोज्नेहरूलाई प्रतिफल दिनुहुन्छ भन्ने अवश्य विश्वास गर्नुपर्छ" (हिब्रू ११:६)।



यस पाठमा तपाईंले विश्वासका विभिन्न स्वरूपहरूका बारेमा सिक्नुहुनेछ, र तिनीहरूमध्ये एउटाचाहिँ आत्माको फलको रूपमा विश्वासयोग्यता हो। परमेश्वरमा भएको विश्वासमा र गहिरो रहिरहने भरोसामा यो आधारित छ जसले जीवनमा आउने हरेक परिस्थितिमा तपाईंलाई स्थिर गराउँछ। तपाईंको विश्वासयोग्यता र स्थिर ख्रीष्टियान जीवनद्वारा यो प्रदर्शित गरिन्छ। के विश्वासयोग्यताको फल तपाईंको जीवनमा देखिएको छ? यस पाठले तपाईंलाई परमेश्वरको राज्यमा तपाईंको विश्वासयोग्यताको जाँच गर्न तपाईंलाई सहायता पुऱ्याउँछ र तपाईंमा अझै यो फल उत्पादन गर्न पवित्र आत्मालाई ठाउँ दिन तपाईंलाई उत्साह दिन्छ।

**पाठको रूपरेखा**

विश्वासयोग्यता परिचित गरियो

विश्वासयोग्यता वर्णन गरियो

विश्वासयोग्यता नमूनित गरियो

## पाठका उद्देश्यहरू

यस पाठको अध्ययनपछि तपाईंलेः

- बाइबलमा प्रयोग गरिएजस्तै विश्वास र विश्वासयोग्यता शब्दहरूको परिभाषा दिनसक्नुपर्नेछ।
- विश्वासका ६ स्वरूपहरूका बीचमा भएको विभिन्नताको व्याख्या गर्नसक्नुपर्नेछ।
- परमेश्वरको विश्वासयोग्यता र यसबाट सिक्नसक्ने पाठहरूका उदाहरणहरू दिनसक्नुपर्नेछ।
- विश्वासयोग्यता र प्रेम, सङ्कष्ट, कसम, भक्ति, एकरूपता, र कारिन्दाको कार्यको बीचमा भएको सम्बन्धलाई बयान गर्नसक्नुपर्नेछ।
- आत्माको फलको रूपमा विश्वासयोग्यताको मूल्य थाहपाउनुपर्नेछ र तपाईंमा यो फल अझै उत्पादन भएकोहोस् भन्ने इच्छा तपाईंमा हुनुपर्नेछ।

## सिक्ने क्रियाकलाप

१. तपाईंले पहिले अध्ययन गर्नुभएजस्तो गरी यस पाठको पनि अध्ययन गर्नुहोस्। दिइएका बाइबलका विषयवस्तुहरू र तपाईंले थाह नपाउनुभएका मुख्य शब्दहरूका परिभाषाहरू पढ्न र सिक्न नभुल्नुहोस् र तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्।

२. स्वयम्-जाँच लिनुहोस् र आफ्ना उत्तरहरूको जाँच गर्नुहोस्।

**मुख्य शब्दहरू**

| | | |
|---|---|---|
| दृढता | बुद्धिमान् | कारिन्दापन |
| निश्चयता | भक्त | अलौकिक |
| खर्च | उत्सुक | भरोसायोग्य |
| भक्ति | भरोसा (पिस्टिस) | नहल्लिने |
| कपट | भरपर्दो | भाकलहरू |
| इमान्दारीपन | निष्कपटता | |

**पाठको विकास**

## विश्वासयोग्यता परिचित गरियो

**छ प्रकारका विश्वास**

उद्देश्य १. *विश्वासका ६ प्रकटहरूलाई हरेकको परिभाषासँग जोडा मिलाउनुहोस्।*

तर आत्माको फल चाहिँ प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाइ, **विश्वासयोग्यता**...... हो (गलाती ५:२२)।

बाइबलका कुनै अनुवादहरूले गलाती ५:२२ मा आत्माको फलको रूपमा विश्वासयोग्यताको सट्टा विश्वास लेखेका छन्, तर विश्वासयोग्यता अझै ठीक अनुवाद हो, भन्ने कुरा हामी हेर्नेछौं। विश्वासको विस्तृत धारणामा, परमेश्वर र सुसमाचारमा हाम्रो हल्लाउन नसकिने विश्वास यो हो, त्यसैले यो फल भन्दा फेद हो। गुणहरू वा स्वभावहरूको रूपमा आत्माको फल दिइएको छ; विश्वासयोग्यता विश्वास हुने व्यक्तिको गुण हो।

आत्माको फलको रूपमा विश्वासयोग्यताको महत्वपूर्णतालाई अध्ययन गर्नुभन्दा पहिले, हामीले विश्वास शब्दको अर्थ बुझ्न आवश्यक छ। यो गर्नलाई हामी विश्वासका ६ स्वरूपहरूलाई हेर्नेछौं। विश्वासले आफैलाई धेरै रूपमा प्रकट गराएको छः

१. *स्वाभाविक विश्वासः* हरेक व्यक्ति स्वाभाविक विश्वास लिएर जन्मेको हुन्छ, जुनचाहिँ मानविक तर्कसँग सम्बन्धित छ। तपाईं हवाइजहाजभित्र पस्नुहुँदा तपाईंमा यो विश्वास हुन्छ। हवाइजहाज यान्त्रिकरूपमा सबै ठीक छ र उड्नको लागि यसमा चाहिँने सबै आवश्यकीय कुराहरू यसमा प्रयाप्त छ भनी तपाईंले विश्वास गर्नुपर्छ। हवाइजहाज चालकले आवश्यकीय तालिम पाएर जहाजलाई हावामा पुऱ्याई फेरि उचित ठाउँमा ओराल्ने योग्यता उसमा छ भनी तपाईंले विश्वास गर्नुपर्छ। हरेक दिन हाम्रो स्वाभाविक विश्वासलाई हामीले धेरै रूपमा प्रकट गर्नैपर्छ - जब हामी अरूहरूद्वारा तयार पारिएको खाना खान्छौं, जब हामी गाडीहरू कुदिरहेको व्यस्त सडक पार गर्छौं, जब हामी बत्ती बाल्नलाई स्वीच दबाउँछौं, र बितेका दिनहरूमा विश्वासयोग्य पाइएको हुनाले हामी अरूहरूसँगको हाम्रा सबै सम्बन्धहरूमा विशेष विश्वासहरूमा भर पर्छौं। अर्को किसिममा भन्ने हो भने एक व्यक्तिले परमेश्वरमा व्यक्तिगत सम्बन्ध नराखिकननै परमेश्वर हुनुहुन्छ भनी बुद्धिले विश्वास गर्नसक्छ।

२. *उद्धार दिने विश्वासः* यो विश्वास पवित्र आत्माद्वारा अभिषेक भएर परमेश्वरको वचनद्वारा हृदयमा प्रदान गरिन्छः "किनभने तिमीहरूले विश्वासद्वारा अनुग्रहद्वारा उद्धार पाएका छौ, र यो ता तिमीहरू आफैबाट होइन, यो परमेश्वरको वरदान हो, कामबाट होइन, नत्रता कसैले घमण्ड गर्नेछ" (एफिसी २:८-१०)। हामीले सुसमाचारको सन्देश सुन्दा परमेश्वरले यो विश्वास हाम्रा हृदयमा हालिदिनुहुन्छ। हाम्रो कामचाहिँ विश्वासमा चल्नु, हाम्रा पापहरू स्वीकार गर्नु, र परमेश्वरको उद्धारको वरदान ग्रहण गर्नु हो। जब झ्यालखानका हाकिमले, "मैले के गरेदेखि

उद्धार पाउन सक्छु? भनी प्रेरित पावललाई सोधे, पावलको जवाफ "प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस् र तपाईंले उद्धार पाउनुहुनेछ" भन्ने थियो (प्रेरित १६:३०-३१)।

३. *जीवित विश्वासः* हामीले ख्रीष्टलाई ग्रहण गरेपछि, हामीमा स्थिरता, परमेश्वरमा अटल भरोसा, र रहिरहने विश्वास हुन्छ। यसरी जेसुकै भए पनि यो विश्वासले हामीलाई परमेश्वरमा भरोसा राखिराख्न लगाउँछ, किनभने हामी उहाँमा सुरक्षित छौं। हाम्रा सङ्कष्टहरूले हामीलाई जित्नबाट जीवित विश्वासले जोगाउँछ। यो विश्वासलाई पावलद्वारा २ कोरिन्थी ४:१३ मा प्रकट गरिएको छ, "मैले विश्वास गरें, यसकारण मैले बोलें" भन्ने लेखिएअनुसार विश्वासको त्यही आत्मा भएका हुनाले हामी पनि विश्वास गर्दछौं, यसैकारण हामी बोल्छौं पनि।"

४. *विश्वासको वरदानः* यो विश्वास पवित्र आत्माले इच्छा गर्नुभएअनुसार मण्डलीलाई दिइएको उहाँको अलौकिक वरदान होः "कसैलाई उही आत्माद्वारा विश्वास (दिइएको) छ" (१ कोरिन्थी १२:९)। यो विश्वास आश्चर्यकर्महरू, चङ्गाइहरू, र परमेश्वरको आत्माको अरू प्रदर्शनहरूद्वारा मण्डलीमा अभ्यास गरिन्छ। यो मानिसद्वारा सञ्चालन गरिएको परमेश्वरको विश्वास हो।

५. *विश्वास (विश्वासयोग्यता) को फलः* विश्वासको वरदान जस्तो नभएर, विश्वासचाहिँ आत्माको फलको रूपमा हामीभित्र वृद्धि हुन्छ (२ कोरिन्थी १०:१५; २ थिस्सलोनिकी १:३ हेर्नुहोस्)। मर्कूस ११:२२ मा येशूले यो विश्वासको उल्लेख गर्नुभएको छः "परमेश्वरमा भएर विश्वास राख" वा "परमेश्वरमा भएको जस्तो विश्वास राख।" यो विश्वास गुण वा भरोसायोग्य (विश्वासयोग्य) स्वभावद्वारा प्रकट गरिएको छ।

६. *विश्वासहरूका रूपमा विश्वासः* प्रेरित ६:७ मा जस्तै, त्यो जुन विश्वास गरिएको हो, वा विश्वासको विषयवस्तुलाई एक व्यक्तिको विश्वास भनिन्छः "अनि परमेश्वरको वचन बढ्दै गयो, र चेलाहरूको संख्या येरूशलेममा अत्यन्त बढ्यो। र पूजाहारीहरूको एक ठूलो दलले यही मत मान्न लाग्यो।" अर्को रूपमा भन्ने हो भने यी पूजाहारीहरूले सुसमाचारको सिद्धान्तलाई स्वीकार गरे। तिनीहरू ख्रीष्टको सत्यताको शक्तिद्वारा जितिएका थिए। यो सिद्धान्त, अर्थात् यी सत्यताहरूनै तिनीहरूका विश्वास बने।

**१**. दायाँपट्टि दिइएका विश्वासका छवटा वर्णनहरूसँग बायाँपट्टिको प्रत्येक परिभाषाको जोडा मिलाउनुहोस्।

___ **क**. मण्डलीलाई पवित्र आत्माको वरदान, जुन अलौकिक रूपमा प्रदर्शित हुन्छ

___ **ख**. तपाईं मेचमा बस्नुहुँदा अभ्यास गरिने विश्वास

___ **ग**. मैले विश्वास गरेको विषयवस्तु

___ **घ**. पवित्र आत्माद्वारा उत्पादन गरिएर वृद्धि भइरहेको विश्वास, जसको विश्वासको नतिजा विश्वासयोग्यतामा पुग्छ

___ **ङ**. हरेक परिस्थितिमा परमेश्वरमा निरन्तर भरोसा

___ **च**. पापको स्वीकार र ख्रीष्टलाई ग्रहण गर्नतर्फ पुऱ्याउने विश्वास

१) स्वाभाविक विश्वास
२) उद्धार गर्ने विश्वास
३) जीवित विश्वास
४) विश्वासको वरदान
५) विश्वासको फल
६) विश्वासहरूको रूपमा विश्वास

## विश्वासयोग्यता परिभाषित गरियो

उद्देश्य २. *बाइबलमा विश्वास र विश्वासयोग्य शब्दहरूको महत्वपूर्णतालाई प्रदर्शित गर्ने बयानहरूलाई परिचित गराउनुहोस्।*

पुरानो नियममा प्रयोग गरिएजस्तै विश्वासयोग्य शब्दको अध्ययन गर्नु यस विषयमा गहिरो प्रकाश पाउनु हो। गन्ती १२:७ मा जस्तै मुख्य शब्द *एमन* हो, र यसको अर्थ "बनाउनु, थाम्नु, स्थिर बनाउनु, सधैंको निम्ति अचल रहनु, भरोसा राख्नु, साँचो हुनु, केही कुराको निश्चित हुनु" भन्ने हुनसक्छ।

**२.** गन्ती १२:७ पढ्नुहोस्। यी परिभाषाहरूमध्ये कुनचाहिँ यहाँ विश्वासयोग्यको रूपमा मोशाको बारेमा उचित हुन्छ भनी तपाईं विचार गर्नुहुन्छ?..........................................................

..........................................................................

*एमन* शब्दबाट इमुन (विश्वास) शब्द आएको हो, जुन व्यवस्था ३२:२० मा नकारात्मक रूपमा प्रयोग गरिएको छ, जहाँ अविश्वासयोग्य इस्राएलीहरूका बारेमा बताइएको छ; प्रस्थान १८:२१ मा लेखिएजस्तै ओमेनाह (भरोसा) शब्दले विश्वासयोग्य मानिसलाई नियुक्त गर्ने बारेमा बताउँछ। गन्ती ५:२२ मा जस्तै हाम्रो आमेन शब्द पनि एमनबाट आउँछ ('यस्तै होस्।")। यी उदाहरणहरूबाट हामी देख्नसक्छौं, कि पुरानो नियममा विश्वासयोग्यको मुख्य धारण (विचार) भरोसा, स्थिरता, र निश्चयतासँग सम्बन्धित छ।

नयाँ नियममा *पिस्टिस* शब्दलाई विश्वासको रूपमा अनुवाद गरिएको छ, रोमी १०:१७ मा जस्तै यसको केन्द्रिय विचार सुनाइमा आधारित भएर पूर्ण प्रेरणादायक वा निश्चित हुन्छ,

"यसैले विश्वास सन्देशको सुनाइबाट, र सुनाइचाहिँ ख्रीष्टको वचनबाट आउँछ।" मत्ती २३:२३ मा पिस्टिस भरोसा वा विश्वासयोग्यतासँग सम्बन्धित छ।

यो चाखलाग्दो छ, कि येशूले आफू सत्य हुनुहुन्छ भनी जोड दिनुभयो र यूहन्नाको सुसमाचारमा २५ पल्ट "आमेन, आमेन" भनी दोहोरो प्रकटको उच्चारणद्वारा उहाँलाई भरोसा राखिनुपर्छ। किङ्ग जेम्स बाइबलमा यसलाई "साँचो, साँचो" भनी अनुवाद गरिएको छ, र न्यू इन्टरनेशनल बाइबलमा यसलाई "म तिमीहरूलाई सत्य बताउँछु" भनी अनुवाद गरिएको छ। यी वर्णनहरूमध्ये सबैभन्दा पहिलो यूहन्ना १:५१ मा पाइन्छ।

विश्वास शब्द पुरानो नियममा अलिकति मात्र प्रयोग गरिएको छ, तर यो पुरानो नियमका भक्तजनहरूका जीवनमा उपस्थित भएको पाइन्छ। हिब्रू ११:२ ले बताउँछ, "किनकि विश्वासमै पौराणिक मानिसहरूका निम्ति गवाही भएको थियो।" यो अध्याय पुरानो नियमका भक्तजनहरूका विश्वासको उल्लेख गर्दै समर्पण गरिएको छ। आज हामीले जस्तै तिनीहरूले पनि विश्वासद्वारानै उद्धार पाएका थिए, तर तिनीहरूले चाहिँ आउनुहुने परमेश्वरका थुमामा भएको विश्वासद्वारा उद्धार पाएका थिए, र हामीले चाहिँ मर्नुभएको उही थुमाद्वारा उद्धार पाएका छौं। तिनीहरू उहाँको आगमनको छायाँमा रहेका थिए; र हामीचाहिँ वास्तविकतामा रहेका छौं (कलस्सी २:१७ हेर्नुहोस्)। फरक यति मात्र छ, कि छायाँसँग वास्तविकता सधैं देखिँदैन, तर यो त्यहाँ हुन्छ!

उदाहरणको लागि एस्तरको पुस्तकमा परमेश्वरको नाम एकैपल्ट पनि उल्लेख नगरिएता पनि, परमेश्वरको हातद्वारा अलौकिक छुटकाराको यो एक आश्चर्यपूर्ण कथा हो। उहाँ नदेखिनुभएता पनि उहाँको छायाँचाहिँ त्यहाँ छ। यो सान्त्वना दिने सत्यता हो - विशेष घटनाहरूको अवधिमा हामीले उहाँलाई उपस्थित भएको नदेखेता पनि, उहाँ त्यहाँ भएर हामीलाई छुटकारा

गर्न तयारी हुनुहुन्छ। भजनसंग्रह १२१:५ ले प्रतिज्ञा गरेको छः "परमप्रभु तेरो रक्षक हुनुहुन्छ।" पुरानो नियममा केवल दुईपल्ट मात्र विश्वास शब्द उल्लेख गरिएको छः व्यवस्था ३२:२० र हबकूक २:४। तर यसको छायाँ पुरानो नियमका सबै पुस्तकहरूभरिनै देखिएको र अनुभव गरिएको छ। यो हिब्रू ११ अध्यायद्वारा निश्चित गरिएको छ। यो अध्यायले स्पष्टरूपमा संकेत गर्छ, कि आत्माको फलको रूपमा विश्वासयोग्यता विश्वासको साँचो रूप हो।

हामीले भनिसकेका छौं, कि बाइबलका विभिन्न अनुवादहरूमा पिस्टिस शब्दलाई दुवै विश्वास र विश्वासयोग्यताको रूपमा अनुवाद गरिएको छ। कारणचाहिँ यो हो, कि ख्रीष्टसँगको हाम्रो सम्बन्धमा विचार गरिनुपर्ने दुई स्वरूपहरू त्यहाँ छन्। विश्वास हाम्रा मालिक येशू ख्रीष्टसँगको हाम्रो आत्माको नजीकको सम्बन्ध हो। सर्वप्रथम, पूर्ण रूपले हामीलाई उद्धार गराउन उहाँमा भरोसा राख्नु हो (यूहन्ना १:१२; हिब्रू ७:२५ हेर्नुहोस्)। दोस्रो, उद्धार पाएको व्यक्तिले आफ्ना उद्धारकर्तामा पूर्ण समर्पण गर्ने नतिजातर्फ ख्रीष्टमा राखिएको विश्वासले लैजान्छ। विश्वासको पहिलो स्वरूपले हाम्रा मुक्तिदाताको रूपमा येशू ख्रीष्टमा हामीलाई बाँध्छ; र दोस्रोले चाहिँ पूर्ण भक्तिमा हामीलाई उहाँमा बाँध्छ। "उहाँमा रहन्छु भन्नेले आफै पनि उहाँको चालअनुसार चल्नुपर्छ" (१ यूहन्ना २:६)। यसरी पिस्टिस शब्दको दुई मुख्य प्रयोगले विश्वासगर्ने र विश्वासयोग्यताको सम्बोधन गर्छ।

सांसारिक ग्रीक शब्द पिस्टिस साधारणतया "भरोसायोग्य" को अर्थ दिन प्रयोग गरिएको हुन्छ, जुन विश्वासयोग्य मानिसको चरित्र हो। (विलियम बार्कले, १९७६, पृष्ठ ५१)। भरोसायोग्यको साधारण अर्थ "भरोसाको योग्य" हो र यसले पूर्ण रूपमा भरोसा गर्नसकिने व्यक्तिको बारेमा बताउँछ। यो भरोसायोग्यतामा सत्यताको स्तरमा भक्तिको भावना र अरूहरूसँगको सम्बन्धमा विश्वासयोग्यता हुन्छ (गथ्री, १९७३,

पृष्ठ १४०)। विश्वासयोग्य व्यक्ति यस्तो हो, जो सधैंभरि ठीक काम गर्ने र आफ्ना प्रतिज्ञाहरू राख्न गनिएको हुन्छ। यसरी, आत्माको फलको रूपमा विश्वासयोग्यताले पूर्णता, सच्चाइता, भक्तिता, इमान्दारीता, र निष्कपटताका आधारभूत विचारहरूलाई मिलाउँछ।

**३.** दिइएका उदाहरणहरूका आधारमा, यी शब्दहरूका प्रत्येक अर्थ लेख्नुहोस्ः

**क.** पिस्टिसः ..............................................................

**ख.** ओमेनाहः ..............................................................

**ग.** इमुनः ..............................................................

**घ.** आमेनः ..............................................................

**ङ.** भरोसायोग्यताः ..............................................................

**च.** विश्वासयोग्यताः ..............................................................

**४.** यिनीहरूमध्ये कुन कुन बयानहरूले बाइबलमा विश्वास र विश्वासयोग्य शब्दहरूको महत्वपूर्णतालाई प्रदर्शित गर्छन्? ठीक बयानहरूको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** भरोसायोग्यता र विश्वासयोग्यता अर्थमा उस्तै छन् र तिनीहरू भक्त वा भरोसायोग्य व्यक्तिका चरित्रहरू हुन्।

**ख.** पुरानो नियममा आमेन, ओमेनाह, र एमन शब्दहरूले भरोसा, स्थिरता, वा निश्चयताको बारेमा बताउँछन्।

**ग.** जब हामी विश्वास शब्दलाई पुरानो नियममा एक छायाँमा सम्बन्धित गराउँछौं र, यसको अर्थ हामी यहीनै लगाउँछौं भने यो घरी घरी प्रयोग भएको हुनुपर्छ।

**घ.** जब येशूले धेरैपल्ट यूहन्नाको सुसमाचारमा 'आमेन, आमेन' शब्द प्रयोग गर्नुभयो, यसोगर्दा उहाँले आफ्नो भरोसायोग्यता र सत्यतामा जोड दिनुभएको थियो।

**ङ.** पिस्टिस शब्द नयाँ नियममा उद्धार गर्ने विश्वाससँग सम्बन्धित कुरामा मात्र प्रयोग भएको छ।

**च**. आत्माको फलको रूपमा विश्वासयोग्यताले सत्यताको स्तरमा भक्ति र अरूहरूसँगको सम्बन्धमा विश्वासयोग्यता पनि समावेश गरेको छ।

## विश्वासयोग्यता वर्णन गरियो

### परमेश्वरको विश्वासयोग्यता

उद्देश्य ३. *बाइबलका पदहरूलाई विश्लेषण गर्नुहोस् र परमेश्वरको विश्वासयोग्यताका स्वरूपहरू दिने बयानहरूलाई लेख्नुहोस्।*

विश्वासयोग्यता पवित्र त्रित्वको गुण हो। परमेश्वर पिता विश्वासयोग्य हुनुहुन्छः "यसकारण याद राख, परमप्रभु तिमीहरूका परमेश्वर मात्र परमेश्वर हुनुहुन्छ। उहाँ विश्वासयोग्य हुनुहुन्छ, उहाँलाई प्रेम गर्ने र उहाँका आज्ञा पालन गर्ने हजारौं पुस्तामाथि उहाँले आफ्नो करार पूरा गर्नुहुन्छ" (व्यवस्था ७:९; १ कोरिन्थी १०:१३ पनि हेर्नुहोस्)। हाम्रा महिमित प्रभु येशूलाई "विश्वासयोग्य र सत्य" भनिएको छ (प्रकाश १९:११)। उहाँ हाम्रो विश्वासका कर्ता र सिद्ध तुल्याउने हुनुहुन्छ (हिब्रू १२:२)। विश्वासयोग्यता पवित्र आत्माको गुण होः आत्माको फल विश्वासयोग्यता हो (गलाती ५:२२)।

परमेश्वरको विश्वासयोग्यताको साक्षी धेरैपल्ट बाइबलले बोकेको पाइन्छ। यिनीहरूमध्ये केहीको विचार गरौंः

१. *उहाँ विश्वासयोग्यताले पहिरिनुभएको छ।* "उहाँको कम्मरको पटुका धार्मिकता हुनेछ र उहाँको जाडको बन्धन सत्यता (विश्वासयोग्यता) हुनेछ" (यशैया ११:५)। विश्वासयोग्यता

उहाँको अस्तित्वको भाग हो भन्ने कुरा यसले हामीलाई स्मरण गराउँछ।

२. *उहाँ आफ्ना प्रतिज्ञाहरू कायमराख्न विश्वासयोग्य हुनुहुन्छ।* "यो नडग्मगाओस् भनेर हाम्रो आशाको स्वीकारलाई हामी दृढसँग थामिराखौं, किनभने प्रतिज्ञा गर्ने जो हुनुहुन्छ उहाँ विश्वासयोग्य हुनुहुन्छ" (हिब्रू १०:२३)। परमेश्वरको वचन प्रतिज्ञाहरूले भरिएको छ र यी प्रतिज्ञाहरू हाम्रै हुन्। पत्रुसले भनेका छन्, कि उहाँको महिमा र भलाइद्वारा "उहाँले हामीलाई आफ्ना अनमोल र ज्यादै ठूला प्रतिज्ञाहरू दिनुभएको छ" (२ पत्रुस १:४)। यदि परमेश्वरले तपाईंलाई केही कुराको प्रतिज्ञा गर्नुभएको छ भने, तपाईंले विश्वास र प्रार्थनाद्वारा उहाँको प्रतिज्ञाको दावी गर्नसक्नुहुन्छ, किनभने उहाँ विश्वासयोग्य हुनुहुन्छ।

३. *परमेश्वर क्षमा दिनलाई पनि विश्वासयोग्य हुनुहुन्छ।* हामीसँग १ यूहन्ना १:९ मा निश्चित वाणी छः "यदि हामीले आफ्ना पापको स्वीकार गर्‍यौं भने, हाम्रो पाप क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नलाई उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।" उहाँको क्षमापन हाम्रो भावनामा आधारित छैन, तर उहाँले प्रतिज्ञा गर्नुभएको कुरा उहाँले गर्नुहुन्छ भन्ने हाम्रो विश्वासमा आधारित छ।

४. *हामीलाई बोलाउनमा परमेश्वर विश्वासयोग्य हुनुहुन्छ।* हामीलाई उहाँको पहिलो बोलावट उद्धारको निम्ति हो, र पत्रुसलाई गालीलको समुद्रमा बोलाएझैं, उहाँले हामीलाई पनि उहाँको सेवाको निम्ति बोलाउनुहुन्छ। पछिहटेकाहरूलाई आफूकहाँ फर्क भनी उहाँले बोलाउनु हुन्छ (यर्मिया ३:१२,२२ हेर्नुहोस्)। उहाँले आफ्नो योजना र इच्छा प्रकट गर्नको लागि शमूएललाई झैं हामीलाई पनि बोलाउनुहुन्छ (१ शमूएल ३:१०-११)। हामीलाई शुद्ध र पवित्र हुन उहाँले बोलाउनु हुन्छ (१ कोरिन्थी १:२)। र एक दिन आफ्नो प्रतिज्ञा अनुसार उहाँलाई हावामा भेट्न उहाँले

हामीलाई बोलाउनु हुनेछ (१ थिस्सलोनिकी ४:१३-१७)। र हामीसँग १ थिस्सलोनिकी ५:२४ मा यो प्रतिज्ञा छः "तिमीहरूलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ जसले यो पनि गर्नुहुनेछ।" के उहाँले तपाईंलाई उहाँको निम्ति विशेष काम गर्नलाई बोलाउनु भएको छ? उहाँले गर्छु भनी प्रतिज्ञा गर्नुभएको उहाँको विश्वासयोग्यतामा तपाईंले भरोसा गर्नसक्नुहुन्छ। हामी भविष्यवक्ता सँगसँगै यसरी भन्न सक्छौं, "परमप्रभुको दृढ प्रेम कहिल्यै थाँमिदैन र उहाँको कृपाको अन्त कहिल्यै हुँदैन। हरेक बिहान ती नयाँ नयाँ हुन्छन्। तपाईंको विश्वस्तता (विश्वासयोग्यता) महान् छ" (विलाप ३:२२-२३)।

**५**. उल्लेख गरिएको कुनचाहिँ पदले विश्वासयोग्यता परमेश्वरको स्वभावको महत्वपूर्ण चरित्र हो भनी हामीलाई प्रकट गर्छ? .........

..................................................................................

**६**. परमेश्वरका प्रतिज्ञाहरू कायम राख्ने उहाँको विश्वासयोग्यताका दुई स्वरूपहरू गलाती ६:७-८ मा प्रकट गरिएका छन् र ती के के हुन्?..........................................................................

..................................................................................

**७**. परमेश्वरको क्षमा प्राप्त गर्नको निम्ति दुई आवश्यकीय कुराहरू के के हुन्?......................................................

..................................................................................

**८**. परमेश्वरले हामीलाई जुन उद्देश्यले बोलाउनुभयो सो पूरा गर्न उहाँले हामीलाई सहायता गर्नुहुन्छ भन्ने हामीमा के निश्चयता छ?

..................................................................................

..................................................................................

**९**. यस पाठमा उल्लेख गरिएको परमेश्वरको विश्वासयोग्यताको स्वरूपलाई सांरशित गर्ने यो बयानलाई पूरा गर्नुहोस्:

परमेश्वर ........................................................ विश्वासयोग्य हुनुहुन्छ।

## विश्वासयोग्यताका सिद्धान्तहरू

उद्देश्य ४. *विश्वासयोग्यताका सिद्धान्तहरूलाई परिचय दिने शब्दहरूका जोडा मिलाउनुहोस्।*

रोमी ५:१ ले हामीलाई बताउँछ, कि "यसैकारण विश्वासबाट धर्मी ठहरिएका भएर, हाम्रा प्रभु येशू ख्रीष्टद्वारा, हामी परमेश्वरमा मिलाप राखौं, जसद्वारा हामी स्थिर भएको यो अनुग्रहमा विश्वासबाट पस्ने अधिकार पनि हामीलाई मिल्दछ।" यसरी आत्माको फललाई निर्माण गर्ने विश्वासयोग्यता र अरू गुणहरूको निम्ति विश्वास आधार हो। पुरानो पापपूर्ण जीवनको विपरीत ख्रीष्टमा भएको नयाँ जीवन विश्वासयोग्य र निष्कपटको हुनुपर्छ। विश्वासयोग्यतासँग सम्बन्धित केही महत्वपूर्ण सिद्धान्तहरू त्यहाँ छन्, जसलाई अहिले हामीले विचार गर्नुपर्छ। यी सिद्धान्तहरूले ख्रीष्टियानको जीवन ढाँचालाई निर्माण गर्न र उसको सबै सम्बन्धहरूमा असर पार्नैपर्छ।

१. *विश्वासयोग्यता र प्रेमः* गलाती ५:६ ले बताउँछ, "यो मात्र महत्वपूर्ण कुरा छ, कि विश्वास प्रेमद्वारा आफै प्रकट हुन्छ।" आधार (जग) को रूपमा विश्वासलाई प्रकट र सञ्चालन गर्नको लागि प्रेमको आवश्यक छ। पति र पत्नीले तिनीहरूको एक अर्काप्रतिको प्रेम, एक अर्काप्रति भएको विश्वासयोग्यताद्वारा प्रमाणित गरेजस्तै, हामी पनि परमेश्वरको वचन र उहाँको इच्छामा विश्वासयोग्य भएर उहाँको निम्ति भएको हाम्रो प्रेमको प्रमाणित गर्छौं।

२. *विश्वासयोग्यता र सङ्कष्टः* विश्वासयोग्यतामा ख्रीष्टको निम्ति र ख्रीष्टसँग सङ्कष्ट भोग्ने कुरा समावेश गरिएको छ। यसको तात्पर्य विश्वासयोग्यता सहनशीलतासँग नजीकतामा सम्बन्धित छ, जुन हामीले पहिलो पाठमा छलफल गरिसक्यौं। हिब्रूको पत्र कडा सतावटको पृष्ठभूमिमा लेखिएको थियो। यस्तै वातावरणमानै

विश्वासको साँचो जाँच हुन्छ। हिब्रू ६:१२ मा सङ्कष्टमा पाइने विश्वासयोग्यता र सहनशीलताका तत्वहरू उल्लेख छन्: "हामी अल्छी मानिस हुन चाहदैनौं, तर विश्वास र धीरजद्वारा प्रतिज्ञाका हकदार हुनेहरूका देखासिकी गर्नेहरू होऔं।" आत्माको फलको रूपमा विश्वासयोग्यता हरेक परिस्थितिमा स्थिर रहन्छ।

३. *विश्वासयोग्यता र भाकल (कबोल):* आत्माको फलको रूपमा विश्वासयोग्यताले चरित्र र ख्रीष्टियान नैतिकतामा धेरै काम गर्छ। आशिषित फलले एक ख्रीष्टियानलाई वचन र काममा जवाफदेही हुने व्यक्ति बनाउँछ। मानिसको वचनको मूल्य धेरै भएको र हात मिलाउनु लिखित प्रतिज्ञाजस्तै हुने समय पनि त्यहाँ थियो। हाम्रो वर्तमान समयमा यो कुरा साँचो होला जस्तो देखिँदैन। तर परमेश्वरसँग हिंड्ने मानिस भिन्नै हुनैपर्छ, किनभने भक्ति, इमान्दारी र निष्कपटपनाको फल ऊभित्र हुन्छ। पवित्र आत्माले सधैंभरिनै एक ख्रीष्टियानलाई उसको आफ्नो वचनको मानिस हुनलाई उसको निम्ति शक्ति प्रदान गर्नुहुन्छ - जसले आफ्नो भाकललाई कायम राख्छ। उपदेशक ५:५ ले भनेको छ, "भाकल गरेर पनि पूरा नगर्नुभन्दा ता भाकलै नगरेको असल हो।" कोही पनि भाकल वा प्रतिज्ञाहरू गर्न बाध्य छैन, तर यदि तपाईंले भाकल गरेर यसलाई पालन गर्नुभएन भने, आत्माको फल प्रदर्शित गर्नलाई तपाईं असफल हुनुभयो। भजनसंग्रह १५:४ मा परमेश्वरको जनले आफ्नो ऋण तिर्छ, आफ्नो वचन कायम राख्छ, र आफ्नो इज्जत थाम्छ भनी लेखिएको छ। धेरै बोल्ने र तिनीहरूको वचनमा कसैले पनि भरोसा नराख्ने २० मानिसहरूभन्दा एक विश्वासयोग्य ख्रीष्टियानचाहिँ अझ धेरै मूल्यको हुन्छ। अविश्वासयोग्य मानिसहरूमा आत्माको फल हुँदैन।

४. *विश्वासयोग्यता र भक्तिः* आत्माको फलको रूपमा विश्वासयोग्यताले हामीलाई परमेश्वरप्रति, हाम्रा साथीसँगीहरूप्रति, मित्रहरूप्रति, सहकर्मीहरूप्रति, कामदारहरूप्रति र काम लगाउनेहरूप्रति भक्त बनाउँछ। चूप रहन आफ्नो निम्ति सजिलो भए

पनि भक्त जन (मानिस) ले ठीक कुराको समर्थन गर्छ। कसैले उसलाई हेरे पनि नहेरे पनि ऊ इमान्दारी (भक्त) हुन्छ। यो सिद्धान्तलाई मत्ती २५:१४-३० मा नमूनित गरिएको छ। आफ्ना मालिकको अनुपस्थितिमा पनि तिनीहरूलाई दिइएको आज्ञा विश्वासयोग्यसँग कायम राख्ने नोकरहरूलाई स्याबास र इनाम दिइएको छ। तर अविश्वासयोग्य नोकरलाई भने दण्ड दिइएको छ।

५. *विश्वासयोग्यता र मिलाप (दृढता)ः* कुनै आयोजना शुरू गरेर त्यसलाई समाप्त नगरेकोमा धेरै मानिसहरू दोषी छन्। तपाईंले कति कुराहरू शुरू गरेर त्यसलाई समाप्त गर्नु भएन? के तपाईंले पारिवारिक सङ्गति, व्यक्तिगत प्रार्थना, बाइबल अध्ययन, अथवा दशांश दिनेजस्ता ख्रीष्टियान बानीहरू शुरू गर्नुभयो तर तिनीहरूलाई लगातार रूपमा कायम राख्न सक्नुभएको छैन? धेरै प्रतिज्ञाहरू गर्ने तर तिनीहरूलाई पालनचाहिँ गर्न नसक्ने एक किसिमको अविश्वासयोग्यता हो। यो दृढताको घटी हो। एक विश्वासयोग्य ख्रीष्टियान दृढ ख्रीष्टियान हो। मण्डली जान, आफ्ना प्रतिज्ञाहरू पालन गर्न र आफूले गर्छु भनी लक्ष्य राखेको काम पूरा गर्न ऊ विश्वासयोग्य हुन्छ। पावलले तिमोथीलाई "समय र बेसमयमा तयार होऊ" भनी अर्ती दिएका छन् (२ तिमोथी ४:२)। परमेश्वरद्वारा उनलाई दिइएका कामहरूलाई लगातार रूपमा सञ्चालन गर्ने दृढताको यसले सम्बोधन गर्छ।

६. *विश्वासयोग्यता र कारिन्दापनः* एक कारिन्दा यस्तो व्यक्ति हो, जसले अर्काको सम्पत्ति वा अन्य कार्यहरूको प्रबन्ध मिलाउँछ। हामी परमेश्वरका कारिन्दाहरू हौं र उहाँले आफ्नो इच्छाअनुसार उहाँको काम गर्ने जिम्मेवारी हामीलाई दिनुभएको छ। उहाँको निम्ति यो हाम्रो सेवा हो। आत्माको फलको रूपमा विश्वासयोग्यता सुसमाचारको सेवामा सबैभन्दा महत्वपूर्ण कुरा हो। यो जवान सेवक तिमोथीलाई पावलले लेखेका वचनमा देखिएको छः "तिमीलाई सुम्पिएको उत्तम नासोलाई हामीमा बास गर्नुहुने

पवित्र आत्माद्वारा सुरक्षित राख'' (२ तिमोथी १:१४)। परमेश्वरका कारिन्दाहरूलाई सुम्पिएको यो "उत्तम नासो'' भनेको के हो? पहिलो, यो परमेश्वरको भण्डार अर्थात् येशू ख्रीष्टको सुसमाचार अरूहरूलाई बाँड्ने हाम्रो उत्तरदायित्व हो। येशूले सोध्नुभयो, "त्यो विश्वासी र बुद्धिमान् भण्डारे को हो, जसलाई त्यसका मालिकले आफ्ना घरानालाई समय समयमा तिनीहरूका भोजन दिनलाई खटाएका छन्?'' (लूका १२:४२)। परिश्रम साथ बाइबलको पूर्ण शिक्षा सिकाउनलाई हामी विश्वासयोग्य हुनुपर्छ। प्रेरित पावलले भनेका छन्, "लेखिएका कुराभन्दा बढ्ता नगर'' (१ कोरिन्थी ४:६)। आफ्नो शिक्षा परमेश्वरको वचन अनुसार छ भन्ने कुरामा पावल निश्चित थिए र उनले भनेका छन्, "अनि धेरै जना गवाहीहरूका बीचमा तिमीले मसँगबाट सुनेका कुराहरू जुन हुन् सो अरूहरूलाई पनि सिकाउनसक्ने विश्वासी मानिसहरूलाई सुम्पिदेऊ'' (२ तिमोथी २:२)। १ कोरिन्थी ४:२ मा पावलले फेरि लेखेका छन्ः "अब अरू कुराबाहेक, कारिन्दाहरूमानै मानिस विश्वासी पाइओस् भन्ने चाहिएको छ।''

आउनलागेको संसारको विनाशको चेतावनी दिनलाई राखिएका पहरादारहरू हामी हौं, जुन विनाशले हरेक अपश्चात्तापी पापीलाई पर्खिराखेको छ। इजकिएल ३:१८ ले हामीलाई चेतावनी दिन्छ, "जब दुष्टलाई तँ निश्चय मर्नेछस्, भनी म भन्छु, तर त्यसको प्राण बचाउनलाई तैंले त्यसलाई चेतावनी दिनलाई तैंले केही भनिनस् भनेदेखि त्यो दुष्ट मानिस ता आफ्नो अधर्ममा मर्छनै, तर त्यसको मरणको लेखा म तँबाट लिनेछु।'' मानिसहरूले आफ्नो निम्ति सुख विलास, स्वार्थपूर्ति र व्यक्तिगत फायदा खोजीरहेको युगमा हामी बाँचिरहेका छौं। ख्रीष्टियान कारिन्दाले आफ्नोभन्दा आफ्ना मालिकको इच्छा अघाडि राखेर, परमेश्वरको राज्यको निम्ति आत्माहरूको आत्मिक फसल कटनी गर्ने काममा विश्वासयोग्य हुनुपरेको छ।

विश्वासयोग्यतामा प्रभुलाई हाम्रो समय, हाम्रो वरदान, हाम्रो सम्पत्ति दिएर, यी सबै उहाँका हुन् र हामी उहाँका भण्डारे मात्र हौं भनी याद गर्ने कुरा पनि कारिन्दाको काममा समावेश गरिएको हुन्छ। हाम्रा प्रभुको माल सामानहरूमा हामी विश्वासयोग्य हुनुपर्छ, किनकि यो लेखिएको छ, "यदि तिमीहरू अर्काको कुरामा विश्वासी भएनौ भनेता तिमीहरूको आफ्नै कुरो कसले देला र?" (लूका १६:१२)।

मत्ती २५ अध्यायले येशूका कारिन्दाहरूसँग सम्बन्धित दुई धेरै महत्वपूर्ण उखानहरूको समावेश गरेको छ। ती उखानहरूले दुई कुराहरूमा जोड दिएका छन्, जुन कुरा प्रभु फर्कनुहुँदा आफ्ना मानिसहरूमा भएको उहाँ चाहनुहुन्छः तीचाहिँ उहाँसँग पूर्ण सम्बन्ध, र उहाँप्रति विश्वासयोग्यता।

**१०**. मत्ती २५:१४-२८ पढ्नुहोस्। तल दिइएका बयानहरूमध्ये कुनचाहिँले यस पाठबाट सिक्नुपर्ने आत्मिक पाठको बारेमा बताउँछ?

**क**. परमेश्वरले दिनुभएको कुरा अरूहरूसँग बाँडेर हराउने मौका दिनुको सट्टा यसलाई आफैले समाती राख्नुनै उत्तम हो।

**ख**. धेरै वरदान भएकाहरूले मात्र परमेश्वरको निम्ति प्रयोग गर्ने उहाँको राज्य तयार गरिएको छ।

**ग**. परमेश्वरले हामीलाई दिनुभएको कुरा चाहे सानो, चाहे ठूलो जस्तोसुकैहोस्, कसरी हामीले यसको प्रयोग गर्छौं त्यसको जवाफदेही हामी हुनुपर्छ।

११. दायाँपट्टि दिइएको शब्दसँग बायाँपट्टि दिइएका विश्वासयोग्यताका सिद्धान्तहरूको जोडा मिलाउनुहोस्।

___ **क.** हामी उहाँका भण्डारेहरू भएका हुनाले, हाम्रो समय, वरदान (खुबी) र सम्पत्ति हामी प्रभुलाई दिन्छौं।

___ **ख.** हाम्रा प्रतिज्ञाहरू कायम राखी हामी भरोसायोग्य हुनेछौं।

___ **ग.** भक्तजनहरूको पक्षमा धीरजले सहनशीलताको माग गर्छ।

___ **घ.** परमेश्वरको सम्पत्ति अर्थात्, ख्रीष्टको सुसमाचार अरूहरूसँग बाँड्ने कुरामा संलग्न छ।

___ **ङ.** विश्वासयोग्यताको वर्णन र सञ्चालनको माग गर्छ।

___ **च.** यदि मैले प्रभुको काम गर्न शुरू गरें भने, म यसलाई लगातार रूपमा गरिरहने छु।

___ **छ.** पारिवारिक सङ्गति जस्तो असल बानीलाई कायम राख्न म असफल हुनेछैन।

___ **ज.** परमेश्वरको दृष्टिमा जे ठीक छ त्यसको निम्ति म अरूहरूलाई समर्थन गर्छु।

१) प्रेम
२) सङ्कष्ट
३) भाकल
४) भक्ति
५) दृढता
६) कारिन्दापन

## विश्वासयोग्यता नमूनित गरियो

**बाइबल आधारित उदाहरणहरू**

उद्देश्य ५. *बाइबलका विश्वासयोग्य मानिसहरूका उदाहरणहरूबाट सिकेको विश्वासयोग्यताको बारेमा भएका बयानहरू लेख्नुहोस्।*

*यूसुफ* एक प्रख्यात अगुवा र परमेश्वरको विश्वासयोग्य सेवक थिए। उनले आफ्ना मालिकको निम्ति अविश्वासयोग्य हुनुभन्दा बरू झ्यालखानमै जान असल माने। उनको ठूलो विश्वासयोग्यताको वर्णन उत्पत्ति ३७ देखि ४८ अध्यायहरूमा पाइन्छ।

*यहोशू* विश्वासयोग्य र भरपर्दा मानिस भएका हुनाले प्रतिज्ञाको देशभित्र इस्राएलीहरूलाई लानको लागि उनलाई चुनिएको थियो। यहोशू ९ मा उनको विश्वासयोग्यताको एक उदाहरण पाइन्छ, जहाँ उनले आफ्नो वचन राख्नलाई गिबोनीहरूलाई मार्नलाई इन्कार गरेका थिए।

*मोशाले* फिरऊनको उपस्थितिमा आश्चर्य कामहरू गरे, तरै पनि परमेश्वरले उनलाई मार्ने इच्छा गर्नुभयो, किनभने धेरै सानो जस्तो देखिएको कुरा पालन गर्न पनि उनी असफल भएका थिएः उनले आफ्नो छोरालाई खतना गरेका थिएनन् (प्रस्थान ४:२४)। विश्वासयोग्यतामा पूर्ण आज्ञाकारिता समावेश भएको हुन्छ भनी उनले सिके। त्यसपछि मोशा निश्चयनै आज्ञाकारी बने, किनभने हिब्रू ३:५ मा हामीलाई भनिएको छ, कि "मोशा साँचिनै परमेश्वरको घरमा दासजस्तै विश्वासयोग्य भएका थिए।" मोशाको आज्ञाकारितामा तीन कुराहरू संलग्न गरिएका छन्: १) उनी फिरऊनको छोरीको छोरा कहलिन चाहेनन् (हिब्रू ११:२४)। अर्को प्रकारले भन्ने हो भने, उनले राजपुत्रको सौभाग्यहरूको आनन्द

मनाउनुभन्दा परमेश्वरको बाटो जान रोजे। २) परमेश्वरका मानिसहरू सँगसँगै सेवा पुऱ्याउनलाई उनले रोजे। आज्ञाकारितामा विश्वासयोग्यता यसरी जाँच गरिन्छ, कि तपाईंले यस्ता निर्णयहरू बनाउनुपर्छ, जुन मानविक किसिमले हेर्ने हो भने तपाईंको लागि हानीकारक हुन्छन्। ३) उनले राजाको डरै नमानी मिश्र देश छोडे। आज्ञाकारिताले कहिलेकहीं एक व्यक्तिले केही कुरा छोड्नुपर्ने कुराको पनि माग गर्छ। मोशा परमेश्वरको विश्वासयोग्य दास भएका हुनाले उनले यी सबै कुराहरू गरे।

*दाऊद* ठूलो विश्वासका मानिस थिए। दाऊदले परमेश्वरलाई उहाँको वचनमा लिएको कुरा विचार गर्दा यो प्रेरणादायक छ, उनले परमेश्वरका प्रतिज्ञाहरूलाई कायम राख्न सबै इस्राएलमाथि राजा भए, परमेश्वरले उनलाई प्रतिज्ञा गर्नुभयो, कि उनको घर र उनको राज्य सदाको निम्ति रहिरहनेछ। त्यतिनैखेर दाऊद "भित्र गएर परमप्रभुको अगाडि बसे" (२ शमूएल ७:१६,१८)। निश्चयनै यो दाऊदको निम्ति ठूलो आत्मिक नयाँपनको (ताजापनको) समय थियो, किनभने उनले त्यो पवित्र ठाउँ छोड्ने बित्तिकै पलिश्तिहरूमाथि ठूलो विजय प्राप्त गरे।

दाऊदलाई दिइएको परमेश्वरको प्रतिज्ञा साँचो हुन आयो, र सिंहासन सदाको निम्ति दाऊदको घरानाको भएको छ। जब गब्रिएल स्वर्गदूतले येशूको जन्मको बारेमा भविष्यवाणी गरे, उनले भने, "परमप्रभु परमेश्वरले उहाँलाई उहाँका पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ। उहाँले याकूबको घरानामाथि सदा सर्वदै राज्य गर्नुहुनेछ, र उहाँको राज्यको कहिल्यै अन्त हुनेछैन" (लूका १:३२-३३)। येशूको जन्मले दाऊदलाई गरिएको परमेश्वरको विश्वासयोग्य प्रतिज्ञाको परिपूर्ति गराएको छ।

*दाऊदका वीर मानिसहरूः* उनलाई समर्थन गर्ने र उनी सँगसँगै मिलेर युद्ध गर्ने भक्त र ३० जना वीर मानिसहरूद्वारा दाऊदले युद्धमा ठूलो सहायता प्राप्त गरेका थिए

(२ शमूएल २३:८-३९ पढ्नुहोस्)। दाऊद इस्राएलमाथि राजा भएपछि उनले तिनीहरूलाई बिर्सेनन्। यस्तै किसिमले, दाऊदका महान् पुत्र येशू ख्रीष्टले पनि यस संसारमा उहाँका आफ्नाहरूलाई बिर्सनुहुनेछैन, जसले उहाँको साक्षीको निम्ति विश्वासयोग्यतासाथ विश्वासको असल लडाइँ लडेका छन्।

आफ्नो जीवन गुमाउनुपर्ने अवस्थामा *दानियल* पुगेपनि उनी परमेश्वरप्रति विश्वासयोग्य थिए। आफ्नो दैनिक प्रार्थनाको समयलाई उनले विश्वासयोग्यसाथ निरन्तर कायम राखे र, ठूलो विरोधको सामना गर्नु परेतापनि आफूले गरेका सबै काममा उनले परमेश्वरको आज्ञा पालन गरे। उनका शत्रुहरूले उनमा दोष भेट्टाउने कोशिश गरे, तर उनलाई दोष लगाउनसक्ने कुरा केही पनि पाएनन्। उनलाई विदेशीको मुलुकमा कैदी बनाएर लगिए तापनि उनी परमेश्वर र आफ्नो देशप्रति विश्वासयोग्य थिए। परमेश्वरले उनलाई छुटकारा र इज्जत दिएर उनको विश्वासयोग्यताको कदर गर्नुभयो। उनको कथा दानियलको पुस्तकमा बताइएको छ।

*राजा योआशका* भण्डारेहरू धेरै इमान्दारी भएका हुनाले उनले तिनीहरूबाट केही कुराको पनि हर-हिसाब लिँदैनथे (२ राजा १२:१५ हेर्नुहोस्)। राजा योआशका कामदारहरू विश्वासयोग्य भएका हुनले तिनीहरूबाट पनि हर-हिसाबको माग गरिएको थिएन (२ राजा २२:७)। सामुहिक रूपैयाँ पैसा खर्चगर्दा कति धेरै विश्वासयोग्य हुनुपर्छ भन्ने कुरा यी दुईवटा उदाहरणहरूले हामीलाई प्रष्टसँग बताएका छन्।

*नयाँ नियम प्रेरितहरूः* पवित्र आत्माले भरिनुभन्दा पहिले पत्रुसले दासीको अगाडि प्रभुलाई इन्कार गरे (लूका २२:५४-६०)। तर उनले पवित्र आत्माबाट शक्ति पाएपछि, उनी जता गए पनि आफ्नो विश्वासलाई बडो साहससँग बाँडे - यरूशलेममा मुख्य शासकहरूको अगाडि पनि (प्रेरित ४:१८-२०)।

जब तपाईंले प्रेरितको पुस्तक वा अरू कुनै पनि पत्रहरू पढ्नुभयो भने, सुसमाचार प्रचार गर्ने काममा प्रेरितहरूको विश्वासयोग्यताका धेरै उदाहरणहरू तपाईंले देख्नुहुन्छ, जसले सुसमाचार प्रचार गर्दा सतावट पाए पनि विना डर यो काम गरेका थिए। हिब्रूको पुस्तकका लेखकले विश्वासको अध्याय हिब्रू ११ मा तिनीहरूको विश्वासको बलियो घोषणा गरेका छन्। उनले यहूदी ख्रीष्टियानहरूलाई पुरानो नियमका भक्तहरूको महान् विश्वासयोग्यताको स्मरण गराउँछन्, तिनीहरूमध्ये धेरै जनाले कडा सतावट भोग्नुपर्‍यो र धेरैले आफ्नो विश्वासको निम्ति शहीद पनि हुनुपर्‍यो। उनले यस अर्तीमा यसलाई छोट्याएका छन्ः

> यसैकारण हामी पनि यतिका गवाहीका मेघले घेरिएका हुनाले, हर किसिमको टण्टा र हामीलाई सजिलैसित अल्मल्याउने पापलाई पन्छाएर हाम्रा सामुन्नेमा राखिदिएको दौड धीरजसँग दौडौं (हिब्रू १२:१)।

**१२**. यी प्रत्येक विश्वासयोग्य सन्तबाट हामीले सिक्नसक्ने एउटा पाठको उल्लेख गर्नुहोस्ः

**क**. यूसुफ.....................................................................

**ख**. यहोशू.....................................................................

**ग**. मोशा......................................................................

**घ**. दाऊद......................................................................

**ङ**. दाऊदका वीर मानिसहरू.............................................

**च**. दानियल.............................................................

**छ**. राजा योआशका कामदारहरू.........................................

**ज**. नयाँ नियम प्रेरितहरू..............................................

> तिनीहरू मेरै साथमा रहिरहून भनेर मेरा आँखा
> देशका विश्वासीहरूतर्फ लाग्नेछन्,
> सत्य बाटोमा
> हिँड्नेलेनै मेरो सेवा गर्नेछ।
>
> भजन १०१:६

**व्यक्तिगत प्रयोग**

उद्देश्य ६. *परमेश्वरप्रति, अरूहरूप्रति र हामी आफैप्रति हामीले देखाउनसक्ने विश्वासयोग्यता र विश्वासयोग्यताका केही इनामहरूको उल्लेख गर्नुहोस्।*

आत्माको आशिषित फलको रूपमा विश्वासयोग्यता परमेश्वर, अरूहरू र ऊ आफैसँगको उसको सम्बन्धमा एक ख्रीष्टियानको निम्ति अति महत्वपूर्ण छ। हाम्रो विश्वास र येशू ख्रीष्टसँगको हाम्रो पूर्ण सङ्गतिको आधार विश्वास भएझैं, विश्वासयोग्यता पनि विश्वस्तता र भरोसायोग्यताको गुण हो, जसले ख्रीष्टियानलाई यस्तो व्यक्ति बनाउँछ, जसमाथि भरोसा राख्नसकिन्छ। उहाँसँग हिँड्न र

उहाँको सेवा गर्नको लागि परमेश्वरले विश्वासयोग्य मानिसहरू हेरिरहनु भएको छ। "तिनीहरू मेरै साथमा रहिरहून् भनेर मेरा आँखा देशका विश्वासीहरूतर्फ लाग्नेछन्, सत्य बाटोमा हिँड्नेलेनै मेरो सेवा गर्नेछ" (भजन १०१:६)।

*परमेश्वरप्रति विश्वासयोग्यताः* व्यवस्था ३२ मा, इस्राएलीहरूले परमप्रभुको विरूद्धमा लिएका केही दुःखलाग्दा कदमहरूको सम्बन्धमा मोशाले आफ्नो मृत्यु अघाडि तिनीहरूलाई चेतावनी दिएका छन्। यी चेतावनीहरूमध्ये अन्तिम चेतावनीचाहिँ तिनीहरूको अविश्वासयोग्यता हो (पद २०)। केही समयपछि भविष्यवक्ता यर्मियालाई आएको परमप्रभुको वचन यो होः

> "यरूशलेमका सडकहरूमा यताउता दगुरेर राम्ररी हेर। त्यसका चोकहरूमा खोजेर हेर। न्याय गर्ने र सत्यको खोजी गर्ने कतै एउटै मानिसलाई त्यहाँ तिमीहरू भेट्टाउँछौ, कि र म त्यस शहरलाई क्षमा गरूँ। इस्राएलका घराना र यहूदाका घराना मप्रति अविश्वासी भए", परमप्रभु भन्नुहुन्छ (यर्मिया ५:१,११)।

तिनीहरूको अविश्वासयोग्यताको पापको कारणले अन्तमा इस्राएलीहरूलाई प्रवासमा लगियो। तर हामी हित्तोपदेश २८:२० मा निश्चित छौं, कि "विश्वासयोग्य मानिसले धेरै आशिष पाउने छ।" अविश्वासयोग्यताको विरूद्धमा भएको सुरक्षाको हाम्रो पहिलो कदम आदर, आज्ञाकारिता, समर्पण र परमेश्वरमा भएको पूर्ण विश्वास हो। हामी आफूलाई हाम्रा अरू सम्बन्धहरूमा विश्वासयोग्य देखाउनसक्नुभन्दा पहिले परमेश्वरप्रति हामी विश्वासयोग्य हुनुपर्छ।

हामी आफैले आफैलाई यी प्रश्नहरू सोध्न सक्छौं, "के परमेश्वरप्रतिको मेरो विश्वासयोग्यता, मप्रतिको उहाँको विश्वासयोग्यता जतिकै भरपर्दो छ त? के म विश्वासयोग्यताले पहिरिएको छु? के म परमेश्वरप्रतिका मेरा प्रतिज्ञाहरू कायम

राख्छु? के म उहाँको निम्ति मेरो प्रेम प्रकट गर्न र मेरा भाकलहरू पूरा गर्न विश्वासयोग्य छु? के म सुसमाचारको खातिर धीरजी र इच्छुक भएर दुःख भोग्छु? के म भक्त र दृढ कामदार छु? के उहाँले मेरा हातमा राखिदिनुभएको सम्पत्तिमा म विश्वासयोग्य छु?'' यी महत्वपूर्ण प्रश्नहरूले हामीलाई अझै ठूलो विश्वासयोग्यतातर्फ उत्प्रेरित गर्नैपर्छ।

*अरू मानिसहरूप्रति विश्वासयोग्यता:* पवित्र आत्माद्वारा हामीमा उत्पादन गरिएको विश्वासयोग्यताको फलले हाम्रो वरिपरिका हरेकसँगको हाम्रो सम्बन्धमा असर पार्नैपर्छ। सम्पूर्णरूपमा हामी भरोसायोग्य देखिनै पर्छः भरसिलो हुने किसिममा काम गर्नु, बोल्नु र व्यवहार गर्नुपर्छ। विश्वासयोग्य ख्रीष्टियानले आफ्नो वचन पालन गर्छ, उसको ख्रीष्टियान जीवनमा दृढ हुन्छ, र परमेश्वरलाई खुशी तुल्याउने बानीहरूको विकास गर्छ। आफ्नो परिवारलाई प्रेम गरेर र तिनीहरूको भलाइको निम्ति काम गरेर ऊ आफैले आफैलाई आफ्नो घरमा विश्वासयोग्य हुँ भनी प्रमाणित गर्छ। ऊ आफ्ना छोराछोरीलाई तालिम दिनमा दृढ हुन्छ। ऊ असल र आदरणीय छिमेकी, मालिक वा कामदार हुन्छ। मण्डलीको सङ्गतिमा ऊ सधैं भेला हुन्छ र आफ्नो पास्टरलाई सहायता गर्न सधैं तत्पर रहन्छ। येशूको उदाहरण पच्छयाएर उसले अरूहरूको खाँचोमा सेवा पुऱ्याउँछ। उसले गरेको सबै काममा भएको उसको विश्वासयोग्यताको कारणले ख्रीष्टको शरीरले शक्ति र साहस पाउने छ।

*आफैप्रति विश्वासयोग्यता:* प्रचारकको (मिसनरी) रूपमा एक स्त्री दक्षिण अमेरिका गइरहेकी थिइन्। तिनले त्यहाँ के गर्छिन् भनी एक रेडियो अन्तरवार्तामा तिनलाई सोधियो। तिनको उत्तर थियो, "म के हुँ भनी मैले भनेकी छु, म त्यही हुनेछु।'' अर्को प्रकारले भन्ने हो भने, तिनी ख्रीष्टको विश्वासयोग्य कामदार हुँ भनी बहाना बनाउन चाहँदैनथिन् तर उनी एक विश्वासयोग्य भएकी चाहन्थिन्। हामीहरूमध्ये कति जना साँचैनै हामी हौं

भनेजस्तै हामी छौं त? आफैमा विश्वासयोग्य हुने व्यक्ति दोहोरो मनको हुँदैन। भजन ११९:११३ मा दाऊदले भनेका छन्, "दोहोरो मन भएका मानिसहरूलाई म घृणा गर्दछु, तर तपाईंको व्यवस्थासँग म प्रेम राख्तछु।" याकूब १:८ ले बताउँछ कि, दोहोरो मन भएको मानिस "उसको सबै चाल-चलनमा चञ्चल हुन्छ।" पावलले भनेका छन्, कि डिकनहरू निष्कपट (गम्भीर) हुनुपर्छ (१ तिमोथी ३:८)। ग्रीक शब्द कपटको अर्थ "दोहोरो जिब्रे" भन्ने हुन्छ। यो दुई अनुहार भएको मानिसजस्तै हो। यस्ता व्यक्तिहरू आफूले कससँग कुरा गरेका छन्, त्यसको आधारमा विभिन्न कुराहरू भन्छन्। हामीले के भन्यौं त्यस्तै भएको र उहाँप्रतिको हाम्रो भक्तिको बारेमा हाम्रो दोहोरो मन नभएको परमेश्वरले चाहनुहुन्छ।

*विश्वासयोग्यताका इनामहरूः* एक इन्जिनियरको कथा भनिएको छ, जसले आफ्नो निर्माणको काम गर्ने व्यापारको निम्ति एक कारिन्दालाई ज्यालामा लगाएका थिए। उत्तम र सुन्दर घरहरू बनाउने र सधैंभरि असल मालसामानमात्र प्रयोग गर्ने व्यक्ति भन्ने इज्जत इन्जिनियरले पाएका थिए। धेरै वर्षसम्म ती इन्जिनियर र त्यस कारिन्दा मिलेर साथसाथै काम गरी उत्तम किसिमका धेरै घरहरू बनाए।

आफ्नो कारिन्दालाई पूरै जिम्मेवारी दिने समय आएको छ भनी अन्तमा इन्जिनियरले निर्णय गरे यसरी यति रूपैयाँ लगाएर एउटा घर बनाउनु भनी उनले आफ्नो कारिन्दालाई अह्राए। पहिले बनाएको जस्तै उत्तम मालसामानहरू हालेर घर बनाउनुपर्थ्यो। यस बेला इन्जिनियरको निरीक्षण बिनानै कारिन्दाले काम गर्नुपर्थ्यो। कारिन्दाले विचार गर्‍यो, कि उसले कमसल किसिमको मालसामान प्रयोग गर्‍यो भने पनि, घर त उस्तै देखिइहाल्नेछ र कसैले पनि भिन्नता थाहापाउने छैन। यसो गर्नाले उसले धेरै रूपैयाँ नाफा गरेर आफूसँग राख्नसक्छ।

जब घर तयारी भयो, कारिन्दाले बडो घमण्डसाथ यसको जाँच गर्नलाई इन्जिनियरलाई निमन्त्रणा गऱ्यो। यो घर सुन्दर थियो, तर यो ठीक किसिमले तयार गरिएको छैन भन्ने कुरा कारिन्दालाई मात्र थाह थियो। यो घर उसको धेरै वर्षको सेवाको निम्ति उसलाई उपहार हो भनी कारिन्दाका मालिकले उसलाई बताउदा उसको अत्याइ कस्तो थियो होला विचार गर्नुहोस्। उसले आफ्नो हृदयमा भन्यो, "यदि घर मेरो हुनेछ भनी मैले जानेको भए, यसमा सबैभन्दा उत्तम मालसामानहरू हाल्ने थिएँ। अब यो धेरै ढिला भयो, र मैले जस्तो बनाएँ त्यसमा म बस्नै पर्छ।"

याद गर्नुहोस्, कि विश्वासयोग्य मानिसले धेरै आशिष पाउँछ (हितोपदेश २८:२०)। आफ्नो जीवनमा आत्माको फल हुने व्यक्तिले आफूलाई प्रभुले यसो भनेको सुन्नेछ, "स्याबास, असल र इमान्दार नोकर!" (मत्ती २५:२१)। तर अविश्वासयोग्य नोकरलाई बाहिरको अँध्यारोमा फालिनेछ, त्यहाँ रूवाबासी र दाह्रा किटाइ हुनेछ (मत्ती २५:३०)।

आत्मामा भएको जीवनको छलफलको अन्तमा, प्रेरित पावलले गलातीका विश्वासीहरूलाई सल्लाह दिएका छन्: "धोकामा नपर, परमेश्वरको ठट्टा हुनेछैन, किनभने मानिसले जे रोप्तछ त्यसैको कटनी पनि गर्नेछ। किनकि जसले आफ्नै शरीरको लागि रोप्तछ, त्यसले शरीरबाट विनाशको कटनी गर्नेछ। तर जसले आत्माको लागि रोप्तछ, आत्मैबाट अनन्त जीवनको कटनी गर्नेछ" (गलाती ६:७-८)। मालिकको स्वीकार र अनन्त जीवन विश्वासयोग्यताका इनामहरू हुन्!

**१३**. परमेश्वर, अरू मानिसहरू र आफैप्रति तपाईंले कुन कुन किसिममा विश्वासयोग्यता देखाउनसक्नुहुन्छ, आफ्नो अभ्यास-पुस्तिकामा उल्लेख गर्नुहोस्। पाठको यस भागलाई दोहोऱ्याउनुहोस्, र तपाईं अझै विश्वासयोग्य हुनुपर्ने क्षेत्रहरूलाई लेख्नुहोस्। तपाईंमा विश्वासयोग्यताको फल प्रशस्त मात्रामा उत्पादन गर्नको निम्ति पवित्र आत्मासँग प्रार्थना गर्नुहोस्।

१४. विश्वासयोग्यताका कुनै कुनै इनामहरू के हुन्?

..........................................................................................

..........................................................................................

१५. अविश्वासयोग्यताका कुनै कुनै इनामहरू के हुन्?

..........................................................................................

..........................................................................................

## स्वयम्-जाँच

**सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नः** दिइएका उत्तरहरूमध्येबाट सबैभन्दा ठीक उत्तर छान्नुहोस्।

१. विश्वासयोग्यता र प्रेम सम्बन्धीको सिद्धान्त कुन हो?
**क.** विश्वासयोग्यताभन्दा पनि प्रेम महत्वपूर्ण छ।
**ख.** प्रेमद्वारा विश्वासयोग्यता प्रमाणित गरिन्छ।
**ग.** प्रेम भन्दा पनि विश्वासयोग्यता महत्वपूर्ण छ।
**घ.** एक बिना अर्कोले कार्य सञ्चालन गर्नसक्तैन।

२. स्वाभाविक विश्वासको एउटा उदाहरण के हो?
**क.** ख्रीष्टलाई मुक्तिदाताको रूपमा ग्रहण गर्नु।
**ख.** कोही निकोहोस् भनी उसको निम्ति प्रार्थना गर्नु।
**ग.** बस चलाउनु (बसमा यात्रा गर्नु)।
**घ.** विशेष धार्मिक विश्वासहरू हुनु।

३. सङ्कष्टमा विश्वासयोग्यताको निम्ति जाँच के हो?
 क. सहनशीलता (धीरज)।
 ख. डर।
 ग. इन्कार।
 घ. दुःखको भावना नहुनु।

४. यिनीहरूमध्ये कुनचाहिँलाई हटाइनु पर्छ?
 क. भाकल गर्नु।
 ख. भाकल गरेर यसको पालन गर्नु (पूरा गर्नु)।
 ग. भाकल गरेर यसको पूरा नगर्नु।

५. उद्धारपछि हामीले अनुभव गर्ने स्थिर र नहल्लिने भरोसालाई के भनिन्छ?
 क. विश्वासको वरदान।
 ख. जीवित विश्वास।
 ग. विश्वासको फल।

६. दृढताको अर्थ के हो?
 क. भक्त हुनु।
 ख. तपाईंको दशांश परमेश्वरलाई दिनु।
 ग. सत्यवादी हुनु।
 घ. तपाईंले शुरू गरेको कुरामा निरन्तर लागिरहनु।

७. नयाँ नियममा "विश्वास" र विश्वासयोग्यता" दुवैको अर्थ आउनेगरी प्रयोग गरिएको शब्द यिनीहरूमध्ये हुन हो?
 क. ओमेनाह।
 ख. आमेन।
 ग. इमुन।
 घ. पिस्टिस।

८. कारिन्दा को हो?
क. जसले विश्वास को वरदान अभ्यास गर्छ।
ख. जसले अरू कसैको सम्पत्तिको प्रबन्ध मिलाउँछ।
ग. जसले गनगन नगरीकन सतावट सहन्छ।
घ. जसले हात मिलाएर विशेष कुराको प्रतिज्ञा गर्छ।

९. हामी के कुराअनुसार जवाफदेही हुनुपर्नेछ?
क. परमेश्वरले हामीलाई दिनुभएको कुरालाई हामी कसरी प्रयोग गर्छौं।
ख. हामी परमेश्वरलाई कति दिन्छौं।
ग. अरूहरूले दिएका तुलनामा हामीले परमेश्वरलाई कति दिएका छौं।

१०. विश्वासयोग्यताको निम्ति के इनाम छ?
क. थोरै आशिषहरू।
ख. अविश्वासीहरूद्वारा सतावट।
ग. अँध्यारो (नरक) मा फालिनु।
घ. अनन्त जीवन।

११. यिनीहरूमध्ये कुनचाहिँ विश्वासयोग्यताका दृढ उदाहरण हुन्?
क. मोशा
ख. दानियल
ग. पत्रुस

१२. तपाईं आफैप्रतिको विश्वासयोग्यता भनेको अर्थ के हो?
क. अरूहरूको खाँचोभन्दा तपाईंको आफ्नै खाँचो अगाडि राख्नु।
ख. अरूहरूको उदाहरण हुनलाई विश्वासयोग्य छु भनि बहाना देखाउनु।
ग. आफ्नै सुरक्षा गर्न आवश्यक पऱ्यो भने दुई-जिब्रे भइदिनु।
घ. तपाईंले आफू जे हुँ भन्नुभएको छ त्यही हुनु।

१३. अरूहरूलाई परमेश्वरको सम्पत्ति अर्थात् ख्रीष्टको सुसमाचार बाँड्ने काममा यिनीहरूमध्ये कुनचाहिँ संलग्न छन्?

**क.** पश्चात्ताप
**ख.** निष्कपटता
**ग.** कारिन्दापन
**घ.** उद्धार गर्ने विश्वास

१४. पवित्र आत्माले यसलाई उत्पादन गर्नुभएजस्तै तपाईंको जीवनमा यिनीहरूमध्ये कुनचाहिँ बढ्छ?

**क.** उद्धार गर्ने विश्वास
**ख.** विश्वासको फल
**ग.** स्वाभाविक विश्वास
**घ.** विश्वासको वरदान

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

८. १ थिस्सलोनिकी ५:२४ मा उहाँको प्रतिज्ञा, "तिमीहरूलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ, जसले यो पनि गर्नुहुनेछ।"

१. क. ४) विश्वासको वरदान।
ख. २) स्वाभाविक विश्वास।
ग. ६) विश्वासहरू जस्तै विश्वास।
घ. ५) विश्वासको फल।
ङ. ३) जीवित विश्वास।
च. २) उद्धार गर्ने विश्वास।

९. (कुनै पनि क्रममा) आफ्ना प्रतिज्ञाहरू कायम राख्नलाई, क्षमा दिनलाई र हामीलाई बोलाउनलाई।

२. तपाईंको उत्तरः उनी सधैं स्थिर, सत्य, परमेश्वरमा राखिएको आफ्नो भरोसामा निश्चित थिए।

१०. ग. परमेश्वरले हामीलाई दिनुभएको कुरा हामी कसरी प्रयोग गर्छौं, त्यसको जवाफदेही हामी हुनुपर्छ।

३. क. विश्वास, विश्वासयोग्यता, विश्वासगरिने, भरोसायोग्य।
ख. भरोसा।
ग. विश्वास, विश्वासयोग्यता।
घ. सत्यतासँग, यस्तै हो।
ङ. भरोसागरिने योग्य।
च. शरण लिनसकिने वा जे ठीक छ त्यही गर्ने।

**११. क.** ६) कारिन्दापन।
**ख.** ३) भाकल।
**ग.** २) सङ्कष्ट।
**घ.** ६) कारिन्दापन।
**ङ.** १) प्रेम।
**च.** ५) दृढता।
**छ.** ५) दृढता।
**ज.** ४) भक्ति।

**४.** **क.** ठीक **ग.** बेठीक **ङ.** बेठीक
**ख.** ठीक **घ.** ठीक **च.** ठीक

**१२.** तपाईंका उत्तरहरू। मचाहिँ यसरी उत्तर दिन्छुः
**क.** एक विश्वासयोग्य ख्रीष्टियान हरेक परिस्थितिमा भरोसायोग्य हुन्छ।
**ख.** एक विश्वासयोग्य ख्रीष्टियानले जहिले पनि आफ्नो वचन राख्छ।
**ग.** एक विश्वासयोग्य ख्रीष्टियान परमेश्वरमा आज्ञाकारी हुन्छ।
**घ.** एक विश्वासयोग्य ख्रीष्टियानले आफ्ना प्रतिज्ञाहरू राख्छ।
**ङ.** एक विश्वासयोग्य ख्रीष्टियान जहिले पनि आफ्नो मालिकप्रति भक्त हुन्छ।
**च.** मानिसहरूले उसले गरेको विश्वासलाई जे जस्तै भने पनि, एक विश्वासयोग्य ख्रीष्टियान स्थिर रहन्छ।
**छ.** विश्वासयोग्य दास सामुहिक धन चलाउनमा विश्वासयोग्य हुन्छ।
**ज.** परमेश्वरको विश्वासयोग्य दासले सतावट सहनु परे पनि आफ्नो विश्वासलाई साहससँग स्वीकार गर्छ।

५. यशैया ११:५

१३. तपाईंको उत्तर। यो एक महत्वपूर्ण स्वयम्-मूल्याङ्कन हो। यसलाई होशियारसाथ विचार गर्न समय लिनुहोस्।

६. आफैलाई खुशी पार्नलाई जिउने व्यक्ति नाश हुनेछ। जो परमेश्वरलाई खुशी तुल्याउन जिउँछ उसले अनन्त जीवन प्राप्त गर्नेछ।

१४. यिनीहरूमध्ये कुनैः परमेश्वरको स्वीकार; अनन्त जीवन, भरोसायोग्य, भरपर्दो र निष्कपट व्यक्तिको रूपमा चिनिनु; धेरै आशिषहरू।

७. स्वीकार र विश्वास।

१५. परमेश्वरले अविश्वासयोग्य व्यक्तिलाई अँध्यारो (नरक) मा फाल्नुहुनेछ; उसलाई अरू मानिसहरूले भरोसा गर्नेछैनन्; ऊ आफैमा निराश हुनेछ।

## पाठ ८

# नम्रताः समर्पणको फल

अचम्म किसिमले यो ठीक मिलेको छ, कि बाइबलमा पवित्र आत्मालाई ढुकुरको रूपमा संकेत गरिएको छ, येशूलाई थुमाको रूपमा संकेत गरिएको छ र उहाँलाई पच्छयाउनेहरूलाई भेडाहरूको रूपमा सम्बोधन गरिएको छ। यी सबै नम्रताका चिन्हहरू - समर्पणको आत्मिक फल हुन्।

यर्दन नदीमा येशूको बप्तिस्माको समयमा पवित्र आत्मा ढुकुरको रूपमा येशूमाथि ओर्लनुभएको थियो। येशूको बारेमा घोषणा गर्ने बप्तिस्मादिने यूहन्नाले येशूलाई सर्वशक्तिमान विजयी व्यक्तिको रूपमा परिचित नगराएर संसारको पाप उठाइलैजानुहुने परमेश्वरका थुमाको रूपमा परिचित गराएका छन् (यूहन्ना १:३५)। उहाँको समर्पणको स्वभाव यी पदहरूमा उल्लेख गरिएको छः "ऊ थिचोमिचोमा पऱ्यो र उसलाई कष्ट थियो, तापनि उसले आफूलाई नम्र तुल्याएर आफ्नो मुख खोलेन। मारिनलाई लगेको थुमा र आफ्नो ऊन कत्रनेको सामु भेडा लाटो भएझैं उसले आफ्नो मुख खोलेन'' (यशैया ५३:७)। "जसले गाली खाएर आफूले फेरि गाली गर्नुभएन। दुःख भोगेर धम्काउनुभएन, तर धर्मसँग इन्साफ गर्नेकहाँ आफैलाई सुम्पिदिनुभयो'' (१ पत्रुस २:२३)।



येशूले आफ्ना चेलाहरूलाई भेडाहरू भनी बोलाउनुभयोः "म असल गोठालो हुँ, यसर्थ म आफ्ना जतिलाई चिन्छु, अनि आफ्ना जतिले मलाई चिन्छन् र म भेडाहरूका लागि आफ्नो प्राण अर्पण गर्छु" (यूहन्ना १०:१४-१५)। भेडाहरू शान्तमय र समर्पित जनावरहरू हुन्। नम्रताको फलको प्रदर्शित गर्ने र आत्माले भरिएको ख्रीष्टियान आफ्नो गोठाला, प्रभुको निम्ति समर्पित र प्रयोगदायक हुन्छ।

यस पाठले तपाईंलाई आत्माको फलको रूपमा नम्रताको महत्वपूर्णतालाई बुझ्न सहायता पुऱ्याउँछ। तपाईंका मालिक उहाँले तपाईंलाई जहाँ डोऱ्याउनुहुन्छ, विश्वासयोग्य भेडाको रूपमा उहाँलाई पच्छयाउनुहोस्।

**पाठको रूपरेखा**

नम्रता परिचित गरियो

नम्रता वर्णन गरियो

नम्रता नमूनित गरियो

**पाठका उद्देश्यहरू**

यस पाठको अध्ययनपछि तपाईंलेः

- आत्माको फलको रूपमा नम्रता (प्राओटेस) का मुख्य विचारहरूको व्याख्या गर्नसक्नुपर्नेछ।
- नम्रताका हरेक स्वरूपसँग सम्बन्धित हुने उदाहरणहरू दिनसक्नुपर्नेछ।
- आत्मिक नम्रता मुख्य वस्तु भएको बाइबल आधारित सिद्धान्तहरूको उल्लेख गर्नसक्नुपर्नेछ।
- आत्मिक नम्रताका सिद्धान्तहरूलाई दैनिक सेवा र गवाहीमा व्यावहारिक बनाउनसक्नुपर्नेछ।

**सिक्ने क्रियाकलाप**

१. पहिलेका पाठहरू अध्ययन गर्नुभएजस्तै गरी यो पाठ पनि अध्ययन गर्नुहोस्। सबै अध्ययन प्रश्नहरूका उत्तरहरू दिनुहोस्, र पाठका सबै उद्देश्यहरूलाई पूरा गर्न नभुल्नुहोस्।

२. उल्लेख गरिएका सबै पदका खण्डहरूलाई पढ्नुहोस् र तपाईंले नबुझ्नुभएका मुख्य शब्दहरूका अर्थ पत्ता लगाउनुहोस्।

३. स्वयम्-जाँच लिनुहोस् र तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्।

**मुख्य शब्दहरू**

| | | |
|---|---|---|
| अनुशासन | नम्रता | बाधा |
| धैर्य | प्राओटेस (नम्रता) | समर्पण |
| अयोग्यता | झुक्नु | उच्चता |
| हीनता | विश्लेषण | अधीन |

**पाठको विकास**

## नम्रता परिचित गरियो

**बाइबल आधारित परिभाषा**

उद्देश्य १. *बाइबल आधारित प्राओटेसको प्रयोगलाई नम्रताको रूपमा सारंशित गर्ने ठीक बयानहरूको परिचय दिनुहोस्*

"तर आत्माको फल प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाइ, विश्वस्तता, **नम्रता**..... हो'' (गलाती ५:२२-२३)।

गलाती ५:२३ मा उल्लेख गरिएको *नम्रता* शब्द ग्रीक शब्द *प्राओटेस* बाट आएको हो। सबै गुणहरूमध्ये योचाहिँ परिभाषित गर्नलाई सबैभन्दा कठिन जस्तो छ, किनभने यसले बाहिरीय कार्यभन्दा भित्रिय गुणको बारेमा बताउँछ। आत्माको फलको रूपमा नम्रताका तीन मुख्य विचारहरू यिनै हुन्:

१. *परमेश्वरको इच्छामा समर्पणः* येशूले मत्ती ११:२९ मा यसैको बारेमा बताउनुभएको थियो, उहाँले भन्नुभयो, "मेरो जुवा तिमी आफैले बोक र मसँग सिक। किनभने म विनयी र नम्र हृदयको छु। अनि तिमीहरूले आफ्ना आफ्ना आत्मामा विश्राम पाउनेछौ।'' येशूले आफैलाई विनय र नम्र व्यक्तिको रूपमा यहाँ परिचित गराउनुभएको छ। यी दुवै आफूलाई सम्पूर्ण रूपमा परमेश्वरको इच्छामा समर्पित गर्ने व्यक्तिका चरित्रहरू हुन्।

२. *सिकाउन सकिनेः* सिक्न इच्छुक हुने वा सिक्नलाई घमण्डी नहुने। याकूब १:२१ ले यसको बारेमा बताउँछः "तिमीहरूको प्राणलाई उद्धार गर्नसक्ने रोपी राखेको वचनलाई नम्रतापूर्वक धारण गर।''

३. *विचारशील हुनेः* प्रायजसो प्राओटेस शब्द विचारशील, क्षमापन, शान्तमयता, वा हेरचाह देखाउने र प्रेमको कारणले एक अर्कालाई सहने सम्बन्धमा प्रयोग गरिएको छ।

नम्रता कठोरताको विपरीत हो। यो कमजोर वा तल्लो दर्जाको हुँ भन्ने भावना नभैकनैं क्षमाशील, शान्त र समर्पित हुनु हो। नम्रता काँतरपना होइन - बाइबलमा हामी यसलाई साहस, धैर्य, र विश्लेषणसँग सम्बन्धित भएको देख्छौं। मोशा धेरै नम्र मानिस थिए, तर यसको साथसाथै कठिनाइको समयमा उनी अगाडि बढ्न र काम गर्न तयारी थिए।

यो बुझ्न महत्वपूर्ण छ, कि प्राओटेसले मन र हृदयको अवस्थालाई वर्णन गर्छ, जुन स्वभावमा आत्मिकता हुन्छ र यो शक्तिको फल हो। गलाती ६:१ मा प्रेरित पावलले भनेका छन्, "हे भाइ हो, यदि मानिस कुनै अपराधमा पक्राउ पऱ्यो भने पनि तिमी आत्मिकहरूले चाहिँ आफै परीक्षामा नपरौं भनी नम्रताको आत्माले आफ्नो पनि विचार राख्तै यस्ताको सुधार गर।" बाइबल आधारित बुझाइमा आत्मिक हुनुभनेको अर्थ मानविक आत्माको सट्टामा पवित्र आत्माले बास, अगुवाइ र अधीन गर्नु हो। पावलले १ तिमोथी ६ मा यस्तै किसिमको नम्रतालाई व्याख्या गरेका छन्। पद ११ मा उनले भनेका छन्, कि परमेश्वरको जन नम्र हुनुपर्छ। तर अर्को पदमा पावलले तिमोथीलाई "विश्वासको उत्तम लडन्त लड" भनी बताएका छन् (पद १२)।

नम्रता र दृढता सँगसँगै जान्छन्। फ्रेन्चहरूले यसो भन्छन् "एक व्यक्तिसँग मखमलको पञ्जामा स्टीलका हातहरू हुनैपर्छ।" पावल आफै पनि आफ्ना छोराछोरीहरूलाई हेरचाह गर्ने र खुवाउने कोमल आमाजस्तै थिए (१ थिस्सलोनिकी २:७ हेर्नुहोस्)। येशू ख्रीष्टका प्रेरितका रूपमा भएको उनको आत्मिक अधिकारप्रति जब कोरिन्थीहरूले उनलाई प्रश्न गरे, तब उनले पनि तिनीहरूलाई प्रश्न गरेः "तिमीहरू के इच्छा गर्छौं? म तिमीहरूकहाँ लट्ठी

लिएर आऊँ कि प्रेम र नम्रताको आत्मामा? (१ कोरिन्थी ४:२१)। आत्माको फल भएका व्यक्तिको रूपमा उनले दृढता र नम्रतालाई एकैसाथ मिलाउन सकेका थिए।

**१**. आत्माको फलको रूपमा बाइबल आधारित नम्रताको परिभाषाको सम्बन्धमा यिनीहरूमध्ये कुन कुन बयानहरू ठीक छन्?

**क.** प्राओटेस शब्दले प्रायजसो अरूहरूप्रतिको हाम्रो बाहिरीय व्यवहारको बारेमा बताउँछ।

**ख.** गलाती ५:२३ को बाइबल आधारित बुझाइमा नम्रता समर्पित, सिकाउनेयोग्य, र विचारशीलसँग सम्बन्धित छ।

**ग.** कमजोरी वा तुच्छ जस्तै किसिमको गुण नम्रता हो।

**घ.** नम्रता र दृढता दुवै एकै समयमा हुन सम्भव छ।

**ङ.** गलाती ६:१ ले सम्बोधन गर्छ, कि पापमा समातिएको व्यक्तिलाई नम्र प्रकारले सुधार गर्ने काममा नम्र अनुशासन समावेश गरिएको हुन्छ।

**च.** विनयीको एक रूप नम्रता हो।

**छ.** एक आत्मिक व्यक्तिले पापपूर्ण व्यक्तिसँग नम्रतासँग व्यवहार गर्‍यो भने ऊ परीक्षाबाट स्वतन्त्र हुनसक्छ।

## सांसारिक परिभाषाहरू

उद्देश्य २. *मिलाप भेट्टाउनलाई प्राओटेसका सांसारिक परिभाषाहरूलाई बाइबल आधारित परिभाषाहरूसँग तुलना गर्नुहोस्।*

जेनोफोन (४३४-३५५ ई.पू.) एक इतिहासकार, निबन्धकार, र सिपाही थिए। धेरै लामो समयसम्म एकैसाथ मिलेर युद्ध गर्ने सिपाहीहरूका बीचमा भएका भातृ समझदारीको वर्णन गर्न उनले प्राओटेस शब्द प्रयोग गरेका छन्।

प्लेटो (४२७-३४७ ई.पू.) एक अति दिमागी ग्रीक दार्शनिक थिए। उनले प्राओटेस शब्दलाई शिष्टता र नम्रताको रूपमा प्रयोग गरेका छन् र यी दुवै गुणहरू मानव समाजलाई एकैसाथ बाँध्ने (जोड्ने) सिमन्टी हुन्। उनले यो शब्दको प्रयोगलाई वर्णन गर्न आफ्नो मालिकको इच्छा र खाँचोहरूको निम्ति आफ्नो बल प्रयोग गर्ने असल जातको र तालिम प्राप्त घोडाको उदाहरण दिएका छन्। यसलाई अनुशासित गरिँदा यसको बल अझै फायदाजनक बन्छ। हाम्रो शरीरका अङ्गहरू काम वा अभ्यासद्वारा अनुशासन गर्नाले बलिया हुन्छन्। "मेरो जुवा तिमी आफैले बोक, र मसँग सिक" भनी येशूले भन्नुहुँदा यो कुरा उहाँको मनमा थियो होला (मत्ती ११:२६)।

सोक्रेटेस (४७०-३९९ ई.पू.) एक अर्का बुद्धिमान् (दिमागी) ग्रीक दार्शनिक थिए। उनले हप्काइ र नम्रताको बीचमा तुलना गर्नलाई यो प्राओटेस शब्द प्रयोग गरेका छन्। तालिम दिइएर अनुशासनमा लागिसकेका जनावरहरूलाई पनि उनले यो शब्द प्रयोग गरेका छन्।

अरिस्टोटल (३८४-३२२ ई.पू.) एक अर्का महान् दार्शनिकले प्राओटेस शब्दलाई धेरै रीस वा रीस तर्फ झुकाउ र पूरा रीस नभएको वा रीसको भावनाको कमीको बीचको सन्तुलन हो भनी परिभाषित गरेका छन्। अर्को रूपमा, अरिस्टोटलको भनाइअनुसार प्राओटेस मानिसको गुण हो, जो ठीक समयमा जहिले पनि रिसाउँछ र बेठीक समयमा कहिल्यै पनि रिसाउदैन। यो रीसको उचित आत्म-संयम हो।

हामीले नम्रता भनी बोलाउने आत्मिक फलको वर्णन गर्न प्रेरित पावलद्वारा प्रयोग गरिएको प्राओटेस शब्दको अर्थ अझै राम्रोसँग बुझ्नलाई यी सांसारिक परिभाषाहरूले हामीलाई मद्दत गर्छन्।

२. तल दिइएका प्रत्येक सांसारिक परिभाषासँग तुलना गर्नसकिने बाइबल आधारित परिभाषाहरूलाई पत्ता लगाउनुहोस्। दिइएका खाली ठाउँमा तिनीहरूलाई लेख्नुहोस्।

**क.** तालिम पाएको असल जातको घोडाले आफ्नो मालिकको इच्छा र आवश्यकताको निम्ति आफ्नो बल प्रयोग गर्छः

..........................................................................................

**ख.** शिष्टता र नम्रताः

..........................................................................................

**ग.** सिपाहीहरूका बीचमा भातृपन (दाज्यू भाइ) को समभ्रूदारीः

..........................................................................................

**घ.** धेरै रीस र थोरै रीसको बीचमा सन्तुलनपनाः

..........................................................................................

..........................................................................................

## नम्रता वर्णन गरियो

### परमेश्वरको नम्रता

उद्देश्य ३. *येशू ख्रीष्टको नम्रताबाट सिकेका पाठहरूका उदाहरणहरू दिनुहोस्।*

येशूका चेलाहरू वा ख्रीष्टियानहरूको लागि नम्रता आवश्यकीय गुण र चरित्र हो, किनभने हरेक ख्रीष्टियान आत्माबाट जन्मेको हो, जुन आत्मा उभित्र बासगर्नुहुन्छ। हाम्रा परमेश्वर नम्र परमेश्वर हुनुहुन्छ। त्यसो हो भने किन भजन संग्रहले परमेश्वर धार्मिक परमेश्वर हुनुहुन्छ, जसले हरेक दिन आफ्नो रीस प्रकट गर्नुहुन्छ, भनी बताउँछ (भजन ७:११)? परमेश्वरको रीस (क्रोध) केवल

पाप र दुष्टताको विरूद्धमा हो, र यसले हामीप्रति भएको उहाँको प्रेम र करूणालाई कुनै किसिमले पनि बाधा पार्दैन। यो ईश्वरीय नम्रता हो। मानव रीस प्रायजसो पापपूर्ण हुन्छ। त्यसैले त एफिसी ४:२६ मा वचनले हामीलाई चेतावनी दिन्छ, "तिम्रो क्रोधमा पाप नगर।" तर यसैबेला यसले यो पनि बताउँछ, "जुन कुरो खराब (दुष्ट) छ त्यसलाई घृणा गर" (रोमी १२:९)। परमेश्वर पूर्ण नम्रता र दृढपनताको हाम्रो उदाहरण हुनुहुन्छ।

येशू विनयी र नम्र हुनुहुन्थ्यो (मत्ती ११:२९), तर यसको अर्थ गलती कुराहरूको निम्ति उहाँले केही पनि विरोध गर्नुभएन भन्ने होइन। पहिलेको पाठमा हामीले देख्यौं, कि जब व्यापारीहरूले परमेश्वरको घरलाई बिटुलो पारेको उहाँले देख्नुभयो, तब उहाँले डोरीको कोर्रा बनाएर तिनीहरूलाई त्यस पवित्र स्थानबाट बाहिर धपाउनुभयो (यूहन्ना २:१५-१६)। मन्दिरलाई बिटुलो पार्ने मानिसहरूलाई त्यहाँबाट जबरजस्तसँग उहाँले हटाउन सक्नुभयो, र अर्को समयमा व्यभिचारमा पक्रिएकी स्त्रीलाई उहाँले क्षमा दिनुभयो (यूहन्ना ८:१०-११)। आत्माको फलको रूपमा उहाँले नम्रतालाई बलसँग मिलाएर नमूनित गर्नुभएको छ - नम्रताको कमजोरीपनासँग केही पनि सम्बन्ध छैन।

येशूले सिकाउनुभयो, कि मण्डली युगमा नम्रता चेलापनको एक महत्वपूर्ण चिन्ह हुनेछ। येशू ख्रीष्टलाई सामरीहरूको एउटा गाउँले स्वागत नगर्दा, उहाँले स्वर्गबाट आगो बोलाएर त्यस गाउँलाई नाश पार्नचाहनुहुन्छ कि भनी कोही कोही चेलाहरूले उहाँलाई सोधेका थिए। येशूले तिनीहरूलाई यसो भन्दै हप्काउनुभयो, "तिमीहरूमा कस्तो किसिमको आत्मा छ तिमीहरू जान्दैनौ। किनभने मानिसको पुत्र मानिसहरूको जीवन नाश पार्नलाई आएको होइन, तर तिनीहरूलाई बचाउन आएको हो" (लूका ९:५५, ५६ हेर्नुहोस्)। अर्को प्रकारले भन्ने हो भने, उहाँले आफ्ना चेलाहरूलाई याद दिलाउदै हुनुहुन्थ्यो, कि सुसमाचारको सन्देश पवित्र आत्माको सेवा थियो, र त्यसैले नम्रतामा सेवा पुऱ्याइनुपर्थ्यो (२ कोरिन्थी ३:८ पनि हेर्नुहोस्)।

येशूको नम्रतालाई यूहन्ना १३:५ मा बडो स्पष्टसँग चित्रण गरिएको छ। यहाँ येशू आफैले चेलाहरूलाई "दास" को सेवाको सिद्धान्तको उदाहरण दिनलाई तिनीहरूका खुट्टा धोएर आफैलाई नम्र तुल्याउनुभयो।

येशूमाथि पवित्र आत्माको नम्रताको सबैभन्दा ठूलो प्रदर्शन उहाँको क्रूसको मृत्युभन्दा अलिकति अघाडिको समयमा देख्नसकिन्छ। उहाँले सङ्कष्ट र मृत्युको सामना गर्नु परेतापनि उहाँको प्रार्थना परमेश्वर पिताको इच्छामा पूर्ण समर्पित थियो (मत्ती २६:३९)। आफूलाई पक्रेको समयमा उहाँले आफ्नो सुरक्षाको निम्ति बाह्र पल्टनभन्दा बढी स्वर्गदूतहरू बोलाउन सक्नुहुन्थ्यो, तर उहाँले स्वइच्छाले नै आफूलाई सिपाहीहरूका हातमा सुम्पिनुभयो (पद ५०-५४)। उहाँलाई मुख्य पूजाहारीहरू र बुढा प्रधानहरूले दोष लगाए, तर उहाँले तिनीहरूका विरूद्धमा केही पनि बोल्नुभएन - (मत्ती २७:१४)। परमेश्वरको अनन्त थुमाले सबै मानव जातिको पापको निम्ति प्रायश्चित गर्नलाई स्वइच्छाले प्रेम र नम्रताको आत्मामा आफैलाई दिनुभयो। उहाँले आफूलाई क्रूसमा टाँग्नेहरूको निम्ति नम्रतामा क्रूसबाट क्षमापनका वचनहरू बोल्नुभयो।

३. ईश्वरीय नम्रतामा क्रोध (रीस) को स्थानलाई व्याख्या गर्नुहोस्।

.......................................................................................

.......................................................................................

४. येशूको समर्पणपनाको उदाहरण दिनुहोस्।

.......................................................................................

.......................................................................................

५. येशूको नम्रताको उदाहरण दिनुहोस्।

..............................................................................

..............................................................................

६. येशूको नम्रताको उदाहरणहरूबाट हामीले सिक्नसक्ने तीन पाठहरूको उल्लेख गर्नुहोस्।

..............................................................................

..............................................................................

## नम्रताको लागि बाइबल आधारित पदहरू

उद्देश्य ४. *नम्रता सम्बन्धित बाइबल आधारित सत्यताहरूलाई सारंशित गर्ने बयानहरूलाई पूरा गर्नुहोस्।*

बाइबलमा प्रायजसो नम्रता अरू गुणहरूसँग सम्बन्धित वा गलती व्यवहारहरूको विरूद्धमा प्रयोग गरिएको छ। बाइबलका यी पदहरूले हाम्रो जीवनमा नम्रताको फलको प्रदर्शनको रूपमा हामीलाई महत्वपूर्ण तरीकाहरू दिन्छन्। यिनीहरूमध्ये केही र हाम्रो निम्ति तिनीहरूका सन्देशको बारेमा हामी विचार गर्न चाहन्छौं।

*नम्रता पापको विपरीत छः* "परमप्रभुले नम्रहरूलाई सम्हाल्नुहुन्छ, उहाँले दुष्टलाई तल भुइँमा खसाल्नुहुन्छ" (भजन १४७:६)। हिब्रू शब्द विनयीलाई यस खण्डमा नम्र भनी अनुवाद गरिएको छ। यहाँ भजनसंग्रह लेखकले नम्र व्यक्तिलाई दुष्ट व्यक्तिको विपरीतमा चित्रण गरेका छन्। यसको तर्कचाहिँ यो हो, कि एक विनयी वा नम्र आत्मा पापको विरूद्धमा निरन्तरीय प्रभाव हो। नम्रताले पवित्र आत्माको फलको रूपमा पापको विरूद्धमा हाम्रो जीवनमा सुरक्षाको जस्तो सेवा गर्छ।

*नम्रता र कोमलता (विनयीता):* प्रेरित पावलले २ कोरिन्थी १०:१ मा कोरिन्थका ख्रीष्टियानहरूलाई "ख्रीष्टको नम्रता र कोमलता" भनी उल्लेख गरेका छन्। यस खण्डमा कोमलता शब्दले धीरज र विना क्रोध कष्ट सहने कुराको सम्बोधन गर्छ - जुनचाहिँ कठोरपना, निर्दयता, हत्या र कडापनको विपरीत हो। संसारको स्तरबाट जीवन जिउनेहरूसँग पावलले कठोर किसिमले व्यवहार गर्न चाहेका थिएनन्, तर सबै कुराहरूभन्दा पहिले सुसमाचार र आफ्नो सेवाको सुरक्षा गर्न उनी तयारी थिए। उनको भन्ने तरीका माया गर्ने दाज्यूको जस्तो थियो, र गलती गर्नेहरूलाई समर्पण र आज्ञाकारिताको आत्मामा रहेर कुराहरू सोझ्याउनलाई उनी सबै किसिमको मौका दिन चाहन्थे।

*नम्रता र विनयः* विनय विना नम्रता सम्भव छैन। एफिसी ४:२ ले बताउँछ, "सारा विनय र नम्रतासित, धीरजसँग एउटाले अर्कोलाई प्रेममा सहो।" विनयी हुनु भनेको घमण्डी वा अभिमानी हुनुको विपरीत हो। यो समर्पण र अरूहरूप्रति श्रद्धा देखाउने स्वभाव हो।

*नम्रता र बुद्धिः* "तिमीहरूमा ज्ञानी (बुद्धिमान्) र समझदार जो छ, त्यसैले ज्ञानको नम्रता (प्राओटेस) सित आफ्नो काम असल चालचलनबाट देखाओस्" (याकूब ३:१३)। गलाती ५:२३ मा पनि प्राओटेस शब्दलाई नम्रता भनी अनुवाद गरिएको छ। नम्र र विनयी मानिस बुद्धिमान् मानिस हो। फेरि पनि यसले समर्पणपना वा सिकाउनसक्नेपनको आत्माको बारेमा बताउँछ, जुन नम्रताको फलको प्रमाण हो।

*नम्रता र शान्तमयताः* १ पत्रुस ३:१-६ मा, पत्नीहरूलाई आ-आफ्ना पतिहरूका अधीनमा बस्नू भनी प्रेरितले अर्ती दिएका छन्, यसरीनै यदि तिनीहरूमध्ये कोही अविश्वासी छन् भने, आफ्ना पत्नीहरूमा तिनीहरूले देखेका पवित्रता र सम्मानको कारणले तिनीहरूलाई पनि प्रभुमा जित्नसकिन्छ। पत्रुसले यसो

भन्दै गए, कि पत्नीको सुन्दरता तिनले बाहिरी रूपमा आफूलाई सिँगारेको कुरामा भर पर्दैन, तर "नम्र र शान्त आत्माको अविनाशी पोशाक लाएको हृदयको त्यो गुप्त व्यक्ति होस्, जो परमेश्वरको दृष्टिमा ठूलो मोलको हुन्छ।" मलहमले जस्तै केही शान्त गर्ने वा नरम गर्ने विचार प्राओटेस शब्दले समावेश गरेको हुन्छ। विशेष गरी पत्नीहरूलाई ध्यानमा राखेर यो खण्ड लेखिएको भएपनि, यसको सिद्धान्त हामी सबैलाई लागु हुन्छ - एक नम्र र शान्त आत्माले बहस वा धार्मिक श्रेष्ठताको बाहिरीय देखावटभन्दा बढी एक अविश्वासीलाई येशू ख्रीष्टमा आकर्षित गर्छ।

*नम्रता र उद्धारः* "किनकि परमप्रभु आफ्ना प्रजासँग खुशी हुनुहुन्छ, उहाँले नम्रहरूलाई मुक्तिले शोभायमान गराउनुहुन्छ" (भजन १४९:४)। यस पुरानो नियमको खण्डमा नम्र शब्द हिब्रू शब्दको विनयीबाट लिइएको हो। नयाँ नियममा पनि हामी यो सम्बन्धलाई फेरि देख्छौंः "यसैकारण सबै फोहोर र बैरभावलाई हटाऊ र तिमीहरूको प्राणलाई उद्धार गर्नसक्ने रोपी राखेको वचनलाई नम्रतापूर्वक धारण गर" (याकूब १:२१)। यस खण्डमा उल्लेख गरिएको नम्रता शब्द प्राओटेसबाट अनुवाद गरिएको हो। यसको अर्थ आत्माबाटको नम्रताले हामीलाई प्रभुमा समर्पण गर्न लगाउँछ र हामीभित्र परमेश्वरको वचन उम्रनको निम्ति ठाउँ तयार पार्छ भन्ने हो, यसरीनै हामीले प्रशस्त फल फलाउनसक्छौं। बीउ उम्रन नसक्ने किसिमको भूमिको बारेमा मत्ती १३ ले बताउँछ, किनभने त्यो जमीन कडा र सुखा थियो। हृदय पनि यस्तै भयो भने त्यहाँभित्र परमेश्वरको वचन आउनसक्तैन, किनभने यसले परमेश्वरको विरूद्धमा विद्रोह गरेको हुन्छ। नम्रताद्वारा कोमल पारिएको हृदय एक नम्र हृदय हो, यसरीनै उद्धार ल्याउने परमेश्वरको वचनलाई यसले ग्रहण गर्नसक्छ।

*नम्रता* र *अगुवाइः* "नम्रहरूलाई उहाँले न्यायमा अगुवाइ गर्नुहुनेछ, र नम्रहरूलाई उहाँले आफ्नो मार्ग सिकाउनुहुनेछ" (भजनसंग्रह २५:९)। यो अगुवाइ दुई किसिमको छः

मानिसहरूको अगाडिको बाटो र स्वर्गतर्फ डोऱ्याउने बाटो। यस पदमा परमेश्वरले दुवै किसिममा आफ्नो आशिषको प्रतिज्ञा गर्नुभएको छः के ठीक छ त्यसमा (मानिसहरूको अगाडि) र उहाँको आफ्नै बाटोमा (उहाँ आफैको अगाडि)।

७. तल दिइएका अभ्यासहरूले बाइबलका यी पदहरूमा पाइएका सत्यताहरूको सारंशित गर्न तपाईंलाई सहायता पुऱ्याउँछन्। तपाईंले अध्ययन गर्नुभएको कुरालाई नहेरिकनै दिइएका खाली ठाउँ भरी वाक्यहरूलाई पूरा गर्नुहोस्। तब आफ्ना उत्तरहरूलाई जाँच गर्नुहोस् र तपाईंलाई स्पष्ट नभएको कुनै पनि विषयवस्तुलाई फेरि दोहोऱ्याउनुहोस्।

**क.** घमण्ड र अभिमानको विपरीतको चरित्र भएको, जुनचाहिँ नम्रताको महत्वपूर्ण भाग हो, त्यसलाई ................................ ......................................................................भनिन्छ।

**ख.** समर्पित पत्नीले आफ्ना पतिलाई ................................ र ......................................... को आत्मा लिएर प्रभुमा जित्ने मौका पाएकिहुन्छिन्।

**ग.** ................................................ प्राप्त गर्नको निम्ति नम्रता महत्वपूर्ण छ, किनभने वर्षाले बीउको निम्ति भूमि तयार पारेझैं नम्रताले ............................................ लाई कमलो पार्छ र ............................................................ प्राप्त गर्नलाई तयारी बनाउँछ।

**घ.** नम्रताले ............................................................ को विरूद्धमा सुरक्षाको सेवा गर्छ।

**ङ.** गलती गरिएको कामसँग व्यवहार गर्नलाई नम्रता र ................................................... ले एक व्यक्तिलाई क्रोध विनानै धीरज धारण गर्न र कष्ट सहनलाई सहायता गर्छ।

# नम्रता नमूनित गरियो

**नम्रताका उदाहरणहरू**

उद्देश्य ५. *ख्रीष्टको निम्ति प्रभावशाली रूपमा नम्रताले वृद्धि गर्ने तीन उपायहरूको उल्लेख गर्नुहोस्।*

पुरानो नियम र शुरूको मण्डलीका विश्वासीहरूको जीवनमा भएको नम्रताको फल वा यसको कमीको धेरै उदाहरणहरू हामी दिनसक्छौं। बाइबलमा उल्लेख गरिएका घटनाहरूलाई तपाईंले पढ्नुहुँदा नम्रता साँचैनै ती सम्बन्धित व्यक्तिहरूको चरित्र होला, कि भन्ने प्रश्न तपाईंले सोध्नु हुन्छहोला। जहाँ नम्रताको फल घटी भएको देखिन्छ, यदि यो फल प्रयाप्त भएको खण्डमा कसरी त्यो घटना सकारात्मक हुनसक्थ्यो होला भनी तपाईंले विचार गर्नुहुनेछ। हामी यहाँ केही उदाहरणहरू मात्र दिनेछौं।

*अब्राहामः* अब्राहामले लूतलाई भनेका यी कुराहरूमा झगडाको मिलाप गर्नमा नम्रताको एक अवर्णनीय उदाहरण यहाँ पाइन्छः

> यसैकारण अब्रामले लूतलाई भने, "तिम्रो र मेरो बीचमा अनि तिम्रा र मेरा गोठालाहरूका बीचमा झगडा नहोस्, किनकि हामी ता नातेदार हौं। सारा देश तिम्रै अगि छ। यसैले म तिमीलाई भन्दछु, कि तिमी मबाट अलग होऊ। तिमी देब्रेतिर गयौ भने म दाहिनेतिर जानेछु, अथवा तिमी दाहिनेतिर गयौ भने म देब्रेतिर जानेछु" (उत्पत्ति १३:८,९)।

झट्टै हेर्दा अब्राहामले जग्गा जमीन गुमाएको जस्तो देखिन्छ। तर लूतलाई प्राथमिकता दिने अब्राहामलाई परमप्रभुले प्रशस्ती गराउनुभएको घटना कथाको अन्तमा उल्लेखित छ। इनारहरूमाथि भएका झगडाहरू सुल्झ्याउनलाई अब्राहामका छोरा इसहाकले पनि आफ्ना बाबुको उदाहरण पच्छयाएका थिए

(उत्पत्ति २६:२०-२६ हेर्नुहोस्)। उनले पनि परमप्रभुद्वारा आशिष पाएका थिए (पद २४)।

*मोशाः* गन्ती १२:३ ले बताउँछ, कि "मोशाचाहिँ पृथ्वीभरिमा सबैभन्दा विनम्र व्यक्ति थिए।" उनको विनम्रताका धैरै उदाहरणहरू पाइन्छन्। मानिसहरू मोशाको विरूद्धमा गनगनाए र उनी तुरून्तै परमप्रभुमा फर्के भनी प्रस्थान १५:२४-२५ ले बताउँछ। प्रस्थान १७:३-४ मा पनि फेरि त्यही कुरा उल्लेख गरिएको छ, र फेरि पनि मोशा परमप्रभुमा गएका थिए। अर्को पल्ट मानिसहरू मोशाको विरूद्धमा कराउन थाले, परमेश्वर उनको पक्षमा हुनुभयो र आफ्नो दास मोशाको खातिर हारून र मरियमसँग सीधै बोल्नुभयो। यहाँ हामीलाई सिकाइएको छ, कि परमप्रभुले नम्र र विनयीलाई उचाल्नु हुन्छ। गन्ती १६ अध्यायमा पनि मानिसहरू अगुवा मोशाको विरूद्धमा उठेको पाइन्छ। फेरि पनि उनको नम्रता प्रदर्शित भएको र परमेश्वरले उनको पक्ष लिनुभएको घटना उल्लेखित छ।

*पावलः* हामीले अघाडिनै देखिसकेका छौं, कि प्रेरित पावलले धैरै पल्ट नम्र आत्माको महत्वपूर्णताको बारेमा लेखेका छन्। आफ्नो अधीनमा भएका मानिसहरूसँगको व्यवहारमा र आफ्नो प्रभु र मुक्तिदाताको इच्छाको समर्पणमा पावलले निरन्तर रूपमा आत्माको यो फललाई प्रदर्शित गराएका थिए। आफ्नो जीवन परिवर्तन हुनुभन्दा अघाडि उनी एक रिसालु, र लडाइँ गर्ने खालका मानिस थिए, जसले ख्रीष्टलाई पच्छ्याउनेहरूलाई नाश गर्ने इच्छा गरेका थिए। तर आफ्नो जीवन परिवर्तन भएपछि उनले नम्रता र विनयतामा प्रेम र दयाको सुसमाचारको सन्देश सिकाउदै यसैमा जिएका थिए।

८. २ तिमोथी ४:१६ पढ्नुहोस्। बाइबलको यस पदमा कुन शब्दले पावलको जीवनमा भएको नम्रताको फलको प्रदर्शन गर्छ?

..........................................................................

६. यहाँ दिइएका उदाहरणहरूको आधारमा तपाईंको जीवनमा नम्रताको फल प्रदर्शित गरेर ख्रीष्टको निम्ति अझै प्रभावशाली हुनसक्ने तीन उपायहरूको उल्लेख गर्नुहोस्।

.................................................................................

**व्यावहारिक उपयोगिता**

उद्देश्य ६. *दिइएका बाइबलका विषयवस्तुहरूबाट आत्मिक नम्रतासँग सम्बन्धित भएका सिद्धान्तहरूको उपयोगिता उल्लेख गर्नुहोस्।*

प्रभुको निम्ति प्रभावशाली सेवा गर्नको लागि नम्रता अति आवश्यक छ। परमेश्वरले हामीलाई यस नाशवान र मरिराखेको संसारमा उहाँको प्रतिनिधित्व गर्नलाई चुन्नुभएको छ। संसारले हामीमा जे देख्छ, त्यसैलेनै मानिसहरूलाई येशू ख्रीष्टमा तान्ने छ। समर्पण, सिकाउन सकिने, सोच विचार गर्ने, रीसको अधीन जस्ता नम्रताका सबै पक्षहरू हाम्रो ख्रीष्टियान साक्षी र सेवाका आवश्यकीय तत्वहरू हुन्, चाहे यो हराएकाहरूका निम्ति गवाही होस् वा ख्रीष्टको निम्ति चेलाहरू बनाउने होस् वा त कमजोर भाइलाई पुनर्स्थापित गर्ने होस्।

*साक्षी दिने र बाँड्नेः* १ पत्रुस ३:१५-१६ मा अरूहरूसँग ख्रीष्टलाई बाँड्ने बारेमा यो निर्देशन दिइएको छः

> तर ख्रीष्टलाई प्रभु जानेर तिम्रा हृदयमा पवित्र मान। तिमीहरूमा भएको आशाको कारण तिमीहरूसँग सोध्ने हरेकलाई जवाफ दिन, त्यही पनि नम्रता र डरसँग सधैं तयार भइरहो। असल विवेक राख, र जुन कुरामा तिमीहरूका विरूद्धमा खराबी बोलिन्छ, ख्रीष्टमा भएको तिमीहरूको जीवनको असल चाल चलनलाई निन्दा गर्नेहरू त्यसैमा शर्माउन परोस्।

१०. बाइबलको यस खण्डमा भएका कुन कुन शब्दहरूले समर्पणको महत्वपूर्णतालाई जोड दिएका छन्?

.................................................................................

.................................................................................

११. गवाही दिँदा विचार पुऱ्याइनु आवश्यक छ भनी कुन कुन शब्दहरूले जोड दिन्छन्?

.................................................................................

.................................................................................

यो याद गर्नुहोस्, कि परमेश्वरको राज्य जवरजस्ती हृदयमा राखिँदैन, तर यसलाई प्रवेश गराइन्छ। यदि येशू ख्रीष्टले जवरजस्ती आफ्नो राज्य यस संसारमा खडा गर्न चाहनुभएको भए उहाँले भन्नुभएअनुसार गेतसमनीको बगैंचामा खडा गर्नसक्नुहुन्थ्यो, "तिमी के ठान्दछौ, के म आफ्ना पितालाई विन्ती गर्न सक्तिन, र के उहाँले मलाई बाह्र पल्टनभन्दा बढी स्वर्गदूतहरू अहिले जुटाइदिनुहुन्न र?" (मत्ती २६:५३)। ख्रीष्टको निम्ति भएको हाम्रो प्रभावशाली साक्षीसँग आत्माको फलको रूपमा नम्रता नजीकतामा सम्बन्धित छ। विचार पुऱ्याउन नसक्ने ख्रीष्टियानले नाश भइरहेका व्यक्तिहरूलाई परमेश्वरको राज्यबाट टाढा धपाउन सक्छ। येशू ख्रीष्टबाट आउने नम्रतालाई उसले देखाउनुको सट्टा आफ्नै विचारहरूले अरूहरूलाई दबाउने कोशिश गर्छ। अर्को तर्फ एक प्रेमी र विचारशील ख्रीष्टियानले आफ्नो चालचलनबाट नै उसको विरूद्धमा दुष्ट शब्दहरू बोल्ने ईश्वरहीन व्यक्तिलाई शर्ममा (लाजमा) पार्छ र उसको नम्र गवाहीद्वारा तिनीहरू ख्रीष्टमा आकर्षित हुनेछन्।

*येशूको निम्ति चेलाहरू बनाउनेः* उद्धार दिने काम परमेश्वरले मात्र गर्नुहुन्छ, तर चेलाहरू बनाउने जिम्मेवारीचाहिँ मण्डलीको

पनि हो। यस सिकाउने सेवामा महत्वपूर्ण तत्वचाहिँ आत्माको फलको रूपमा नम्रता होः

> "तर यिनीहरूबाट झगडा उत्पन्न हुन्छ भनी जानेर मूर्ख र बेसमझका सवाल जवाफहरूलाई इन्कार गर। अनि प्रभुका सेवकले झगडा गर्नुहुँदैन, तर सबैप्रति भला, सिकाउन सक्ने सहनशील, आपसमा विरोध गर्नेहरूलाई नम्रसँग सच्याउने हुनुपर्छ" (२ तिमोथी २:२३-२५)।

कहिलेकहीं चेला बनाउने प्रक्रियामा कसैले हाम्रो विरोध गर्न पनि सक्छ। मूर्ख वादविवादले हामीलाई आकर्षित गर्न हामीले दिनुहुन्न, तर यसको सट्टामा हामीमा नम्रताको फल फलाउनुहोस् भनी पवित्र आत्मालाई हामीले पुकार्नु पर्छ, यसरीनै हामीले दया र निश्चयतामा सत्यता सिकाउनसक्छौं। वादविवाद केवल टाउकोमा मात्र पुग्छ। नम्रताचाहिँ हृदयसम्मै पुग्छ। संसारमा कहिलेकहींमात्र नम्रतालाई सुधारसँग मिलाउन सकिन्छ, तर परमेश्वरको मण्डलीमा भने पवित्र आत्माको शक्तिद्वारा यसलाई पूर्ण रूपमा प्रयोग गर्नसकिन्छ।

**१२.** (सबैभन्दा ठीक उत्तरलाई छान्नुहोस्) चेलाले के गऱ्यो भने आत्मिक सल्लाहबाट लाभ उठाउन सक्छ?

- **क.** यदि उसलाई सिकाइएको कुरामा ऊ आफू सहमति नभएर उसले शिक्षकसँग बादविवाद गऱ्यो भने।
- **ख.** यदि ऊ समर्पित र सिकाउन सकिने भयो भने।
- **ग.** यदि उसले आफ्नो शिक्षकलाई नम्रतासँग सिकाउनु पर्छ भनी याद दिलायो भने।

**१३.** चेलाहरू बनाउने काममा शिक्षकको मुख्य जिम्मेवारी के हो?


- **क.** निश्चित गरी मिलाउनु, नम्रतासँग सत्य आदेश दिनु।
- **ख.** जतिसुकै मोल चुकाउनु परे पनि आफ्नो स्थान सुरक्षित राख्नु।
- **ग.** आफूले भनेको कुरामा आफू ठीक छु भनी प्रमाणित गर्नु।

*कमजोर भाइलाई पुनर्स्थापित गर्नुः* "हे भाइ हो, यदि कोही कुनै अपराधमा पक्राउ पऱ्यो भने पनि तिमी आत्मिकहरूले चाहिँ नम्रताको आत्माले यस्ताको सुधार गर" (गलाती ६:१)। भूल गर्ने भाइलाई सहायता वा अनुशासन गर्नको लागि आत्माको फलको रूपमा विचारशीलताको आवश्यकता छ। यदि कसैले भूल गऱ्यो भने उसलाई सुधार गरिनु पर्छ। तर सुधार नम्रतासाथ गरिनु पर्छ, र यो केवल आत्मिक व्यक्तिले मात्र गर्नसक्छ।

**१४**. पाप गरेको भाइलाई सुधार गर्ने आत्मिक व्यक्तिमा कस्तो किसिमको चरित्र पाइन्छ?

**क**. उसमा यस्तो किसिमको तृप्ति हुनुपर्छ, कि ऊ आफूले त्यस्तो किसिमको पाप गर्दैन र उसले आफ्नो भाइसँग कडा व्यवहार गरेर आफ्नो भाइले कति ठूलो गलती गरेको छ भनी देखाउँछ।

**ख**. उसमा ठूलो प्रेम र दया हुन्छ र उसले यो कुरा महसूस गर्छ, कि पवित्र आत्माको शक्तिले मात्र हामीलाई पापबाट टाढा राख्न सक्छ वा सुरक्षित राख्छ।



तर नम्रहरूले देश अधिकार गर्नेछन् र
प्रशस्त शान्तिमा खुशी मनाउने छन्

भजन ३७:११

**नम्रताका इनामहरू**

उद्देश्य ७. *परमप्रभुको प्रतिज्ञाको व्याख्यालाई छान्नुहोस्, "नम्रहरूले पृथ्वीको अधिकार गर्नेछन्।"*

भजन संग्रह ३७:११ मा लेखिएको छः "तर नम्रहरूले देश अधिकार गर्नेछन् र प्रशस्त शान्तिमा आफै खुशी मनाउनेछन्"। बाइबलको यस पदमा नम्रताका दुई इनामहरू समावेश गरिएका छन्। एउटाचाहिँ भविषियत हो - पवित्र आत्माद्वारा, जसमा नम्रताको फल उत्पन्न गरिन्छ, राजा आउदा यसको पूर्ण वर्णन र प्रदर्शनमा तिनीहरूले परमेश्वरको राज्यलाई प्राप्त गर्नेछन्। अर्को चाहिँ वर्तमान समयको लागि हो, जहाँ महान् शान्तिको आनन्द मनाइन्छ। कहिलेकहीं संसारका मानिसहरूले ठूलो प्रयास र योजनाद्वारा आफूले चाहेको कुरा प्राप्त गर्छन्। तर सन्तहरूले आफ्नो नम्रताद्वारानै परमेश्वरको राज्यमा प्रभुबाट आफ्ना आशिषहरू प्राप्त गर्छन्। आफूले स्थापित गर्न आउनुभएको राज्यको रूपरेखा दिएर येशू ख्रीष्टले यसलाई अझै निश्चित गराउनु भएको छ (मत्ती ५:५)।

**१५**. मत्ती ५:५ पढ्नुहोस्। "नम्रहरूलेनै पृथ्वीको अधिकार पाउनेछन्" भनी येशू ख्रीष्टले भन्दा यसको के अर्थ दिनुभएको थियो?

**क**. यदि नम्रताको फल हामीमा छ भने, हामीले धेरै सांसारिक सम्पत्तिहरूको आशिष पाउनेछौ, जसले हामीलाई ठूलो शान्ति दिन्छ।

**ख**. ख्रीष्टले यस पृथ्वीमा स्थापित गर्नुहुने राज्यमा नम्रताको फल भएकाहरूले सहभागिता पाउनेछन्।

हाम्रा वरिपरि हुनेहरूका प्रतिउत्तरमा हाम्रो नम्र आत्मामा दिनहुँ नम्रताका अरू इनामहरूलाई हामीले देख्नेछौं। तपाईंको जीवनमा नम्रताको फलले ल्याएको भिन्नताको अवसरको बारेमा विचार गर्नुहोस्। तपाईंमा प्रशस्तसँग यो फल उत्पन्न होस् भनी पवित्र आत्मासँग प्रार्थना गर्नुहोस्। तब तपाईं साँचो प्रकारले प्रभुको

इच्छामा समर्पित, सिकाउन सकिने, आफ्नो रीसलाई उचित किसिमले अधीन गर्नसक्ने र अरूहरूसँगको तपाईंको सम्बन्धमा दयालु र विचारशील हुनसक्नुहुनेछ।

---

**स्वयम्-जाँच**

**छोटो उत्तरः** प्रत्येक प्रश्नको छोटकरी उत्तर दिनुहोस्।

१. बाइबलमा यी हरेकले कस्तो किसिमको चिन्हको सम्बोधन गर्छन्, व्याख्या गर्नुहोस्ः

**क.** ढुकुर ..........................................................................

**ख.** बलिदानिक थुमा ............................................................

**ग.** भेडा ..............................................................................

**घ.** यी चिन्हहरूले ........................................................ को विशेषताहरूको प्रतिनिधित्व गर्छन्।

२. राम्रोसँग तालिम दिइएको घोडाले नम्रताको कुन पक्षको प्रतिनिधित्व गर्छ? ..................................................

३. अरिस्टोटलको भनाइअनुसार प्राओटेस यस्तो मानिसको गुण हो, जो जहिले पनि ठीक समयमा .............................. र बेठीक समयमा कहिल्यै .............................................. ।

४. नम्र हुनु ............................................................ हुनुको ठीक विपरीत हो।

५. कमजोर भाइलाई स्थापित गर्दा हामीले सुधारलाई .............................................................. सँग मिलाउनु पर्छ।

**ठीक उत्तर छान्ने प्रश्नः** प्रत्येक प्रश्नको सबैभन्दा ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

६. यिनीहरूमध्ये कुनचाहिँले सबैभन्दा नजीकतामा प्राओटेसको अर्थ दिन्छ?
**क.** नम्रता र विनयता
**ख.** नम्रता र कमजोरीपन
**ग.** बल र शक्ति
**घ.** नम्रता र स्थिरता

७. आत्माको फलको रूपमा नम्रताले समर्पण, सिकाउन सकिने र अर्को कुन रूपलाई समावेश गरेको छ?
**क.** विचारशील
**ख.** कठोरपना
**ग.** रीस
**घ.** अनुशासन

८. दुष्टताको विरूद्धमा परमेश्वरको न्याय केको उदाहरण हो?
**क.** कठोर रीस
**ख.** गलती समयको रीस
**ग.** ठीक समयको रीस
**घ.** कमजोरीपन

९. येशूका उदाहरणहरूले प्रकट गरेअनुसार उहाँले जोडसँग के कुराको विरोध गर्नुभयो?
**क.** उहाँलाई शारीरिक रूपमा दुःख दिने प्रयास।
**ख.** परमेश्वरको घर वा नाउँलाई बेइज्जत ल्याउने कुनै पनि कार्य।
**ग.** सहायताको निम्ति उहाँमा आउने पापीहरू।
**घ.** व्यक्तिगत दोष वा हेलाँ।

१०. उद्धारको निम्ति हृदय तयार पार्ने आत्माको नम्रतालाई कस्तो हो भनी बताउन सकिन्छ?

**क.** गोठालालाई पच्छयाउने भेडाहरू।
**ख.** तालिम दिइएको जनावर।
**ग.** बीउ प्राप्त गर्न सकोस् भनेर सुखा जमीन माथि वर्षा।
**घ.** आफ्ना चेलाहरूलाई सुधार गर्ने शिक्षक।

११. एक समर्पित पत्नीले कसरी आफ्नो अविश्वासी पतिलाई प्रभुमा जित्न सक्छिन्?

**क.** आफूलाई बाहिरीरूपमा सुन्दरी बनाएर।
**ख.** आफ्ना पतिलाई उद्धारको खाँचो छ भनी उनले महसूस नगरून्जेल उनीसँग कुरा गरेर।
**ग.** मण्डलीको क्रियाकलापलाई आफ्नो जीवनमा पहिलो स्थान दिएर।
**घ.** नम्र र शान्त आत्मामा भएर।

१२ . नम्रता (विनयता) का दुई इनामहरू मध्ये एउटा शान्ति हो भने अर्कोचाहिँ के हो?

**क.** प्रशस्तता (धनसम्पत्ति)।
**ख.** परमेश्वरको राज्यमा एक भाग।
**ग.** मण्डलीमा ठूलो जिम्मेवारी।
**घ.** मानिसहरूको बीचमा ठूलो इज्जत।

## अध्ययन प्रश्नहरूका उत्तरहरू

८. "तिनीहरूले यसको हिसाब दिनु नपरोस्।" (पावलको विरोध गर्नेहरूको क्षमाको विषयमा उनले बोलेका थिए।)

१. **क.** बेठीक **ग.** बेठीक **ङ.** ठीक **छ.** बेठीक
**ख.** ठीक **घ.** ठीक **च.** ठीक

९. तपाईंको उत्तरः हुनसक्छ तपाईंले मेलमिलाप गराउने भनी सल्लाह दिनुभयो होला; आफैलाई बचाउने कोशिश नगर्ने तर तपाईंको बचावट (रक्षक) हुनको लागि परमेश्वरलाई नै स्थान दिने; अरूहरूलाई सुसमाचारको सत्यतामा डोऱ्याउनको लागि बलियो गवाही हुने; सबै मानिसहरूको निम्ति प्रेम, सरोकार र सहनशीलता देखाउने; अथवा अरू उपायहरू।

२. तपाईंका उत्तरहरू। मेरा उत्तरहरूचाहिँ यिनै हुन्ः
**क.** परमेश्वरको इच्छामा अर्पित वा सिकाउन सकिने।
**ख.** विचारशील हुने; प्रेमको कारणले अरूहरूलाई सहने।
**ग.** साहस, सहनशीलता, र विश्लेषण।
**घ.** सुधारको निम्ति आवश्यक परेको खण्डमा नम्रतालाई कडापन वा स्थिरतासँग मिलाउने (पापमा समातिएको भाइसँग गरिने व्यवहार)

१०. "तिम्रो हृदयमा ख्रीष्टलाई प्रभुको रूपमा छुट्याउ।"

३. परमेश्वरको रीस सधैंभरि पाप र दुष्टताको विरूद्धमा हुन्छ; उहाँ आफ्नाहरू र आफूलाई पच्छयाउनेहरूसँग नम्र र दयालु हुनुहुन्छ।

११. "नम्रता र आदरसाथ यो गर"

४. आफ्ना पिताको इच्छामा समर्पित, आफूलाई पक्रने सिपाहीहरूमा समर्पित

१२. **ख**. समर्पित र सिकाउन सकिने भयो भने

५. एउटा उदाहरण आफ्ना चेलाहरूको खुट्टा धुनु हो - यो दासपनामा एक पाठ हो।

१३. निश्चित गरी मिलाउनु; नम्रतासँग सत्य आदेश दिनु

६. तपाईंको उत्तरः मेरोचाहिँ यहाँ छः परमेश्वरले हामीलाई उहाँमा समर्पित भएको चाहनुहुन्छ; आत्माको फलको रूपमा नम्रतालाई बलसँग समावेश गरिएको छ; सुसमाचारको सन्देश नम्रतामा बाँडिनु पर्छ।

१४. **ख**. उसमा ठूलो प्रेम र दया हुन्छ, र उसले यो कुरा महसूस गर्छ, कि पवित्र आत्माको शक्तिले मात्र हामीलाई पापबाट टाढा राख्न सक्छ वा सुरक्षित राख्न सक्छ।

७. **क**. विनयता
**ख**. नम्र, शान्त
**ग**. उद्धार, हृदय, परमेश्वरको वचन
**घ**. पाप
**ङ**. नम्रता

१५. **ख**. ख्रीष्टले यस पृथ्वीमा स्थापित गर्ने राज्यमा नम्रताको फल भएकाहरूले सहभागिता पाउने छन्।


पाठ ६

# आत्म-संयमः अनुशासनको फल

१८७१ साल ८ तारिख अक्टोबर बेलुकीको एक घटना हो, श्रीमती लेरीले एउटा बत्ती बालेर आफ्ना अन्नका भकारीहरू भएको ठाउँ नजीकै बाँधिएको गाई दुहुनलाई गइन्। बलेको लालटिनीमा गाईले लात्तीले हानेको हुनाले आगोका फिल्काहरू उड्दै भकारीमा परे। त्यसै बखत धेरै हावा चलेको हुनाले आगो चारैतिर फैलदै गयो। आगो बढ्दै शिकागो शहरको साढे तीन वर्गमील क्षेत्रलाई ढाक्यो र त्यहाँ भएका १७,४५० घरहरूलाई पनि नष्ट पारिदियो। कमसेकम ३०० मानिसहरूको मृत्यु भयो, ६०,००० मानिसहरू घरवारविहीन भए र २० करोड डलर बराबरको धन सम्पत्ति क्षति भयो। बलिराखेको बत्तीमा एउटा गाईले लात्तीले हानेको हुनाले नै यो सबै भएको हो।

आगोलाई अधीनमा राखेर प्रयोगमा ल्याउदा हाम्रा घरहरू र कारखानाहरूमा यो अति आवश्यक र उपयोगी सिद्ध भएको छ। तर जब हाम्रो अधीनबाट यो बाहिर जान्छ, तब यो भयानक शत्रु भएर यसले छोएका सबै कुराहरूलाई नाश पार्छ। शक्तिको ठूलो स्रोतको रूपमा आगोको प्रयोग गर्दा उचित अधीनको आवश्यकता पर्छ।

पूर्ण मानसिक, शारीरिक, संवेगात्मक र आत्मिक शक्तिमा मानिस सृष्टि गरिएको थियो, र मानिसले यसबाट फायदा उठाउनको निम्ति यसलाई उचित प्रकारले प्रयोग र अधीन गर्नुपर्छ।



तब यो शक्तिलाई पवित्र आत्माको अधीनमा ल्याइनुपर्छ भन्ने कुरामा कुनै आश्चर्यता छैन। हामीले आत्माका नौ किसिमका फलको अन्तिम फल अर्थात् आत्म-संयमको फलको बारेमा यस पाठमा विचार गर्नेछौं।

यो अनुशासनको फल हो। आफूलाई येशूको जस्तो स्वरूपमा परिवर्तन गर्नको लागि पवित्र आत्मालाई स्थान दिने व्यक्तिले आफ्नो जीवनको हरेक क्षेत्रमा आत्मा-संयमको फलको विकास गर्छ।

के तपाईंलाई आफ्नो ख्रीष्टियान जीवनमा अझै बढी अनुशासनको आवश्यकता छ? आत्म-संयमको फल यसको समाधान हो - किनभने यो साँचै आत्म-संयम हुन्छः तपाईंले गर्नुहुने जुनसुकै कुरामा पनि आफूलाई पवित्र आत्माको अगुवाइमा समर्पण गर्नुहोस्।

**पाठको रूपरेखा**

आत्म-संयम परिचित गरियो।

आत्म-संयम वर्णन गरियो।

आत्म-संयम नमूनित गरियो।

# प्रशस्तताको जीवन

**पाठका उद्देश्यहरू**

यस पाठको अध्ययन गरिसकेपछि तपाईंलेः

- आत्म-संयमको बाइबल आधारित र सांसारिक परिभाषाहरूलाई उल्लेख गर्नसक्नुपर्नेछ।
- पवित्र आत्माद्वारा उत्पन्न गरिने आत्म-संयमको फल पाउनलाई हामीले के गर्नुपर्छ सो व्याख्या गर्नसक्नुपर्नेछ।
- धीरज, सीमितपन, साधुपन, र उपवासजस्ता शब्दहरूलाई परिभाषित गर्नसक्नुपर्नेछ।
- संयम र आत्म-संयमका सिद्धान्तहरूलाई समर्थन गर्ने बाइबल आधारित पदहरू दिनसक्नुपर्नेछ।

**सिक्ने क्रियाकलाप**

१. पहिलेका पाठहरू अध्ययन गर्नुभएझैं यस पाठलाई पनि अध्ययन गर्नुहोस्। पाठ विकासमा दिइएका सबै बाइबल पदहरूलाई पढ्नुहोस्, सबै अध्ययन प्रश्नहरूका उत्तर लेख्नुहोस्, र तपाईंले नबुझ्नु भएका मुख्य शब्दहरूको परिभाषा सिक्नुहोस्।

२. यस पाठको पृष्ठभूमिको निम्ति रोमी ८ अध्याय पढ्नुहोस्।

३. स्वयम्-जाँच लिनुहोस् र आफ्ना उत्तरहरूको जाँच गर्नुहोस्।

**मुख्य शब्दहरू**

| | | |
|---|---|---|
| अलग हुनु, | सन्तुलन | प्रभुत्व |
| त्याग | भ्रष्ट आचरण | सीमित |
| आत्म त्याग | बढी | शारीरिक |
| दुरूपयोग | प्रशस्तै | अधीन |
| विष नियन्त्रण गर्नेऔषधी | धेरै खाने (खंचुवा) | संयम |
| साधुपन | अभिलाषी | |

**पाठको विकास**

## आत्म-संयम परिचित गरियो

**बाइबल आधारित परिभाषाहरू**

उद्देश्य १. *आत्म-संयमको बाइबल आधारित धारणाको परिभाषालाई छान्नुहोस्।*

तर आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाइ, विश्वासयोग्यता, नम्रता र **आत्म-संयम** हुन् (गलाती ५:२२-२३)।

उद्धारबाट शुरू गरेर एक विश्वासी आत्म-संयमको जीवनतर्फ बढ्नु परमेश्वरको योजना हो। "किनभने परमेश्वरको मुक्ति दिने अनुग्रह सबै मानिसहरूलाई प्रकट भएको छ। यस मनसायले, कि नास्तिकपना र संसारको तृष्णालाई इन्कार गरेर हामीले यस वर्तमान युगमा आत्म-संयम, धार्मिक, र भक्तिको जीवनमा रहनुपर्छ" (तितस २:११-१२)। आत्माको फलको रूपमा आत्म-संयम दुष्ट इच्छा (अभिलाषाहरूको) वा सांसारिक सुख विलासको स्वार्थ इन्कार हो। "शरीरका कामहरूको" अन्तिम दुई

फलहरूको विपरीतमा आत्म-संयम आउँछ (गलाती ५:२१) तिनीहरू मतवालीपन र भोजको मोजमज्जा हुन् - जसले यस्तो कार्यमा पूर्ण रूपमा भुलिरहने कुराको सम्बोधन गर्छ।


"आत्म-संयम" भनी अनुवाद गरिएको शब्द, मूल शब्द "इन्क्राटेइया" बाट लिइएको हो, जुन यसको नामको रूपमा केवल बाइबलका तीन खण्डहरूमा मात्र देखा पर्छः गलाती ५:२२, प्रेरित २४:२५ र २ पत्रुस १:६। गलाती ५:२२ मा आत्माको नौ किसिमको फलको अन्तिम फल (नाम) मा प्रयोग गरिएको छ। प्रेरित २४:२५ मा पावलले फेलिक्सलाई "धार्मिकता, आत्म-संयम, र आउनेवाला न्यायको" बारेमा बताउदा यो शब्द प्रयोग गरेका थिए। २ पत्रुस १:५-६ मा यो शब्द अनुग्रहहरूको सूचीमा प्रयोग गरिएको छः "तिमीहरूका विश्वासमा सद्गुण सद्गुणमा बुद्धि, बुद्धिमा आत्म-संयम थप।"

स्वार्थमाथि बल, शक्ति वा प्रभुत्व गर्नसक्नु इन्क्राटेइयाको मूलभूत विचार हो। यो आफैले आफैलाई अधीन गर्ने कुरा हो। हामीले आफैलाई पवित्र आत्माको अगुवाइमा अधीन गर्नुपर्छ। आत्माको फलको रूपमा आत्म-संयम स्वयम्-अनुशासन हो।

स्वयम्-अधीनतासँग सम्बन्धित भएको क्रियापदको रूप इन्क्राटेउओमाइ हो, जुन १ कोरिन्थी ९:२५ मा इनाम जित्न कोशिश गर्ने खेलाडीहरूको कडा तालिम र अनुशासनको वर्णन गर्नलाई प्रयोग गरिएको छ। पावलको लेखाइमा धेरै जसो खेलाडी र सिपाहीका नमूनाहरू उल्लेख गरिएका छन्। ती दुवैले स्पष्टसँग स्वयम् अनुशासनको बारेमा बताउँछन्, जुन खेल र सैनिक क्रियाकलापमा अतिनै आवश्यक हुन्छ। "इनाम पाउने हिसाबले दौडनु पर्छ" भनी पावलले कोरिन्थका विश्वासीहरूलाई साहस दिएका छन्, (पद २४)। उनले अझै यस विषयमा भन्दै जान्छन्, "यसकारण म यसरी दगुर्छु, बेताकसित होइन, म यसरी मुक्का लड्दछु, केवल हावामा हान्ने जस्तो मात्र होइन, तर म

आफ्नो शरीरलाई कुट्तछु, र वशमा ल्याउँछु, नत्रता अरूहरूलाई प्रचार गर्दाखेरि मा आफैंचाहिँ इनामको निम्ति इन्कार गरिनेछु'' (पद २६-२७)। आफ्नो शरीरलाई हतियारले घाउ चोट लगाएर दुःख दिने बारेमा पावलले यहाँ बताएका होइनन्, तर आफ्नो शरीरलाई अधीनमा राख्ने, र परमेश्वरलाई खुशी नतुल्याउने इच्छा (अभिलाषा) हरूको अधीन गर्ने बारेमा उनले बताएका हुन्।

एक खेलाडीले आफू खेलमा जानुभन्दा केही अघाडि मात्र आफ्नो शरीरलाई तालिम गर्न कडा परिश्रम गर्छ भने, उसले कहिल्यै पनि इनाम जित्नसक्तैन। गाडी चालकले प्रहरी नजीक भएको बेलामा मात्र सवारी संकेतको पालन गर्छ भने, उसले आत्म-संयमको पालन गरेको हुँदैन। कामदारले आफ्नो नाइके नभएको बेलामा काम गर्न ढिला गर्छ भने, त्यो स्वयम्-अनुशासित भएको हुँदैन। यी सबै उदाहरणहरूले एक व्यक्तिको भित्रिय परिवर्तन नभइकन अरूहरूको देखावटको निम्ति गरिने बाहिरीय कामको प्रदर्शित गर्छन्।



क्रियापद इन्क्राटेउओमाइ १ कोरिन्थी ७:९ मा सम्भोगका अभिलाषाहरूमाथि ख्रीष्टियानले गर्ने अधीनको सम्बन्धमा पनि प्रयोग गरिएको छः "तर ती (अविवाहित) आफूलाई वशमा राख्न सक्तैनन् भनेता तिनीहरूले विवाह गरून्, किनभने कामोद्दीपनले जल्नुभन्दा विवाह गर्नु असल हो।'' गएको पाठमा हामीले सिकेका थियौं, कि प्राओटेस (नम्रता) ले रीसको क्षेत्रमा आत्म-संयमको विचार समावेश गरेको थियोः ठीक समयहरूमा रिसाउने र बेठीक समयहरूमा नरिसाउने। इन्क्राटेइया ले रीस भन्दा शारीरिक अभिलाषाको अधीन गर्ने बारेमा बताउँछ, जस्तै सम्भोगिय (यौन) अभिलाषाहरूप्रति अधीनता, वा खाने र पिउने कुराहरूमाथि प्रतिबन्धता। अर्को प्रकारले भन्ने हो भने आत्म-संयम भनेको स्वार्थका अभिलाषाहरूमाथि अधीन (प्रभुत्व) गर्नु हो।

१. यिनीहरूमध्ये कुनचाहिँ परिभाषाले आत्म-संयमको बाइबल आधारित धारणाको प्रतिनिधित्व गर्छन्?

**क.** अभिलाषाले जल्नु
**ख.** आनन्द दिने कुनै पनि कुरा खान वा पिउनलाई इन्कार गर्नु
**ग.** दैनिक बानीमा आत्मानुशासन
**घ.** दुष्ट वा स्वार्थी आभिलाषाहरूमाथि अधीनता
**ङ.** कडा अभिलाषाहरू भएको कारणले मेरो शरीरलाई दण्ड दिनु
**च.** परीक्षामाथि विजयी हुने शक्ति पाउनु
**छ.** पवित्र आत्माको अगुवाइद्वारा स्वयम्-शासन

२. १ कोरिन्थी ९:२५-२७ मा हामी ख्रीष्टलाई पच्छयाउनेहरूले के गर्नु पर्छ भनी प्रेरित पावलले सिकाएका छन्?

**क.** आनन्ददायक अनुभवहरूबाट वञ्चित हुनुपर्नेजस्ता दण्डहरूको माध्यमद्वारा हाम्रा शरीरहरूलाई अधीनमा राख्नु।
**ख.** परमेश्वरको स्वीकारको योग्य हुनलाई कडा तालिमद्वारा हाम्रा अभिलाषाहरूको अधीन गर्न सिक्नु।

**सांसारिक परिभाषाहरू**

उद्देश्य २. *पावलले चित्रण गरेको सांसारिक मानिससँग मिल्ने सांसारिक परिभाषा छान्नुहोस्।*

"स्वयम् मालिकपन'' लाई प्लेटोले इन्क्राटेइया भनेका छन्। एक व्यक्तिले आफ्ना इच्छाहरू र सुख बिलासको प्रेममाथि गरिने अधीनता (प्रभुत्व) को बारेमा यसले बताउँछ। भोजको मोजमज्जा र शारीरिक सुख बिलासको विपरीत यो हो भनी उनले बताएका छन्। बाइबलका एक विद्वान्ले चेतावनी दिएका छन्, कि यसलाई जोड दिइयो भने यसले साधुपनतर्फ डोऱ्याउँछ, जुन मासु, लागू पदार्थ र विवाहबाट अलगरहने व्यवहार (जीवन) हो। उनले सुझाव दिएका छन्, कि साधुपन नयाँ नियममा सिकाइएको आत्म-संयमको स्तरबाट अन्तै लैजाने एक माध्यम हो। हामी यस धारणालाई यस पाठको अन्तमा अझै विस्तृत रूपमा छलफल गर्नेछौं।

आत्म-संयमी व्यक्तिलाई अरिस्टोटलले यसरी परिभाषित गरेका छन्, कि यस्तो व्यक्तिमा शक्तिशाली अभिलाषाहरू हुन्छन्, तर उसले तिनीहरूलाई आफ्नो अधीनमा राख्छ। आत्म-संयम कम भएको व्यक्तिले गलती कुरा गर्छुनै भन्ने चाहना नभै आफू परीक्षामाथि विजय हुने बल नपाएर त्यो काम गरेको हो भनि उसले विचार गर्छ।

सांसारिक ग्रीक शब्दमा इन्क्राटेइया शब्द सम्राटको गुणको व्याख्या गर्न प्रयोग गरिएको छ, जुन सम्राटले मानिसहरूले स्थापना गरेको सरकारमाथि आफ्नो व्यक्तिगत इच्छाको प्रभाव पर्न कहिल्यै दिँदैनन्।

**३**. रोमी ७:१४-२० पढ्नुहोस्। पावलले सांसारिक मानिस भनी बताएको व्यक्तिसँग तल दिइएकाहरूमध्ये कुनचाहिँ मिल्छ?

**क**. साधुपनको धारणा

**ख**. आफ्ना व्यक्तिगत इच्छाहरूबाट प्रभावित नभएको सम्राट

**ग**. आत्म-संयम कम भएको व्यक्तिको बारेमा अरिस्टोटलले दिएको वर्णन (व्याख्या)

**घ**. भोजको मोजमज्जा र शारीरिक अभिलाषाको बारेमा प्लेटोले दिएको उदाहरण।

## आत्म-संयमको रहस्य

उद्देश्य ३. *रोमी ८:५-६ मा आधार गरी दुष्ट इच्छाहरूमाथि अधीन उपलब्ध गर्नसक्ने रहस्यको व्याख्या गर्नुहोस्।*

प्रेरित पावलले एफिसी ५:१८ मा दाखमद्यले मात्तिने र पवित्र आत्मामा भरिनेको बीचमा भएको विभिन्नता देखाएका छन्: "अनि दाख-मद्यले नमात्तिओ, जसमा कामोद्दीपन हुन्छ, तर आत्माले भरिपूर्ण भएर जाओ।" आत्म-संयमको कमीले शरीरको पापपूर्ण इच्छा तृप्त पार्ने तर्फ लैजान्छ। सबैभन्दा उत्तम उपाएचाहिँ आत्मामा भरिनु हो। आत्मामा भरिएको व्यक्ति आत्माको अधीनमा हुन्छ, र आफ्नो कमजोरीमाथि आफैलाई अधीन गर्नसक्ने सहायता प्राप्त गरेको हुन्छ। कसरी यो हुनसक्छ भनी प्रेरित पावलले बताएका छन्:

> किनभने शरीरअनुसार चल्नेहरूले शरीरका कुरामा, तर आत्माअनुसार चल्नेहरूले आत्माका कुरामा मन लगाउँछन्। किनभने शरीरमा मन लगाउनुचाहिँ मृत्यु हो, तर आत्मामा मन लगाउनुचाहिँ जीवन र शान्ति हो। किनभने शरीरतिर लागेको मनचाहिँ परमेश्वरतर्फको शत्रुता हो, किनकि त्यो परमेश्वरको व्यवस्थाको अधीनमा हुँदैन, अनि नता त्यो कहिल्यै हुनसक्तछ, अनि शरीरमा हुनेहरूले परमेश्वरलाई खुशी तुल्याउनसक्तैनन्।

तर यदि परमेश्वरको आत्मा स्वयम् तिमीहरूमा बास गर्नुहुन्छ भनेता तिमीहरू शरीरमा होइन तर आत्मामा हुन्छौ (रोमी ८:५-६)।

पावलको व्याख्या र यूहन्ना ३:६ मा "देह (शरीर) बाट जन्मेको देह हो, अनि आत्माबाट जन्मेको आत्मा हो" भन्ने येशू ख्रीष्टका शब्दहरूका बीचमा के तपाईं समानता देख्नसक्नुहुन्छ? पवित्र आत्माको सहायता बिना ता हामीमा भएका स्वाभाविक गुणहरूले हाम्रा पापपूर्ण इच्छाहरूको निम्ति काम गर्छन्। तर जब हामी आत्माबाट जन्मन्छौं, हामीभित्र भएको नयाँ स्वभावले हामीलाई ती कुराहरूप्रति इच्छुक गराउँछ, जुन हाम्रो निम्ति आत्माले पनि चाहनुहुन्छ। यसो भएता पनि प्रेरितहरूले जोड दिए जस्तै आत्माका इच्छाहरूलाई पूरा गर्न र पापपूर्ण इच्छाहरूलाई दैनिक रूपमा नाश गर्न हामीहरू आत्मामा भरिरहनु पर्छ।

४. दुष्ट इच्छाहरूमाथि अधीनता प्राप्त गर्नसक्ने रहस्य के हो आफ्नै शब्दहरूमा व्याख्या गर्नुहोस्।

.................................................................................

.................................................................................

## आत्म-संयम वर्णन गरियो

**सन्तुलित जीवन**

उद्देश्य ४. *सन्तुलित वा आत्म-संयम जीवनको ठीक वर्णनलाई चिन्नुहोस्।*

सन्तुलनको सिद्धान्त विश्वको प्राकृतिक नियमहरूको एक भाग हो। प्रकृतिमाथि परमेश्वरको पूर्ण अधीनताको बारेमा अय्यूबको पुस्तकमा बताइएको छः

> चुपचाप खडा भएर परमेश्वरका उदेकका कामहरूलाई विचार गर्नुहोस्। परमेश्वरले मेघहरूबाट बिजुली चम्काउनुहुन्छ र तिनीहरूका काम कसरी खटाइदिनुहुन्छ सो तपाईं जान्नुहुन्छ र? बादलहरू किन आकाश मण्डलमा रहन्छन् के तपाईंलाई थाह छ? (अय्यूब ३७:१४-१६)।

उपदेशक ३:१-८ को विषय पनि सन्तुलन हो। लेखकले भनेका छन्, "सबै कुराको लागि समय छ, र संसारमा सबै कामको बेला छ" (पद १)।

ख्रीष्टियानहरूको जीवन सन्तुलित होस् भन्ने परमेश्वरको इच्छा छ। यसमा आत्मिक, शारीरिक, मानसिक र संवेगात्मक सन्तुलन समावेश गरिएको छ। उदाहरणको लागि, १ कोरिन्थी १२, १३ र १४ अध्यायहरू मण्डलीमा आत्माका वरदानहरूको अभ्यासमा हुनुपर्ने सन्तुलनको महत्वपूर्णतामा र प्रेमद्वारा सन्तुलन गर्नुपर्ने वरदानहरूको निम्ति आवश्यकतामा जोड दिनलाई प्रेरित पावलले लेखेका हुन्। आत्माका वरदानहरूको अभ्यास गर्दा कोरिन्थको मण्डलीमा अनुचित व्यवहार गरिएको थियो। तर थिस्सलोनिकाको मण्डलीमा धेरैनै अधीन भएको हुनाले असन्तुलन उत्पन्न भएको थियो। यी विश्वासीहरूले आत्माको कामलाई रोकेका थिए र भविष्यवाणी जस्तो अति महत्वपूर्ण वरदानको साथसाथै अरू वरदानहरूको पनि वास्ता गरेका थिएनन् (१ थिस्सलोनिकी ५:१९-२० पढ्नुहोस्)। हाम्रो जीवनको हरेक क्षेत्रमा सन्तुलनको आवश्यकता छ भनी यी दुई उदाहरणहरूले नमूना दिन्छन्।

तर्क गर्नसक्ने, विचार गर्नसक्ने र हाम्रो इच्छालाई प्रयोग गर्नसक्ने परमेश्वरले हामीलाई दिनुभएका योग्यताहरू जस्ता सबै

मानविक शक्तिहरूलाई दुरूपयोग गर्नसकिने सम्भावना छ। त्यसैकारणले नै आत्म-संयमको बारेमा सिक्न हामीलाई पवित्र आत्माको सहायता चाहिन्छ, यसरीनै यी आत्मिक शक्तिहरूको अभ्यासमा हाम्रो जीवनमा सन्तुलन रहनसक्छ।

एक सन्तुलित जीवन आत्म-संयम वा आत्माको अधीनको जीवन हो। यी शब्दहरूले आतङ्कारी व्यवहार वा चरित्रलाई स्थान नदिने अर्थ दिन्छन्, र ठीक किसिमको सीमितपनाको बारेमा बताउँछन्। हामीले पहिल्यै उल्लेख गरेजस्तै यसको अर्थ साधुपना होइन, जसले मासु, दाखरस र विवाहबाट पूर्ण बञ्चित हुनुपर्ने आशा दिन्छ। प्रेरित पावलले १ तिमोथी ४:३-५ मा साधुपन सिकाउने कपटी भूठहरूको शिक्षा नसुन्नु भनी तिमोथीलाई चेतावनी दिएका छन्ः

> तिनीहरूले मानिसहरूलाई विवाह गर्न रोक्ने र खानालाई मनाई गर्ने गर्छन्, जो सत्य जान्नेले र विश्वास गर्नेहरूले धन्यवादसाथ ग्रहण गरून् भनी परमेश्वरले सृष्टि गर्नु भएको हो। परमेश्वरका सृष्टि सबै असल छन्। यदि धन्यवादसाथ ग्रहण गरे कुनै पनि इन्कार गर्ने खालका छैनन्, किनभने त्यो परमेश्वरको वचन र प्रार्थनाले चोखो तुल्याइन्छ।

ख्रीष्टियानहरू पूर्ण रूपमा अलग भएर रहनुपर्ने कुराहरू निश्चयनै त्यहाँ छन्। यी पापपूर्ण स्वभावका कार्यहरू हुन्, जसलाई हामीले एक अध्यायमानै उल्लेख गरिसकेका छौं (गलाती ५:१६-२१, रोमी १:२६-३१; रोमी ३:१२-१८; मर्कूस ७:२२-२३ हेर्नुहोस्)। तर ठीक प्रकारले आनन्द लिनको निम्ति परमेश्वरले धेरै कुराहरू सृष्टि गर्नुभएको छ, जसलाई हामीले पवित्र आत्माको अगुवाइमा र परमेश्वरको वचनमा दिइएको सीमितपनाको आधारमा उपभोग गर्नुपर्छ। हाम्रो जीवनको विशेष क्षेत्रमा आत्म-संयमको बारेमा बाइबलले के बताएको छ, सो विचार गरौं।

१. *जिब्रोको अधीनः* आत्म-संयम जिब्रोबाट शुरू हुन्छ। याकूब ३ः२ ले हामीलाई बताउँछ, "जो मानिस वचनमा चुक्तैन, त्यो आफ्ना सारा शरीरमा पनि लगाम कस्नसक्ने सिद्ध मानिस हुन्छ। हाम्रो जिब्रोलाई हामीले अधीन गर्नु कति कठिन छ भनी याकूबले बयान गर्दै गएका छन्।

**५.** याकूब ३ः२-१२ पढ्नुहोस्। हाम्रो जिब्रोको अधीन गर्न हामीलाई पवित्र आत्माको सहायता हुनैपर्छ भनी कुन कुन शब्दहरूले देखाउँछन्?

एक व्यक्ति जसले आफ्नो जीवनमा आत्म-संयमको फल भएको होस् भनी साँचो इच्छा राख्छ भने "मेरो जिब्रो अधीन गर्नुहोस्" भनी उसले पवित्र आत्मालाई स्थान दिनुपर्छ। यदि उहाँले हाम्रो जिब्रो अधीन गर्नुभयो भने उहाँले हाम्रो जीवनका अरू भागहरू पनि अधीन गर्नुहुन्छ। पवित्र आत्माको अधीनमा भएको जिब्रोले एकै समयमा उसका प्रभु र पितालाई प्रशंसा गर्न र परमेश्वरको आफ्नै स्वरूपमा सृष्टि गरिएको मानिसलाई सराप्न सक्तैन।

२. *शारीरिक अभिलाषाको अधीनः* यस विषयमा बाइबलले धेरैनै भन्नुछ। पति र पत्नीको शारीरिक एकताले परमेश्वरद्वारा इज्जत र आशिष पाएको हुन्छ। शारीरिक अभिलाषाको उचित अधीन वैवाहिक सम्बन्धभित्रै राखिनुपर्छ भनी प्रेरित पावलले १ कोरिन्थी ७ अध्यायमा अर्ती दिएका छन्। यस विषयमा उनी अझै भन्दै जान्छन्, "यदि अविवाहित र विधवाहरूले आफूलाई वश (अधीन) मा राख्न सक्तैनन् भनेता तिनीहरूले विवाह गर्नु असल हो।" वश वा अधीन शब्द 'इन्क्राटेउओमाइ' शब्दबाट अनुवाद गरिएको हो र यही क्रिया पदनै आत्म-संयमको निम्ति प्रयोग गरिएको छ, जुन आत्माको फलमा पनि प्रयोग गरिएको पाइन्छ। अविवाहित रहन इच्छुक हुने व्यक्तिहरूलाई आफ्नो स्वाभाविक कामोद्दीपनको अधीन गर्न पवित्र आत्माको

"इन्क्राटेउओमाइ" (अधीन) चाहिन्छ। यस अधीनको महत्वपूर्णतालाई १ थिस्सलोनिकी ४:३-७ मा स्पष्ट रूपमा बताइएको छः

किनकि परमेश्वरको इच्छा, अर्थात् तिमीहरूको पवित्रतानै यही हो, कि तिमीहरू व्यभिचारबाट अलग बस। तिमीहरूमा हरेकले आफ्ना आफ्ना पात्रलाई पवित्रता र इज्जतमा कसरी आफैले ग्रहण गर्नुपर्छ, सो जान। परमेश्वरलाई नचिन्ने अन्यजातिहरूको जस्तो कुइच्छाको कामनामा होइन। यस कुरामा कसैले अपराध गरेर आफ्नो भाइलाई खराबी नगरोस्। किनभने प्रभुले यी सबै कुरामा बदला लिनुहुन्छ, जस्तो कि हामीले अघाडि देखिनै तिमीहरूलाई जनाउ र साक्षी पनि दिएका छौं। किनकि परमेश्वरले हामीलाई अशुद्ध हुनलाई होइन, तर पवित्र हुनलाई बोलाउनुभयो।

**६**. यो वचन (पवित्रशास्त्र) को भनाईअनुसार कामोद्दीपनको अभिलाषामा आत्म-संयम वा आत्म-अधीन कमजोर हुने व्यक्तिको निम्ति सबैभन्दा ठूलो खतरा कसको विरूद्धमा गरिएको पाप हो?

**क**. परमेश्वर
**ख**. उसको आफ्नै शरीर
**ग**. अर्को व्यक्ति

३. *दैनिक बानीहरूमा अधीनताः* तपाईंको शरीरद्वारा परमेश्वरलाई आदर गर्ने महत्वपूर्णताको बारेमा प्रेरित पावलले १ कोरिन्थी ६:१२-२० मा जोड दिएका छन्। यस खण्डमा उनले केवल व्यभिचारीपनको बारेमा मात्र बताएका होइनन्, तर जुनसुकै व्यवहार जसले तपाईंको शरीरलाई बेइज्जत दिनुको साथै परमेश्वरलाई पनि अनादर गर्छः

मेरो निम्ति सबै कुरा न्यायसंगत छन्, तर सबै कुरा फायदाका छैनन्। सबै कुरा मेरो निम्ति न्यायसंगतै छन्, तर म कसैको अधीनमा पर्नेछैन। खाने कुरा पेटको निम्ति, र पेट खाने

कुराको निम्ति, तर परमेश्वरले यो पनि र ती पनि रद्दी तुल्याउनुहुनेछ (पदहरू १२-१३)।

७. तपाईंको जीवनको हरेक क्षेत्रमा अधीन गरिने बारेमा पवित्र शास्त्रको यस खण्डका कुन शब्दहरूले बताउँछन्?

..........................................................................

घिचुवापन र मतवालीपन, शारीरिक अभिलाषाका पापपूर्ण बानीहरू हुन्, जसको विरूद्धमा पवित्रशास्त्रमा चेतावनी दिइएको छः "मतवाला वा घिचुवाहरूको सङ्गत नगर, किनभने मद्य र खानुको लोभले दरिद्र तुल्याउँछ" (हितोपदेश २३:२०-२१)। हामी आफैले धेरै खाना खाई मोटो भएर शरीरलाई बाधा दिएका छौं भने कसरी हामी अरूहरूलाई तिनीहरूको मतवालापनको निम्ति दोष लगाउन सक्छौं? हाम्रो खाने बानीहरूमा आत्म-संयम वा अधीनता ल्याउनको लागि हामीहरूमध्ये धेरैलाई पवित्र आत्माको सहयोग चाहिन्छ।

४. *समयको प्रयोगमा अधीनताः* बाइबलमा शारीरिक अभिलाषाको सबैभन्दा ठूलो उदाहरण धनी मूर्खको हुनसक्छ, जसले आफैलाई भन्यो, "धेरै वर्षसम्म पुग्ने धेरै सम्पत्ति तेरो निम्ति थुप्रिएको छ। आरामीसित बस्, खा, पी, र आनन्द गर" (लूका १२:१६)। हाम्रो समयलाई हामीले बुद्धिमान् किसिमले प्रयोग गर्ने महत्वपूर्णताको बारेमा जागा रहो भन्ने वार्तालापमा येशूले जोड दिनुभएको छ (लूका १२:३५-४८)। एक सन्तुलित जीवनले काम, बाइबल अध्ययन र प्रार्थना, आराम र फुर्सतको निम्ति चाहिने ठीक ठीक समय दिन्छ। आफ्नो काममा ज्यादै समर्पित भएर आफ्नो परिवारको वास्ता नगर्ने व्यक्तिले ठीक किसिममा समयको अधीन गर्न जानेको छैन भन्ने बुझिन्छ। एक अल्छी वा नचाहिने काममा आफ्नो समय बिताउने व्यक्तिमा आत्म-संयम हुँदैन। प्रेरित पावलले यस विषयमा हामीलाई शिक्षा दिएका छन्ः

"यसैकारण अरूहरूझैं हामी नसुतौं, तर जागा रहौं र होशियार होऔं, किनकि सुत्नेहरू रातमा सुत्छन्, र शराब पिउनेहरू रातैमा पिउँछन्, तर हामीचाहिँ दिनका हुनाले सचेत रहौं" (१ थिस्सलोनिकी ५:६-८)।

५. *मनको आत्म-संयम वा अधीनः* "तर प्रभु येशू ख्रीष्टलाई धारण गर, र शरीरको अभिलाषा पूरा गर्नलाई अघिबाटै तयारी नगर" (रोमी १३:१४)। "अन्त्यमा ए भाइ हो, जे कुरा सच्चा छन्, जे कुरा आदरणीय छन्, जे कुरा चोखा छन्, जे कुरा असल छन्, जे कुरा मनपर्दा छन्, तिनमा केही सद्गुण र केही प्रशंसा छ भने तिनै कुराको विचार गर" (फिलिप्पी ४:८)। हाम्रो मन कसरी अधीन गर्नुपर्छ भनी पवित्र शास्त्रका यी दुई पदहरूले हामीलाई बताउँछन्ः खराब कुराहरूको विचार गर्नुहुँदैन तर असल कुराहरूको विचार गर्नैपर्छ। आज संसारमा भएका धेरै आकर्षित कुराहरूले हाम्रो मनलाई परमेश्वरप्रतिको हाम्रो उत्तरदायित्वबाट अलग गर्ने कोशिश गर्छन्। तपाईंले जे पढ्नुहुन्छ, तपाईंले टेलिभिजनमा जे हेर्नुहुन्छ, तपाईंले जे सुन्नुहुन्छ, वा जे जति कुरासँग सम्बन्ध राख्नुहुन्छ, तपाईंको मनको आत्म-संयम वा अधीनतामा यसले प्रभाव पारेको हुन्छ। हाम्रा विचार परमेश्वरलाई खुशी पार्ने कुराहरूमा राख्नलाई हामीलाई पवित्र आत्माको सहयोग चाहिन्छ।

**८.** आत्म-संयम वा अधीनताको बाइबल आधारित धारणालाई वर्णन गर्न यिनीहरूमध्ये कुन कुन शब्द समूहहरू प्रयोग गरिएको छ?

**क.** आतङ्ककारी स्वभाव वा वर्णन
**ख.** संयम
**ग.** साधुपन
**घ.** सन्तुलन
**ङ.** असंयम (अधीनता)
**च.** सीमित (संयम)
**छ.** शारीरिक अभिलाषा

६. यिनीहरूमध्ये कुन कुन बयानहरूचाहिँ सन्तुलित वा आत्म-अधीन ख्रीष्टियान जीवनको सत्य वा ठीक वर्णनहरू हुन्।

**क.** एक सन्तुलित जीवनमा नता ज्यादै धेरै नता ज्यादै थोरै अधीन हुन्छ।

**ख.** साधुपन आत्म-संयमपनको आवश्यकीय भाग हो, किनभने जुनसुकै किसिमको आनन्दलाई पनि हामीले छाड्नै पर्छ भनी बाइबलले सिकाएको छ।

**ग.** यदि कुनै ख्रीष्टियानले आत्म-संयमको जीवन जिउन चाहन्छ भने कुनै कुनै कुराहरूबाट ऊ अलग रहनै पर्छ।

**घ.** आत्म-संयमको खाँचो भएको व्यक्तिको जीवनको क्षेत्रलाई विचार गर्दा जिब्रोको अधीनता सबैभन्दा कम महत्वपूर्ण छ।

**ङ.** केही कुराबाट पनि अधीन नहुनु आत्म-संयमको एक रहस्य हो।

**च.** कामोद्दीपनको इच्छालाई अधीन गर्न नसक्ने व्यक्तिले विवाह गर्नू भनी बाइबलले सल्लाह दिएको छ।

**छ.** संयम (अधीन) मा गरियो भने कुनै पनि कार्य न्यायसंगत हुन्छ।

**ज.** पापतर्फ डोऱ्याउने कुराहरूलाई विचार गर्न इन्कार गर्नाले मनमाथिको आत्म-संयम (अधीन) हुन सम्भव छ।

**झ.** समयको अधीन वा आत्म-संयम भन्नाले काम, आराधना, र फुर्सतको बीचमा ठीक सन्तुलन राख्नु हो।

**ञ.** मतवालामा भन्दा घिचुवामा बढी आत्म-संयम हुन्छ।

## एक पवित्र जीवन

उद्देश्य ५. *पवित्र आत्माले तपाईंमा पवित्रता (शुद्धता) लाई सिद्धगर्ने प्रक्रियाको व्याख्या गर्नुहोस्।*

सबै कुराहरूभन्दा बढी परमेश्वरले तपाईं पवित्र भएको चाहनुहुन्छ! यसलाई धेरैपल्ट बाइबल पवित्रशास्त्रमा जोड दिइएको छः

> किनकि तिमीहरूका परमेश्वर हुनलाई तिमीहरूलाई मिश्रबाट ल्याउने परमप्रभु मनै हुँ। यसकारण तिमीहरू पवित्र होओ, किनकि म पवित्र छु (लेवी ११:४५)।

> इस्राएलका परमप्रभु परमेश्वर धन्यका हुनुहुन्छ, किनभने उहाँले आफ्ना मानिसको हेरचाह गरेर उद्धारको काम गर्नुभयो। उहाँले हाम्रो निम्ति उद्धारको सिङ खडा गर्नुभएको छ, कि हामी निर्भयसँग उहाँकै सामुन्ने पवित्रता र धार्मिकतामा हाम्रा जीवनभरि उहाँको सेवा गरौं। (लूका १:६८,६९; ७४,७५)।

> यसकारण ए प्रिय हो, यी प्रतिज्ञा भएका हुनाले शरीर र आत्माका सबै किसिमका अशुद्धपनाहरूबाट हामी आफैलाई शुद्ध पारौं, र परमेश्वरको डर राखेर पवित्रतालाई सिद्ध पारौं (२ कोरिन्थी ७:१)।

> सबै जनासँग मेल मिलाप गर, र पवित्रताको पछि लाग, जसबाहेक कुनै मानिसले प्रभुलाई देख्नेछैन (हिब्रू १२:१४)।

पवित्र आत्मा हामीमा काम गर्नुहुने, हामीमा पवित्रतालाई सिद्ध पार्नुहुने र हाम्रो जीवनमा ख्रीष्टलाई जीवित सत्यता तुल्याउनुहुने शक्ति हुनुहुन्छ। हामीमा आत्म-संयमको फल उत्पन्न गरेर उहाँले यो काम गर्नुहुन्छ। अन्धकार र ज्योति (दुष्ट र असल) को बीचमा मिलाप हुनसक्तैन भनी उहाँले देखाउनुहुन्छ। उहाँले हामीमा पापपूर्ण संसारबाट अलग रहने इच्छा सृजना गरिदिनुभई परमेश्वरलाई रिझाउने जीवन जिउनलाई सहायता गर्नुहुन्छ।

यस पाठमा हामीले पहिल्यै उल्लेख गरिसकेका छौं, कि ख्रीष्टियानको निम्ति आत्म-संयम पवित्र आत्म-संयम हो। यही कुरानै प्रेरित पावलले रोमी ८:८-१० मा उल्लेख गरेका छन्ः

> अनि शरीर (पापपूर्ण स्वभाव) मा हुनेहरूले परमेश्वरलाई खुशी तुल्याउनसक्तैनन्। तर यदि परमेश्वरका आत्मा तिमीहरू आफैमा बास गर्नुहुन्छ भनेता तिमीहरू शरीरमा होइन, तर आत्मामा हुन्छौ। तर कोही मानिसमा ख्रीष्टको आत्मा हुनुहुन्न भनेता त्यो उहाँको हुँदैहोइन। यदि ख्रीष्ट तिमीहरूमा हुनुहुन्छ भने पापको कारणले शरीर साँच्चै मरेको हुन्छ, तर आत्माचाहिँ धार्मिकताको कारणले जिउँदो हुन्छ।

आत्माको फलको रूपमा आत्म-संयमले पापपूर्ण स्वभावका सबै कामहरूलाई रोकिदिन्छ। तपाईंले उद्धार पाउनुभएपछि पवित्र आत्मा तपाईंको जीवनमा बास गर्नुहुन्छ, र अब तपाईं पापपूर्ण स्वभावको अधीनमा हुनुहुन्न। यद्यपि, तपाईंको यस संसारको जीवनभरिनै शारीरिक अभिलाषाहरूमाथि अधीन गर्नलाई तपाईंले अनुशासनको अभ्यास गर्नुपर्छ। शरीर (पापपूर्ण स्वभाव) ले तपाईंको जीवनमाथि अधीन गर्नलाई सक्दो प्रयास गर्छ। तर जब तपाईंले आफूलाई पवित्र आत्माको अधीनमा सुम्पनुहुन्छ, शरीरले तपाईंमाथि राख्ने अधिकारका शक्तिबाट उहाँले तपाईंलाई जोगाउनुहुन्छ। यसले प्रभावशाली आत्म-संयम सम्भव तुल्याउँछ।

पवित्र हुनु भनेको अर्थ ख्रीष्ट जस्तो हुनु हो। गलाती ५:२२-२३ मा आत्माको फल भनी उल्लेख गरिएका चरित्रहरू ख्रीष्टका चरित्रहरू हुन् र हामीले पवित्र आत्माको अधीनमा आफैलाई समर्पण गरेपछि यी चरित्रहरू उहाँद्वारा हामीमा उत्पादन गरिन्छन् जसले हामी आफैलाई संसारबाट अलग रहेर परमेश्वरको निम्ति जिउन सम्भव तुल्याउँछ। यही प्रक्रियाद्वारा हामीमा पवित्रता सिद्ध गरिन्छ। पवित्र हुनु भनेको आत्म-संयमी हुनु हो। आत्म-संयमी हुनु भनेको अर्थ पवित्र आत्मा-संयमी हुनु हो!

१०. पवित्र आत्माले तपाईंमा सिद्ध गर्नुहुने पवित्रताको प्रक्रियालाई छोटकरीमा व्याख्या गर्नुहोस्।

.................................................................................................

## आत्म-संयम नमूनित गरियो

उद्देश्य ६. *आत्म-संयमको अभ्यासमा पवित्र आत्माको सहायताको खाँचो पर्ने क्षेत्रलाई निश्चित गर्न स्वयम्-निरीक्षण गर्नुहोस्।*

**येशूको उदाहरण**

बाइबल पवित्रशास्त्रले हामीलाई बताउँछ, कि येशू ख्रीष्ट "सबै कुरामा हामीजस्तै परीक्षित भएर पनि पापरहित हुनुपर्छ" (हिब्रू ४:१५)। पवित्र आत्माको शक्तिको अधीनमा भएको आत्म-संयमको यो एक सिद्ध उदाहरण हो। दुष्टबाट गरिएको येशूको परीक्षाको बारेमा अब हामी विचार गरौं। लूका ४:१-१३ मा हामी यी कुराहरू देख्नसक्छौंः

१. येशू ख्रीष्ट परीक्षित हुनुभएको समयमा पवित्र आत्माद्वारा पूर्ण हुनुभएको थियो।
२. शैतानले येशूमा कमजोरी भाग (क्षेत्र) लाई हेरिरहेको थियो। येशू ख्रीष्ट चालीस दिनसम्म उपवास बस्नुभयो भन्ने कुरा थाहा पाएपछि, येशू भोकाउनु भएको छ भन्ने कुरा त्यसले जान्यो। यसरी खाना खाने सुझावद्वारा त्यसले परीक्षा ल्याएको थियो।
३. येशू ख्रीष्टले आफ्नो मनलाई खानाको अभिलाषातर्फ लाग्न दिनुभएन, तर उहाँले आफ्नो शत्रुको परीक्षाको सामना गर्नलाई पवित्रशास्त्रको आफ्नो ज्ञानबाटै उत्तर दिनुभयो।

४. येशू ख्रीष्टलाई लगातार रूपमा शैतानले परीक्षा गरिरहँदा, परमेश्वरको वचनले के कुरा सिकाएको छ? भनी शैतानलाई सम्झाउदै येशूले आफ्नो जवाफ दिनुभयो।
५. शैतानले यी सबै परीक्षा गरिसकेपछि, येशू ख्रीष्ट पवित्र आत्माको शक्तिमा गालीलमा फर्कनुभयो।

तपाईंले यो उदाहरणमा देख्नुहुनेछ, कि मानव येशूले शैतानको विरोध गर्न आफ्नो मानविक शक्तिमाथि भरपर्ने कोशिश गर्नुभएन। पवित्र आत्माले उहाँ भरिएर पवित्र आत्माको शक्तिमा काम गर्नुहुन्थ्यो। तपाईंले यो पनि देख्नुहुनेछ, कि उहाँले परमेश्वरको वचनमा आफ्नो मनलाई राखेर आफ्ना विचारहरूलाई अधीन गर्नुभएको थियो। शैतानले उहाँलाई लोभमा पार्न गरेको कुरा र कामले उहाँलाई कुनै पनि असर पार्नसकेन्। पवित्र आत्माको शक्तिद्वारा येशूमा पूर्ण आत्म-संयम थियो।

**अगुवाहरूको निम्ति योग्यताहरू**

बाइबल पवित्रशास्त्रका खण्डहरूले प्रकट गरेझैं नयाँ नियममा अगुवाहरूको निम्ति आत्म-संयम एक महत्वपूर्ण योग्यता थियोः

१. १ तिमोथी ३:१-२ - निर्देशक वा बिशप परहेजी, आत्म-संयमी हुनुपर्छ।
२. १ तिमोथी ३:८ - सेवकहरू वा डिकनहरूले धेरै दाखमद्य पिउनुहुँदैन।
३. १ तिमोथी ३:११ - डिकनकी स्त्री वा पत्नी पनि परहेजी हुनुपर्छ।
४. तितस १:७-८ - किनभने परमेश्वरको कारिन्दा हुनुपर्ने हुनाले विशपचाहिँ आत्म-संयमी, पवित्र र अनुशासित हुनुपर्छ।
५. तितस २:२,६ - वृद्धहरू परहेजी, (आत्म-संयमी) हुनुपर्छ भनी सिकाइनुपर्छ र जवान मानिसहरूलाई पनि आत्म-संयमी हुनलाई अर्ती दिनुपर्छ।

६. तितस २:३-५ - वृद्धाहरू पनि आत्म-संयमी हुनुपर्छ, र यसरीनै तिनीहरूले जवान स्त्रीहरूलाई आत्म-संयमी हुनको लागि सिकाउन सक्छन्।

**११.** येशू ख्रीष्टको उदाहरणमा तपाईंले के के पाठ देख्नसक्नुहुन्छ, जसले तपाईंलाई आत्म-संयमी बनेर शैतानलाई विरोध गर्न सहायता पुऱ्याउँछ।

..........................................................................................

..........................................................................................

**१२.** आत्म-संयमी हुन अगुवाहरूलाई किन महत्वपूर्ण छ?

..........................................................................................

..........................................................................................

**१३.** यस पाठलाई अन्तगर्दा आत्म-संयमको अभ्यासमा तपाईंलाई कहाँ पवित्र आत्माको सहायता खाँचो छ सो निश्चित गर्नलाई तपाईंको आफ्नो जीवन मूल्याङ्कन गर्नुहोस्। यसलाई तपाईंले आफ्नो प्रार्थना र दैनिक व्यवहारको विषय बनाउनुहोस्।

| ममा आत्म-संयम छः | सधैं | धेरैजसो | प्रायजसो | कहिलेकहीं | यी कुराहरूमाथि मलाई पवित्र आत्माको सहायताचाहिन्छ |
|---|---|---|---|---|---|
| खाने बानीहरू | | | | | |
| रक्सी पिउने | | | | | |
| लागू पदार्थ खाने | | | | | |
| मेरो समय | | | | | |
| कामोद्दीपनको खाँचो | | | | | |
| मेरो मन | | | | | |
| खराब इच्छाहरू | | | | | |
| खराब बानीहरू | | | | | |
| मेरो जिब्रो | | | | | |

**स्वयम्-जाँच**

**ठीक उत्तर छान्ने प्रश्नः** दिइएका उत्तरहरूमध्येबाट सबैभन्दा उत्तम उत्तरलाई छान्नुहोस्।

१. आत्म-संयमको निम्ति अर्को शब्द कुन हो?
**क.** शारीरिक सुख विलास।
**ख.** साधुपन।
**ग.** बहिष्कार।
**घ.** स्वयम्-अनुशासन।

२. धेरै सुख-विलासका दुई उदाहरणहरू कुन कुन हुन्?
**क.** खाने र पिउने।
**ख.** मतवालीपन र रात्रि उत्सव।
**ग.** परहेजी र सीमितपन।
**घ.** कडा तालिम र खेलमा दौडाई।

३. इन्क्राटेइयाले के को अधीनताको बारेमा सम्बोधन गर्छ?
**क.** शारीरिक अभिलाषाहरू।
**ख.** रीस।
**ग.** अरू मानिसहरू।
**घ.** आत्माका वरदानहरू।

४. साधुपन के को अभ्यास हो?
**क.** आत्म-संयम।
**ख.** धेरै मासु खाने र रक्सी पिउने।
**ग.** मासु, रक्सी र विवाहबाट आफूलाई अलग्ग राख्ने।
**घ.** व्यभिचारीपन।

**५**. अगुवाहरू परहेजी हुनुपर्छ भनी बाइबलले सिकाउँछ भने यसको अर्थचाहिँ तिनीहरू के हुनै पर्छ भन्ने हो?

**क**. अरूहरूमाथि अधिकार गर्नु।
**ख**. बढी काम केही पनि नगर्नु।
**ग**. आनन्दित क्रियाकलापहरूबाट बञ्चित रहनु।
**घ**. तिनीहरूको सबै समय आफ्नो कामको लागि दिनु।

**६**. आत्म-संयम के को अधीनबाट शुरू हुन्छ?

**क**. जिब्रो।
**ख**. शारीरिक अभिलाषाहरू।
**ग**. समय।
**घ**. मन।

**७**. पवित्र आत्माद्वारा तपाईंमा आत्म-संयमको फल उत्पन्न गर्नलाई यिनीहरूमध्ये कुनचाहिँ तपाईंले गर्नै पर्ने कुराको उत्तम व्याख्या हो?

**क**. तपाईंले आफ्नो जीवनलाई पवित्र आत्माको अधीनमा सुम्पनुपर्छ, तपाईंको जीवनको ठीक व्यवहारको निम्ति उहाँको आज्ञाप्रति सचेत रहनुपर्छ।
**ख**. शैतानबाट आउने सबै परीक्षाहरूको सामना गर्नलाई तपाईंले आफ्नै मानविक शक्तिहरूमाथि भर पर्नैपर्छ।

**८**. हाम्रो समयलाई काम, आराधना र फुर्सतको बीचमा विभाजन गर्दा, हामीले के गर्नुपर्छ भनी बाइबलले बताउँछ?

**क**. सबैजसो हाम्रो समय आराधनासँग सम्बन्धित भएका कार्यहरूमा बिताउनु।
**ख**. यी सबै कार्यक्रमहरूलाई उचित प्रकारको समय दिएर सन्तुलित जीवन हुनु।
**ग**. हामीले पहिले काम त्यसपछि आराधनालाई जोड दिएर फुर्सतको समय राख्नै हुँदैन।

**ठीक-बेठीक प्रश्नहरूः** यदि दिइएको बयान ठीक हो भने दिइएको खाली ठाउँमा "ठी" र यदि बेठीक हो भने "बे" लेख्नुहोस्।

___ ९. सांसारिक मानिस परीक्षाको विरोध गर्न अइच्छुक हुन्छ भनी पावलले रोमी ७ अध्यायमा बताएका छन्।

___ १०. आत्म-संयमको रहस्य पवित्र आत्मा-संयम हो।

___ ११. सन्तुलित जीवन आतङ्ककारी चालचलनबाट थाहा पाइन्छ।

___ १२. परहेजी शब्दको अर्थ रक्सी पियाइबाट अलग हुनु हो।

___ १३. आत्म-संयम विना पवित्रता असम्भव छ।

___ १४. बाइबलको भनाइअनुसार अगुवाहरूलाई मात्र आत्म-संयमको फलको खाँचो छ।

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

**७**. "तर म कसैको अधीनमा पर्नेछैन" (पद १२)।

**१**. **ग**. दैनिक बानीमा आत्मानुशासन।
**घ**. दुष्ट वा स्वार्थी अभिलाषाहरूमाथि अधीनता।
**च**. परीक्षामाथि विजयी हुने शक्ति।
**छ**. पवित्र आत्माको अगुवाइद्वारा स्वयम्-शासन।

**८**. **ख**. संयम (परहेजी)।
**घ**. सन्तुलन।
**च**. सीमित।

**२**. **ख**. परमेश्वरको स्वीकारको योग्य हुनलाई कडा तालिमद्वारा हाम्रा अभिलाषाहरूको तालिम गर्न सिक्नु।

**९**.
**क**. ठीक **च**. ठीक
**ख**. बेठीक **छ**. बेठीक
**ग**. ठीक **ज**. बेठीक
**घ**. बेठीक **झ**. ठीक
**ङ**. ठीक **ञ**. बेठीक

**३**. **ग**. आत्म-संयम कम भएको व्यक्तिको बारेमा अरिस्टोटलले दिएको व्याख्या

**१०**. तपाईंको उत्तर पनि यस्तै किसिमको हुनुपर्छः म यो भन्न चाहन्छु, कि आत्माद्वारा भरिएर पवित्र आत्मालाई तपाईंको जीवनको अधीन गर्न दिनु हो। तब म उहाँलाई रिझाउने काम गर्छु।

११. तपाईंको उत्तरः यो उदाहरणले मलाई यहीनैं देखाउँछ, कि सबै समयमा मलाई पवित्र आत्माको शक्ति चाहिन्छ, र शैतान (शत्रु) सँग युद्ध गर्नको लागि मैले आफ्नो मन परमेश्वरको वचनमाथि राख्नैपर्छ।

५. कोही मानिसले पनि आफ्नो जिब्रोलाई तह लाउन सकेको छैन (पद ८)।

१२. किनभने अगुवाहरू अरूहरूका लागि उदाहरणहरू हुन्, र तिनीहरू आफै आत्म-संयमी छैनन् भने, तिनीहरूले अरूहरूलाई आत्म-संयमी हुनुपर्छ भनी सिकाउन सक्तैनन्।

६. क. परमेश्वर

१३. तपाईंको उत्तरः यो याद गर्नुहोस्, कि पवित्र आत्माले कहिल्यै पनि जवरजस्ती साथ तपाईंलाई अधीन गर्नुहुन्न, तपाईं आफैले उहाँलाई अधीन गर्न दिनुपर्छ, त्यसरीनै उहाँले तपाईंमा आत्म-संयमको फल फलाउन सक्नुहुन्छ।

# पाठ १०

# फल फलाउने: यसको विरूद्धमा कुनै व्यवस्था छैन

यस पुस्तकको शुरूमै किसान, दाखको बोट र हाँगाहरूको बारेमा येशूले दिनुभएको उदाहरणलाई हामीले विचार गरेका थियौं। यस उदाहरणमा परमेश्वर पिता किसान हुनुहुन्छ, येशू बोट हुनुहुन्छ, र हामी उहाँमा गाँसिएकाहरू चाहिँ हाँगाहरू हौं। हाँगा बोटमा रहुञ्जेल यसले आफ्नो जीवनको भोजन बोटबाट पाउँछ। बढ्न र फल फलाउनको निम्ति हाँगाले जीवन दिने मुहानबाटनै पोषण पाउनुपर्छ। हाँगाले अझै धेरै फल फलाओस् भनी आवश्यक परेको खण्डमा किसानले हाँगाहरूलाई छाँट्नुपर्छ। बोटसँग नजोडिएको हाँगा काटिएको हुन्छ र त्यसलाई आगोमा जलाइन्छ।

हामी फल फलाउने ख्रीष्टियानहरू होऔं भन्ने तपाईं र मेरो निम्ति परमेश्वरको योजना छ। अर्को शब्दमा भन्ने हो भने हाँगाले आफू जोडिएको बोटको चरित्रहरूलाई प्रकट गरेझैं हामीले पनि हाम्रो दैनिक जीवनमा ख्रीष्टको चरित्रको प्रकट गरेको उहाँ चाहनुहुन्छ। हामीलाई आफ्नो पवित्र आत्मा दिएर उहाँले यो कुरा सम्भव तुल्याउनुभएको छ, जो हामीभित्र बास गर्नुहुन्छ र गलाती ५:२२-२३ मा आत्माको फल भनी उल्लेख गरिएका चरित्रहरूलाई हामीमा उत्पादन गर्नुहुन्छ।

यस अन्तिम पाठमा नौ किसिमको आत्माको फलको बारेमा हामी दोहोऱ्याउँछौं र पुरानो नियम व्यवस्था, ख्रीष्टियान स्वतन्त्रता र आत्माको फलको बीचमा भएको सम्बन्धलाई हेर्नेछौं। त्यहाँ धेरै कुराहरूको विरूद्धमा व्यवस्थाहरू छन्, तर फल फलाउने वा ख्रीष्ट जस्तो हुनेको विरूद्धमा कुनै पनि व्यवस्था छैन। पवित्र आत्माले तपाईंको जीवनमा काम गर्नुभएको होस्, ताकी यो स्वस्थ हाँगा जस्तो भएर धेरै फल फलाउन सकोस्।



**पाठको रूपरेखा**

व्यवस्था र ख्रीष्टियान स्वतन्त्रता
फलको पुनर्निरीक्षण

**पाठका उद्देश्यहरू**

यस पाठको अध्ययन पछि तपाईंलेः

- व्यवस्था र पापको अधीनबाट स्वतन्त्रताको अनुभव गर्नलाई एक व्यक्तिको जीवनमा के कुराले ठाउँ लिएको हुनुपर्छ सो व्याख्या गर्नसक्नुपर्नेछ।
- ख्रीष्टियान स्वतन्त्रता पाउनुको अर्थ के हो सो वर्णन गर्नसक्नुपर्नेछ।
- नौ किसिमको आत्माको फलको मुख्य चरित्रहरूलाई सारंशित गर्नसक्नुपर्नेछ।
- आत्माद्वारा जिउनलाई निश्चित गर्नुपर्नेछ, यसरीनै ख्रीष्टको चरित्र तपाईंमा प्रशस्त रूपले उत्पन्न हुनसक्नेछ।

## सिक्ने क्रियाकलापहरू

१. यस पाठको पृष्ठभूमिको निम्ति गलातीको पत्रका सबै ६ अध्यायहरू पढ्नुहोस्।

२. पहिले गर्नुभएझैं पाठ विकास खण्डलाई राम्रोसँग अध्ययन गर्नुहोस्। उल्लेख गरिएका बाइबलका सबै पदहरूलाई पढ्नुहोस् र सबै अध्ययन प्रश्नहरूका उत्तर दिनुहोस्। तपाईंको व्यक्तिगत उपयोगिता नै यस पाठको मुख्य उद्देश्य हो। यस पाठले यही कुरामा विशेष जोड दिएको छ।

३. स्वयम्-जाँच लिनुहोस् र आफ्ना उत्तरहरूको जाँच गर्नुहोस्।

४. पाठ ७ देखि १० सम्म दोहोऱ्याउनुहोस्, त्यसपछि विद्यार्थी प्रतिवेदन एकाइ तीनमा सोधिएका प्रश्नका उत्तरहरू दिनुहोस्। विद्यार्थी प्रतिवेदन एकाइमा दिइएका निर्देशनहरूलाई अपनाउनुहोस्।

## मुख्य शब्दहरू

| | | |
|---|---|---|
| प्रायश्चित | पालनपोषण | नैतिक व्यवहार |
| प्रायश्चित गर्नु | धर्मी ठहरियो | उन्नतशील |
| बन्धन | कानुनी | अनियन्त्रित |
| नतिजा (फल) | प्रमाण-पत्र | फलाउनु |

**पाठको विकास**

## व्यवस्था र ख्रीष्टियान स्वतन्त्रता

**बन्धनबाट स्वतन्त्रता**

उद्देश्य १. *बन्धनबाट हुने स्वतन्त्रताको अर्थ वर्णन गर्ने शब्द समूहहरूलाई परिचित गराउनुहोस्।*

तर आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन्, **यस्ताका विरूद्धमा कुनै व्यवस्था छैन** (गलाती ५:२२-२३)।

किन हामीहरूलाई व्यवस्था दिइएको छ भन्ने कुरा के तपाईंले कहिल्यै रोकिएर विचार गर्नुभएको छ? यदि तपाईंको समुदायमा कुनै व्यवस्थै छैन भने त्यो कस्तो होला? यदि हामीहरूको बीचमा व्यवस्था छैन भने जसलाई जे मन लाग्यो त्यही गरेको हुन्छ। एक व्यक्तिको इच्छासँग अर्को व्यक्तिको इच्छा फरक नहोञ्जेलसम्म ता त्यहाँ कुनै किसिमको समस्या नहोला। तर के प्रत्येक व्यक्ति (नागरिक) ले आफैलाई एक अर्कासँग विरोध नहुने किसिमले सञ्चालन गर्न सक्ला र? यदि एक व्यक्तिले आफ्नो गाडीलाई सडकको बाँयातर्फबाट चलाउन निर्णय गर्छ र अर्कोले चाहिँ दाँयातर्फबाट चलाउनु अझै राम्रो हो भनी निर्णय गर्छ भने, तब के गर्ने त! यदि तिनीहरू एउटै सडकमा एकैतर्फबाट आए भने, त्यहाँ छिट्टैनै विरोध हुन्छ, के विरोध हुँदैन र? तब तिनीहरूले त्यसको फल (नतिजा)को सामना गर्नुपर्नेछ।

हामीसँग झूट बोल्ने, चोर्ने, हत्या गर्ने, सवारी नियम उलङ्घन गर्ने, अरूहरूको अधिकारलाई हेलाँ गर्ने, र हामीले समाजमा पाउने अरू धैरै गलती वा दुष्टताको विरूद्धमा नियमहरू छन्। तर त्यहाँ आत्माको फलको विरूद्धमा कुनै नियम (व्यवस्था) हरू छैनन्। यो बन्धनबाट वास्तविक स्वतन्त्रता पाउने साँचो हो।

गलातीको मण्डलीमा भूटा शिक्षाहरू सिकाइएको कारणले प्रेरित पावलले त्यसको विरूद्धमा उनीहरूलाई आफ्नो पत्र लेखेका थिए। एक व्यक्तिले उद्धार पाइसकेपछि पनि पुरानो नियम व्यवस्थाको सबै नियम कानूनहरू पालन गर्नै पर्छ भनी कोही कोही मानिसहरूले मण्डलीमा सिकाएका थिए। पावल यो शिक्षालाई सुधार्न चाहन्थे। गलातीहरूले यो थाहापाएको उनी चाहन्थे, कि तिनीहरूको उद्धार येशू ख्रीष्टको प्रायश्चितिक कामको विश्वासमा आधारित छ, र यो चाहिँ परमेश्वरको अनुग्रहबाट सित्तैंमा दिइएको वरदान हो। तिनीहरूले कामहरूद्वारा उद्धार पाएका होइनन् र यसलाई थामिराख्नको निम्ति तिनीहरूले कुनै किसिमको काम पनि गरेका छैनन्।

मानिसहरूलाई जे खराब थियो सो गर्नबाट पुरानो नियम व्यवस्थाले रोक्न सकेको छैन, तर जे गलती थियो यसले सो तिनीहरूलाई थाह गराइदियो। व्यवस्थालाई मान्ने वा नमान्ने निर्णयचाहिँ व्यवस्था पाउने हरेक व्यक्तिको जिम्मेवारी थियो। यदि कसैले व्यवस्था पालन गर्न चाहेन भने त्यसको केही फल भोग्नुपर्ने आशा उसले गर्नुपर्थ्यो।

पुरानो नियममा इस्राएलको राज्यको कथा यदि तपाईंले पढ्नुभएको भए, यो थाहापाउनु भएको होला, कि परमेश्वरले चुन्नुभएका मानिसहरूले धेरैपल्ट व्यवस्थाको पालन गरेनन्, र तिनीहरूको अनाज्ञाकारिताको कारण तिनीहरूले धेरै दुःख भोग्नुपर्‍यो। तिनीहरूको आफ्नै प्रयासले व्यवस्थाको हरेक भागको आज्ञापालन गर्न मानिसहरूले सक्दैनन् भन्ने कुरा परमेश्वरलाई थाह थियो। त्यसैले उहाँले तिनीहरूको निम्ति पापको प्रायश्चितको रूपमा बलिदानहरूलाई उपलब्ध गरिदिनुभयो। तर जब येशू ख्रीष्टले हाम्रो प्रायश्चितको रूपमा सधैंको निम्ति एकैपल्ट आफूलाई बलिदान गर्नुभयो, उहाँले सम्पूर्ण व्यवस्थालाई पूरा गरिदिनुभयो।

पुरानो नियम पुरानो करार थियो; हाम्रो निम्ति भएको ख्रीष्टको बलिदानले परमेश्वर र मानिसको बीचमा नयाँ करारको निम्ति बाटो बनाएको छ। येशू ख्रीष्टमा राखिएको विश्वासद्वारा त्यस नयाँ करारले परमेश्वरको अनुग्रहबाट पापको क्षमादान प्रदान गरिदिन्छ। यो सित्तैंको वरदान हो। अब मानिसहरू पुरानो व्यवस्थाको अधीनमा छैनन्। येशू ख्रीष्टद्वारा हामी व्यवस्थाबाट स्वतन्त्र पारिएका छौं (यर्मिया ३१:३१-३४ हेर्नुहोस्)।

यसको अर्थ के हो त? मानिसहरू व्यवस्थाबाट स्वतन्त्र भएका हुनाले, आफूलाई मनपरे जस्तै गरी के तिनीहरू जिउन सक्छन् भन्ने यसको अर्थ हुन्छ त? निश्चयनै यसको अर्थ त्यस्तो हुँदैन! यसको अर्थ यही हुन्छ, कि अब ख्रीष्टका आत्मा तिनीहरूभित्र बास गर्नुहुन्छ, र तिनीहरूको नयाँ आत्मिक स्वभाव अधीनमा छ। यस नयाँ स्वभाव दुष्ट वा स्वार्थी अभिलाषाहरू तृप्तपार्ने काममा सम्बन्धित छैन, तर परमेश्वरलाई रिझाउने कुरासँग यो सम्बन्धित छ। नयाँ स्वभावले परमेश्वरको आज्ञा पालन गर्न र उहाँलाई रिझाउने जीवन जिउन एक विश्वासीको लागि सम्भव तुल्याउँछ।

यदि तपाईंले गलातीको पत्रका ६ वटै अध्यायहरूलाई पढ्नुभयो भने यो पत्ता लगाउनुहुनेछ, कि पावलले यस पत्रको पूरै भागमा हामी व्यवस्थाको काम विनानै ख्रीष्ट येशूमा हाम्रो विश्वासद्वारा परमेश्वरको अगाडि धर्मी ठहरिएका छौं भनी जोड दिएका छन्। हामीभित्र बास गर्नुहुने पवित्र आत्मा ख्रीष्टमा भएको नयाँ जीवनको मालिक (मुख्य व्यक्ति) हुनुहुन्छ।


एफ. एफ. ब्रूसले भन्नुभएको छ, "व्यवस्थाबाट स्वतन्त्र भइयो भन्दैमा नैतिक व्यवहारको जिम्मेवारीबाट पनि अलग भइयो भनी हामीले कहिल्यै विचार गर्नुहुँदैन, तर यसोभएपनि नैतिक व्यवहारको जिम्मेवारी व्यवस्थाको भनाइद्वारा होइन, तर स्वतन्त्र आत्माको सञ्चालनद्वारा पोषण (उन्नति) गरिएको हो। आत्माको स्वतन्त्रता व्यवस्थित बन्धन र अनियन्त्रित अनुमतिपत्र जस्ता

कुरालाई निर्मुल पार्ने औषधी जस्तो हो'' (१९८२, पृष्ठ २३९-२४०)।

यसको अर्थ के हो, सो छोटकरीमा विचार गरौंः

१. येशू ख्रीष्टमा राखिएको विश्वासद्वारा उद्धार पाएको व्यक्ति, अब पुरानो नियम व्यवस्थाको अधीनमा छैन।
२. पवित्र आत्मा उद्धारको समयमा विश्वासीको जीवनमा बास गर्नुहुन्छ र उसले आत्मिक स्वभाव प्राप्त गर्छ।
३. एक विश्वासीले जबसम्म आफ्नो जीवन पवित्र आत्माको अधीनमा रहनदिन्छ, उसले विजयी जीवन जिएको हुन्छ।
४. अब विश्वासीको व्यवहारचाहिँ ऊ कतिसम्म आत्माको अधीनमा रहेको छ भन्ने कुराबाट निर्णय गरिन्छ। अब ऊ व्यवस्थाको बन्धनमा छैन नता ऊ आफ्नो पुरानो स्वभाव र यसका अभिलाषाहरूको अधीनमानै छ।

अब हामी यस धारणालाई चित्रद्वारा नमूनित गरौंः




यी दुवै समस्याहरूको उत्तरचाहिँ आत्माबाटको स्वतन्त्रता हो।

१. ख्रीष्टमा भएको नयाँ जीवनको मुख्य सिद्धान्त के हो?

.......................................................................................

२. व्यवस्थाको बन्धन र पापपूर्ण अभिलाषाहरूको बन्धनका समस्याहरूको उत्तर के हो?

.......................................................................................

३. तल दिइएकाहरूमध्ये कुन कुन शब्द-समूहले व्यवस्था वा पापको बन्धनबाटको स्वतन्त्रताको साँचो अर्थको वर्णन गर्छन्?

**क.** आत्मामा जीवन
**ख.** मलाई मन परेको जस्तै काम गर्ने स्वतन्त्रता
**ग.** नैतिक व्यवहारको जिम्मेवारीहरूबाट स्वतन्त्रता
**घ.** ख्रीष्टमा भएको विश्वासद्वारा उद्धार
**ङ.** व्यक्तिगत इच्छाहरूलाई तृप्त पारिनु
**च.** मभित्र पवित्र आत्माको सञ्चालन
**छ.** व्यवस्थाको प्रत्येक भागमा आज्ञाकारिता
**ज.** आत्माको फललाई प्रदर्शित गर्नु

## स्वतन्त्रताको व्यवस्था

उद्देश्य २. *स्वतन्त्रताको व्यवस्थाका दुई स्वरूपहरूलाई उल्लेख गर्नुहोस् र के कुराले तिनीहरूलाई सम्भव तुल्याउँछ व्याख्या गर्नुहोस्।*

व्यवस्था र स्वतन्त्रताको विषयमा गलाती ५ अध्यायले पावलको शिक्षालाई बताएको छ। व्यवस्थाको बन्धनभित्र जाने विरूद्धमा गलातीका विश्वासीहरूलाई पद १ मा पावलले फेरि चेतावनी दिएका छन्। व्यवस्थाको धार्मिक-विधि, विधानको पालनलाई उनले बन्धनको जुवासँग तुलना गरेका छन्। यदि कोही व्यवस्था पालन गर्नलाई फर्किन्छ भने उसले अनिवार्यसाथ सबै व्यवस्था पालन गर्नैपर्छ। यदि व्यवस्थाको कुनै भाग तोडियो भने

सबै तोडिएको बराबरै हो। तर ख्रीष्टमा राखेको विश्वासको कारणले ख्रीष्टियानहरू नयाँ करारमुनि छन्, र यसरी हामीहरू धार्मिक विधि, र व्यवस्थाको समयसँग सम्बन्धित भएका विशेष पर्वहरूको पालनबाट स्वतन्त्र भएका छौं। ख्रीष्टको रगतद्वारा सम्भव तुल्याइएको नयाँ करार स्वतन्त्रता, धार्मिकता र जीवनको करार हो। गलाती ६:२ मा सुसमाचारलाई "ख्रीष्टको व्यवस्था" भनिएको छ, तर यो पापलाई सेवा गर्ने नभएर परमेश्वरलाई सेवा गर्ने स्वतन्त्रताको व्यवस्था हो। किनभने हाम्रो आत्मिक स्वतन्त्रताको साथसाथै ठीक जीवन जिउने जिम्मेवारी हामीमा आउँछ र हामीभित्र हुनुभएको पवित्र आत्माको शक्तिद्वारामात्र हामी ठीक किसिमको जीवन जिउन सक्छौं।

गलातीका ख्रीष्टियानहरूले एकै समयमा व्यवस्था र ख्रीष्टलाई रिझाउने कोशिश गरेका थिए। यसैको बारेमानै पावलले यस पत्रमा कुराकानी गरेका छन्। रोममा भएको मण्डलीलाई लेखेको अर्को पत्रमा, उनले यही विषयमा बताएका छन्:

> यसैकारण मेरा भाइ हो, तिमीहरू पनि ख्रीष्टका शरीरद्वारा व्यवस्थाको लेखि मरेका भयौ, कि हामीले परमेश्वरका निम्ति फल उत्पन्न गराउनलाई अर्कोसँग, अर्थात् मरेकोबाट जिउनुभएकोसँग तिमीहरू जोरिएका हुनुपर्दछ। किनकि जब हामी शरीरमा थियौं, तब व्यवस्थाद्वारा भएका पापी उद्वेगहरूले मृत्युको निम्ति फल उत्पन्न गराउनलाई हाम्रा इन्द्रियहरूमा काम गर्दथिए। तर अब हामी जसमा जकडिरहेका थियौं, त्यसैको लेखि मरेर, लेखिएका व्यवस्थाका पुरानो ढाँचाले होइन, तर आत्माको नयाँ ढाँचासँग सेवा गर्नलाई व्यवस्थाबाट हामी मुक्त भएका छौं (रोमी ७:४-६)।

यसरी पालैपालो गरी आत्मामा हुनुपर्ने जीवनको सम्बन्धमा गलातीका विश्वासीहरूलाई पावलले उपदेश दिएका छन्। सबैभन्दा पहिले आत्माबाटको जन्माईको आधारभूत सत्यतालाई उनले जोड

दिएका छन् (४ः२६); त्यसपछि आत्माद्वारा जिउने बारेमा उनले बताएका छन् (५ः१६) र अन्तमा गलातीहरूलाई आत्माद्वारा हिँड्ने बारेमा उनले उपदेश दिएका छन् (५ः२५)।

यस पत्रको चरमसीमामा शरीरमा भएको जीवन (५ः१९-२१) र आत्मामा भएको जीवन (५ः२२-२३) को भिन्नताको बारेमा पावलले उल्लेख गरेका छन्। पाठ १ मा तपाईंले बनाउनुभएका दुई सूचीहरूलाई भेट्टाउनुहोस् र तिनीहरूलाई फेरि तुलना गर्नुहोस्। हामीभित्र लगातार युद्ध भइरहेको हुनाले हामी ठीक जीवन जिउन सहाराहीन छौं भन्ने पावलको शिक्षा होइन। केवल व्यवस्थाको बन्धनमा जिउनुबाट पाइने फल र स्वयम्-प्रयासद्वारा सिद्ध हुन खोज्ने प्रयासलाई उनले व्याख्या गरेका मात्र हुन्। पावलले हामीलाई बताएका छन्, कि जो ख्रीष्ट येशूका हुन् तिनीहरूले आफ्ना पापपूर्ण स्वभावका अभिलाषाहरू र इच्छाहरूलाई क्रूसमा टाँगेका छन्। अब तिनीहरूको जीवन पवित्र आत्माद्वारा निर्देशन गरिएको हुन्छ; तिनीहरू आत्माद्वारा जन्मेका हुन्; तिनीहरू आत्माद्वारा जिउँछन् र तिनीहरू आत्मामा हिँड्छन्। यहीनै स्वतन्त्रताको व्यवस्था हो।

**४**. स्वतन्त्रताको व्यवस्था भनेको अर्थ यो हो, कि पवित्र आत्माको शक्तिद्वारा हामी ........................................................ र ........................................................ स्वतन्त्र छौं।

**५**. स्वतन्त्रताको व्यवस्था सम्भव तुल्याउने प्रक्रियाको व्याख्या गर्नुहोस्।

........................................................................

........................................................................

## फलको पुननिरीक्षण

उद्देश्य ३. *तपाईंको जीवनमा आत्माको फलको प्रमाणको स्वयम्-मूल्याङ्कन गर्नुहोस् र ख्रीष्टियान वृद्धिको निम्ति तपाईंमा के के कुराहरूको खाँचो छ।*

**उन्नतशील विकास**

गलातीको पत्रमा लेखिएको टीका-टिप्पणी (व्याख्या) मा मेरील सी. टेन्नीले भनेका छन्, "यस पत्रको स्पष्ट उद्देश्य गलातीहरूलाई जाँचमा सफल हुनको निम्ति तयारी पार्नु होइन, तर तिनीहरूलाई जीवन जिउनको निम्ति तयारी पार्नु थियो" (१९७६, पृष्ठ २०८)। आत्माको फलको सम्बन्धमा लेखिएको यस पुस्तकको बारेमा पनि हामी यही कुरा भन्न सक्छौं। तपाईंको जीवनमा प्रशस्त रूपमा आत्माको फल उत्पन्न गर्नको निम्ति तपाईंमा एक इच्छा सृजना गर्नु यस पाठ्यपुस्तकको सबैभन्दा महत्वपूर्ण उद्देश्य हो। यो याद गर्नुहोस्, कि एक विश्वासीको जीवनमा येशू ख्रीष्टको जीवन र स्वभावको उन्नतशील विकासनै आत्माको फल हो।

येशू ख्रीष्ट जस्तो हुनु हाम्रो लक्ष्य हो। सी. एस. लेवीसले भन्नुभएको छ, "हाम्रो नमूना येशू हुनुहुन्छ, केवल कलवरीको मात्र होइन, तर कार्यशाला, बाटो, भीड, हल्लाखल्लाका मागहरू र असभ्य विरोधहरू, शान्ति र एकान्त स्थानको कमी, बाधाहरू आदि। किनभने यो ईश्वरीय जीवन मानविक अवस्थाहरूको अधीनमा सञ्चालन गरिएको हो (१९७६, पृष्ठ ११)।

त्यसलाई व्यावहारिकतामा लगाउनुभन्दा येशूलाई पच्छयाउछु भनी वेदीमा घुँडा टेकेर निर्णय गर्नु कतिपल्ट सजिलो हुनसक्छ। तपाईं कार्यशाला, बाटो र भीडहरूको बीचमा हुनुहुँदा के तपाईंमा ख्रीष्टको चरित्र देख्नसकिन्छ? तपाईंमाथि अन्याय गर्दा, वा

मानिसहरूले तपाईंलाई विरोध गर्दा, र तपाईं परीक्षाहरूमाथि पर्नुहुँदा के ख्रीष्टको जस्तो स्वभाव (चरित्र) तपाईंमा प्रदर्शित हुन्छ त? के तपाईंले गोलमाल र बाधाहरूको बीचमा ख्रीष्टको जस्तो जीवन प्रदर्शित गर्नुभएको छ त? हामीसँग हरेक अवस्थामा शक्तिशाली सहायक हुनुहुन्छ भन्ने कुरालाई कहिल्यै नबिर्सिनुहोस्। हामी आत्मामा हिँड्दा येशू ख्रीष्ट जिए जस्तै जीवन जिउन उहाँले हामीलाई सहायता गर्नुहुन्छ र येशूको सुन्दरता हामीमा देखिनेछ।

**मुख्य विषयवस्तुहरू**

अन्तमा आत्माको नौवटा फललाई दोहोर्‍याऔं र यस अध्ययनको मुख्य विषयवस्तुहरूलाई फेरि एकपल्ट विचार गरौं।

१. *प्रेमः* पहिलो किसिमको आत्माको फल अगापे प्रेम हो, जुन स्वार्थहीन, गहिरो, र अटुट हुन्छ, जसको सबैभन्दा ठूलो प्रकट परमेश्वरको प्रेम र क्रूसमा येशूले देखाउनुभएको प्रेममा प्रदर्शित छ। १ कोरिन्थी १३ अध्यायमा प्रकट गरिएको धीरजी, दयालु र निस्वार्थी किसिमको प्रेम यहीनै हो। यसले डाह गर्दैन, आफै सेखी गर्दैन, घमण्डले फुल्दैन, र रिसाउदैन। यो सत्यमा खुशी हुन्छ। यसले खराबीको वास्ता गर्दैन र दुष्टतामा पनि खुशी हुँदैन। अरू किसिमको आत्मिक फललाई हामीले दिएको परिभाषासँग प्रेमको परिभाषा पनि कति धेरै मिल्छ भनी के तपाईंले देख्नुभयो? यो ख्रीष्टको स्वभाव (चरित्र) हो र यो अरू चरित्रहरूबाट बहन्छ।

२. *आनन्दः* यो चरित्र ईश्वरीय अनुग्रह हो। आत्माको जीवनमा आधारित भएको खुशीयालीको स्वभाव, शान्त प्रसन्नता र महान् आनन्दको फल यो हो। परमेश्वरमा राखिएको विश्वासको नतिजा यो हो, र यसलाई जीवनको कुनै परिस्थितिद्वारा पनि असर पार्न सकिँदैन। उद्धारबाट, हाम्रो निम्ति काम गर्नलाई परमेश्वरको शक्तिको चेतनाद्वारा, परमेश्वरसँगको दैनिक हिँडाइबाट पाइने

आशिषद्वारा र उहाँको वचन र प्रार्थनामा उहाँसँगको सङ्गतिद्वारा यो आनन्द आउँछ। ख्रीष्टियानको निम्ति दुःख र आनन्दको बीचमा बलियो सम्बन्ध छ। परमेश्वरको आनन्दले कठिन समयहरूमा हामीलाई बल दिन्छ।

३. *शान्तिः* पवित्र आत्माले दिनुहुने शान्तिमा स्थिरता, शान्तपन, एकता, मेलमिलाप, सुरक्षा, भरोसा, बास र शरण समावेश गरिएका हुन्छन्। हामी परमेश्वरसँग ठीक छौं भन्ने ज्ञानको आत्मिक ठीकपनाको यो एक धारणा हो, र हाम्रा सबै खाँचोहरूको प्राप्तिको लागि हामी परमेश्वरमा भरोसा राख्न सक्छौं भन्ने कुराको निश्चयता हो। उद्धारको समयमा हामी परमेश्वरको शान्तिलाई अनुभव गर्नसक्छौं। परमेश्वरको शान्ति भित्रिय शान्ति हो जसले रीस, दोष र चिन्ताको ठाउँ लिन्छ। एक अर्कासँग मिलाप (शान्ति) मा रहन र शान्तिको खोजी गर्न बाइबलले हामीलाई अर्ती दिएको छ। हामी शान्ति (मिलाप) गराउनेहरू हुनुपर्छ भनी मानिसहरूसँगको शान्तिले माग गरेको छ।

४. *धीरजः* यस किसिमको आत्माको फलले सहनशील हुने, धीरजी हुने र आत्म-संयमी हुने बारेमा बताउँछ। धीरज सहनशीलता वा धैर्यता हो, जसले कठिन परिस्थितिहरूमा हार खाँदैन नता उसलाई स्थिर गराउने परीक्षाहरूमा पतननै हुन्छ। प्रस्थान ३४ः६ मा वर्णन गरिएझैं परमेश्वरका गुणहरूमा यो प्रदर्शित हुन्छ। उहाँ दयालु, अनुग्रहकारी, झट्टै नरिसाउने, विश्वासयोग्य, हाम्रो निम्ति आफ्नो प्रेम स्थिर राख्ने, र क्षमाशील हुनुहुन्छ। यी सबै धीरजी हुने व्यक्तिका गुणहरू हुन्।

५. *दयाः* दया भएको व्यक्तिले अनुग्रही चालचलनको प्रदर्शन गर्छ, जसमा कोमलता, दया, र मिठोपना मिलाइएको हुन्छ, र यो त्यस व्यक्तिको भित्रिय पवित्रताबाट बहन्छ। असल कुराहरू गर्ने उसमा इच्छा हुन्छ। भलाइसँगको सम्बन्धमा दया धेरै नजीक छ, र दयाको भित्रिय गुणलाई बाहिर प्रदर्शित गर्ने माध्यम भलाइ हो।

६. *भलाइः* जुनचाहिँ असल छ त्यही गरेर दयाको प्रकट गर्ने तरीका भलाइ हो। अरूहरूप्रतिको सेवा र अनुग्रही हुने कुरा यसमा समावेश गरिएको छ। भलाइ दुवै दयालु र कडा पनि हुनसक्छ, र पश्चात्ताप र क्षमातर्फ लैजाने उद्देश्यको निम्ति यसमा हप्काइ र अनुशासन पनि समावेश गरिएको हुनसक्छ।

७. *विश्वासयोग्यताः* यो विश्वास भएको व्यक्तिको गुण हो र भरोसायोग्य, इमान्दारीपन, भक्ति, राजभक्ति, सच्चा र निष्कपटसँग यो सम्बन्धित छ। हामीलाई उद्धार गर्नको लागि येशूमा राखिएको हाम्रो भरोसामा र उहाँ हाम्रा प्रभु र उद्धारकर्ता हुनुहुन्छ भनी उहाँमा हामीले राखेको पूर्ण समर्पणमा विश्वासयोग्यता आधारित छ। विश्वासयोग्य व्यक्ति भरपर्दो हुन्छ, ठीक काम गर्ने र आफ्ना प्रतिज्ञाहरूलाई पूरा गर्ने व्यक्तिको रूपमा उसलाई लिनसकिन्छ। आफ्नो समय, योग्यताहरू र आफ्ना सबै सम्पत्तिहरू प्रभुकै हुन् भनी उसले थाह पाएको हुन्छ र यी कुराहरूको सञ्चालनमा ऊ भरपर्दो हुन्छ।

८. *नम्रताः* नम्रताका तीन मुख्य धारणाहरू यी हुन्ः १) परमेश्वरको इच्छामा समर्पण; २) सिकाउनसकिने; र ३) विचारशील हुनु। नम्रतामा रीसको अधीनलाई समावेश गरिएको हुन्छ - कहिले रिसाउन पर्ने हो र कहिले रिसाउन नपर्ने हो भन्ने कुराको थाह हुन्छ। परमेश्वरको थुमाजस्ता येशू ख्रीष्ट, ढुकुरजस्ता पवित्र आत्मा, र भेडाजस्ता विश्वासीहरू भन्ने उदाहरणहरूले चरित्रहरूको महत्वपूर्णतालाई जोड दिन्छन्, जसले ख्रीष्टियान जीवनमा हुनुपर्ने नम्रताको संकेत गर्छ।

९. *आत्म-संयमः* अन्तिम किसिमको आत्माको फल आत्म-संयम वा आफूमाथिको अधीन हो। बडो मेहनत गरेर पुरस्कार जित्ने खेलाडीको तालिम र अनुशासनद्वारा यो फल नमूनित गरिएको छ। आत्म-संयममा शारीरिक अभिलाषाहरूमाथि प्रभुत्व गर्ने र सुख विलासको विपरीत दैनिक बानीहरूमा

सीमितपना ल्याउने कुरा समावेश गरिएको हुन्छ। एकतर्फी जीवन नजिएर सन्तुलित जीवन जिउने अर्ती ख्रीष्टियानलाई दिइएको छ। आत्म-संयमका विशेष क्षेत्रहरू जिब्रोको अधीन, कामोद्दीपनको अधीन, समयको उचित प्रयोग, मनको अधीन, र खाने र पिउनेजस्ता कुराहरूमा सीमितपना आदि हुन्। हामीभित्रको नयाँ स्वभावद्वारा आत्म-संयम सम्भव तुल्याइन्छ, जसले हाम्रो जीवनलाई पवित्र आत्माको अधीनमा राखिदिन्छ। पवित्र जीवन जिउनको निम्ति आत्म-संयम अत्तिनै आवश्यक छ। आत्माद्वारा यो अधीन गरिएको हुन्छ, अथवा हामीले खुशी राजीसँग आफैलाई पवित्र आत्माको अधीनमा सुम्पिएको कुरा यसले बताउँछ।

**६**. तल दाँयापट्टि दिइएको आत्माको फलको सूचीसँग बाँयापट्टि दिइएको हरेक छोटो वर्णनको जोडा मिलाउनुहोस्।

| | |
|---|---|
| ___ **क**. अरूहरूप्रतिको सेवा र उदारचित्तको समावेश गरी दयाको व्यवहार वा वर्णन | १) प्रेम<br>२) आनन्द<br>३) शान्ति |
| ___ **ख**. समर्पण, सिकाउन सकिने, र विचारशीलजस्ता कुराहरू समावेश गरिएको हुन्छ | ४) धीरज<br>५) दया<br>६) भलाइ |
| ___ **ग**. परिस्थितिहरूमाभन्दा परमेश्वरमा राखिएको विश्वासमा आधारित महान् आनन्दको स्वभाव | ७) विश्वासयोग्यता<br>८) नम्रता<br>९) आत्म-संयम |
| ___ **घ**. कडा तालिम, सहनशीलता, सीमितपना र सन्तुलनजस्ता कुराहरू समावेश गरिएको हुन्छ | |
| ___ **ङ**. स्थिरता, एकता, मेलमिलाप, सुरक्षा | |

— **च.** यस चरित्रले अरू सबैलाई घेरेको हुन्छ र क्रूसमा भएको येशूको मृत्युद्वारा यो प्रदर्शित गरिन्छ

— **छ.** कोमलपना, दया र मिठोपनको भित्रिय गुण

— **ज.** भरोसायोग्य, इमान्दार, निष्कपट, र असल कारिन्दा

— **झ.** स्थिरता (सहनशीलता), सहनशील र धीरजी हुने गुण

**७.** तपाईंले कण्ठ नगरूञ्जेलसम्म गलाती ५ः२२-२३ लाई आफ्नो अभ्यास-पुस्तिकामा लेखिरहनुहोस्। त्यसपछि कोही व्यक्तिको अगाडि यस पदलाई उद्धृत गर्नुहोस्।

**८.** तल दिइएका शीर्षकहरूलाई आफ्नो अभ्यास-पुस्तिकामा सार्नुहोस्, र तपाईंको जीवनमा आत्माको फलको प्रमाणको लागि समय लिएर एक एक गरी स्वयम्-मूल्याङ्कन गर्नुहोस्। यी पाठहरूमा तपाईंले सिक्नुभएका कुराहरूलाई आफ्नो व्यावहारिक जीवनमा लगाउने उपायहरूलाई विचार गर्नुहोस्। आत्माको फलको प्रदर्शनको सम्बन्धमा तपाईंको जीवनमा केही खाँचोहरू छन् भने तिनीहरूलाई ध्यान दिनुहोस्।

| **आत्माको फल** | | | |
|---|---|---|---|
| चरित्रहरू (विशेषताहरू) | चरित्रहरूको छोटो वर्णन | ममा भएको यस चरित्रको प्रमाण | वृद्धिको निम्ति ममा भएको खाँचो |
| | | | |

तपाईंले यो तालिका पूरा गर्नुभएपछि ख्रीष्टका यी चरित्रहरू तपाईंमा अझै धेरै प्रशस्तरूपमा पवित्र आत्माले उत्पादन गर्नुभएको होस भनी खुरून्धारको प्रार्थनामा आफूलाई अर्पण गर्नुहोस्। यो याद गर्नुहोस्, कि तपाईं अनुग्रहमा बढ्नुहुँदा र तपाईंले आफूभित्र हुनुभएका आत्माको आवाजलाई आज्ञा पालन गर्नुहुँदा तपाईंमा ख्रीष्टको जस्तो चरित्रको दिनदिनै विकास र उन्नति हुनुनै आत्माको फल हो। धेरै पल्ट तपाईं असफल हुनुहोला, तर तपाईंले आफ्नो जीवनलाई उहाँको अधीनमा लगातारूपमा सुम्पनुभयो भने, पवित्र आत्माले तपाईंलाई धेरै फल फलाउने हाँगा हुनको लागि सहायता गर्नुहुन्छ।

प्रेरित पावलले भनेको यो कुरालाई याद दिलाउदै हामी यस पाठलाई समाप्त गर्छौं:

> यसकारण म भन्दछु आत्माको भरमा हिंड  हामी आत्माले जिउँछौं भने आत्माकै अनुसार हिंडौं  जसले आत्माको लागि रोप्तछ, आत्माबाटै अनन्त जीवनको कटनी गर्नेछ (गलाती ५:१६,२५, ६:८)।

---

**स्वयम्-जाँच**

**ठीक-बेठीकः** यदि बयान ठीक हो भने दिइएको खाली ठाउँको अगाडि "ठी" लेख्नुहोस् र यदि बेठीक हो भने "बे" लेख्नुहोस्।

___ **१**. आत्मिक फलको बारेमा कुरा गर्दा हामीले एउटै फललाई नौ किसिमबाट सम्बोधन गरेका हुन्छौं।

—२. आत्माको फल र ख्रीष्टका चरित्रहरू भन्ने शब्दहरूले एउटै धारणा व्यक्त गरेका हुन्छन्।

—३. ख्रीष्टियान स्वतन्त्रता भनेको अर्थ यो हो, कि ख्रीष्टियानले परमेश्वरको व्यवस्थाको उलङ्घन गरेर आफ्नै इच्छा गर्नसक्छ।

—४. ख्रीष्टमा राखिएको विश्वासद्वारा उद्धार प्राप्त गरिन्छ र यसलाई असल कामहरूद्वारा बचाइराखिन्छ।

—५. मानिसहरूले परमेश्वरलाई खुशी पार्न असम्भव छ भनी देखाउनु पुरानो नियम व्यवस्थाको उद्देश्य हो।

—६. ख्रीष्टमा भएको नयाँ जीवनको अगुवाइ गर्ने सिद्धान्त हामीभित्र पवित्र आत्माको बास हो।

—७. व्यवस्थाको बन्धन र पापपूर्ण इच्छाहरूको बन्धनको निम्ति आत्माको स्वतन्त्रताले उत्तरहरू उपलब्ध गरिदिन्छ।

—८. पापलाई होइन तर परमेश्वरलाई सेवा गर्ने स्वतन्त्रताको व्यवस्था नयाँ करार हो।

—९. ख्रीष्टियानहरूलाई अझै पुरानो नियम व्यवस्थाका केही धर्मविधिहरू र संस्कारहरू पालन गर्ने माग गरिएको छ।

—१०. जहिलेसम्म एक व्यक्तिले आफूलाई अधीन गर्नुहोस्, भनी पवित्र आत्मालाई आफ्नो जीवन समर्पण गर्छ भने उसले यो वास्तविकताको प्रमाण दिन्छ, कि उसले व्यवस्थाबाट नभएर स्वतन्त्र इच्छाबाट परमेश्वरको सेवा गरेको हुन्छ।

—११. विश्वासीको जीवनमा प्रकट भएको आत्माको फलनै येशू ख्रीष्टको जीवन र स्वभावको लगातार विकास हो।

—१२. उद्धारको घडीमानै हरेक विश्वासीमा आत्माको फल पूर्णरूपले उत्पन्न गरिन्छ, जब पवित्र आत्मा ऊभित्र बास गर्नुहुन्छ।

एकाइ तीनको निम्ति तपाईंको विद्यार्थी प्रतिवेदन एकाइ पूरा गर्न र उत्तर पृष्ठ ३ लाई तपाईंको आई. सी. आई. निर्देशक कहाँ फर्काउन नभुल्नुहोस्

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

**५.** आत्माबाट जन्मनु, आत्माबाट जिउनु र आत्मामा जिउनु

**१.** हामीभित्र पवित्र आत्माको बास।

**६. क.** ६) भलाइ
**ख.** ८) नम्रता
**ग.** २) आनन्द
**घ.** ९) आत्म-संयम
**ङ.** ३) शान्ति
**च.** १) प्रेम
**छ.** ५) दया
**ज.** ७) विश्वासयोग्यता
**झ.** ४) धीरज

**२.** हामीभित्र बासगर्नुहुने आत्माको स्वतन्त्रता।

**७.** तपाईंको उत्तर।

**३. क.** आत्मामा जीवन।
**घ.** ख्रीष्टमा राखिएको विश्वासद्वारा उद्धार।
**च.** मभित्र आत्माको सञ्चालन।
**ज.** आत्माको फलको प्रदर्शन।

**८.** तपाईंको उत्तर।

**४.** परमेश्वरको सेवा गर्नसक्छौं, पापबाट।

# ग्रन्थ-सूची

बारक्ले, विलियमः *गलाती र एफिसीहरूलाई पत्रहरू*
संशोधित संस्करण, फिलाडेल्फिया, पेन्सिलभेनिया
वेस्टमिनिष्टर प्रेस, १९७६

ब्रूस, एफ. एफ.: *गलातीको पत्रमा टीका,*
ग्रान्ड रापीडस्, मिचीगनः इरड्मन्स प्रकाशन संस्था, १९८२

ड्रमण्ड, हेनरीः *संसारमा सबैभन्दा ठूलो कुरा,*
अधिकारप्राप्त संस्करण, न्यू योर्क,
थोमस, वाइ क्रोवेल कम्पनी, एन. डी.

गी, डोनाल्डः *आत्मिक वरदानहरूका सम्बन्धमा*
स्प्रीङ्गफिल्ड, मिसौरी, गस्पोल पब्लिसिङ्ग हाउस

गथ्री, डोनाल्डः *नयाँ शताब्दी बाइबल टीका - गलाती,*
ग्रान्ड रापीडस्, मिचीगनः इरड्मन्स प्रकाशन संस्था, १९७३

हर्टन, स्टान्ली एम.: *पवित्र आत्माको बारेमा बाइबलले के भनेको छ,* स्प्रीङ्गफिल्ड, मिसौरी,
गस्पोल पब्लिसिङ्ग हाउस, १९७६

लेवीस, सी. एस.: *चार प्रेमहरू,* लण्डन, फोन्टाना बुक्स, १९७६

टेन्नी, मेरील सी.: *गलातीः ख्रीष्टियान स्वतन्त्रताको राजपत्र,* ग्रान्ड रापीड्स, मिचीगन, इरड्मन्स प्रकाशन
संस्था, १९७९

# शब्दकोश

| | |
|---|---|
| **अगापे** | ग्रीक शब्द जसको अर्थ स्वार्थहीन प्रेम भन्ने हुन्छ, जस्तै परमेश्वरको ईश्वरीय प्रेम |
| **अङ्ग** | विषयवस्तुहरू, कुनै मिलाप वा मिश्रणका भागहरू |
| **अतिथिसत्कार** | पाहुनाहरूलाई स्वागत गर्ने र तिनीहरूको खाँचोमा सेवा गर्ने उदारचित्त |
| **अधीन** | अधीन वा अधिकारमा ल्याउने अवस्था |
| **अनन्त** | प्रयोगगरिएर, नाशभएर वा थकित भएर नसकिने |
| **अनुग्रह** | मानिसको उद्धारको निम्ति उसले पाउनै नसक्ने प्रेम उसलाई परमेश्वरबाट दिइएको, क्षमा वा कृपा |
| **अनुशासन** | उपदेश र अभ्यासद्वारा तालिम वा विकास गर्नु; अधीनमा ल्याउनु |
| **अन्याय** | गलतीहरू, अरूहरूको अधिकारहरूको हनन, कपट |
| **अपश्चात्तापी** | आफ्नो मन परिवर्तन गर्न इच्छा नगर्ने, पापबाट फर्कन इच्छा नगर्ने |

| | |
|---|---|
| **अपक्षपाती** | ठीक, सबैलाई उही किसिमले व्यवहार गर्नु |
| **अपक्षपातीपन** | ठीक व्यवहार गर्ने गुण, एउटालाईभन्दा अर्कोलाई बढी माया नदेखाउने |
| **अप्रतिवन्ध** | कायमगर्न नसकिने |
| **अभिलाषा** | शारीरिक सुख विलासमा पूरै समय बिताउनु |
| **अभिलाषी** | शरीरका अङ्गहरूलाई तृप्त पार्नु वा मोजमज्जामा भुल्नु; सांसारिक स्वभावको |
| **अयोग्यता** | केही कुरालाई लिन, समात्न वा राखिछोड्न नसक्ने अवस्था वा गुण |
| **अलग हुनु** | कुनै काम गर्नबाट आफूलाई अलग गर्नु, जस्तै खाने र पिउने |
| **अलौकिक** | परमेश्वरसँग सम्बन्धित; लौकिक वा स्वाभाविकभन्दा माथि |
| **अवर्णनीय** | व्याख्या वा वर्णन गर्न नसकिने |
| **अविजयी** | विजयगर्न नसकिने |

| | |
|---|---|
| **असहन** | सहनसक्ने इच्छा वा अवस्थाको गुण नभएको |
| **आनन्ददायी** | खुशीहुने, आनन्दित, सन्तोष दिने |
| **आत्म-त्याग** | स्वइच्छाले केही कुरा त्याग्नु, रक्सी पिउने कार्यहरूबाट लगातारूपमा अलग रहने व्यवहार गर्नु |
| **इरोस** | एक ग्रीक शब्द जसको अर्थ शारीरिक अभिलाषाहरू भन्ने हुन्छ |
| **उच्चतम** | माथिल्लो अवस्था, गुण, तह, वा महत्व भएको अवस्था |
| **उत्साह** | विश्वासहरूको तरीका, निश्चयता; साहस। |
| **उन्नतशील** | अगाडिपट्टि बढ्ने, वा अझै माथि, उत्तम वा उच्च स्तरमा विकास हुने कुरा |
| **उन्नतशीलकिसिमले** | उत्तम वा अझै माथिल्लो स्तरमा विकास हुने प्रक्रिया |
| **उदारचित्त** | आत्मा वा काममा दयालु हुनु, दिनेकाममा प्रशस्त मात्रामा दिनु; खुलाहात |

| | |
|---|---|
| **एकरूपता** | ठीक, नियमित, एक व्यक्तिको विश्वास, काम वा चरित्र अनुरूपको जीवन वा कामको अवस्था निश्चयता गहकिलो प्रेरणा वा विश्वास |
| **कपट** | कपटीपन, असत्य, झूटा |
| **कानुनी** | व्यवस्था वा धार्मिक सिद्धान्तमा कट्टर हुनु |
| **कारिन्दापन** | अरूहरूको धन-सम्पत्तिलाई प्रबन्ध गर्ने वा चालचलनलाई निर्देशन गर्ने काम |
| **खंचुवा** | धेरै खाने र पिउने |
| **खर्चहरू** | दिइएको धन, तिरिएको धन |
| **खाली हात** | दिनमा उदारचित्त भएको |
| **खोज** | केही कुरालाई पच्छयाउने वा खोज्ने काम |
| **गुण** | कुनै व्यक्ति वा कुरासँग नजीकै सम्बन्ध भएको चरित्र वा गुण |
| **घेरिएको** | वरिपरि, समावेश, भित्र |

| | |
|---|---|
| **चरित्रहरू** | एक व्यक्ति वा कुरालाई परिचय गराउने विशेष गुण वा विशेषता |
| **चिन्ह** | भिन्नैकुराको अर्थ दिनलाई प्रयोग गरिएका चिन्हहरू वा संकेतहरू |
| **चेलापन** | चेलाहरू वा पच्छयाउनेहरूलाई तालिम दिने अभ्यास |
| **छिँवल्नु** | अझ धेरै फल फलोस् भनी हाँगाहरूलाई काट्नु |
| **जुवा** | उतिनै वजन बोक्नलाई दुई भागमा बनाइएको काठको भाग; दासत्वपन, बन्धन |
| **झुकाव** | केही कुराप्रति झुकाव; केही कुराप्रति जवाफदेहीता |
| **तयारी** | स्वभाव वा प्रवृति, स्वभाव वा वानी |
| **त्याग** | कुनै कामबाट अलग हुने व्यवहार |
| **दया** | प्रेमी सरोकार वा दया; सरोकार गर्ने स्वभाव, वास्ता गर्नु। |
| **दयालु** | प्रेमी र दयालु किसिमले सरोकार गर्नु |
| **दाखको बगैंचा** | दाखको बोटलाई उमार्ने ठाउँ |

| | |
|---|---|
| **दासत्वपन (सेवक)** | दास (कमारा) जस्तो भई अर्काको अधीनमा रहनु; बन्धन |
| **दुरूपयोग** | अनुचित प्रयोग वा व्यवहार, गलती व्यवहार वा चालचलन |
| **धर्मीठहऱ्याइयो** | पापको दोषबाट मुक्त गरेर धर्मी भनी स्वीकार गर्नु |
| **धीरज** | काम, विचार वा अनुभवमा सीमितपना, आत्म-संयम वा आत्म-अधीन |
| **नम्रता** | नम्रहुने अवस्थाको गुण, घमण्डको विपरीत |
| **नम्रता** | समर्पण, विनयता, नम्रताको गुण; कुनै पनि चोटलाई धीरजसाथ विना रीस सहनसक्ने |
| **नियमपूर्वक** | व्यवस्थापूर्ण, सच्चा, ठीक, न्यायसंगत |
| **निष्कपटपन** | मनको इमान्दारीपन; सत्य, भरपर्दो |
| **नैतिकव्यवहार** | ठीक वा बेठीकका सिद्धान्तहरूको सम्बन्धमा व्यवहार, ठीक किसिमको व्यवहारको पालन |
| **न्यानोपन** | भावनाबाट आएको ठूलो तातोपन |

| | |
|---|---|
| **परस्परभरोसा** | एक अर्काप्रति भरोसा राख्ने वा भरपर्ने |
| **परस्पर-सम्बन्ध** | दुवैतर्फद्वारा बाँडिएको, अनुभव गरिएको वा देखाइएको; पारस्परिक |
| **परिणाम (नतिजा) हरू** | केही अवस्थाहरूका फलहरू |
| **पाल्तु** | जङ्गली अवस्थाबाट पाल्तु अवस्थामा ल्याइएको; नरम पारिएको, प्रयोग गर्नसकिने अवस्थामा ल्याइएको। |
| **पालनपोषण** | वृद्धि वा विकासको उन्नति |
| **पिस्टीस** | एक ग्रीक शब्द जसको अर्थ हो, भरोसा, विश्वास, विश्वासयोग्यता |
| **पुनउत्पादन** | फेरि दोहोऱ्याउने प्रक्रिया; विरूवाहरू र जनावरहरूले सन्तान उत्पादन गर्ने प्रक्रिया |
| **पूर्णता** | स्थिरता; इमान्दारी, सच्चाइ, नैतिक वा अन्य मूल्यताको ठाउँ |
| **प्रकाश (चमक)** | चम्किने अवस्था वा गुण; प्रेम, निश्चयता वा आनन्दबाट थाहपाइने गुण |

| | |
|---|---|
| **प्रतिबन्ध** | केहीकुरा गर्नबाट रोक्नु; सीमित गर्नु, रोकावट गर्नु वा आफ्नो अधीनमा राख्नु। |
| **प्रदर्शन** | सजिलैसँग बुझ्न वा थाहपाउन सकिने कुराहरू; शक्ति वा उद्देश्यको प्रदर्शन |
| **प्रदर्शितगर्नु** | देखाएर वा प्रदर्शन गरेर कुनै कुरालाई परिचित गराउनु |
| **प्रभुत्व** | ठूलो खुबीको अधिकार, आज्ञा |
| **प्रमाण-पत्र** | उत्तरदायित्वको विचार विनानै प्रयोग गरिएको स्वतन्त्रता |
| **प्रशस्त** | ज्यादै, संख्यामा धेरै |
| **प्रायश्चित** | येशू ख्रीष्टको मृत्युद्वारा परमेश्वर र मानिसलाई एकैसाथ ल्याउनु |
| **प्रायश्चितगर्नु** | तृप्तता उपलब्ध गर्नु; एकैसाथ ल्याउनु |
| **प्राओटेस** | एक ग्रीक शब्द जसको अर्थ समर्पण, सिकाउन सकिने, विचारशील भन्ने हुन्छ |
| **फलाउनु** | दिनु वा समर्पण गर्नु |

| | |
|---|---|
| **बढी** | सामान्य, उचित, विशेष संख्याभन्दा बढी, बढी मोजमज्जा |
| **बढी (प्रशस्त)** | असीमित, ज्यादै, साधारण सीमितभन्दा बढी जानु |
| **बन्द-मुठी** | कन्जुस (लोभी) उदारचित्तको विपरीत |
| **बन्धन** | दासत्वपन, कमारोपन |
| **बाधा** | पछाडि तान्ने वा उन्नतिलाई रोक्ने कुराहरू |
| **बुद्धिमान्** | अध्ययन, व्यवहार र विचारमा आधारित कुराहरूलाई जान्ने शक्तिसँग सम्बन्धित |
| **भक्ति** | निरन्तर प्रेम, राजभक्ति |
| **भक्ति** | राजभक्ति, विश्वासयोग्यता, भक्त |
| **भक्ति** | विश्वासयोग्यता वा भरोसायोग्य हुने अवस्था वा गुण |
| **भूल धारणा** | ठीक किसिमले निर्णय वा व्याख्या नगरिएको; गलती विश्वास |
| **भरोसायोग्य** | भरपर्दो, विश्वास राख्नसकिने |

| | |
|---|---|
| **भरोसायोग्य** | विश्वासयोग्य, भरपर्नसक्ने |
| **मध्यस्थ** | दुई समूहको बीचमा काम गर्ने व्यक्ति, दुई समूहलाई मिलाउने व्यक्ति |
| **मध्यस्थकोप्रार्थना** | अरूहरूको निम्ति गरिने प्रार्थना वा काम |
| **मिलाप** | मित्रताको सम्बन्धमा ल्याउने कार्य; मिलाप वा सङ्गति |
| **मिलापगरियो** | मित्रता, मिलाप वा सङ्गतिको पुनर्स्थापना |
| **मुहान** | शुरूको ठाउँ, खोलाको शिर; कारण |
| **मूर्त्तिपूजक** | अधार्मिक, असभ्य |
| **रूप** | सम्पूर्णको तत्वहरू, किसिमहरू |
| **रोप्नु** | तयारी गर्नु, वृद्धिमा पोषण गर्नु, साहस दिनु |
| **वनस्पति** | विरूवाको जीवन |
| **विरोध** | वेमिलाप, विरोध, युद्ध |
| **विरोध** | विचारहरूमा वेमिलाप |

| | |
|---|---|
| **विरोध** | अमित्रताको व्यवहार, शत्रुसँगको सम्बन्ध |
| **विद्रोही** | अधिकार वा परम्परालाई विरोध गर्ने; अधिकारलाई विरोध गर्ने स्वभाव |
| **विद्रोहीपन** | प्रबन्ध वा व्यवहारलाई विरोध गर्ने अवस्था |
| **विश्लेषण** | निश्चित गर्ने कार्य, निश्चयता, |
| **विशेष** | भिन्नै वा बेग्लै किसिमको हो भनी चिनिएको |
| **विष नियन्त्रण गर्ने औषधी** | जसले दुखेको हटाउँछ वा रोक्छ वा युद्धगर्छ |
| **शक्तिप्रदान** | अधिकार वा योग्यता प्रदान गर्नु |
| **शपथ (भाकल)** | बाँधिने प्रतिज्ञाहरू |
| **शत्रुता** | घृणा, विरोधीपन |
| **शान्ति (धैर्य)** | शान्त हुने वा चिन्ता फिक्रीबाट स्वतन्त्र हुने अवस्था |
| **शुद्ध पार्नु** | पवित्र उद्देश्यको निम्ति छुट्याउनु; शुद्ध गर्नु वा पवित्र बनाउनु |

| | |
|---|---|
| **सन्तुलन** | स्थिरता, समानता, वा मिलापको भरपर्दो अवस्था |
| **समर्पण** | अर्काको अधीनलाई स्वीकार गर्ने काम |
| **सहनशीलता** | स्थिरता, गम्भीर, धीरज |
| **सहनशीलता** | दुःख वा खतराको समयमा बल वा साहस, कष्ट वा कठिनाइ सामना गर्ने स्थिरता |
| **साधुपन** | धार्मिक अनुशासनको रूपमा कडा आत्म-त्यागको व्यवहार |
| **सामाजिकसम्बन्ध** | एक व्यक्तिका साथीहरू वा अरूहरूसँगको सम्बन्ध |
| **स्थिर** | अटल, परिवर्तन नहुने |
| **स्थिरता** | कठिन अवस्थामा पनि उभिन सक्ने योग्यता |
| **स्थिरता** | धीरज हुने गुण, अवस्था वा तह, निश्चितसँग स्थापित गरिएको; निरन्तर |
| **स्थिर हुनु (बाँच्नु)** | लम्बीनु, लगातार हुनु, निरन्तर लागिरहनु, भरिदिनु, सँगै उभिनु |

| | |
|---|---|
| **सिद्धान्त (शिक्षा)** | व्यवहारको नियम; चौतर्फी र आधारभूत व्यवस्था, सिद्धान्त वा विचार |
| **सीमितपन** | सहनशील, आतङ्कवादी स्वभाव वा विचारको इन्कार न्यायसंगत सीमितपनाको पालन |
| **सुख विलास** | कुनै थोकको अभिलाषामा आफूलाई समर्पण गर्नु |
| **सुद्धिकरण** | पापबाट स्वतन्त्र हुने अवस्था; पवित्र, सुद्धता, पवित्रता |
| **स्वयम्-अधीन** | आत्म-संयम; सीमितपन, रोकावट; वा आफैलाई अधीन गर्नु |
| **स्वाभाविक** | स्वाभाविक बानी, वा प्रतिक्रियासँग सम्बन्धित भित्रिय आदेशको प्रतिक्रियासँग सम्बन्धित |
| **हीनता** | कम महत्व, मूल्य वा गुणको अवस्था |

# शब्दकोश

# स्वयम्-जाँचका उत्तरहरू

पाठ १

१. बेठीक

२. बेठीक

३. बेठीक

४. ठीक

५. ठीक

६. ठीक

७. ठीक

८. बेठीक

९. ठीक

१०. ठीक

११. ठीक

१२. बेठीक

१३. क. २) फल फलाउने उद्देश्य।
   ख. ३) फल फलाउनको निम्ति शर्तहरू।
   ग. १) आत्मिक फल फलाउनलाई उन्नति गर्ने उपायहरू।

१४. ख्रीष्टियान चरित्र।

१५. प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाइ, विश्वासयोग्यता, नम्रता, आत्म-संयम।

१६. धेरै फल फलाउनाले।

पाठ २

१. ख. भातृ।

२. क. अगापे (ईश्वरीय)।

३. ग. शारीरिक सम्बन्ध।

४. घ. तीनवटै महत्वपूर्ण छन्।

५. ख. तैंले तेरो परमेश्वरलाई प्रेम गर र आफ्नो छिमेकीलाई आफैलाईझैं प्रेम गर।

६. क. आज्ञाकारिता; एक अर्काको निम्ति प्रेम।

७. घ. परमेश्वरले तपाईंमा ल्याउनुहुने हरेकलाई सहायता गर्नुहोस्।

८. ख. म आफैलाई येशूले हेर्नुभएझैं हेर्नु अर्थात् उहाँको स्वरूपमा सृष्टि गरिएको।

९. ग. प्रभावशाली सेवाको निम्ति फल र वरदानहरूको सन्तुलन हुनैपर्छ।

१०. ख. पहिला प्रेम अनि त्यसपछि सेवा आउँछ।

११. क. कलस्सेको मण्डली।

१२. क. न्यानो प्रेम धन्यवादी र बलिदानिक हुन्छ।

पाठ ३

१. क. १) मानविक आनन्द।
   ख. २) आत्मिक आनन्द।
   ग. २) आत्मिक आनन्द।
   घ. १) मानविक आनन्द।
   ङ. २) आत्मिक आनन्द।
   च. २) आत्मिक आनन्द।
   छ. ३) दुवै मानविक र आत्मिक आनन्द।

२. बेठीक

३. ठीक

४. बेठीक

५. ठीक

६. ठीक
७. बेठीक
८. ठीक
९. ठीक
१०. ठीक
११. ठीक
१२. बेठीक
१३. ठीक
१४. तपाईंको उत्तर।

पाठ ४

१. उत्तरहरू क), ख), ङ), च), ज), झ), ञ), आत्मिक शान्तिका स्वरूपहरू हुन्।
२. ग. प्रेम र आनन्द।
३. ख. धार्मिकता, शान्ति र आनन्द।
४. ग. सम्पूर्णता वा पूर्णता।
५. क. माटो।
६. क. ख्रीष्टको सुसमाचार घोषणा गर्ने व्यक्तिले शान्ति प्रदर्शित गर्नैपर्छ।
७. ग. हामीलाई रक्षा गर्न भित्रिय आनन्द।
८. ख. येशू ख्रीष्टद्वारा परमेश्वरमा मिलाप राख्नु।
९. ग. हाम्रा आफ्नै अधिकारहरू।
१०. क. नदी।

पाठ ५

१. क. स्थिरता।
ख. आत्म-अधीन।
ङ. धीरज।
२. ग. सहनशीलता।
३. क. चरित्र।
४. ख. उद्धार पाउनलाई पश्चात्ताप गर्न मानिसहरूलाई उहाँले अझै मौका दिन चाहनुहुन्छ।
५. च. उहाँले आफैलाई वर्णन गर्न यी शब्दसमूहहरू प्रयोग गर्नुभएको थियो।
६. ग. अरूहरूलाई क्षमा दिने हुनु।
७. ठीक
८. ठीक
९. बेठीक (पवित्र आत्माको अगुवाइमा हामी आफैले आफैलाई समर्पण गरेपछि उहाँद्वारा यो हामीमा गरिन्छ)।
१०. बेठीक
११. ठीक
१२. ठीक
१३. बेठीक
१४. बेठीक (तिनीहरू सङ्गतिभित्रैबाट आउनसक्छन्)।
१५. ठीक

पाठ ६

१. यिनीहरूमध्ये कुनै पनिः पवित्रताको गुण, अनुग्रही प्रबन्ध, कोमलता, दया, मिठोपना, जे ठीक वा असल छ त्यही गर्ने इच्छा।
२. दयाको व्यवहार वा वर्णन; जे असल छ त्यही गर्नु; कृपालु हुनु।

३. आफ्नो पूरै जीवनकालभरि नै आफ्ना मालिकको सेवा गर्न जसरी प्रेम दास इच्छुकहुन्छ, त्यसरीनै हामीले उद्धार पाएपछि हामी जीवनभरिनै हाम्रा मालिक येशू ख्रीष्टको सेवा गर्छौं। अरूहरूलाई दया र भलाइ देखाएर, तिनीहरूसँग दयालु र असल भइदिइ हामी उहाँको सेवा गर्छौं।
४. ग. सेवा।
५. क. नैतिक चरित्रको पवित्रता।
६. ख. यो एकैसमयमा कडा र दयालु हुनसक्छ।
७. ग. कृपा र अनुग्रह।
८. क. उद्धार र सेवा।
९. ग. म बलिदानिक रूपले भएपनि दिने काममा आफ्नो हात खोल्छु।
१०. घ. अनुग्रह।
११. ख. अपक्षपात।
१२. ग. पश्चात्ताप।

**पाठ ७**

१. ख. विश्वासयोग्यताद्वारा प्रेभ प्रमाणित गरिन्छ।
२. ग. बस चलाउनु।
३. क. सहनशीलता।
४. ग. प्रतिज्ञा (कबोल) गर्ने तर यसलाई पालन नगर्ने।
५. ख. जीवित विश्वास।
६. घ. तपाईंले शुरू गर्नुभएको कुरालाई लगातार गरिरहने।
७. घ. पिस्टिस।
८. ख. कसैको सम्पत्तिलाई प्रबन्ध गर्नु।
९. क. परमेश्वरले हामीलाई दिनुभएको कुरालाई हामी कसरी चलाउँछौं।
१०. ग. अँध्यारो वा नरकमा फालिनु।
११. ख. दानियल।
१२. घ. तपाईं जे हुँ भन्नुहुन्छ त्यही हुनुहोस्।
१३. ग. कारिन्दापन।
१४. ख. विश्वासको फल।

**पाठ ८**

१. क. पवित्र आत्मा
ख. येशू ख्रीष्ट।
ग. ख्रीष्टलाई पच्छयाउनेहरू (ख्रीष्टियानहरू)।
२. समर्पितपन।
३. रिसालु, रिसालु।
४. घमण्डी।
५. नम्रता।
६. घ. नम्रता र स्थिरता।
७. क. विचारशील।
८. ग. ठीक समयमा हुनुपर्ने रीस।
९. ख. परमेश्वरको घर वा नाउँमा निन्दा ल्याउने कुनै पनि काम।
१०. ग. यसले बीउ प्राप्त गर्नसकोस् भनेर सुख्खा जमीनमा वर्षा।
११. घ. नम्र वा शान्त आत्मा हुनु।
१२. ख. परमेश्वरको राज्यमा एक भाग।

# स्वयम्-जाँचका उत्तरहरू

पाठ ९

१. घ. स्वयम्-अनुशासन।
२. ख. मतवालीपन र रात्री उत्सव।
३. क. शारीरिक अभिलाषाहरू।
४. ग. मासु, विवाह र रक्सीबाट आफूलाई अलग राख्नु।
५. ख. बढी काम केही पनि नगर्नू।
६. क. जिब्रो।
७. क. तपाईंले आफ्नो जीवनलाई पवित्र आत्माको अधीनमा सुम्पनुपर्छ।
८. ख. यी सबै कार्यक्रमहरूलाई उचित प्रकारको समय दिएर सन्तुलित जीवन हुनु।
९. ठीक
१०. ठीक
११. बेठीक
१२. बेठीक
१३. ठीक
१४. बेठीक

पाठ १०

१. ठीक
२. ठीक
३. बेठीक
४. बेठीक (ख्रीष्टमा भएको विश्वासनै केवल माग हो।)
५. बेठीक
६. ठीक
७. ठीक
८. ठीक
९. बेठीक
१०. ठीक
११. ठीक
१२ बेठीक

## ख्रीष्टियान सेवा कार्यक्रम

III

६

बायाँपट्टि उल्लेख गरिएको चिन्हले आई सी आई ख्रीष्टियान सेवा कार्यक्रममा अध्ययन गरिने पुस्तकहरूको क्रमलाई सम्बोधन गर्छ। यस कार्यक्रममा १८ वटा पुस्तकहरू समावेश गरिएका छन्, र यसलाई प्रत्येक खण्डमा ६ वटा पुस्तकहरू राखी तीन भागमा विभाजन गरिएको छ।

*प्रशस्तताको जीवन: ख्रीष्टियान चरित्रको अध्ययन* खण्ड ३ को छैटौं पाठ्यपुस्तक हो। तपाईंले यी पाठ्यपुस्तकहरूलाई क्रमिक रूपमा अध्ययन गर्नुहुँदा बढी फायदा उठाउनसक्नुहुनेछ।

**यस पाठ्यक्रमले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ . . .**

- विश्वासीमा ख्रीष्टकोजस्तो चरित्र विकासको महत्त्वलाई बुझ्न।
- गलाती ५:२२-२३ मा उल्लेखित आत्माका नौवटा फलका विशेषताहरूलाई जान्न।
- तपाईंको दैनिक जीवनमा कसरी आत्मिक फलको विकास गर्नसकिन्छ सो सत्यता पत्ता लगाउन।

आई सी आई ख्रीष्टियान सेवा कार्यक्रममा समावेश भएका विषयहरू:

ख्रीष्टमा जीवित

सल्लाहकार, शिक्षक र अगुवा

ख्रीष्टियान परिपक्वता

यी वा अन्य आई सी आई पाठ्यपुस्तकहरू कसरी प्राप्त गर्नसकिन्छ भन्ने विषयमा तपाईंको क्षेत्रका आई सी आई निर्देशकलाई सोध्नुहोस्।

मुद्रण: आर.के. प्रिन्टर्स फोन २२०००९